अदालतले भर्ने
दर्ता नं.:
दर्ता मितिः

# श्री उच्च अदालत पाटन, वाणिज्य इजलासमा
## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ अन्तर्गत दायर गरीएको
## अभियोग पत्र
## २०८३ सालको निर्णय नं. ....

| | |
|---|---|
| नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयको प.संः ग.का./अख्तियार/०८२/८३, मिति २०८३/०३/३० गतेको पत्रको जाहेरीले वादी नेपाल सरकार...............................१ | वादी |

**विरुद्धः**

| | |
|---|---|
| नन्दलाल शर्मा पौडेलको नाती, खरिलाल शर्मा र लक्ष्मी देवी शर्मा पौडेलको छोरा, जिल्ला रूपन्देही, साबिक शंकरनगर गा.बि.स. वडा नं. ३ हाल तिलोत्तमा नगरपालिका वडा नं. ४ स्थायी वतन भएका एशियन भिलेज रिसोर्ट प्रा.लि.का संचालक वर्ष ५८ को **शशिधर शर्मा** (ना.प्र.नं. ३७२०१३/६०१७२, रूपन्देही)................................................१<br>नन्दलाल शर्मा पौडेलको नाती, खरिलाल शर्मा र लक्ष्मी देवी शर्मा पौडेलको छोरा, जिल्ला रूपन्देही, साबिक शंकरनगर गा.बि.स. वडा नं. ३ हाल तिलोत्तमा नगरपालिका वडा नं. ४ स्थायी वतन भएका एशियन भिलेज रिसोर्ट प्रा.लि.का तत्कालिन संचालक वर्ष ४८ को **शिशिर पौड्याल** (ना.प्र.नं.१७५९६, रूपन्देही)....................................................१<br>रामचन्द्र पन्तको नातिनी, हेमराज पन्त र मिना पन्तको छोरी, जिल्ला वैतडी, पाटन नगरपालिका वडा नं. २ स्थायी वतन भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ बस्ने प्रभु बैंक लि. की तत्कालिन प्रमुख व्यवसाय अधिकृत वर्ष ४० की **रश्मी पन्त** (ना.प्र.नं.६८६, काठमाडौं)............................................१ | प्रतिवादी |

पद्म राज ज्ञवालीको नाती, नेत्र प्रसाद ज्ञवालीको छोरा, जिल्ला गुल्मी, साबिक ग्वादी वडा नं. ६ स्थायी वतन भई हाल जिल्ला रुपन्देही, सिद्धार्थनगर नगरपालिका वडा नं. ८ बस्ने प्रभु बैंक लि. मणिग्राम शाखाका शाखा प्रवन्धक वर्ष ४४ को **सन्तोष ज्ञवाली** (ना.प्र.नं. ८७९९, गुल्मी).........................................................................................१

कर्ण बहादुर श्रेष्ठको नाती, पूर्णलाल श्रेष्ठ र भगवती श्रेष्ठको छोरा, गुल्मी जिल्ला, साबिक अम्बर अर्बाथोक गा.बि.स. वडा नं. ५ हाल परिवर्तित गुल्मी दरबार गाउँपालिका वडा नं. ५ स्थायी वतन भई हाल जिल्ला रुपन्देही, सिद्धार्थनगर नगरपालिका वडा नं. ९ बस्ने वर्ष ४१ को **राजेन्द्र श्रेष्ठ** (ना.प्र.नं.३६९२८, गुल्मी)..................................................१

राधाकृष्ण जोशीको नाती, मदनराज जोशी र खम्पा देवी जोशीको छोरा, जिल्ला बझाङ, पौवागढी वडा नं. ६ जन्मस्थान भई जिल्ला कैलाली, धनगढी उप-महानगरपालिका वडा नं. २ स्थायी वतन भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० बस्ने प्रभु बैंक लि. कमलादी शाखाका शाखा प्रवन्धक वर्ष ४७ को **नन्द राज जोशी** (ना.प्र.नं.१०७७९, बझाङ).........................................................................१

श्रीप्रसाद शेरचनको नाती, विष्णु प्रसाद शेरचन र पार्वती शेरचनको छोरा, जिल्ला बाग्लुङ, साबिक कालिका गा.बि.स. वडा नं. ५ हाल परिवर्तित बाग्लुङ नगरपालिका वडा नं. ३ स्थायी वतन भई हाल जिल्ला काठमाडौं, किर्तिपुर नगरपालिका वडा नं. २, ट्याङलाफाँट बस्ने प्रभु बैंक लि.का तत्कालिन प्रमुख कार्यकारी अधिकृत वर्ष ५४ को **अशोक शेरचन** (ना.प्र.नं. ६८७७८/९८८, बाग्लुङ).............................................................१

प्रतिवादी

**मुद्दाः <u>बैंकिङ्ग कसूर</u>**

**<u>मुद्दाको संक्षिप्त तथ्यः</u>**

**१. <u>नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयको प.सं: ग.का/अख्तियार/२०३/०८२/८३, मिति २०८३/०३/३० गतेको पत्र सहित नेपाल राष्ट्र बैंक सुपरीवेक्षण विभागबाट तयार गरिएको विशेष स्थलगत निरीक्षण प्रतिवेदनको संक्षिप्त व्यहोराः-</u>**

एशियन भिलेज रिसोर्ट प्रा.लि.ले प्रभु बैंक लिमिटेडबाट लिएको रु.४८ करोड कर्जा व्यावसायिक प्रयोजनमा नलगाई उदेश्य बिपरित अन्यत्र लगाएको र ऋण लिंदाका बखत कम्पनीका नाउँका जग्गाहरु समेत बैंकको नाममा दृष्टीबन्धक समेत नगरी पछि गर्ने भन्ने कबुलियतनामा कागज गराई कर्जा लेना देना भएको देखियो ।नेपाल राष्ट्र बैंक, एकिकृत निर्देशन २/२०८२ को ३(ग) को व्यवस्था र सो को प्रष्टिकरण अनुसार ऋणी एशियन भिलेज रिसोर्ट प्रा.लि लाई प्रवाह भएको कर्जा दुरुपयोग भएको देखिएकाले र सोही निर्देशनको निर्देशन नं. २ को ३ (ज) को व्यवस्था बमोजिम सुरक्षणको बजार मूल्यले कर्जाको सुरक्षण हुन नसक्ने देखिएकाले, उक्त कर्जालाई खराब कर्जामा वर्गीकरण गरी शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्न । त्यस बैंकको Collateral Management

Manual, २०१६ (Third Amendment, २०२४) मा भएको व्यवस्थाका साथै कर्जा स्वीकृती, प्रवाह तथा अनुगमन सम्बन्धी विद्यमान नीतिगत व्यवस्था विपरीत कर्जा स्वीकृती तथा प्रवाह भएको देखिन आएकोले एशियन भिलेज रिसोर्ट प्रा.लि.ले मायादेवी गाउँपालिका वडा नं ४, रुपन्देहीमा रिसोर्ट निर्माणका लागि आवश्यक पर्ने जग्गा खरिद गर्ने, प्रवाह हुने कर्जाको रकम जग्गा विक्रेता वा परियोजनाको ठेकेदारलाई सोझै भुक्तानी गर्ने उद्देश्य उल्लेख गरी प्रभु बैंक लि. बाट लिएको रु. ४८ करोड कर्जा रकमलाई निरीक्षण अवधिसम्म जग्गा खरिद नगरी अध्यक्षको पारिवारिक सम्बन्ध देखिएका व्यक्तिहरुका खातामा रकमान्तर गरी अन्तिममा विभिन्न व्यक्ति तथा संस्थालाई भुक्तानी गरेको, ऋणीको एकै समूहमा कायम रहेका कम्पनीहरुको कर्जा बापतको वक्यौता भुक्तानी गर्न प्रयोग गरिएको छ । यसैगरी सो सम्बन्धमा उल्लिखित प्रकृया बमोजिम कर्जा रकम दुरुपयोग भएको देखिएको र उक्त कर्जा प्रवाहका क्रममा भएका अभ्यास एवम् कर्जा प्रवाह पश्चात कर्जा रकम विभिन्न प्रयोजनमा लगाएको देखिएबाट प्रभु बैंक लि.ले एशियन भिलेज रिसोर्ट प्रा.लि लाई पर्याप्त धितो सुरक्षणको व्यवस्था नगरी तथा बैंककै आन्तरिक निर्देशिका विपरित हुनेगरी कर्जा प्रवाह गरेको र ऋणी कम्पनीले समेत कर्जाको रकम उद्देश्य अनुसारको कार्यमा खर्च नगरी अन्यत्र खर्च गरेको देखिन आएकोले सो सम्बन्धमा थप अनुसन्धान/जाँचबुझ गरी कारवाही प्रकृया अघि बढाउन तथा स्वीकृत भईसकेको कर्जा टिप्पणीमा आवश्यक सशोधन गर्नुपरेको खण्डमा अवलम्बन गर्नुपर्ने आवश्यक प्रकृयाको सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गरी सो को कार्यान्वयन गर्नपर्नेमा दृष्टिबन्धक रोक्का नराखी कुनै विशेष कारणवश धितोको रुपमा कायम रहने जग्गाहरु बैंकको नाममा दृष्टिबन्धक हुन नसक्ने अवस्थामा दृष्टिबन्धक अगावै Pre-Disbursement गर्नुपरेको खण्डमा कति समयभित्रमा दृष्टिवन्धक गरिसक्नुपर्ने हो एकिन नगरी कर्जा प्रवाह गरेकोले सो कार्य बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ८ बमोजिम सो सम्बन्धमा थप अनुसन्धान गर्न नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरोलाई लेखी पठाउन उपयुक्त हुने भनी नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयको प.सं: ग.का/अख्तियार/२०३/०८२/८३, मिति २०८३/०३/३० गतेको पत्र सहित नेपाल राष्ट्र बैंक सुपरीवेक्षण विभागबाट तयार गरिएको विशेष स्थलगत निरीक्षण प्रतिवेदन प्राप्त हुन आयो।

२. <u>प्रतिवादीहरुले अनुसन्धान अधिकारी समक्ष गरेको बयानः-</u>

क) <u>प्रतिवादी शशिधर शर्माको बयानः</u>

Asian Village Resort प्रा.लि. म एकल सञ्चालक रहेको कम्पनी हो। म उक्त कम्पनीको अध्यक्ष हुँ । कम्पनीको दैनिक सञ्चालन, बैंकिङ कारोबार र वित्तीय निर्णय लगायतका व्यवहार म आफैले गर्दछु । खाता हाल मेरै एकल हस्ताक्षर बाट सञ्चालनमा रहेको छ । पहिले २५ लाख चुक्ता पुँजी रहेकोमा बिभिन्न मितिमा पूँजी वृद्धि गरि हाल चुक्ता पुँजी ९८ करोड ९५ लाख कायम रहेको छ। Asian Village Resort प्रा.लि. को उदेश्य १५१ बेडरुमको ५ तारे होटल बनाउने रहेको छ ।

शिशिर पौड्याल मेरो आफ्नो सहोदर भाई हुन् । सुरुमा Asian Village Resort प्रा.लि. निज शिशिर पौडेलको पूर्ण स्वामित्वमा रहेता पनि उक्त कम्पनी सुरूवातमा खरिद गर्दादेखि नै सम्पूर्ण व्यबहार म आँफैले गर्दै आएको थिएँ। उक्त एशियन भिलेज रिसोर्ट तिलोत्तमा न.पा. को कोटिहवामा संचालन गर्ने भनी कुलचन्द्र पाण्डेले सुरुमा दर्ता गरी कुनै काम गरेको थिएनन्। मैले निजसँग उक्त कम्पनी खरिद गर्दा मेरो सहोदर भाई शिशिर पौड्यालको नाममा खरिद गरी तिलोत्तमा न.पा. को कोटिहवामा जग्गा थोरै भएको कारण मायादेबी गा.पा. ४ मा रिसोर्ट स्थापना गर्न उपयुक्त हुने, जग्गा र स्थानको हिसाबले पनि राम्रो भएको हुँदा उक्त मायादेबी गा.पा. ४ मा जग्गा प्राप्ती र आयोजना विस्तार गर्न शिशिर पौड्यालको नामबाट मेरो नाममा शेयर हस्तान्तरण भएको थियो। प्रभु बैंक लि.बाट कर्जा लिँदाका बखत तयार भएको कर्जा सुबिधा प्रस्ताब पत्र (Offer Letter) को बुँदा ७.८ क मा उल्लेख गरेको उक्त शर्तवारे मलाई शेयर हस्तान्तरणको दौरानमा याद भएन। असल मनसायका साथ शेयर हस्तान्तरण गरि सम्पूर्ण रूपमा कम्पनीको दायित्वप्रति म उत्तिकै जिम्मेवार छु । Butwal Housing Company को प्रवन्ध सञ्चालक मेरो धर्मपत्नी कमला अधिकारी शर्मा रहेको छन। यसमा म र मेरो परिवारको लगानी रहेको छ। मेरो सम्झनामा रहे अनुसार मिति सन् १३/१०/२०२३ मा लिइएको रु. १३ करोड Bridge Gap Loan (BGL) को प्रयोजन सम्झौतामा उल्लेख भए अनुसार हुनुपर्छ हाल मलाई एकिन भएन। उक्त रकम प्रयोग सम्बन्धमा व्यबसायिक प्रयोजनमा उदेश्य बमोजिम नै हुनुपर्छ हाल मलाई एकिन भएन। उक्त रु.१३ करोड मिति सन् ३१/१०/२०२३ मा Butwal Housing Company Pvt. Ltd. को नाममा दर्ता रहेको जग्गा एशिएन भिलेज रिसोर्टमा नामसारी गरी ल्याउने प्रयोजनार्थ दिईएको थियो। उक्त जग्गा मध्ये बैकमा रोक्का नरहेको जग्गा मध्ये नामसारी भई आएको र केही जग्गा नामसारी हुन बाँकी हुनुपर्छ। उक्त कर्जाको नियमानुसार व्याज तथा साँवा भुक्तानी भईसकेको छ। उक्त कर्जा चुक्ता गर्न थप कर्जाको रकम प्रयोग भएको छ। प्रयोजन सम्झौतामा उल्लेख भए अनुसार एशियन भिलेज रिसोर्टका लागि चाहिने थप जग्गा खरिद गर्न नै हो। बैंकको प्रचलित नियमानुसार माग भएका तथा तयार गरिएका रिपोर्ट अनुसार नै विवरणहरू उपलव्ध गराईएको हो। धनकुमारी पौड्याल, कमला अधिकारी शर्मा र कृष्ण कुमारी पौड्यालका नाममा रहेको करिब ५ बिघा जति जमिन, जुलुश शर्माको नाममा रहेको करिब १ बिघा जमिन, म आफ्नै नाममा रहेका करिब ३ बिघा जमिन, बुटवल हाउजिङको नाममा रहेको करिब २ बिघा जमिन र केही स्थानीय किसानहरूको नाममा रहेको अन्दाजी १ बिघा जमिन मध्येको जम्मा १० बिघा जमिन एकमुष्ठ रू १ अर्व मूल्यमा किन्ने योजना थियो। उक्त जग्गाहरू कर्जाको शर्त बमोजिम नै खरिद गरी बिक्रेताको खातामा भुक्तानी गरिएको छ। उक्त रकम कर्जाको प्रयोजन बमोजिम पेश्की स्वरूप नै सम्बन्धित जग्गाधनिलाई भुक्तानी दिइएको हो। शर्त अनुसार नै जग्गाको खरिद प्रकृया सुरू भएता पनि खरिद प्रकृया प्रभु बैंकले ठाडो रोक्का राखी फुकुवा नदिएकोले सम्पन्न हुन नसकेको हो। प्राप्त कर्जाको रकम बैना/पेश्की स्वरूप सम्बन्धित जग्गाधनिको नाममा रकमान्तर नियमानुसार नै गरिएको हो। कम्पनीको नियमानुसार कम्पनीको अध्यक्षको हैसियतले यि निर्णयहरू म आफैले गरको हुँ। मैले यो कर्जा लिनु भन्दा पहिले बुटवल हाउजिङ कम्पनी प्रा.लि.को करिब ६ बिगाहा जग्गा धितो राखी रु.१५ करोड पनि कर्जा लिएको थिए। उक्त कर्जा चुक्ता भए पश्चात पनि मैले कुनै जग्गा फुकुवा लिएको थिइन।

एसियन भिलेज रिसोर्ट प्रा.लि.को करिब ८ कठ्ठा जग्गा धितो राखी लिएको रु.१३ करोडको ब्रिज ग्याप कर्जा चुक्ता भए पश्चात पनि धितोमा राखिएको जग्गा फुकुवा लिएको थिईन। सोही आधारमा मलाई विश्वास गरी कर्जा प्रवाह गरिएको हुनुपर्छ। पछि एसियन भिलेज रिसोर्टमा थप आएको ४ बिगाहा जग्गा धन कुमारी पौडेल, कृष्ण कुमारी पौडेल र कमला अधिकारीको संयुक्त नाममा रहेको करिब ५ बिगाहा शशिधर शर्मा र जुलुश शर्माको नाममा रहेको करिब २ बिगाहा जग्गा समेत रोक्का रहेको छ। । यस बिचमा धनकुमारी पौड्याल, कमला अधिकारी शर्मा र कृष्ण कुमारी पौड्याल लगायतका मेरो परिवार र आफन्तको नाममा मायादेबी ४ मा रहेको अन्दाजी १० बिघा जमिन करिब असी करोडमा बिक्री गरि प्राप्त रकम समेतबाट पुँजी वृद्दि गरिएको हो। उल्लेखित रकमहरु धनकुमारी पौड्याल/कमला अधिकारी (शर्मा)/कृष्णा कुमारी पौड्याल, जुलुश शर्मा र म शशिधर शर्माको नाममा गएको सम्बन्धमा निजहरु जग्गा धनी रहेका र उक्त जग्गाहरु एशियन भिलेज रिसोर्टको नाममा आउने थप जग्गाहरु खरिद गर्नको लागि पेश्की स्वरुप दिएको रकम हो। धनकुमारी पौड्याल र कृष्णा कुमारी पौड्याल मेरो भाउजुहरु हुन्, कमला अधिकारी(शर्मा) मेरी श्रीमती हुन्। निजहरु तिनै जनाको संयुक्त नाममा जग्गा रहेको थियो। जुलुश शर्मा मेरो छोरा हुन् । उल्लेखित रकमहरु धनकुमारी पौड्याल/कमला अधिकारी(शर्मा)/कृष्णा कुमारी पौड्यालको नाममा गएको सम्बन्धमा निजहरु जग्गा धनी रहेका र उक्त जग्गाहरु एशियन भिलेज रिसोर्टको नाममा आउने थप जग्गाहरु खरिद गर्नको लागि पेश्की स्वरुप दिएको रकम हो। हाल उक्त जग्गाहरू रोक्का रहेका छन्। मैले एसियन भिलेज रिसोर्टको थप काम तथा अन्य प्रयोजनमा खर्च गर्नको लागि उक्त रकम मेरो खातामा रकमान्तर गरिएको हो। एकाघरको परिवारको रकम सरसापट तथा व्यबसायिक रूपमा प्रयोग गरिएको हो। उल्लेखित कारोबारको सम्वन्धमा म स्वयंले खर्च गरेको भनिएको रकमबाट एशियन भिलेज रिसोर्ट प्रा.लि.को पुरानो कर्जाको रकम चुक्ता गरेको हुँ। धन कुमारी पौडेल/ कमला अधिकारी(शर्मा)/कृष्णा कुमारी पौडेलको खातामा भुक्तानी गरेको रकम एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा जग्गा खरिद गर्नको लागि पेश्की दिएको रकम हो। महगु कोहारको नामको जग्गा एशियन भिलेज रिसोर्टको नाममा खरिद गरी सो बापत भुक्तानी दिईएको हो। लुम्बिनी एग्रो प्रोडक्स एण्ड रिसर्च सेन्टर प्रा.लि. र अरुण फुडस प्रा.लि. श्रीमती र मेरो नाममा रहेका कम्पनी हुन् उक्त कम्पनीको नाममा रकमान्तर भएको रकम सो कम्पनीको कर्जा रकम भुक्तानीमा प्रयोग भएको हो। सामुदायिक बिकास बचत तथा ऋण सहकारी संस्थाको म र मेरी श्रीमती सदस्य समेत हौं। उक्त सहकारीमा भुक्तानी भएको रकम सहकारीबाट लिएको कर्जा रकम तिर्न प्रयोग भएको हो। उर्मिला मालिसँग मैले काठमाडौं सोल्टिमोड स्थित अन्दाजी ३८ आना जग्गा करिब २ वर्ष अगाडि मेरो श्रीमती कमला अधिकारीको नाममा खरिद गरेको थिएँ। निजलाई करिब रु. १५.७० करोड रकम श्रीमती कमला अधिकारीको खाताबाट जग्गा खरिद बापत दिएको हो। युरो स्टार ग्रुप ईण्डष्ट्रिज प्रा.लि.मेरो ९५% शेयर रहेको कम्पनी हो । सो कम्पनीको नाममा गएको रकम उक्त कम्पनीको कर्जाको साँवा र ब्याजको रकम तिर्न प्रयोग भएको रकम हो। लुम्बिनी मोटर्स प्रा.लि.को नाममा गएको रकम समेत उक्त कम्पनीको साँवा र ब्याज तिर्न प्रयोग भएको हो। सिद्धार्थ शर्मा मेरो छोरा हुन् । निजलाई कुनै कारोवारको रकम तिर्नको लागि भुक्तानी दिएको हुनुपर्छ। शिशिर पौडेल मेरो

सहोदर भाई हुन। निजलाई कुनै कामको लागि सापटी दिएको हुनुपर्छ। अनुष्का पराजुली मेरो छोरा-बुहारी हुन। सोल्टिमोड स्थित जग्गाको कारोवारको दौरानमा प्रशासनिक तथा राजश्वको लागि आवश्यक पर्नसक्ने भएकोले उनलाई रू २ करोड दिएको हुनुपर्छ। नेशनल लाईफ ईन्स्योरेन्स प्रा.लि.को नाममा भुक्तानी भएको रकम म र मेरी श्रीमतीको नामको बीमा बापतको किस्ता रकम भुक्तानी गर्न प्रयोग भएको हो। मैले कर्जा रकमको दुरुपयोग गरेको छैन। मैले एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा करिब १०० करोड बराबरको जग्गा खरिद गर्नु पर्ने हो। मैले जम्मा ४८ करोड ऋण लिएको छु। सो ऋण रकम सम्वन्धित जग्गाधनीलाई पेश्की स्वरुप दिएको छु। पुरा रकम चुक्ता गर्न नसकेको कारण कम्पनीको नाममा जग्गा नआएको हो। कर्जाको सम्पूर्ण प्रकृयामा म प्रभु बैंक लि. मणिग्राम शाखाको शाखा प्रमुख सन्तोष ज्ञवालीसँग मात्र सम्पर्कमा थिए। जग्गा कम्पनीको नाममा नामसारी गर्दा जो जसको नाममा जग्गा रहेको छ, उसको नाममा कम्पनीबाट पैसा गएको देखिनु पर्ने भएको हुँदा पैसा विभिन्न ब्यक्तिको खातामा गई घुमेको देखिएको हो। वास्तविक अन्तिम लाभग्राही सम्बन्धित जग्गा धनीहरु हुन्। माथि उल्लेखित रु.४८ करोड कर्जाबाट एशियन भिलेज रिसोर्ट प्रा.लि. को नाममा ४ बिगाहा जग्गा आईसकेको छ। करिब ६ बिगाहा जग्गा बैना भई पेश्की गईसकेको छ । केही जग्गा एशियन भिलेज रिसोर्ट प्रा.लि. को नाममा आउन बाँकी रहेको छ। पर्याप्त धितो भएकोले उक्त कर्जा सुरक्षित छ। उक्त रकम चुक्ता गर्न मेरो र परिवारका नाममा रहेका चल तथा अचल सम्पत्तीहरू आवश्यकता अनुसार बिक्री, कम्पनीले निकट भविश्यमा गर्ने व्यबसायिक आम्दानी लगायत छ। म र म संलग्न रहेका कम्पनीहरु र एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको कर्जा समेत गरी प्रभु बैंक लि.मा करिब ९८ करोड , साईन रेसुङ्गा बैंक लि.मा करिब २५ करोड, सामूहिक वचत तथा ऋण सहकारी संस्था लि मा मेरो श्रीमती कमला अधिकारीको नाउमा अन्दाजी ५० लाख र नेशनल लाईफ ईन्स्योरेन्स कम्पनी लि.मा अन्दाजी ७० लाख जति कर्जा रहेको भन्ने समेत ब्यहोराको बयान कागज ।

## क१.) <u>प्रतिवादी शशिधर शर्माको थप बयानः</u>

अनन्त कुमार गोल्यान/कुमुद गोल्याण, सुवर्ण गोल्याण, अक्ष्य गोल्याण, बासुदेब गोल्याण, शक्ति कुमार गोल्याण लाई चिन्दछु । निजहरू संग वेदा हस्पिटालिटी को लागी मेरो श्रीमति तथा भाउजुहरूको संयुक्त नाममा रहेको जग्गाको कारोवार गर्ने क्रममा चिनजान भएको हो । हामिले निजहरूको लगानी रहेको उक्त कम्पनीको लागि जग्गा बिक्री गरेका थियौं। माथी उल्लिखित कारोवारहरू उल्लिखित व्यक्तिहरूको NIC ASIA बैंकमा रहेका संस्थापक शेयर खरिद गर्न सम्झौता गरि निजहरूलाई पेश्की स्वरूप रकम प्रदान गरेको हुँ । कुल अन्दाजी १९ करोड रकम यसरी संम्झौता बमोजिम निजहरूलाई बैंकिङ माध्यमबाट कारोवार गरि प्रदान गरेको हुँ । यसमा मेरो र मेरो परिवारको नामबाट बिभिन्न बैंक मार्फत भुक्तानी भएको छ। सो सम्बन्धी सम्झौता र के कुन खाताबाट के कति रकम भुक्तानी भयो पछि एकिनसाथ पेश गर्नेछु । सम्झौता बमोजिम कारोवार सम्पन्न भईनसकेको र हाल मलाई समेत रकम आवश्यक परेकोले मैले रकम फिर्ता मागे बमोजिम निजहरूले केही रकम फिर्ता गरेका छन र केही चेक समेत दिएका छन । विस्तृत हिसाब आवश्यक

परेमा म पछि पेश गर्नेछु । बेदा हस्पिटालिटी प्रा. लि. लाई मायादेबी गाँउपालिका ४ मा रहेको अन्दाजी क्षेत्रफल १० बीघा मेरो श्रीमति र भाउजुहरू (कमला अधिकारी शर्मा/कृष्ण कुमारी शर्मा/धनकुमारी पौड्याल) को नाममा रहेको जग्गा अन्दाजी रू ८० करोडमा बेचेको थीयौं । सो मध्ये उक्त जग्गा बैकमा (हाल एकिन नाम याद भएन) अन्दाजी ५० करोड कर्जामा रहेको अवस्थामा सो कर्जा र व्याज समेत बेदा हस्पिटालिटी प्रा. लि. ले स्वीकार गरि बाँकी रकम सम्बन्धित जग्गाधनिको खातामा प्रदान गरेका हुन् भन्ने समेत ब्यहोराको थप बयान कागज ।

**ख) <u>प्रतिवादी शिशिर पौड्यालको बयानः</u>**

Asian Village Resort प्रा.लि. म एकल सञ्चालक रहेको कम्पनी थियो । अन्दाजी एक वर्ष देखि उक्त कम्पनी मेरो दाजुको नाममा रहेको छ, मिति पछि एकिन गरि खुलाउनेछु । यसपूर्व मेरो नाममा दर्ता रहको भएतापनि उक्त कम्पनीको सम्पूर्ण सम्पत्ती तथा दायित्व मेरो दाजुले निर्वाह गर्ने गर्नुभएको थियो र हाल समेत कम्पनीको दैनिक सञ्चालन, बैंकिङ कारोबार र वित्तीय निर्णय लगायतका व्यवहार मेरो दाजु शशिधर शर्माले गर्नुहुन्छ । खाता तत्कालिन समयमा मेरो दस्तखत र हाल मेरो दाजुको एकल हस्ताक्षर बाट सञ्चालनमा रहेको छ। पहिले २५ लाख चुक्ता पुंजी रहेकोमा हाल के कति छ मलाई जानकारी भएन । Asian Village Resort प्रा लि को उदेश्य १५१ बेडरुमको ५ तारे होटल बनाउने रहेको छ। शशिधर शर्मा मेरो सहोदर दाई हुन् । उक्त कम्पनी सुरूवातमा खरिद गर्दा देखि नै सम्पूर्ण व्यबहार शशिधर शर्माले गर्दै आएको थिए । उक्त एशियन भिलेज रिसोर्ट तिलोत्तमा न.पा. को कोटिहवामा संचालन गर्ने भनी कुलचन्द्र पाण्डेले सुरुमा दर्ता गरी हामी दाजुभाईको सल्लाहमा खरिद गरेको हो। दाजुले निजसँग उक्त कम्पनी खरिद गर्दा निजको लगानी रहेको भएतापनि मेरो नाममा खरिद गरीएको थियो । तिलोत्तमा न.पा. को कोटिहवामा जग्गा थोरै भएको कारण मायादेवी गा.पा. ४ मा रिसोर्ट स्थापना गर्न उपयुक्त हुने जग्गा र स्थानको हिसाबले पनि राम्रो भएको हुदा उक्त मायादेबी गा.पा. ४ मा जग्गा प्राप्ती र आयोजना विस्तार गर्न मेरो दाजु शशिधर शर्माको नाममा शेयर हस्तान्तरण भएको थियो। सहोदर दाजुभाई बिच हस्तान्तरण भएकोले सामान्य घरव्यबहारमा आपसी सहमतिमा हिसाब मिलान भएको थियो। उक्त पूँजी र दायित्वको समेत यथावत रूपमा मेरो दाजु शशिधर शर्माले वहन गर्ने गरि हस्तारण गरिएको हो। एकअर्काको व्यबसायमा आवश्यकता अनुसार सामान्य सहायता र सापटी लेनदेन हुने गरेको छ। प्रभु बैंक लि. बाट कर्जा लिँदाका बखत तयार भएको कर्जा सुबिधा प्रस्ताब पत्र (Offer Letter) को बूँदा ७.८ क मा उल्लेख गरेको उक्त शर्त सम्बन्धमा जानकारी छ । कम्पनीको शेयर स्वामित्व परिवर्तन गर्दा प्रभु बैंकको पूर्वस्वीकृती लिएको वारेमा मलाई एकिन जानकारी भएन। कानुन बमोजिम शेयर हस्तान्तरण कम्पनी रजिष्ट्रारको कार्यालय मार्फत भएकोले सम्पूर्ण रूपमा कम्पनीको दायित्व मेरो दाजु शशिधर शर्माको हो। मेरो सम्झनामा रहे अनुसार मिति सन् १३/१०/२०२३ मा लिइएको रु.१३ करोड Bridge Gap Loan (BGL) को प्रयोजन सम्झौतामा उल्लेख भए अनुसार हुनुपर्छ हाल मलाई एकिन भएन। उक्त रकम प्रयोग सम्बन्धमा ब्यवसायिक प्रयोजनमा उदेश्य बमोजिम नै प्रयोग गरिएको हो । उक्त रु.१३ करोड मिति सन् ३१/१०/२०२३ मा Butwal Housing Company Pvt. Ltd. को नाममा

दर्ता रहेको जग्गा एशियन भिलेज रिसोर्टमा नामसारी गरि ल्याउने प्रयोजनार्थ दिईएको थियो। उक्त जग्गा मध्ये बैंकमा रोक्का नरहेको जग्गा मध्ये नामसारी भई आएको र केही जग्गा नामसारी हुन बाँकी छ। उक्त निर्माण सम्झौता अनुसार जग्गा सम्माउने तथा Filling लगायतका कार्यहरू भएको हो। विस्तृत विवरण मेरो दाजु शशिधर शर्मालाई हुनुपर्छ । उक्त कर्जाको नियमानुसार व्याज तथा साँवा भुक्तानी भईसकेको छ। उक्त कर्जा चुक्ता शशिधर शर्माले गरिसक्नु भएको छ। प्रयोजन सम्झौतामा उल्लेख भए अनुसार एशियन भिलेज रिसोर्टका लागि चाहिने थप जम्मा खरिद गर्न नै हो। बैकको प्रचलित नियमानुसार माग भएका तथा तयार गरिएका रिपोर्ट अनुसार नै विवरणहरू उपलव्ध गराईएको हो। धनकुमारी पौड्याल, कमला अधिकारी शर्मा र कृष्ण कुमारी पौड्यालका नाममा रहेको करिब ५ बिघा जति जमिन, जुलुश शर्माको नाममा रहेको करिब १ बिघा जमिन, शशिधर शर्माको नाममा रहेका करिब ३ बिघा जमिन, बुटवल हाउजिङको नाममा रहेको करिब २ बिघा जमिन र केही स्थानीय किसानहरूको नाममा रहेको अन्दाजी १ बिघा जमिन मध्येको जम्मा १० बिघा जमिन एकमुष्ठ खरिद गर्ने योजना सम्म जानकारी छ सोही अनुसार शशिधर शर्माले सम्पूर्ण कार्य गरेको हुन निज मार्फत बुझिपाँउ ।उक्त रकम समेत जग्गा खरिद गर्ने प्रयोजनको लागि जगा धनीलाई नै बैना स्वरूप भुक्तानी भएको हो। सम्पूर्ण आर्थीक व्यवहार मेरो दाजु शशिधर शर्माले गर्नुभएको हो। निजसंग विस्तृत बुझिपाउँ ।

मेरो नाममा कम्पनी आउनुभन्दा अगाडी उक्त एशियन भिलेज रिसोर्ट कुलचन्द्र पाण्डेको नाममा रहेको थियो । व्यबहारीक कारणले दाजु समेतको सल्लाहमा उक्त जग्गा साईन रेसुङ्गा बिकास बैक लि. मा लोनमा नै रहेको अवस्थामा स्वीकार गरी खरिद गरेको हो । एकिन विवरण शशिधर शर्मालाई थाहा छ। मेरो जानकारी अनुसार उक्त लोन स्वीकार गरी सोही लोनलाई प्रभु बैकमा मिलान गरिएको हो पछि एकिन गर्नेछु । उक्त कम्पनी मिति २०८२ सालको सुरूवातमा मेरो दाजुको नाममा हस्तान्तरण भएको हो। सुरूवात देखिनै मेरो दाजु उक्त सम्पत्ती र दायित्वहरूको जिम्मेवारी बहन गरिरहेको र म उक्त कम्पनीमा शेयर धनी मात्र रहेकोले कम्पनी शेयर हस्तान्तरणमा मेरो कुनै गलत मनसाय छैन। बैकबाट प्राप्त एशियन भिलेज रिसोर्टका नामको प्रभु बैक लि. बाट जारी भएका चेकमा रहेका हस्ताक्षर देखाउदा हेरि चिनी सनाखत गरिदिएँ उक्त चेकहरू मैले नै हस्ताक्षर गरि मेरो दाजु शशिधर शर्मासंगको सल्लाहमा जारी गरेको हो ।उक्त रकम सम्बन्धित जग्गा धनीलाई पेश्की स्वरूप नै दिइएको हो। एसियन भिलेज रिसोर्ट प्रा.लि. को करिब ८ कठ्ठा जग्गा धितो राखी लिएको रु.१३ करोडको ब्रिज ग्याप कर्जा चुक्ता भए पश्चात पनि धितोमा राखिएको जग्गा फुकुवा गरिएको छैन। हाल सम्म रोक्का राखिएका जग्गाहरू कर्जाको मूल्याङ्कन भन्दा अधिक छ। त्यसै विश्वासमा कर्जा प्रवाह गरिएको होला। मेरो व्यक्तिगत रूपमा उच्च व्यबस्थापन तथा बैकका कर्मचारीहरूसंग कुनै सम्बन्ध छैन। उल्लेखित रकमहरु धनकुमारी पौड्याल/कमला अधिकारी (शर्मा)/कृष्णा कुमारी पौड्याल, जुलुश शर्मा र शशिधर शर्माको नाममा गएको सम्बन्धमा निजहरु जग्गा धनी रहेका र उक्त जग्गाहरु एशियन भिलेज रिसोर्टको नाममा आउने थप जग्गाहरु खरिद गर्नको लागि पेश्की स्वरुप दिएको रकम हो। धनकुमारी पौड्याल र कृष्णा कुमारी पौड्याल, कमला अधिकारी(शर्मा) मेरो भाउजुहरु हुन्। निजहरु तिनै जनाको संयुक्त नाममा जग्गा रहेको थियो। जुलुश

शर्मा दाईको छोरा हुन् निजको हकमा समेत जग्गा बापत भुक्तानी भएको हो । उल्लेखित रकमहरु धनकुमारी पौडयाल/कमला अधिकारी(शर्मा)/कृष्णा कुमारी पौडयालको नाममा गएको सम्बन्धमा निजहरु जग्गा धनी रहेका र उक्त जग्गाहरु एशियन भिलेज रिसोर्टको नाममा आउने थप जग्गाहरु खरिद गर्नको लागि पेश्की स्वरुप दिएको रकम हो। हाल उक्त जग्गाहरू रोक्का रहेका छन्। उल्लेखित कारोबारको सम्वन्धमा म स्वयंले खर्च गरेको भनिएको रकमबाट एशियन भिलेज रिसोर्ट प्रा.लि.को पुरानो कर्जाको रकम चुक्ता गरेको हो र महगु कोहारको नामको जग्गा एशियन भिलेज रिसोर्टको नाममा खरिद गरी सो बापत भुक्तानी दिईएको हो। उक्त रकम मेरो छोरी क्यानडा भएको र उनको दिक्षान्त समारोहमा अभिभावकको रूपमा जानको लागि One Day Statement देखाउनको लागि दाजुसंग सापटी मागेको हो । सो रकम मेरो खाताबाट मैले फिर्ता गरिसकेको छु । मैले कर्जा रकमको दुरुपयोग गरेको छैन। मैले मेरो दाजुको सल्लाह सुझाबमा जम्मा ४८ करोड ऋण लिएको थिए । कानुन बमोजिम सम्पत्ती र दायित्व समेत दाजु शशिधर शर्मालाई हस्तान्तरण गरिदिएको छु । निजले सम्पूर्ण दायित्वको जिम्मेवारी समेत लिइसकेका छन । कर्जाको सम्पूर्ण प्रकृयामा म र मेरो दाजु प्रभु बैंक लि. मणिग्राम शाखाको शाखा प्रमुख सन्तोष ज्ञवालीसँग मात्र सम्पर्कमा थियौ। निजसँग समेत कर्जा माग गर्न जाने क्रममा चिनजान भएको मेरो जानकारीमा रहे अनुसार उक्त कर्जा चुक्ताको लागि पर्याप्त धितो रहेकोले तिर्न सक्ने आधार छ। हाल म संलग्न रहेका कम्पनी सत्यम पोलिमर्स प्रा. लि. को नाममा प्रवाह भएको कर्जा अन्दाजी दुईकरोड पचास लाखमा मेरो शेयर लगत अनुसार दायित्व रहेको र मेरो व्यक्तिगत कर्जा NIC Asia बैंकमा रू १ करोड कर्जा रहेको छ भन्ने समेत ब्यहोराको बयान कागज।

### ग) <u>प्रतिवादी रश्मी पन्तको बयानः</u>

एशियन भिलेज रिसोर्ट प्रा.लि.का तत्कालिन अध्यक्ष शिशिर पौडयाल, हालका अध्यक्ष शशिधर शर्मा संग मेरो व्यक्तिगत चिनजान, लेनदेन रहेको केही छैन । निज शशिधर शर्मालाई मैले कर्जाको सिलसिलामा प्रधान कार्यालयमा आउँदा चिनेको हुँ । निजहरुसँग मेरो कुनै साझेदारी वा सामुहिक लगानी रहेको छैन । प्रभु बैंक लि.को Chief Business Officer को रुपमा मेरो मुख्य जिम्मेवारी बैंकको लागि Business खोज्ने, विशेष गरी बैंकका संभावित Costumer हरु खोजी गर्ने, मिटिङ गर्ने, Costumer सँग कुराकानी पश्चात Credit Chain मा ल्याउने, कर्जा तथा Digital Sales को सम्बन्धमा शाखाहरुसँग समन्वय गर्ने, कर्जाहरु नियमित गराउने लगायतका काम तथा जिम्मेवारीहरु रहेका थिए । Chief Business Officer रहदा कर्जा स्विकृती गर्ने अख्तियारी समय समयमा प्रमुख कार्यकारी अधिकृतको निर्णयले परिवर्तन भई रहने गर्दथ्यो ।अन्तिम समयमा अधिकतम रु.५०,००,००,०००।—(पचास करोड) सम्मको कर्जा स्विकृती गर्ने अख्तियारी रहेको थियो । शाखाबाट उठेका कर्जाहरु शाखाको Relationship Manager मार्फत शाखा प्रमुख हुँदै प्रदेश प्रमुख समक्ष आई प्रदेश प्रमुख मार्फत प्रधान कार्यालयको Risk Analyst, credit Manager, Chief credit Officer, Chief Business Officer हुदै प्रमुख कार्यकारी अधिकृत समक्ष पेश भई प्रमुख कार्यकारी अधिकृतको स्विकृती सिमा भित्रको भए प्रमुख कार्यकारी अधिकृतबाट स्विकृत हुने, प्रमुख कार्यकारी

अधिकृतको स्विकृत सिमा भन्दा माथि भए संचालक समिति समक्ष पेश हुने गर्दथ्यो । प्रधान कार्यालयको Department बाट उठान भएका कर्जाहरु सम्बन्धित Department का Relationship manager बाट उठान भई विभागिय प्रमुख हुदै Risk Analyst, credit Manager, Country Head Retail Loan, Chief credit Officer, Chief Business Officer हुदै प्रमुख कार्यकारी अधिकृत समक्ष पेश भई प्रमुख कार्यकारी अधिकृतको स्विकृत सिमा भन्दा माथिको कर्जा संचालक समितिबाट स्विकृती हुने गर्दछ। कर्जा उठान गर्नेले कर्जाको Analysis गर्ने, कर्जा दिनको लागि उपयुक्त लागेमा कागजातहरु संकलन गरी आवश्यक प्रकृया सुरुवात गरी शाखा प्रवन्धक/विभागीय प्रमुख समक्ष पठाई विभागिय प्रमुखले Review गरी अख्तियारी भित्र पर्ने भएमा स्विकृत गर्ने सिमा भन्दा बाहिर भएमा अगाडी बढाउने, Risk Analyst / credit Manager ले कर्जा फाईलमा भएका Risk हरु उल्लेख गरी कागजातहरु नपुग भएमा संकलन गर्न सुझाब दिने गर्दछन। Chief credit Manager ले Review गर्ने, शाखा/Department लाई आवश्यक निर्देशन दिई अपुग कागजातहरु माग गर्ने, Business monitor गर्ने लगायतका कार्य गर्दछन। प्रभु बैंक लि.बाट एशियन भिलेज रिसोर्ट प्रा.लि. (तत्कालिन अध्यक्ष शिशिर पौड्याल)लाई मिति सन् १३/१०/२०२३ मा Bridge Gap Loan (BGL) रु.१३,००,००,०००।—(तेह्र करोड) र आबधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड) बाहेक निज शशिधर शर्मा तथा निजको एउटै समुहमा रहेका कम्पनीहरुको नाममा अन्य के कति कर्जा प्रबाह भएको थियो सो सम्बन्धमा मलाई हाल एकिन छैन । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आबधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड) प्रवाह गर्नको लागि प्रभु बैंक लि.बाट सन् 04/12/ 2024 मा तयार भएको कर्जा टिप्पणी(Credit Appraisal) मा Chief Business officer रश्मी पन्त भनि गरेको दस्तखत मेरो आफ्नै हो । हेरी चिनी सनाखत समेत गरिदिएँ । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको आबधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड)को कर्जा फाईल प्रभु बैंक लि.को मणिग्राम शाखाबाट उठान भएको कर्जा फाईल हो । उक्त कर्जा फाईल मणिग्राम शाखाका Relationship Manager राजेन्द्र श्रेष्ठबाट उठान भई शाखा प्रवन्धक सन्तोष ज्ञवालीले सिफारिस गरी प्रधान कार्यालयको Risk Analyst एन्जल शर्मा र Credit Manager शैलेन्द्र डंगोलले Review तथा Support गरी प्रदेश प्रमुख दिपेन्द्र बाबु बिष्ट समक्ष पठाई दिपेन्द्र बाबु बिष्टले Support गरी Chief Credit Officer ऋवश श्रेष्ठ समक्ष पठाई ऋवश श्रेष्ठले Support गरी म समक्ष पठाएकोमा मैले Chief Business Officer को रुपमा Support गरी प्रमुख कार्यकारी अधिकृत समक्ष पठाएकोमा प्रमुख कार्यकारी अधिकृतबाट स्विकृत भएको हो । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको आवधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड) एशियन भिलेज रिसोर्टलाई मायादेवी गा.पा ४ रुपन्देहीमा रिसोर्ट निर्माणका लागि आवश्यक पर्ने जग्गा खरिद गर्ने प्रयोजनको लागि प्रवाह गरिएको थियो । उक्त कर्जामा एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा रहेका केही जग्गाहरु बैंकको नाममा दृष्टीबन्धक रोक्का राखिएको थियो । निज शिशिर पौडेलले उक्त एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा जग्गाहरु आए पश्चात बैंकको नाममा रोक्का राख्ने भनि कबुलियतनामा गरेका थिए । सो बाहेक सुरक्षणको लागि अन्य धितोहरु बैंकको नाममा दृष्टी बन्धक रहेको थियो । निजको ब्यक्तिगत

जमानी  समेत रहेको थियो । पछि कबुलियतनामा अनुसार समयमा बैंकको नाममा जग्गा दृष्टीबन्धक नभए पश्चात बैंकले ठाडो रोक्का राखी कर्जाको सुरक्षण गरेको हो । उक्त कर्जा बापतको रकम के कसलाई के कसरी भुक्तानी दिने भनि  उल्लेख भएको सम्वन्धमा लामो समय भएको कारण हाल मलाई याद भएन ।  रकम Disbursement गर्ने कार्य  मेरो जिम्मेवारी अन्तर्गत नपर्ने भएको हुँदा मलाई थाहा भएन । एशियन भिलेज रिसोर्ट प्रा.लि.को आवधिक कर्जा रु.४८,००,००,०००।— (अड्चालिस करोड) प्रवाह गर्नको लागि तयार भएको कर्जा टिप्पणी(Credit Appraisal) मा  एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा जग्गा खरिद गर्नको लागि Pre –Disbursement  गर्ने भनि उल्लेख रहेको थियो । कर्जा टिप्पणीमा औल्याएका सबै कुराहरुलाई Support  गरी स्विकृतीको लागि सिफारिस गरेको हुँ । उक्त कर्जा  टिप्पणीमा औल्याएका कुराहरु कर्जा स्विकृती पश्चात पनि अबलम्बन गरी कार्यान्वयन गर्ने गरिन्छ साथै केही Deviation  भएमा सोही अनुसार सम्बन्धित शाखा वा बिभागले प्रस्ताब गरी अख्तियारप्राप्त अधिकारीको स्विकृती लिई कार्यान्वयन गर्ने गरिन्छ । मणिग्राम शाखाका Relationship Manager  राजेन्द्र श्रेष्ठले मिति सन् १२/०२/२०२५ को इमेल मार्फत प्रस्ताव गरी  म प्रमुख व्यवसाय अधिकृतले Support तथा बैंकका तत्कालिन प्रमुख कार्यकारी अधिकृतले स्वीकृत गरी यस अघि स्वीकृत कर्जा टिप्पणीमा कर्जा टिप्पणीमा एशियन भिलेज रिसोर्ट प्रा.लि.खरिद गरेपश्चात उक्त प्रा.लि.को नाममा कायम हुन आउने जग्गाहरु बैंकको नाममा दृष्टिबन्धक भएपश्चात मात्र स्वीकृत आवधिक कर्जा निकाशा/प्रवाह गर्ने उल्लेख भएतापनि हालका लागि कर्जा टिप्पणीमा उल्लिखित जग्गाहरु बैंकको नाममा दृष्टिबन्धक हुनु अगावै धितोको रुपमा कायम रहने जग्गाको Fair Market Value को ५० प्रतिशत रकम मात्र Pre-disbursement गरिदिने भनि भएको निर्णय सम्बन्धमा एशियन भिलेज रिसोर्ट प्रा.लि.को लागि जग्गा खरिद गर्न भनि कर्जा स्विकृत भईसकेको, ऋणीले जग्गा खरिद गर्नको लागि अग्रीम भुक्तानी दिनु पर्ने भनि अनुरोध गरी सम्वन्धित शाखाबाट सोही अनुसार अनुरोध भएकाले ऋणीले उक्त रकमबाट जग्गा खरिद गरी बैंकको नाममा दृष्टीबन्दक गरिदिने भनेको हुँदा सोही अनुसारनै उक्त ईमेललाई Support  गरी प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गरेको हुँ । ऋणीको कर्जा फाईल मणिग्राम शाखाबाट उठान भएको र ऋणीको project  समेत सोही एरियामा भएको हुँदा उक्त कर्जा फाईल प्रधान कार्यालय–Project Financing Department बाट बैंकको मणिग्राम शाखामा स्थानान्तरण गरिदिने  भनिएको हो । ऋणीको हाल बक्यौता रहेको रु.१३ करोडको Bridge Gap Loan को कर्जा भाखा नाघेता पनि नयाँ आवधिक कर्जा निकाशा/प्रवाहका लागि स्वीकृती प्रदान गर्ने भन्ने सम्बन्धमा Bridge Gap Loan को लागि ताकेता गरिएको र उक्त आवधिक कर्जा प्रवाह नगरिएमा प्रोजेक्ट नै धरासायी भई पहिलेको Bridge Gap Loan समेत बिग्रिने भएको हुँदा सो प्रस्ताबलाई  support  गरेको हुँ । सन् १२/०२/२०२५ मा मणिग्राम शाखाका  Relationship Manager  राजेन्द्र श्रेष्ठले इमेल मार्फत प्रस्ताव गरी  प्रमुख व्यवसाय अधिकृतको हैसियतले मैले Support तथा बैंकका तत्कालिन प्रमुख कार्यकारी अधिकृतले स्वीकृत गरेको ईमेल देखाउँदा देखे, उक्त ईमलेमा Supported By  भनि गरेको दस्तखत मेरो आफ्नो हो । हेरी चिनी सनाखत गरी दिएँ ।  साथै उक्त ईमेलमा Approved By  भनि गरेको दस्तखत तत्कालिन प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनको हो । एशियन भिलेज रिसोर्ट प्रा.लि.ले रिसोर्टको लागि जग्गा खरिद गर्ने भनि कर्जा माग गरेको र

उक्त जग्गा खरिद गर्नको लागि रकम आवश्यक परेको र उक्त रकम प्रबाह पश्चात जग्गा एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा ल्याई बैंकको नाममा दृष्टीबन्धक गरिदिने भनि अनुरोध गरे पश्चात सोही अनुसार सम्बन्धित शाखाबाट ईमेल मार्फत अनुरोध गरे पश्चात जग्गा ऋणीको नाममा ल्याई बैंकको नाममा दृष्टीबन्धक गर्नको लागि उक्त रकम Disbursement गरिएको हो । प्रभु बैंक लिमिटेडको मणिग्राम शाखाका Relationship Manager (कर्जा अधिकृत) ले मिति सन् १०/०३/२०२५ मा शाखा प्रमुख सन्तोष ज्ञवालीलाई र शाखा प्रमुख सन्तोष ज्ञवालीले म प्रमुख व्यवसाय अधिकृत लाई सम्बोधन गर्दै स्वीकृत रु.४८ करोडमध्ये रु.३१करोड निकाशा/प्रवाह भइसकेको र हालको निवेदन बमोजिम ऋणीले प्रस्तावित जग्गा खरिदको लागि जग्गाधनीसँग बैना कागज गरेकोले ऋणीलाई बाँकी रहेको रु.१७ करोड कर्जा पनि निकाशा/प्रवाह गर्ने स्वीकृतीको लागि निवेदन/सिफारिस गरेको, सम्बन्धित शाखाबाट जग्गाधनीलाई रकम दिनको लागि रकम प्रवाह गरिदिने भनि अनुरोध आएको हुँदा जग्गा धनीलाई रकम दिई जग्गा ऋणीको नाममा ल्याई बैंकको नाममा दृष्टी बन्धक हुने भनि उक्त रकम प्रवाह भएको हो । यस भन्दा अगाडीको रु.३१ करोड रकम समेत निज शशिधर शर्माले जग्गा खरिदको लागि प्रयोग गरेका थिए । सो जग्गा खरिद गरे पश्चात सो रकम के कहाँ गयो सो सम्बन्धमा हामीलाई जानकारी हुँदैन । सन् १०/०३/२०२५ मा मणिग्राम शाखाका शाखा प्रवन्धक सन्तोष ज्ञवालीले म प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तलाई लाई सम्बोधन गर्दै लेखिएको माथि उल्लेखित ईमेलको प्रतिलिपी देखाउँदा देखें । उक्त ईमेलमा भएको दस्तखत मध्ये बाँया पट्टी भएको दस्तखत मेरो आफ्नो हो भने दाहिने पट्टी भएको दस्तखत तत्कालिन प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनको हो । हेरी चिनी सनाखत समेत गरिदिएँ । सम्बन्धित धनीले हस्तान्तरण गरी कम्पनी ल्याई सकेको र हस्तान्तरण गरे पश्चातका कम्पनीका धनी शशिधर शर्माले बैंकबाट लिएको कर्जा नियमित गर्ने भनि कम्पनीको संचालक समितिको निर्णय बैंक समक्ष पेश गरेको हुँदा बैंकले ईमेल मार्फत स्विकृत गरेको हो । साथै ऋणीलाई बैंकलाई थाहा नदिई कम्पनी हस्तान्तरण गरेको हुँदा उक्त कर्जा अन्य बैंकमा सार्नको लागि मौखिक रुपमा बारम्बर अनुरोध गरिएको थियो । कुनै पनि बैंकको नीति नियमहरुमा केही आंशिक कुराहरु पुरा नभएको अवस्था प्रमुख कार्यकारी अधिकृतले नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही सामान्य कुराहरु फेरबदल गरी कार्यान्वयन गर्न सक्ने अधिकार प्रत्यायोजन गरेको हुँदा उक्त Pre-Disbursement समेत बैंकको नीति नियम भित्र मैले Support गरी प्रमुख कार्यकारी अधिकृतले स्विकृत गर्नु भएको हो । CMS(Credit Management System) बैंकले Credit Processing को लागि प्रचलनमा ल्याएको Software हो । सो समयमा यो पूर्ण रुपमा संचालनमा आई सकेको थिएन। ठुलो ठुलो कर्जाको फाईलहरु CMS(Credit Management System) बाट नआई Manually/Physically Process गरिन्थ्यो । सोही कारण उक्त कर्जाको Pre-Disbursement समेत ईमेल मार्फत आएको हो ।

प्रभु बैंक लि.को Credit Policy Guidelines को Waiver, Review, Repeal and savings अन्तर्गत उक्त कुरा उल्लेख रहेको छ । उल्लेखित कर्जामा सुरक्षणको लागि राखिने जग्गाहरु बैंकको नाममा दृष्टीबन्धक राख्ने भनि उल्लेख रहेको थियो तर तोकिएको समयावधी सम्म पनि ऋणीको नाममा जग्गा नामसारी नगरिएको हुँदा बैंकले माथि उल्लेखित कित्ताहरु सुरक्षणको लागि ठाडो रोक्का राखिएको हो।

उक्त कर्जा ठाडो रोक्काको आधारमा मात्र दिईएको होईन । कर्जा स्विकृती पश्चात कर्जा फाईल सम्बन्धित मणिग्राम शाखामा गई मणिग्राम शाखाले रोक्का राख्ने काम गरेको हुँदा सो सम्बन्धमा मलाई एकिन भएन । माथि उल्लेखित जग्गाहरु दृष्टिबन्धक तथा ठाडो रोक्का समेत नहुनुको कारण शशिधर शर्माको नामबाट केही जग्गाहरु कित्ताकाट भई ऋणी एशियन भिलेज रिसोर्टको नाममा गएकोमा ऋणीको नाममा गएका जग्गाहरु ठाडो रोक्का भईसकेको थियो । बुटवल हाउजिङ प्रा.लि.को नाममा रहेका जग्गाहरु प्रधान कार्यालयबाट पुरानो कर्जाको लागि रोक्का रहेको कारण प्रधान कार्यालयले तत्काल फुकुवा नगर्ने भएको हुँदा रोक्का नगरिएको हो । म बैंकमा कार्यरत रहे सम्म उक्त जगगाहरु प्रधान कार्यालयबाट रोक्का यथावत रहेको थियो । बैंकको Credit Policy अनुसार धितो रोक्का नराखिएको अवस्थामा पछि रोक्का भई समर्थन हुने गरी Pre-Disbursement गर्ने रकमको सिमा कर्जा स्विकृत गर्ने अख्तियार प्राप्त अधिकारीको कर्जा स्विकृत सिमा अनुसारको रहेको थियो । अन्य कुनै धितो नरहेको अवस्थामा ठाडो रोक्का मात्रै राखि दिनु पर्ने कर्जाको हकमा रु. १०,००,०००।—(दश लाख) सम्म मात्र प्रवाह गर्न मिल्छ । मिति सन् २०८१/१०/०४ मा प्रस्ताव गरी ऋणीले मिति २०८१/११/०२ मा स्वीकार गरेको कर्जा सुविधा प्रस्तावपत्र (Offer Letter) मा उल्लेख गरे बमोजिम ऋणीले कम्पनीको नाममा जग्गा नल्याई बैंकको नाममा दृष्टीबन्धक हुन नसकेको कारण धितो सुरक्षणको लागि कम्पनीको जग्गाहरु ठाडो रोक्का राख्नको लागि कर्जा सुविधा प्रस्तावपत्र(Offer Letter) मा संशोशन गरी गरिएको हो । सो समयमा मालपोत कार्यालयले बैंकको अनुरोधमा मात्र ठाडो रोक्का नराख्ने भएको हुँदा कम्पनीको पत्रबाट बैंकको नाममा रोक्का राख्ने शंसोधन गरिएको हो । मैले २०८२ सालको मंसिर महिना देखि बैंक छोडि सकेको हुँदा सो सम्बन्धमा मलाई जानकारी भएन । उक्त कर्जा बैंकको नीति नियम अनुसार प्रवाह भएको थियो । मैले बैंक छोड्दा सम्म ऋणीले कर्जाको किस्ता तिरी रहेका थिए। एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको रु.४८,००,००,०००।—(अड्चालिस करोड) को आवधिक कर्जा प्रभु बैंकको कर्जा नीति अन्तर्गत रही प्रवाह भएको हो । नेपाल राष्ट्र बैंकबाट गठित समितिले के कुन आधारमा उक्त कर्जामा Pre Disbursement गर्न मिल्दैन भनि खुलाएका हुन् सो सम्बन्धमा मलाई थाहा भएन । बैंकको Collateral Management Manual, 2016 (Third Amendment, 2024) मा दृष्टिबन्धक रोक्का नराखी कुनै विशेष कारणवश धितोको रुपमा कायम रहने जग्गाहरु बैंकको नाममा दृष्टिबन्धक हुन नसकेमा दृष्टिबन्धक अगावै Pre-Disbursement गर्न सकिने व्यवस्था समेत उल्लेख रहेको छ । साथै प्रभु बैंक लि.को Credit Policy Guidelines को Waiver, Review, Repeal and savings अन्तर्गत प्रमुख कार्यकारी अधिकृतले छुट तथा परिवर्तन गर्न सक्ने भनि प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान गरेको हुँदा मैले Support गरी प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गरेकोमा प्रमुख कार्यकारी अधिकृतबाट आफ्नो स्विकृत सिमा भित्र रही Pre Disbursement गरिएको हो । एशियन भिलेज रिसोर्ट प्रा.लि.को Site मणिग्राम शाखाबाट पायक पर्ने, Business Visit गर्न सजिलो हुने, नजिकको शाखा भएको हुँदा Site को Progress सम्बन्धमा जानकार भइ राख्ने, ऋणी समेत स्थानिय भएको हुँदा निजको Profile समेत थाहा भएको हुँदा भएको हुँदा मणिग्राम शाखामा उक्त आवधिक कर्जा रु.४८ करोडको कर्जा फाईल पठाईएको हो । फाईल फरवाई गर्न दबाब दिएको छैन । मैले मणिग्राम शाखाका शाखा प्रमुख र

Relationship Manager समेतलाई सन् १० March २०२४ का दिन सम्पूर्ण कमेन्ट हटाई CMS नम्बर राखी दोश्रो Pre- Disbursement को लागि Email गर्न दबाब दिएको छैन । शाखा प्रवन्धक सन्तोष ज्ञवालीसँग उक्त प्रोजेक्टको सम्बन्धमा धितो राखिने जग्गाहरु रोक्का भयो, भएन, रोक्का नहुनुको कारण के हो ? रोक्का कहिले सम्म हुन्छ, यसबारेमा ऋणीसँग कुराकानी भयो भएन भनि सोधेको हुँ । निजलाई उक्त ईमेल फरवार्ड गर्न दबाब दिएको होईन । मैले मणिग्राम शाखालाई उक्त कर्जाको Pre –Disbursement गर्ने सम्बन्धमा ईमेल गर्नको लागि कुनै ताकेता तथा निर्देशन दिएको छैन । म प्रमुख ब्यवसाय अधिकृत CBO रहदा मेरो कार्यालयमा १ जना सहयोगी कर्मचारी मात्र रहने गर्दथ्यो । निजले फाईलिङ गर्ने, Data हरु मिलाउने काम मात्र गर्ने गर्दथे । निजले शाखा कार्यालयहरुसँग समन्वय गर्ने काम गर्दैनथे । सो समयमा कार्यरत रहेका कर्मचारीको नाम हाल मैले बिर्सिय। CEO कार्यालयबाट ताकेता तथा निर्देशन दिए/नदिएको सम्बन्धमा मलाई थाहा छैन। CEO कार्यालयमा१०/१२ जना कर्मचारीहरु कार्यरत रहेका थिए । ऋणी एशियन भिलेज रिसोर्ट प्रा.लि.ले कर्जा प्रस्ताब पत्र तथा कर्जा टिप्पणी बमोजिम रिसोर्ट निर्माणको लागि आवश्यक पर्ने जग्गाहरु निजको पारिवारिक सम्बन्ध भएका ब्यक्तिहरुसँग खरिद गर्नको लागि ऋणीको खाताहरुबाट जग्गा खरिद गर्न लागिएका निजको पारिवारिक सम्बन्ध भएका ब्यक्तिहरुको खातामा रकमान्तर गरेको हो। सो पश्चात उक्त रकमहरु विभिन्न खातामा रकमान्तर गरिएको सम्बन्धमा जिम्मेवारी सम्बन्धित ऋणिको हुने गर्दछ । कर्जा रकमको दुरुपयोग भएको नभएको सम्वन्धमा अनुगमन निरीक्षण गर्ने जिम्मेवारी सम्बन्धित शाखा तथा सम्बन्धित प्रदेशको हुने गर्दछ । आवश्यक परेमा प्रधान कार्यालयको Risk Department को कर्मचारी समेत निरीक्षणमा जाने गर्दथ्यो। Business Site Visit Report (BSVR) सामान्यता सम्बन्धित शाखाले ३/३ महिना गर्नु पर्ने हो तर कार्य ब्यवस्था, काबु बाहिरको परिस्थिति आदिको कारण ढिलो गरी हुने गर्दछ । कर्जाको दुरुपयोग गर्नु हुदैन, कर्जाको दुरुपयोग गरेमा कानून बमोजिम कारबाही हुने गर्दछ तर प्रस्तुत कर्जाको हकमा कर्जा टिप्पणी अनुसार ऋणीको खाताबाट प्रस्ताबित जग्गा धनिको खातामा जग्गा खरिद गर्ने प्रयोजनको लागि रकम गएको हो । सो कारणले उक्त कर्जाको रकम दुरुपयोग भएको होईन । प्रस्ताबित जग्गाधनीको खातामा रकम गए पश्चात भएका कारोबारको सम्बन्धमा सम्बन्धित ऋणीनै जिम्मेवार हुने गर्दछ । उक्त कर्जा टिप्पणी बैंकको Credit Policy अन्तर्गत उठान भई नियमानुसार स्विकृत भएको हो । जग्गा खरिद गर्ने उदेश्यका लागि माग भएको कर्जामा Credit Policy ले दिएको अधिकार भित्र रही प्रमुख कार्यकारी अधिकृतले जग्गा खरिद गर्नकै लागि भनि Pre-Disbursement गरिएको हो । Pre-Disbursement भएको रकम ऋणीको खाताबाट कर्जा टिप्पणी तथा कर्जा प्रस्ताब पत्रमा उल्लेखित प्रस्ताबित जग्गा धनीको खातामा रकम गएको हुँदा उक्त कर्जा प्रवाह गैर कानूनी रुपमा भएको छैन। CMS प्रयोग नगरी email मार्फत प्रस्ताव तथा स्वीकृत गरिएको सम्बन्धमा CMS मा यस्ता प्रकृतिका ठुला कर्जा फाईलका थप Approval/जानकारी गराईदैनथ्यो । थप Approval/जानकारी बैंकको आधिकारीक ईमेल मार्फतनै गर्ने भएको हुँदा प्रस्तुत Approval समेत ईमेलबाट गरिएको हो । प्रस्तुत कर्जाको हकमा कर्जा टिप्पणी अनुसार ऋणीको खाताबाट प्रस्ताबित जग्गा धनिको खातामा जग्गा खरिद गर्ने प्रयोजनको लागि रकम गएको हो । सो कारणले उक्त कर्जाको रकम दुरुपयोग भएको

होईन । उक्त कर्जा स्विकृती तथा रकम प्रवाह गर्ने कार्य बैंकको प्रचलित नीति नियम अनुसारनै भएको छ । यदी कुनै प्रावधानहरु भुलवश अबलम्बन नगरिएको भए बैकिङ कसूर तथा सजाय ऐन अन्तर्गत नभई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम हुनु पर्ने हो । प्रस्ताबित जग्गाधनीको खातामा रकम गए पश्चात भएका कारोबारको सम्बन्धमा सम्बन्धित ऋणीनै जिम्मेवार हुने गर्दछ । हाल पनि सुरक्षणको रुपमा ठाडो रोक्का यथावत रहेको छ । मैले बैंकको नीति नियम, Credit Policy Guideline, बैंकको Code Of Conduct तथा आफ्नो पदिय जिम्मेवारी भित्र रही काम गरेको हुँ । ऋणीको प्रभावमा परि, आर्थिक लाभ, दान, उपहार लिई काम गरेको होईन । मैले नियमानुसार आफ्नो जिम्मेवारी अनुसारको काम गरेको हुँ । मिति २०८३/०४/१३ गतेको प्रहरी प्रतिवेदनसाथ दाखिला भएको मोबाईल नं. ९७०५४७७५१४ प्रयोग भएको IMEI No: 354017325920516 भएको सुन्तला रंगको IPhone 17 pro max मोबाईल थान-१ मेरो आफ्नै हो भन्ने समेत ब्यहोराको बयान।

**घ) <u>प्रतिवादी सन्तोष ज्ञवालीको बयानः</u>**

म सन् २००७ देखि प्रभु बैंक लि.मा काम गर्न थालेको हुँ । सुरुमा जुनियर एसिस्टेण्टको रुपमा क्रिष्ट मर्चेण्ट बैकिङ एण्ड फाइनान्स लि.मा आएको हुँ । जुन हाल मर्जर प्रक्रियाबाट प्रभु बैंक लि.भईसकेको छ । म मिति २०८१ कार्तिक महिना देखि मणिग्राम शाखामा Branch Manager को रुपमा कार्यरत रहेको छु । सामान्यतया कर्जा स्वीकृत गर्ने सिमा अनुसार कर्जा स्वीकृत सम्बन्धित अधिकारीबाट हुने गर्दछ । शाखाबाट उठेका कर्जाहरु शाखाको Relationship Manager मार्फत शाखा प्रमुख हुँदै प्रदेश प्रमुख समक्ष वा बिजनेश सेन्टर प्रमुख समक्ष पठाईन्छ। सो पश्चात निजहरू मार्फत प्रधान कार्यालयको Risk Analyst, credit Manager, Chief credit Officer, Chief Business Officer हुदै प्रमुख कार्यकारी अधिकृत समक्ष पेश भई प्रमुख कार्यकारी अधिकृतको स्विकृती सिमा भित्रको भए प्रमुख कार्यकारी अधिकृबाट स्विकृत हुने गर्दछ। प्रधान कार्यालयको Department बाट उठान भएका कर्जाहरु सम्बन्धित Department का Relationship manager बाट उठान भई विभागिय प्रमुख हुदै Risk Analyst, credit Manager, Country Head Retail Loan, Chief credit Officer, Chief Business Officer हुदै प्रमुख कार्यकारी अधिकृत समक्ष पेश भई प्रमुख कार्यकारी अधिकृतबाट स्विकृती हुने गर्दछ। शाखा कार्यालयले कर्जा दिनको लागि उपयुक्त कागजातहरू संकलन र प्रकृया सुरू गरि फर्वाड गर्ने, सो पश्चात विभागीय प्रमुख समक्ष पठाई विभागिय प्रमुखले सपोर्ट गरी अख्तियारी भित्र पर्ने भएमा स्विकृत गर्ने वा अस्वीकृत गर्ने, सिमा भन्दा बाहिर भएमा अस्विकृत गर्ने वा अगाडी बढाउने, सो पश्चात Risk Analyst / credit Manager ले कर्जा फाईलमा भएका Risk हरु उल्लेख गरी कागजातहरु नपुग भएमा संकलन गर्न सुझाब दिने गर्दछन। Chief credit Manager ले Review गरि फाईल फर्वाड गर्ने वा रिजेक्ट गर्ने कार्य गर्दछन। सो पश्चात सम्पूर्ण डकुमेन्ट चेक गरि आधिकारीक व्यक्तिले स्विकृत गर्ने गर्दछन। यसरी कर्जा स्वीकृत भएपश्चात बैकको केन्द्रिय कार्यालयको Credit Adminstration Department (CAD) बाट ऋणीको खातामा ऋणको सम्पूर्ण प्रकृया पुरा गरि स्विकृत कर्जा प्रवाह हुने गर्दछ ।प्रभु बैंक लि. को Branch Manager को रुपमा मेरो मुख्य जिम्मेवारी बैंकको लागि, शाखाको दैनिक कार्य सञ्चालन गर्ने Business बढाउने, कर्जाहरु नियमित गराउने लगायतका बैकको प्रचलित

नीयमानुसारका काम तथा जिम्मेवारीहरु रहेका छन् । प्रस्तुत ४८ करोड कर्जा स्विकृती गर्ने प्रकृयामा ब्रान्च म्यानेजरको रूपमा मैले शाखाको RM ले तयार गरेको कर्जा फाईल RM संग संयुक्त अध्ययन गरि माथिल्लो निकायमा Forward गर्ने भूमिका रहने गर्दछ। म बैकको शाखाको प्रवन्धकको रूपमा कार्यभार सम्हाल्नु भन्दा अगावै तत्कालिन रिलेसनसिप म्यानेजर र शाखा प्रवन्धकले फाईल प्रदेश कार्यालयमा पठाईसकेको, प्रदेश कार्यालय र बिजनेस सेन्टरका प्रमुखले सपोर्ट गरी मूख्य कार्यालयमा पठाएको । रिस्क एनालाईसिस र क्रेडिट म्यानेजरले आफ्नो कमेन्ट राखि फर्वाड गरि Chief Credit Officer (CCO) मा उक्त फाइल पठाएको अन्दाजी ५-६ महिना भएकोले पुन फाईल फर्वाड गर्न बैकको केन्द्रिय कार्यालयबाट मौखिक निर्देशानुसार मैले उक्त कर्जा फाइल केन्द्रिय कार्यालयमै रहेकोमा पुनः शाखा कार्यालयबाट फर्वाड गर्नु नपर्ने भनि मौखिक नै अनुरोध गरेकोमा तत्कालिन HR Head रमेश थापा, तत्कालिन Recovery Manager नन्दराज जोशी, Chief Manag दिनेश डंगोल, Country Head Retail SME शुनिल राना, CBO रश्मि पन्त र CEO अशोक शेरचनले फाईल फर्वाड गर्न दवाब दिएकोले मैले यसपूर्वको एशियन भिलेज रिसोर्टकै नाममा Outstanding Loan (BGL १३ करोड) केन्द्रिय कार्यालयमै रहेको हुँदा ब्रान्चबाट फर्वाड नगर्ने भनि अनुरोध गरेकोमा समेत माथि उल्लिखित पदाधिकारीहरूले पटक पटक दवाव दिई फाईल बिजनेस सेन्टर प्रमुख (CBCO) मा फर्वाड गरेको हो।

प्रभु बैंक लि.बाट एशियन भिलेज रिसोर्ट प्रा.लि.(तत्कालिन अध्यक्ष शिशिर पौड्याल) लाई मिति सन् १३/१०/२०२३ मा Bridge Gap Loan (BGL) रु.१३,००,००,०००।— (तेह्र करोड) प्रधान कार्यालयबाट प्रवाह भएको हो । उक्त अवधीमा म ब्रान्च समेत कार्यरत थिईन यसमा मेरो कुनै पनि भूमिका छैन। आबधिक कर्जा रु.४८,००,००,०००।— (अड्चालिस करोड) बाहेक निज शशिधर शर्माको लुम्बिनी एग्रो प्रोक्डक्ट एण्ड रिसर्च सेन्टर प्रा.लि. रुपन्देहीको नाममा रु.३५ करोड, अरुण फुड्स प्रा.लि., रुपन्देहीको नाममा रु.२० करोडको कर्जा मणिग्राम शाखाबाट उठान भई प्रवाह भएको छ। उक्त समयमा म मणिग्राम शाखामा कार्यरत रहेको थिइन। सो बाहेक निज शशिधर शर्मा तथा निजको एउटै समुहमा रहेका कम्पनीहरुको नाममा अन्य के कति कर्जा प्रबाह भएको छ, सो सम्बन्धमा मलाई जानकारी छैन । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आबधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड) प्रवाह गर्नको लागि प्रभु बैंक लि.बाट सन् 04/12/ 2024 मा तयार भएको कर्जा टिप्पणी(Credit Appraisal) मा BM-Manigram Branch सन्तोष ज्ञवाली भनि गरेको दस्तखत मेरो आफ्नै हो । हेरी चिनी सनाखत समेत गरिदिएँ । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको आबधिक कर्जा रु.४८,००,००,०००।— (अड्चालिस करोड) को कर्जा फाईल प्रभु बैंक लि.को मणिग्राम शाखाबाट उठान भएको कर्जा फाईल हो । एशियन भिलेज रिसोर्ट प्रा.लि. को नाममा टिप्पणी सन् 04/12/ 2024 मा उठान हुनु भन्दा अन्दाजी ६ महिना अगाडी पनि एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा रु.४८ करोडको आवधिक कर्जा उठान गर्नको लागि Project Finance Department बाट As Per CBO instruction भनि तत्कालिन CBCO हुँदै तत्कालिन RM र BM लाई Email आएको र सो पश्चात कर्जा टिप्पणी उठान भई प्रधान कार्यालयमा सिफारिस भएकोमा प्रधान कार्यालयमा Chief credit Officer समक्ष पुगी उक्त कर्जा फाइल रोकिएको थियो । सो

समयमा शाखा प्रमुख सन्तोष खत्री रहेका थिए सो सम्बन्धमा म ब्रान्च म्यानेजर भई आउँदा जानकारी भएको थियो । सो कर्जा फाईल रोकिएको छ महिना पश्चात प्रधान कार्यालयबाट एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा रु.४८ करोडको आवधिक कर्जा फाईल उठान गर्न भनि Chief Business Officer/Chief Excucative Officer को कार्यालयबाट शाखा मलाई र RM राजेन्द्र श्रेष्ठलाई पटक पटक फोन गरे पश्चात उक्त कर्जा फाईल उठान भएको हो । सो कर्जा फाईल तयार गर्ने काम Assistance Relationship Manager को हैसियतले राजेन्द्र श्रेष्ठले गरेको हुन र यसरी तयार भएको Credit Proposal को Soft copy CEO Office को निर्देशनमा प्रधान कार्यालयको CEO/CBO Office मा पठाई त्यहाबाट Correction गरी शाखामा ईमेल मार्फत आए पश्चात शाखाबाट टिप्पणी उठान गरी RM ले मलाई फर्वाड गरेपछि उक्त फाईलको निर्णय गर्ने अधिकार म समक्ष नभएकोले निर्णयार्थ Chief Business Credit Offcer दिपेन्द्र बिष्ट समक्ष पेश भई प्रधान कार्यालयको Risk Analyst एन्जल शर्मा समक्ष पुगी Review गरी विभिन्न सुझाबहरु लेखी पठाएकोमा सुझाब अनुसारको विवरण तथा कागजातहरु संकलन गरी पुन पेश गरिएको हो। Risk Analyst ले Review गरी सके पश्चात Credit manager शैलेन्द्र डंगोलले Review गरी Chief Credit Officer ऋवश श्रेष्ठलाई Forward गरी Chief Credit Officer ले Support गरी Chief Business officer रश्मी पन्त समक्ष पठाई Chief Business officer रश्मी पन्तले Support गरी प्रमुख कार्यकारी अधिकृत(CEO) समक्ष पेश भई प्रमुख कार्यकारी अधिकृत(CEO) बाट स्विकृत भएको हो । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको आवधिक कर्जा रु.४८,००,००,०००।— (अड्चालिस करोड) को उदेश्य एशियन भिलेज रिसोर्ट प्रा.लि.लाई मायादेवी गा.पा ४ रुपन्देहीमा रिसोर्ट निर्माणका लागि आवश्यक पर्ने १० बिगाहा जग्गा खरिद गर्ने प्रयोजनको रहेको थियो। उक्त आवधिक कर्जा रु.४८,००,००,०००।— (अड्चालिस करोड) को निम्ती जग्गा धितो बन्धक रोक्का रहेको थिएन। कमला अधिकारी, कृष्ण कुमारी पौड्याल, धन कुमारी पौड्यालको नाममा रहेको संयुक्त जग्गा, शशिधर शर्मा, जुलुश शर्मा र बुटवल हाउजिङ कम्पनी प्रा.लि.को नाममा रहेका विभिन्न कित्ता जग्गाहरु र केही अन्य जग्गा मसेत आउन सक्ने र हाईटेन्सन तथा खोलामा पर्ने जग्गा घटाई कित्ताकाट भई समग्रमा १० बिगाहा जग्गा कम्पनीको नाममा आए पश्चात बैंकको नाममा दृष्टीबन्धक गरी कर्जा रकम Disbursement गर्ने कुरा उल्लेख रहेको थियो। कर्जा बापतको रकम ऋणी कम्पनीको नाममा भुक्तानी गरी ऋणीबाट प्रस्ताबित जग्गाधनीलाई भुक्तानी दिने भनि उल्लेख रहेको छ । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आवधिक कर्जा रु.४८,००,००,०००।— (अड्चालिस करोड) प्रवाह गर्नको लागि तयार भएको कर्जा टिप्पणी (Credit Appraisal) मा कर्जा रकम Pre–Disbursement गर्ने सम्बन्धमा उल्लेख गरिएको छैन। रु. ३१ करोड Pre –Disbursement सम्बन्धमा म बिदामा बसेको समयमा उक्त email, RM राजेन्द्र श्रेष्ठ मार्फत फर्वाड भई प्रकृयागत रूपमा CEO बाट Approve भएको हो। उक्त रू ३१ करोड भुक्तानी प्रभु बैकको प्रधान कार्यालयको CAD बाट खातामा अग्रीम भुक्तानी भएको हो। दोश्रो चरणको भूक्तानीको लागि ऋणीबाट अनुरोध भई केन्द्रिय कार्यालयबाट पुनः निर्देशन आए पश्चात CEO/CBO Office को निर्देशन बमोजिम RM राजेन्द्र श्रेष्ठ मार्फत मलाई ईमेल गरेकोमा मैले प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्तलाई ईमेल फरवार्ड गरि सो ईमेल प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तले Support

गरी प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले स्विकृत गरी सन् १०/०३/२०२५ मा रु.१७,००,००,०००।- Pre –Disbursement भएको हो । उक्त अनुरोधलाई केन्द्रिय कार्यालयको उच्च व्यबस्थापनका कर्मचारीहरू तत्कालिन CEO, CBO लगायतबाट पूनः ईमेल गर्न निर्देशन भएकोले ब्रान्चबाट निर्णयार्थ केन्द्रिय कार्यालयमा पठाएको हो उक्त दिन शाखाबाट Credit Appraisal Approvel मा भएका रिमार्क्स हरू राखी शाखा कार्यालयबाट निर्णयार्थ पठाएकोमा पुनः अर्को दिन CBO बाट रिमार्क्स नराखी छोटो ईमेल गराई निर्णयार्थ पठाउन निर्देशन दिएकोले निर्णयार्थ पठाईएको हो तर निर्णय गर्ने ब्रान्चको क्षेत्राधिकार भित्र पर्दैन। कर्जा टिप्पणी स्विकृत हुनु भन्दा अगाडी औल्याएका सबै कुराहरुलाई RM मार्फत Credit Management System(CMS) मा Response गरिएको थीयो । Credit Management System (CMS) मार्फत गरेको Response लाई Credit Chain मा भएका सबैले support गरि कर्जा टिप्पणी स्विकृत भएको र CEO/CBO Office बाट Pre-disburesment गर्नको लागि शाखाबाट ईमेल पठाउनु भनेको हुँदा ईमेल पठाएको हौं । उक्त ईमेल स्विकृत भई प्रधान कार्यालयको Credit Adminstration Department(CAD) मार्फत सम्पूर्ण Approval हरू चेक गरि प्रकृया पुरा गरि रकम प्रवाह भएको हो । उक्त Querry मा जग्गाधनिहरू पारिवारिक सम्बन्ध रहेको बिषय उल्लेख भएको मलाई एकिन जानकारी छैन । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आवधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड) प्रवाह गर्नको लागि तयार भएको कर्जा टिप्पणी (Credit Appraisal) मा कर्जा रकम Pre–Disbursement गर्ने सम्बन्धमा म बिदामा रहेको अवधिमा उक्त कर्जाको ईमेल पठाएको रहेछ। म नीयमानुसार बिदा बसेकोले यस बिषयमा मैले कुनै रेस्पोन्स गरिन उक्त विषयमा मलाई कार्यालयमा हाजिर भएपश्चात मात्र थप जानकारी भएको हो। तत्कालिन समयमा म अन्दाजी २०८१ माघ २७ गतेदेखी दुई साताको Annual Refreshment Leave (ARL) बिदा बिजनेस सेन्टर प्रमुख (CBCO) मार्फत स्वीकृत बिदा बसेको हुँ । उक्त Pre-disbursement सम्बन्धमा केन्द्रिय कार्यालयको उच्च व्यबस्थापनका कर्मचारीहरू तत्कालिन CEO, CBO लगायतबाट पूनः ईमेल गर्न निर्देशन भएकोले ब्रान्चबाट निर्णयार्थ केन्द्रिय कार्यालयमा पठाएको हो March 09, 2025 का दिन शाखाबाट Credit Appraisal Approvel मा भएका रिमार्क्स हरू राखी शाखा कार्यालयबाट निर्णयार्थ पठाएकोमा पुनः अर्को दिन CBO बाट रिमार्क्स नराखी छोटो ईमेल गराई निर्णयार्थ पठाउन निर्देशन दिएकोले निर्णयार्थ पठाईएको हो तर निर्णय गर्ने ब्रान्चको क्षेत्राधिकार भित्र पर्दैन। उल्लेखित ईमेल मैले सन् १०/०३/२०२५ मा CBO रश्मि पन्तलाई पठाएको ईमेल हो। हेरि चिनि सनाखत गरिदिए । शेयर लगत परिवर्तन भएको सम्बन्धमा शाखालाई कुनै जानकारी थिएन। मेरो जानकारीमा भएसम्म प्रधान कार्यालयले जानकारी गराए पश्चात मात्र थाहा पाएका हौ । सो पश्चात ऋणीले शेयर लगत शाखामा पठाएका हुन् । शिशिर पौड्याल बाट शशिधर शर्माको नाममा स्वामित्व परिवर्तन गर्नुको कारण मलाई थाहा छैन । तत्कालिन समयमा CMS प्रणाली बाहेक पनि email बाट Approval लिन प्रचलित नियमले रोकेको अवस्था थिएन। प्रधान कार्यालयको CBO को निर्देशन बमोजिम मणिग्राम शाखाबाट निर्णयार्थ ईमेल फर्वाड गरिएको थियो।सो समयमा CBCO दिपेन्द्र बिष्ट बिदामा भएको कारणले ईमेल निर्णयार्थ CBO लाई पठाएको हो। बाँकी सम्पूर्ण प्रकृया Approval चेक गरि सम्पूर्ण ठिक भए पश्चात भुक्तानी गर्ने जिम्मेवारी CAD को हो, ब्रान्चबाट Email Approval पछि

चेक लिष्ट समेत संलग्न गरि पठाउनुपर्नेमा उक्त चेकलिष्ट पठाएको एकिन छैन। ऋणीले कर्जा प्रस्ताब पत्र बमोजिम कम्पनीको नाममा जग्गा नामसारी नगरेको, कर्जा रकम पहिलेनै प्रवाह भईसकेको तत्कालको अवस्थामा मणिग्राम शाखाबाट Credit Management System मार्फत जानकारी गराएकोमा समय लाग्ने देखिएकोले ईमेल मार्फत प्रधान कार्यालयसँग निर्णयार्थ पठाई निर्णय आएपश्चात कर्जा प्रस्ताब पत्रमा उल्लेखित जग्गाहरु मध्ये माथि उल्लेखित केही जग्गाहरु मात्र ठाडो रोक्का राखिएको हो। ऋणीले बैकको पूर्व स्वीकृति नलिई शेयर लगत परिवर्तन गरेको देखिएपश्चात बैकको सुरक्षणको लागि बैकले सम्बन्धित अधिकारीसमक्ष ठाडो रोक्काको लागि निर्णयार्थ लेखि पठाएको र उक्त निर्णय आएपश्चात उक्त जग्गाहरू ठाडो रोक्का राखिएको हो । उक्त रोक्काको प्रयोजन सम्पत्तीको हक हस्तान्तरण अन्यत्र नभई कम्पनीको नाममा नामसारी गरी दृष्टिबन्धक गर्ने उद्देश्ले गरिएको हो । ऋणी एशियन भिलेज रिसोर्ट प्रा.लि.को आफ्नो नाउँको जग्गा (कित्ता नं. ६९९, १८२, १७७, ३०६, २७, २६ र २३) समेत दृष्टि बन्धक नगरी ठाडो रोक्का मात्र गर्नुको कारण कर्जा प्रस्ताब पत्र अनुसार ऋणीको नाममा अन्य जग्गाहरु समेत आउन बाँकी रहेको हुँदा तत्कालको लागि ठाडो रोक्का मात्र राखिएको हो । माथि उल्लेखित जग्गाहरु दृष्टिबन्धक तथा ठाडो रोक्का समेत नहुनुको कारण शशिधर शर्माको नामबाट केही जग्गाहरु कित्ताकाट भई ऋणी एशियन भिलेज रिसोर्टको नाममा गएकोमा ऋणीको नाममा गएका जग्गाहरु ठाडो रोक्का भईसकेको छ । बुटवल हाउजिङ प्रा.लि.को नाममा रहेका जग्गाहरु प्रधान कार्यालयबाट पुरानो कर्जाको लागि रोक्का रहेको कारण प्रधान कार्यालयबाट कर्जा चुक्ता भइसकेको तर तत्काल फुकुवा नभएको हुँदा रोक्का नगरिएको हो। उक्त केही जग्गाहरू बुटवल हाउजिङ कम्पनी प्रा.लि. मार्फत बैकको नाममा नै रोक्का रहेका थिए । बैकको पोलिसी अनुसार अख्तियार प्राप्त अधिकारीलाई दिईने सिमा हुने भएकोले मलाई विस्तृत जानकारी भएन। उक्त जिम्मेवारी/अधिकार मलाई थाहा भएसम्म CEO को हो । बैंकले मिति सन् २०८१/१०/०४ मा प्रस्ताव गरी ऋणीले मिति २०८१/११/०२ मा स्वीकार गरेको कर्जा सुविधा प्रस्तावपत्र(Offer Letter) मा संशोशन गर्नुको कारण कम्पनीको जग्गाहरु ठाडो राखी बैकको सुरक्षणको लागि गरिएको हो। साथै उक्त समयमा शशिधर शर्मा र निजका परिवारका सदस्यहरूको समेत व्यक्तिगत जमानी समेत थपिएको थियो । बैकको लोन Disburse भइसकेपश्चात ब्रान्चबाट ग्राहकलाई बारम्बार भेटि नामसारी तथा दृष्टिबन्धकका लागि मौखिक तथा लिखित अनुरोध गरेको, साथै ब्रान्चले उक्त दृष्टिबन्धक नभएको नोटिफिकेशन मेमो लगायत अन्य मेमो समेत माथिल्लो अधिकारीलाई फर्वाड गरेको थियौ त्यसमा कुनै रेस्पोन्स भएको थिएन। पछि बैकको निमित्त CEO निरज लम्सालको कार्यकालमा उक्त मेमो नोटेड भएको थियो साथै हालका CEO को कार्यकालमा Incident Report With Facility Callback को मेमो फर्वाड गरि उक्त मेमो Apporve भएको थियो। सो र सञ्चालक समितिको निर्णय अनुसार बैंकको जाँचबुझ समितिले Zoom मार्फत कर्जाको सम्बन्धमा सोधपुछ गरेको थियो । मैले आफ्नो कुरा उक्त जाँचबुझ समितिलाई बताएको थिए । जाँचबुझ समितिले प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा मलाई थाहा छैन। Credit Apprisal अनुसार Pre Disbursement गर्ने शर्तहरू नभएको, Pre Disbursement को लागि CEO/CBO लगायत तत्कालिन प्रधान कार्यालयका उच्च तहका कर्मचारीहरूको निर्देशन बमोजिम ईमेल पठाउन लगाएको कारण

शाखाबाट ईमेल निर्णयार्थ पठाएको मात्र हो । सोको निर्णय तत्कालिन CBO र CEO ले गरेका हुन् । ऋणीको खातामा कर्जा रकम Disbursement भए पश्चात कर्जा प्रस्ताब पत्रमा जग्गा खरिद गर्न भनि उल्लेख गरिएका ब्यक्तिहरुको नाममा रकम भुक्तानी भएको थियो। सम्बन्धित जग्गा धनीलाई दिएको रकम के कँहा कसरी प्रयोग भयो सोको जानकारी छैन। रकमको दुरुपयोग भएको नभएको सम्वन्धमा वा सदुपयोगिताको अनुगमन निरीक्षण गर्ने जिम्मेवारी सम्बन्धित बैकको हो । जग्गा खरिद गर्ने भनि उल्लेख भएका सम्बन्धित ब्यक्तिको खातामा रकम गएको देखिन्छ । केही जग्गाहरु ऋणीको नाममा आएको र निज शिशिर पौड्यालबाट कम्पनी शशिधर शर्माको नाममा नामसारी गरे पश्चात पटक पटक निज शिशिर शर्मा र शशिधर शर्मा र निजका परिवारका सदस्यहरू समेतलाई भेटी कम्पनीको नाममा जग्गा नामसारीको लागि ताकेता गर्दा मेरो प्रधान कार्यालयमा CBO/CEO सँग कुराकानी भईसकेको छ। कम्पनीको नाममा जग्गा ल्याउछु भनि हरेक पटक मौखिक प्रतिवद्दता तथा आश्वासन दिईरहेको थीए। शाखाबाट निजलाई पटक पटक लिखित तथा मौखिक ताकेता समेत गरिएको छ । कर्जाको दुरुपयोग गर्नु, गराउनु हुदैन । मेरो जानकारी अनुसार सम्बन्धित जग्गा धनिको खातामा रकम गएकोले कर्जा दुरूपयोग भन्न मिल्दैन। प्रस्तुत कर्जामा सम्पूर्ण प्रकृयाहरू बैकको प्रचलित नीति अनुसार नै प्रकृयागत रूपमा गरिएको हो। कर्जा टिप्पणी उठान गर्नको लागि CBO/CEO बाट हाम्रो शाखालाई निर्देशन दिए पश्चात कर्जा टिप्पणी फर्वाड भएको हो। Pre-Disbursement गर्ने सम्बन्धमा CBO/CEO बाट निर्देशन दिए पश्चात ईमेल प्रधान कार्यालयमा निर्णयार्थ Forward गरिएको हो । रकम Pre-Disbursement गर्नको लागि तत्कालिन CBO रश्मी पन्तले support गरी CEO अशोक शेरचनले Approved गरी रकम प्रधान कार्यालयको CAD बाट Pre-Disbursement भएको हो । तत्कालिन अवस्थामा CMS बाट मात्र नगरी Email बाट समेत निर्णयहरू हुने गर्दथ्यो। हाल अन्दाजी १ महिना अगाडि सम्पूर्ण Approval मेमो मार्फत गर्नुपर्ने गरि Email प्राप्त भएको छ। ऋणीले कर्जाको उदेश्य अनुसार कर्जा बापतको रकम प्रस्ताबित जग्गा धनीको खातामा रकमान्तर गरेको कारण बैकिङ कसूर भएको देखिदैन । अं. ३ बिगाहा जग्गा ऋणीको नाममा समेत आएको छ । प्रस्ताबित जग्गा धनीको खातामा रकम गए पश्चात विभिन्न खाता मार्फत घुमाएर प्रयोग गर्ने सम्बन्धमा हामी जानकार नहुने विषय भएका कारण सम्बन्धित जग्गाधनि जिम्मेवार रहन्छ । मैले ऋणीसँग कुनै पनि प्रकारको आर्थिक लाभ तथा सुबिधा लिएको छैन । प्रधान कार्यालयको निर्देशन अनुसार email निर्णयार्थ फर्वाड गरेको हुँ । मैले कुनै पनि बदनियतसाथ काम गरेको छैन। अन्दाजी मंसिर/पुष २०८१ सालमा अन्य कुनै ग्राहकलाई लिएर प्रधान कार्यालय आउन निर्देशन दिईएको थियो । उक्त समयमा ग्राहकको काम सकिएपश्चात मलाई Aisan Village Resort को फाईल फर्वाड गर्नको लागि तत्कालिन Country Head Retail SME सुनिल राना, CBO रश्मी पन्त, CEO अशोक शेरचन आ-आफ्नो कार्यकक्षमा बोलाएर दबाब दिएका थिए। पछि ब्रान्चमा गएपश्चात लगातार फोनमा HR Head रमेश थापा, CEO Office दिनेश डंगोल र Recovery Manager नन्दराज जोशीले दबाबमुलक निर्देशन दिएका हुन्। 9 March 2024 मा रू १७ करोड डिष्बर्समेन्ट हुँदा रश्मि पन्त संग फोनमा लामो कुराकानी भएको र उक्त कुराकानी पश्चात ब्रान्चबाट नियमित प्रकृयामा फाईल Approval हुँदा सम्बन्धित फाईलमा भएका कमेन्टहरु राखी निर्णयार्थ फर्वाड गरिएकोमा मिति 10 March 2024 का

दिन पूनः रश्मी पन्तबाट सम्पूर्ण कमेन्ट हटाई CMS नम्बर राखी दोश्रो Pre-Disbursement को लागि Email गर्न निर्देशन/दबाब दिएकोले ब्रान्चबाट कमेन्टहरू हटाई छोटो Email निर्णयार्थ फर्वाड गरिएको हो। हाल म हिरासतमा रहेकोले सम्बन्धित ईमेलहरू पछि पेश गर्नेछु। प्रतिवेदनसाथ दाखिला गरेको Imei No 350352939258175, 350352938876423 भएको सिम कार्ड NTC 9857059824, Ncell 9701012103 प्रयोग गरिएको । Phone 14 Blue Black रङको मोबाईल थान-१ मेरो आफ्नै हो । कर्जा प्रवाह भएपश्चात शाखा कार्यालयबाट जग्गा को दृष्टिबन्धक गर्नको लागि ग्राहकलाई बारम्बार भेट गरि दृष्टिबन्धक गर्न अनुरोध गरेकोमा ग्राहकले मौखिक रूपमा प्रतिवद्दता जाहेर गरेता पनि हालसम्म दृष्टिबन्धक नगरेको, सो सम्बन्धी जानकारी शाखाबाट उच्च व्यबस्थापन समक्ष समय समयमा पठाएको हो । पछि निरज लम्साल ACEO हुँदा नोटेड गर्नुभएको थियो। शाखाबाट ग्राहकलाई लिखित चिठि काटि दृष्टिबन्धक तथा नामसारी गर्न अनुरोध गरिएको थियो । ग्राहकले सिधै उच्च व्यबस्थापन संग भेटघाट गरि आफ्नो समस्या उच्च व्यबस्थापन लाई राखेको थियो। शाखाबाट Call Back Facility With Incident Report को Approval पश्चात शाखा कार्यालयले ऋणी तथा जमानतकर्ताहरूलाई Call Back Facility को चिठी पठाएको थियो। सो चिठी पश्चात ग्राहक सोझै उच्च व्यबस्थापकलाई भेटि लोन चुक्ता गर्न अथवा दृष्टिबन्धक गर्नको लागि असार मसान्त सम्मको लागि समय माग गरेको थियो । शाखाले सो सम्बन्धी मेमो फर्वाड गरेकोमा उच्च व्यबस्थापनले डकुमेन्ट नगर्ने भनि Approve नगरी Decline गरेको थियो र मौखिक रुपमा असार मसान्त सम्मको समय उपलव्ध गराउने जानकारी गराईएको थीयो । अत मैले उक्त कर्जामा कुनै पनि गलत मनसाय र कार्यका साथ कुनै पनि गलत काम गरको छैन । बरू मैले सकेसम्म लोनको सुरक्षाका लागि सम्पूर्ण उपाय लगाएको छु भन्ने समेत ब्यहोराको बयान।

ङ) <u>प्रतिवादी राजेन्द्र श्रेष्ठको बयानः</u>

एशियन भिलेज रिसोर्ट प्रा.लि.का तत्कालिन अध्यक्ष शिशिर पौड्यालको नाममा प्रधान कार्यालयबाट कर्जा प्रवाह गर्ने क्रममा विभिन्न कागजातहरुमा सहिछाप गरी पठाईदिनु भनी प्रधान कार्यालयबाट फोन मार्फत भने पश्चात मैले निज शिशिर पौड्यालको कागजातहरु सहिछाप गरी पठाउने गरेको थिए । सो पश्चात एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा रु.४८ करोडको कर्जा आवेदन शिशिर पौड्यालले गरे पश्चात निजसँग चिनजान भएको हो । शशिधर शर्मासँग सन् २०२० मा चिनजान भएको हो । निजको अन्य कम्पनीको नाममा कर्जा प्रवाह गर्दा चिनजान भएको हो । निजहरुसँग बैंकको कामको सिलसिलामा चिनजान भएको हो । निजहरुसँग लेनदेन तथा कारोबार केही रहेको छैन । म सन् २०७३/०९/२७ गतेबाट प्रभु बैंक लि.मा काम गर्न थालेको हुँ । म सुपरभाईजर पदबाट काम गर्न सुरु गरेकोमा २०७६ सालमा आन्तरिक विज्ञापनबाट जुनियर अफिसरमा नामा निकाली हाल सम्म पनि सोही पदमा काम गरि राखेको छु । प्रभु बैंक लि.मा आउनु भन्दा पहिले म मेगा बैंक नेपाल लि.मा काम गर्दथे । मेगा बैंक लि.भन्दा पहिले बुटवल फाईनान्स लि.मा काम गर्दथे । प्रभु बैंक लि.को Assistance Relationship Manager को रुपमा मेरो काम भनेको मुख्य कर्जाको लागि Marketing गर्ने, डिपोजिटको लागि कुरा गर्ने, शाखा प्रवन्धकले भने

बमोजिम बैंकको Business को लागि काम गर्ने, शाखामा कर्जाको लागि आवेदन दिएका ग्राहकहरुको निवेदन संकलन गर्ने, कर्जा टिप्पणी उठान गरी सम्पूर्ण कागजातहरु शाखा प्रवन्धक हुँदै प्रदेश कार्यालय मार्फत प्रधान कार्यालय पठाउने, प्रधान कार्यालयबाट स्विकृत भई आएमा प्रधान कार्यालयको कानून शाखामा पठाउने, कानून शाखाबाट तमसुकहरु तयार भई आए पश्चात उक्त तमसुकहरुमा ग्राहकको दस्तखत गराउने, उक्त तयार भएका सम्पूर्ण कागजातहरु शाखा कार्यालयबाट प्रधान कार्यालयको Credit Adminstration Department को Compliance मा पठाउने, Compliance ले रुजु गरे पश्चात Credit Adminstration Department को Implimentation Department मा पठाई कर्जा रकम प्रधान कार्यालयबाट Disbursement हुने गर्दछ । शाखा कार्यालयबाट कर्जा प्रबाह गर्ने कुनै अनुमती रहेको छैन । शाखाबाट उठेका कर्जाहरु शाखाको Relationship Manager मार्फत शाखा प्रमुख हुँदै प्रदेश प्रमुख समक्ष आई प्रदेश प्रमुख मार्फत प्रधान कार्यालयको Risk Analyst, credit Manager, Chief credit Officer, Chief Business Officer हुदै प्रमुख कार्यकारी अधिकृत समक्ष पेश भई प्रमुख कार्यकारी अधिकृतको स्विकृती सिमा भित्रको भए प्रमुख कार्यकारी अधिकृतबाट स्विकृत हुने गर्दछ । प्रदेश प्रमुख(Chief province Officer), Chief Business Center office, Coutry Head SME/Retail Landing, Chief Business Officer समेतलाई कर्जा स्विकृतीको निश्चित अख्तियारी रहेको हुन्छ । प्रमुख कार्यकारी अधिकृतको स्विकृत सिमा भन्दा माथि भए संचालक समिति समक्ष पेश हुने गर्दछ । कर्जा उठान गर्नेले कर्जाको Analysis गर्ने, कर्जा दिनको लागि उपयुक्त लागेमा कागजातहरु संकलन गरी आवश्यक प्रकृया सुरुवात गरी शाखा प्रवन्धकले Review गरी शाखा कार्यालयको कर्जा स्विकृती गर्ने अख्तियारी नभएको हुँदा माथि प्रदेश प्रमुख समक्ष Forward गर्ने, प्रदेश प्रमुखले प्रधान कार्यालयको Risk मा Forward गर्ने गर्दछ । सो पश्चात अख्तियारी सिमा भित्रको भए सम्बन्धित विभागिय प्रमुखले स्विकृत गर्दछ। सिमा भन्दा बाहिरको भए Credit manager/Chief Risk Officer हुदै Chief Business Officer हुँदै प्रमुख कार्यकारी अधिकृत समक्ष जाने गर्दछ । प्रदेश प्रमुखले स्वकृती गर्ने सिमाको कर्जा भएमा शाखा कार्यालय मार्फत प्रधान कार्यालयको Risk Analyst समक्ष पुगी स्विकृतीको लागि प्रदेश प्रमुख समक्ष आउने गर्दछ । Relationship Manager ले कर्जा आवेदन लिने, आवश्यक कागजातहरु लिई कर्जा टिप्पणी उठान गर्ने गर्दछ। शाखा प्रवन्धकले Review गरी कर्जा फाईल माथिल्लो निकायमा पठाउने गर्दछन् । Risk Analyst / credit Manager ले कर्जा फाईलमा भएका Risk हरु उल्लेख गरी कागजातहरु नपुग भएमा संकलन गर्न सुझाब दिने गर्दछन। Chief credit Manager ले Review गर्ने, शाखा लाई आवश्यक निर्देशन दिई अपुग कागजातहरु माग गर्ने, Business monitor गर्ने लगायतका कार्य गर्दछन। प्रभु बैंक लि.बाट एशियन भिलेज रिसोर्ट प्रा.लि. (तत्कालिन अध्यक्ष शिशिर पौडयाल)लाई मिति सन् १३/१०/२०२३ मा Bridge Gap Loan (BGL) रु.१३,००,००,०००।—(तेह्र करोड) प्रधान कार्यालयबाट प्रवाह भएको हो । आबधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड) बाहेक निज शशिधर शर्माको लुम्बिनी एग्रो प्रोक्डक्ट एण्ड रिसर्च सेन्टर प्रा.लि. रुपन्देहीको नाममा रु.३५ करोड, अरुण फुड्स प्रा.लि., रुपन्देहीको नाममा रु.२० करोडको कर्जा मणिग्राम शाखाबाट उठान भई प्रवाह भएको छ। सो बाहेक निज शशिधर शर्मा तथा निजको एउटै समुहमा रहेका कम्पनीहरुको नाममा अन्य के कति कर्जा प्रबाह भएको

छ, सो सम्बन्धमा मलाई हाल एकिन छैन । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आबधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड) प्रवाह गर्नको लागि प्रभु बैंक लि.बाट सन् 04/12/ 2024 मा तयार भएको कर्जा टिप्पणी(Credit Appraisal) मा RM-Manigram Branch राजेन्द्र श्रेष्ठ भनि गरेको दस्तखत मेरो आफ्नै हो । हेरी चिनी सनाखत समेत गरिदिएँ । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको आबधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड)को कर्जा फाईल प्रभु बैंक लि.को मणिग्राम शाखाबाट उठान भएको कर्जा फाईल हो। एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा रु. टिप्पणी सन् 04/12/ 2024 मा उठान हुनु भन्दा ६ महिना अगाडी पनि एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा रु.४८ करोडको आवधिक कर्जा उठान गर्नको लागि Project Finance Department बाट As Per CBO instruction भनि शाखा प्रमुख हुँदै मलाई Email आएको थियो । सो पश्चात कर्जा टिप्पणी उठान भई प्रधान कार्यालयमा सिफारिस भएकोमा प्रधान कार्यालयमा Chief credit Officer समक्ष पुगी उक्त कर्जा फाइल रोकिएको थियो । सो समयमा शाखा प्रमुख सन्तोष खत्री रहेका थिए । सो कर्जा फाईल रोकिएको छ महिना पश्चात प्रधान कार्यालयबाट एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा रु.४८ करोडको आवधिक कर्जा फाईल उठान गर्न भनि Chief Business Officer/Chief Excucative Officer को कार्यालयबाट शाखा प्रवन्धक सन्तोष ज्ञवाली र मलाई पटक पटक फोन गरे पश्चात उक्त कर्जा फाईल उठान भएको हो । सो कर्जा फाईल तयार गर्ने काम Assistance Relationship Manager को हैसियतले मैले गरेको हुँ । शाखाबाट तयार भएको Credit Proposal को Soft copy प्रधान कार्यालयको CEO/CBO Office मा पठाई त्यहाबाट Correction गरी शाखामा ईमेल मार्फत आए पश्चात शाखाबाट टिप्पणी उठान गरी मैले शाखा प्रवन्धक समक्ष सिफारिस गरी शाखा प्रवन्धक सन्तोष ज्ञवाली मार्फत Chief Business Credit Offcer दिपेन्द्र बिष्ट समक्ष पेश भई प्रधान कार्यालयको Risk Analyst एन्जल शर्मा समक्ष पुगी Review गरी विभिन्न सुझाबहरु लेखी पठाएकोमा सुझाब अनुसारको विवरण तथा कागजातहरु संकलन गरी पुन पेश गरिएको हो । Risk Analyst ले Review गरी सके पश्चात Credit manager शैलेन्द्र डंगोलले Review गरी Chief Credit Officer ऋवश श्रेष्ठलाई Forward गरी Chief Credit Officer ले Support गरी Chief Business officer रश्मी पन्त समक्ष पठाई Chief Business officer रश्मी पन्तले Support गरी प्रमुख कार्यकारी अधिकृत(CEO) समक्ष पेश भई प्रमुख कार्यकारी अधिकृत(CEO) बाट स्विकृत भएको हो ।

एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको आवधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड) को उदेश्य एशियन भिलेज रिसोर्ट प्रा.लि.लाई मायादेवी गा.पा ४ रुपन्देहीमा रिसोर्ट निर्माणका लागि आवश्यक पर्ने जग्गा खरिद गर्ने प्रयोजनको रहेको थियो । उक्त आवधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड) को निम्ती जग्गा धितो बन्धक रोक्का रहेको थिएन । कमला अधिकारी, कृष्ण कुमारी पौडयाल, धन कुमारी पौड्यालको नाममा रहेको संयुक्त जग्गा, शशिधर शर्मा,जुलुश शर्मा र बुटवल हाउजिङ कम्पनी प्रा.लि.को नाममा रहेका विभिन्न कित्ता जग्गाहरु कित्ताकाट भई समग्रमा १० बिगाहा जग्गा कम्पनीको नाममा आए पश्चात बैंकको नाममा दृष्टीबन्धक गरिसके पश्चात कर्जा रकम Disbursement गर्ने कुरा उल्लेख रहेको थियो । कर्जा

बापतको रकम ऋणीको नाममा Disburse गरी ऋणीबाट प्रस्तावित जग्गाधनीलाई भुक्तानी दिने भनि उल्लेख रहेको छ । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आवधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड) प्रवाह गर्नको लागि तयार भएको कर्जा टिप्पणी(Credit Appraisal) मा कर्जा रकम Pre –Disbursement गर्ने सम्बन्धमा उल्लेख गरिएको छैन । मलाई प्रधान कार्यालयको CEO/CBO Office बाट 12 February 2025 मा मलाई फोन गरी एशियन भिलेज रिसोर्ट प्रा.लि.को स्विकृत कर्जा रकम मध्ये Fair Market Value(FMV) को ५०% सम्म हुने गरी रु.३१,००,००,०००।— Pre –Disbursement गर्नको लागि ईमेल गर्न भनि बारम्बर ताकेता गरे पश्चात मैले सोही दिन रु. ३१,००,००,०००।— Pre –Disbursement गर्नको लागि शाखा प्रवन्धक सन्तोष ज्ञवालीलाई पहिले ईमेल गरेकोमा सन्तोष ज्ञवाली सर बिदामा हुनु भएको हुँदा पछि फेरी मलाई CEO/CBO Office बाट फोन गरी उक्त ईमेल सिधै प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्तलाई गर्नु भनेको हुँदा सोही दिन मैले उक्त ईमेल रश्मी पन्तलाई गरेको हुँ । सो ईमेल प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तले Support गरी प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले स्विकृत गरी सन् १७/०२/२०२५ मा रु. ३१,००,००,०००।— Pre –Disbursement भएको हो । सो पश्चात सन् ०९/०३/२०२५ मा शाखा प्रवन्धक सन्तोष ज्ञवाली र मलाई CEO/CBO Office बाट फोन गरी बाँकी रु. १७,००,००,०००।— Pre –Disbursement गर्नको लागि ईमेल पठाउनु भने पश्चात मैले सोही दिन ऋणीलाई पहिले पनि Pre –Disbursement गरिसकेको हुँदा कम्पनीको नाममा जग्गा नआईसकेको हुँदा अब फेरी Pre –Disbursement गर्न मिल्दैन भन्ने ब्यहोरा उल्लेख गरी मैले शाखा प्रवन्धक सन्तोष ज्ञवालीलाई ईमेल गरेकोमा सन्तोष ज्ञवालीले प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्तलाई ईमेल फरवार्ड गर्नु भएकोमा CEO/CBO Office बाट उक्त ईमेल छोटो गरी पुनः पठाउनु भनि निर्देशन आए पश्चात सन् १०/०३/२०२५ मा CEO/CBO Office को निर्देशन बमोजिम अर्को ईमेल लेखी शाखा प्रवन्धक सन्तोष ज्ञवालीलाई ईमेल गरेकोमा सन्तोष ज्ञवालीले प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्तलाई ईमेल फरवार्ड गर्नु भएकोमा सो ईमेल प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तले Support गरी प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले स्विकृत गरी सन् १०/०३/२०२५ मा रु.१७,००,००,०००।- Pre –Disbursement भएको हो । कर्जा टिप्पणी स्विकृत हुनु भन्दा अगाडी औंल्याएका सबै कुराहरुलाई मैले Credit Management System(CMS) मार्फत Response गरेको छु । Credit Management System(CMS) मार्फत मैले गरेको Response लाई Credit Chain मा भएका सबैले support भई कर्जा टिप्पणी स्विकृत भएको र CEO/CBO Office बाट Pre-disburesment गर्नको लागि शाखाबाट ईमेल पठाउनु भनेको हुँदा ईमेल पठाएको हुँ। उक्त ईमेल स्विकृत भई प्रधान कार्यालयको Credit Adminstration Department(CAD) मार्फत रकम प्रवाह भएको हो । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आवधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड) प्रवाह गर्नको लागि तयार भएको कर्जा टिप्पणी(Credit Appraisal) मा कर्जा रकम Pre –Disbursement गर्ने सम्बन्धमा उल्लेख नगरेतापनि मलाई प्रधान कार्यालयको CEO/CBO Office बाट 12 February 2025 मा मलाई फोन गरी एशियन भिलेज रिसोर्ट प्रा.लि.को स्विकृत कर्जा रकम मध्ये Fair Market Value(FMV) को ५०% सम्म हुने गरी

रु.३१,००,००,०००।— Pre –Disbursement गर्नको लागि ईमेल गर्न भनि बारम्बर ताकेता गरे पश्चात मैले सोही दिन रु. ३१,००,००,०००।— Pre –Disbursement गर्नको लागि शाखा प्रवन्धक सन्तोष ज्ञवालीलाई पहिले ईमेल गरेकोमा सन्तोष ज्ञवाली सर बिदामा हुनु भएको हुँदा पछि फेरी मलाई CEO/CBO Office बाट फोन गरी उक्त ईमेल प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्तलाई गर्नु Forward गर्नु भनेको हुँदा सोही दिन मैले उक्त ईमेल रश्मी पन्तलाई Forward गरेको हुँ । सो ईमेल प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तले Support गरी प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले स्विकृत गरी सन् १७/०२/२०२५ मा रु. ३१,००,००,०००।— Pre –Disbursement भएको हो । मलाई CEO/CBO Office बाट धेरैकुरा उल्लेख नगरी थोरै कुराहरु उल्लेख गरी छोटो ईमेल गर्नु भनी निर्देशन दिईएको हुँदा मैले सोही अनुरुप ईमेल पठाएको हुँ । सन् १२/०२/२०२५ मा मणिग्राम शाखाका Relationship Manager राजेन्द्र श्रेष्ठबाट प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तलाई गरिएको ईमेल म आफैले गरेको ईमेल हो । उक्त ईमेल सुरुमा मैले शाखा प्रवन्धक सन्तोष ज्ञवालीलाई दिउसो २:०१ मिनेटमा गरेकोमा सन्तोष ज्ञवाली सर बिदामा रहनु भएको हुँदा उक्त ईमेल सिधै प्रधान कार्यालयमा पठाउन भनि अफिसको फोन तथा मोबाईलमा फोन/म्यासेजबाट निर्देशन आए पश्चात १८:२५ मिनेटमा प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्तलाई गरेको हुँ । उक्त ईमेल प्रमुख व्यवसाय अधिकृतले Support तथा बैंकका तत्कालिन प्रमुख कार्यकारी अधिकृतले स्वीकृत गरेका हुन् । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा तयार भएको कर्जा टिप्पणीमा Pre Disbursement गर्ने सम्बन्धमा उल्लेख रहेको थिएन। मलाई प्रधान कार्यालयबाट Customer को माग अनुसार ईमेल गर्न भनि निर्देशन आए पश्चात मैले ईमेल गरेको हुँ। के कसरी Pre Disbursement गरिएको हो । सो सम्वन्धमा ईमेल Support गर्ने प्रमुख ब्यवसाय अधिकृत र स्विकृती गर्ने प्रमुख कार्यकारी अधिकृतले Pre Disbursement गर्न Credit Adminstaration Department लाई आदेश दिएको हुनुपर्छ । सन् ०९/०३/२०२५ मा शाखा प्रवन्धक सन्तोष ज्ञवाली र मलाई CEO/CBO Office बाट फोन गरी बाँकी रु. १७,००,००,०००।— Pre –Disbursement गर्नको लागि ईमेल पठाउनु भने पश्चात मैले पहिले पनि ऋणीलाई Pre –Disbursement गरिसकेको, हाल सम्म पनि कम्पनीको नाममा जग्गा नआईसकेको हुँदा अब फेरी Pre –Disbursement गर्न मिल्ने/नमिल्ने भनी विभिन्न ब्यहोरा उल्लेख गरी शाखा प्रवन्धक सन्तोष ज्ञवालीलाई ईमेल गरेकोमा सन्तोष ज्ञवालीले प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्तलाई ईमेल फरवार्ड गर्नु भएकोमा CEO/CBO Office बाट उक्त ईमेल छोटो गरी पुनः पठाउनु भनि निर्देशन आए पश्चात सन् १०/०३/२०२५ मा CEO/CBO Office को निर्देशन बमोजिम अर्को ईमेल लेखी शाखा प्रवन्धक सन्तोष ज्ञवालीलाई ईमेल गरेकोमा सन्तोष ज्ञवालीले प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्तलाई ईमेल फरवार्ड गर्नु भएकोमा सो ईमेल प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तले Support गरी प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले स्विकृत गरी सन् १०/०३/२०२५ मा रु.१७,००,००,०००।- Pre –Disbursement भएको हो । उल्लेखित ईमेल मैले सन् १०/०३/२०२५ मा मणिग्राम शाखाका शाखा प्रवन्धक सन्तोष ज्ञवालीलाई पठाएको ईमेल हो ।शेयर लगत परिवर्तन भएको सम्बन्धमा शाखालाई जानकारी थिएन । प्रधान कार्यालयले जानकारी

गराए पश्चात मात्र थाहा पाएका हौ । सो पश्चात ऋणीले शेयर लगत शाखामा पठाएका हुन् । शिशिर पौड्याल बाट शशिधर शर्माको नाममा स्वामित्व परिवर्तन गर्नुको कारण मलाई थाहा छैन । प्रधान कार्यालयको CEO/CBO Office को निर्देशन/म्यासेज बमोजिम मणिग्राम शाखाबाट ईमेल गरिएको हो । Pre-Disbursement सम्बन्धमा कर्जा टिप्पणीमा उल्लेख नहुँदा नहुँदै के कसको निर्देशनमा Pre-Disbursement गरियो भन्ने सम्बन्धमा प्रधान कार्यालयको CAD लाई थाहा हुनुपर्छ । साथै यस भन्दा पहिले पनि ईमेल बाट Approval दिने गरेको हुँदा मैले ईमेल पठाएको हुँ । ऋणीले कर्जा प्रस्ताब पत्र बमोजिम कम्पनीको नाममा जग्गा नामसारी नगरेको, कर्जा रकम पहिलेनै प्रवाह भईसकेको तत्कालको अवस्थामा मणिग्राम शाखाबाट Credit management System मार्फत जानकारी गराएकोमा समय लाग्ने देखिएकोले ईमेल मार्फत प्रधान कार्यालयसँग स्विकृती लिई कर्जा प्रस्ताब पत्रमा उल्लेखित जग्गाहरु मध्ये माथि उल्लेखित केही जग्गाहरु मात्र ठाडो रोक्का राखिएको हो। ऋणी एशियन भिलेज रिसोर्ट प्रा.लि.को आफ्नो नाउँको जग्गा (कित्ता नं. ६९९, १८२, १७७, ३०६, २७, २६ र २३) समेत दृष्टि बन्धक नगरी ठाडो रोक्का मात्र गर्नुको कारण कर्जा प्रस्ताब पत्र अनुसार ऋणीको नाममा अन्य जग्गाहरु समेत आउन बाँकी रहेको हुँदा तत्कालको लागि ठाडो रोक्का मात्र राखिएको हो । माथि उल्लेखित जग्गाहरु दृष्टिबन्धक तथा ठाडो रोक्का समेत नहुनुको कारण शशिधर शर्माको नामबाट केही जग्गाहरु कित्ताकाट भई ऋणी एशियन भिलेज रिसोर्टको नाममा गएकोमा ऋणीको नाममा गएका जग्गाहरु ठाडो रोक्का भईसकेको छ । बुटवल हाउजिङ प्रा.लि.को नाममा रहेका जग्गाहरु प्रधान कार्यालयबाट पुरानो कर्जाको लागि रोक्का रहेको कारण प्रधान कार्यालयले तत्काल फुकुवा नगर्ने भएको हुँदा रोक्का नगरिएको हो । रोक्का यथावत रहेको छ । मलाई जानकारी भए सम्म प्रमुख कार्यकारी अधिकृतबाट स्विकृत लिई धितो रोक्का नराखिएको अवस्थामा पछि रोक्का भई समर्थन हुने गरी Pre-Disbursement गर्न सकिन्छ तर के कति रकम सम्म गर्न सकिन्छ सो सम्बन्धमा मलाई थाहा भएन । बैंकले मिति सन् २०८१/१०/०४ मा प्रस्ताव गरी ऋणीले मिति २०८१/११/०२ मा स्वीकार गरेको कर्जा सुविधा प्रस्तावपत्र(Offer Letter) प्रधान कार्यालयमा तयार भई ऋणीको दस्तखत गराउनु भनि शाखामा पठाएकोमा ऋणीको सहि गराईएको हो । मिति २०८१/१२/२७ मा संशोधित कर्जा सुविधा प्रस्ताव पत्र समेत प्रधान कार्यालयमा तयार भई ऋणीको दस्तखत गराउनु भनि शाखामा पठाएकोमा ऋणिको दस्तखत गराएका हौ ।सो कर्जा सुविधा प्रस्तावपत्र (Offer Letter) मा संशोशन गर्नुको कारण कम्पनीको जग्गाहरु तत्काल ठाडो रोक्का राखि बैंकको कर्जा रकम सुरक्षीत राख्नको लागि गरिएको हो । बैंकको जाँचबुझ समितिले मलाई Zoom मार्फत १ घण्टा १५ मिनेट सम्म उक्त कर्जाको सम्बन्धमा मौखिक सोधपुछ गरेको थियो । मैले आफ्नो सबै कुरा बताएको थिए । जाँचबुझ समितिले प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा मलाई थाहा छैन । Credit Apprisal अनुसार Risk Analyst र Credit manager ले उल्लेख गरेर सोधिएको प्रश्नको जवाफ दिए पश्चात उक्त कर्जा फाईल उहाँहरुले Support गरी Forward गर्नु भएको हो । Credit Apprisal अनुसार Pre Disbursement गर्न नमिल्ने हो । Costumer को अनुरोधपत्र पश्चात CEO/CBO Office को निर्देशन बमोजिम ईमेल पठाउन लगाएको कारण शाखाबाट ईमेल पठाएको मात्र हो । सोको निर्णय तत्कालिन CBO र CEO ले गरेका हुन् । ऋणीको खातामा

कर्जा रकम Disbursement भए पश्चात कर्जा प्रस्ताब पत्रमा जग्गा खरिद गर्न भनि उल्लेख गरिएका व्यक्तिहरुको नाममा सुरुमा रकम गएको देखिन्छ । सम्बन्धित जग्गा धनीलाई दिएको रकम ऋणीले विभिन्न खाता मार्फत घुमाएर रकमान्तर गरी विभिन्न प्रयोजनमा प्रयोग गरेको सम्बन्धमा सम्बन्धित व्यक्तिहरु जिम्मेवार रहनुपर्छ । रकमको दुरुपयोग भएको नभएको सम्वन्धमा वा सदुपयोगिताको अनुगमन निरीक्षण गर्ने जिम्मेवारी सम्बन्धित शाखा, प्रदेश कार्यालय र प्रधान कार्यालय समेतको हो । जग्गा खरिद गर्ने भनि उल्लेख भएका सम्बन्धित व्यक्तिको खातामा रकम गएको देखिन्छ । केही जग्गाहरु ऋणीको नाममा आएको र निज शिशिर पौड्यालबाट कम्पनी शशिधर शर्माको नाममा नामसारी गरे पश्चात पटक पटक निज शिशिर शर्मा र शशिधर शर्मालाई भेटी कम्पनीको नाममा जग्गा नामसारीको लागि ताकेता गर्दा मेरो प्रधान कार्यालयमा CBO/CEO सँग कुराकानी भईसकेको छ । कम्पनीको नाममा जग्गा ल्याउछु भनि आश्वासन दिईरहेकोमा नल्याएको हो । शाखाबाट निजलाई पटक पटक लिखित तथा मौखिक ताकेता समेत गरिएको छ । कर्जाको दुरुपयोग गर्नु, गराउनु हुदैन। यदी गरेमा कानून बमोजिम सजाय हुन्छ । प्रस्तुत कर्जाको कर्जा टिप्पणी उठान गर्नको लागि CBO/CEO कार्यालयबाट हाम्रो शाखालाई निर्देशन दिए पश्चात कर्जा टिप्पणी उठान भएको हो । Pre-Disbursement गर्ने सम्बन्धमा समेत CBO/CEO कार्यालयबाट मौखिक तथा म्यासेजबाट निर्देशन दिए पश्चात ईमेल प्रधान कार्यालयमा Forward गरिएको हो । रकम Pre-Disbursement गर्नेको लागि तत्कालिन CBO रश्मी पन्तले support गरी CEO अशोक शेरचनले Approved गरी रकम प्रधान कार्यालयबाट Pre-Disbursement भएको हुँदा अन्य कुराहरु मलाई जानकारी छैन । ऋणीले कर्जाको उदेश्य अनुसार कर्जा बापतको रकम प्रस्ताबित जग्गा धनीको खातामा रकमान्तर गरेको कारण बैकिङ कसूर भएको देखिदैन । अं. ३ बिगाहा जग्गा ऋणीको नाममा समेत आएको छ । प्रस्ताबित जग्गा धनीको खातामा रकम गए पश्चात विभिन्न खाता मार्फत घुमाएर प्रयोग गर्ने सम्बन्धमा सम्बन्धित ऋणीनै जिम्मेवार रहन्छ । मैले ऋणीसँग कुनै आर्थिक लाभ तथा सुबिधा लिएको छैन । प्रधान कार्यालयको निर्देशन अनुसार काम गरेको हुँ । मैले कुनै पनि बदनियतसाथ काम गरेको छैन। CBO/CEO कार्यालयबाट भनि शाखाको फोन तथा व्यक्तिगत फोनमा कुरा हुन्थ्यो। फरक फरक व्यक्तिहरुले कुरा गर्दथे । प्रधान कार्यालयबाट गरेको हुँदा नाम सोध्ने कुरा पनि भएन । रु.३१ करोड Pre-Disbursement गर्ने सम्बन्धमा ईमेल तयार गर्ने क्रममा मेरो मोबाईल नं.९८४९६३७२६१ मा सर्टकटमा ईमेल पठाउ भनि म्यासेज आएको थियो । उक्त म्यासेज मेरो मोबाईलमा सुरक्षीत रहेको छ । प्रतिवेदनसाथ दाखिला गरेको IMEI:865008054706780 भएको मोबाईल नं.९८४९६३७२६१ र ९८२७४६१३९४ प्रयोग भएको Redmi कम्पनीको Sky रङको मोबाईल मेरो आफ्नै हो भन्ने समेत ब्यहोराको बयान कागज।

**ङ१.) <u>प्रतिवादी राजेन्द्र श्रेष्ठको थप बयानः</u>**

मलाई प्रभु बैंक लि.को पत्रसंख्याःPRABHU/CMP/1038/0974/083-84, मिति २०८३/०४/२७ गतेको पत्रसाथ प्राप्त 12 February 2025, 16 February 2025 र १७ February 2025 मा Whatsapp मा आदान प्रदान भएका म्यासेजहरु देखाउँदा देखी पाएँ । उक्त म्यासेजहरु मेरो मोबाईल नं.

९८४९६३७२६१ को Whatsapp र  प्रभु बैंक लि. प्रधान कार्यालयका प्रदेश नं.५,६ र ७ को Recover प्रमुख  नन्द राज जोशीको  Whatsapp बिच आदान प्रदान भएका म्यासेजहतु हुन् । उक्त म्यासेज रु.३१ करोड Pre disbursement  गर्नु भन्दा अगाडी निज नन्द राज जोशीले  निर्देशन दिनको लागि मलाई Whatspapp  मा म्यासेज गरेका हुन् ।उक्त Whatsapp म्यासेजहरु मेरो मोबाईलमा सुरक्षित रहेको हुँदा प्रस्तुत कर्जाको सम्बन्धमा छानबिन गर्नको लागि प्रभु बैंक लि.बाट गठित छानबिन समितिलाई मैले उपलब्ध गराएका म्यासेजहरु हुन् । उक्त Whatsapp म्यासेजमा 48 cr ko LAF kati ho, Deposoit vo ki nai, pending xa ra ajhai, single page pathaunu hai  मलाई प्रभु बैंक लि. प्रधान कार्यालयका प्रदेश नं.५,६ र ७ को Recover प्रमुख  नन्द राज जोशीले गरेका म्यासेजहरु हुन्। निजले रु. ३१ करोड Pre disbursement  गर्नको लागि ईमेल फर्वाड गर्ने सम्बन्धमा मलाई विभिन्न निर्देशन दिने क्रममा उक्त म्यासेजहरु पठाएका हुन् । साथै प्रभु बैंक लि.को पत्रसंख्याःPRABHU/CMP/1038/0974/083-84, मिति २०८३/०४/२७ गतेको पत्रसाथ प्राप्त ईमेलहरु मध्ये CAD Compliance  ले मलाई पठाएको ईमेल, ईमेलमा सोधिएका कुराहरुको जवाफी ईमेल, CAD Compliance  र नन्द राज जोशी बिच भएको ईमेल तथा नन्दराज जोशी र रश्मी पन्त बिच भएको ईमेल कुराकानी हुन् । नन्द राज जोशीले रु. ३१ करोड Pre disbursement गर्नको लागि ईमेल पठाउनको लागि मलाई दबाब दिएका थिए भन्ने समेत व्यहोराको बयान कागज ।

**च) <u>प्रतिवादी नन्द राज जोशीको बयानः</u>**

म सन् २०१० देखी तत्कालिन किष्ट बैक हालको प्रभु बैंक लि. मा काम गर्न थालेको हुँ । म जुनियर अफिसरमा नियुक्त भई हाल  प्रवन्धक पदमा रही शाखा प्रवन्धकको रुपमा प्रभु बैक लि.कमलादी शाखामा काम गरि राखेको छु । कर्जा असुली शाखामा Manager Recovery को रुपमा कार्यरत मेरो जिम्मेवारी तथा भुमिकामा प्रभु बैंक लि.को कर्जा असुली बिभागको प्रमुखले दिएको जिम्मेवारी अनुसार Manager Recovery को रुपमा कार्यरत रहि प्रदेश ५,६,७ अन्तर्गतका शाखा कार्यालयहरूको कर्जा असुलीमा सहयोग गर्ने र शाखाहरूले पठाएको अनुरोधलाई माथिल्लो निकायलाई रिपोर्ट गर्ने रहेको थियो । सामान्यतया शाखाबाट उठेका कर्जाहरु शाखाको Relationship Manager मार्फत शाखा प्रमुख हुँदै प्रदेश प्रमुख समक्ष आई प्रदेश प्रमुख मार्फत प्रधान कार्यालयको Risk Analyst, credit Manager, Chief credit Officer, Chief Business Officer हुदै प्रमुख कार्यकारी अधिकृत समक्ष पेश भई प्रमुख कार्यकारी अधिकृतको स्विकृती सिमा भित्रको भए प्रमुख कार्यकारी अधिकृतबाट स्विकृत हुने गर्दछ । प्रदेश प्रमुख(Chief province Officer), Chief Business Center office, Coutry Head SME/Retail Landing, Chief Business Officer समेतलाई कर्जा स्विकृतीको निश्चित अख्तियारी रहेको हुन्छ । प्रमुख कार्यकारी अधिकृतको स्विकृत सिमा भन्दा माथि भए संचालक समिति समक्ष पेश हुने गर्दछ । कर्जा उठान गर्नेले कर्जाको Analysis  गर्ने, कर्जा दिनको लागि उपयुक्त लागेमा कागजातहरु संकलन गरी आवश्यक प्रकृया सुरुवात गरी शाखा प्रवन्धकले Review  गरी  शाखा कार्यालयको कर्जा स्विकृती गर्ने अख्तियारी नभएको हुँदा माथि प्रदेश प्रमुख समक्ष Forward गर्ने, प्रदेश प्रमुखले प्रधान कार्यालयको Risk मा Forward गर्ने गर्दछ । सो पश्चात अख्तियारी सिमा भित्रको भए

सम्बन्धित विभागिय प्रमुखले स्विकृत गर्दछ। सिमा भन्दा बाहिरको भए Credit manager/Chief Risk Officer हुदै Chief Business Officer हुँदै प्रमुख कार्यकारी अधिकृत समक्ष जाने गर्दछ । प्रदेश प्रमुखले स्वकृती गर्ने सिमाको कर्जा भएमा शाखा कार्यालय मार्फत प्रधान कार्यालयको Risk Analyst समक्ष पुगी स्विकृतीको लागि प्रदेश प्रमुख समक्ष आउने गर्दछ । Relationship Manager ले कर्जा आवेदन लिने, आवश्यक कागजातहरु लिई कर्जा टिप्पणी उठान गर्ने गर्दछ। शाखा प्रवन्धकले Review गरी कर्जा फाईल माथिल्लो निकायमा पठाउने गर्दछन् । Risk Analyst / credit Manager ले कर्जा फाईलमा भएका Risk हरु उल्लेख गरी कागजातहरु नपुग भएमा संकलन गर्न सुझाब दिने गर्दछन। Chief credit Manager ले Review गर्ने, शाखा लाई आवश्यक निर्देशन दिई अपुग कागजातहरु माग गर्ने, Business monitor गर्ने लगायतका कार्य गर्दछन। तत्कालिन समयमा म Business Credit Chain मा कार्यरत नरहेकोले तत्कालिन समयको एकिन Credit Approval Process को वारेमा जानकारी थिएन । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको आबधिक कर्जा रु.४८,००,००,०००।– (अड्चालिस करोड) को कर्जा फाईल प्रभु बैंक लि.को मणिग्राम शाखाबाट उठान भएको र प्रमुख कार्यकारी अधिकृत (CEO) समक्ष पेश भई प्रमुख कार्यकारी अधिकृत (CEO) बाट स्विकृत भएको सम्म जानकारी छ। उक्त समयमा म असुली बिभागमा कार्यरत रहेकोले सम्पूर्ण क्रेडिट चेनको वारेमा जानकारी भएन। उक्त क्रेडिट चेनमा मेरो सहभागिता नरहेको र उक्त कार्य मेरो जिम्मेवारीमा नरहेकोले मलाई यस विषयमा विस्तृत जानकारी भएन । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आवधिक कर्जा रु.४८,००,००,०००।–(अड्चालिस करोड) प्रवाह गर्नको लागि तयार भएको कर्जा टिप्पणी (Credit Appraisal) मा मेरो कुनै संलग्नता भएन। कर्जा रकम Pre–Disbursement गर्ने क्रममा म असुली बिभागमा ५,६ र ७ प्रदेशको शाखाहरूसंग समन्वय समेत गर्ने भएकाले र केन्द्रिय कार्यालयमा कार्यरत भएकोले शाखा कार्यालयबाट आएको एउटा ईमेल लाई सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड सम्म गरेको हुँ । मनिग्राम शाखा ले नै सम्पूर्ण legal documents हरू कार्यान्वयन भैसकेको भनि ईमेल फर्वाड गरेको हुँदा उक्त ईमेल मैले सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड गरेको हुँ। यो कुनै Credit Memo, CMS Request र अन्य टिप्पणी मार्फत आएको भए मेरो जिम्मेवारीमा रहने थिएन । म कर्जा असुली बिभागमा कार्यरत कर्मचारी भएको हुँदा कर्जा स्वीकृतिका सर्तनामाहरू र कर्जा Disbursement तथा Pre-Disbursement सर्तनामाहरू मलाई जानकारी रहने कुरा भएन । Detail Credit Apprisal मा तोकिएको कर्जा स्विकृती र कर्जा प्रवाहका शर्तनामाहरु मेरो जिम्मवारी तथा जानकारीमा नआएको हुँदा यसको बारेमा जानकारी भएन । उल्लिखित Email Correspondence हेरी चिनि सनाखत गरिदिंए । उक्त ईमेल मैले नै फर्वाड गरेको हुँ। कर्जा रकम Pre–Disbursement गर्ने क्रममा म असुली बिभागमा ५,६ र ७ प्रदेशको शाखाहरूसंग समन्वय समेत गर्ने भएकाले र केन्द्रिय कार्यालयमा कार्यरत भएकोले शाखा कार्यालयबाट आएको एउटा ईमेल लाई सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड सम्म गरेको हुँ । उक्त ईमेलमा शाखा कार्यालयले नै सम्पूर्ण legal documents हरू कार्यान्वयन भैसकेको सूचना नै ईमेल मार्फत फर्वाड गरेको हुँदा उक्त ईमेल मैले सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड गरेको हुँ। यो कुनै Credit Memo, CMS Request र अन्य टिप्पणी मार्फत आएको भए मेरो जिम्मेवारीमा रहने

थिएन । साथै स्वीकृत अधिकारीबाट स्वीकृत भएपश्चात सम्बन्धित फाँटमा(CCAD) जानकारी गराएको हुँ । यो बाहेक CCAD ले उक्त ईमेल अनुसारको र कर्जा स्वीकृतिका सर्तनामा पुरा गरे नगरेको एकिन गरि मात्र Disbursement गर्नुपर्ने हुन्छ । तत्पश्चात के कसो भयो मलाई जानकारी भएन । उल्लिखित Whatsapp म्यासेज म र प्रभु बैंक लि. मणिग्राम शाखाका RM राजेन्द्र श्रेष्ठ बिच भएको कुराकानी हो, उल्लिखित Whatsapp म्यासेज निज राजेन्द्र श्रेष्ठले पठाएको ईमेलको सम्बन्धमा थप एकिन गर्ने क्रममा गरिएको म्यासेज हो। कर्जा रकम Pre–Disbursement गर्ने क्रममा म असुली बिभागमा ५,६ र ७ प्रदेशको शाखाहरूसंग समन्वय समेत गर्ने भएकाले र केन्द्रिय कार्यालयमा कार्यरत भएकोले शाखा कार्यालयबाट आएको एउटा ईमेल लाई सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड सम्म गरेको हुँ । उक्त ईमेल शाखा कार्यालयले नै सम्पूर्ण legal documents हरू कार्यान्वयन भैसकेको सूचना नै ईमेल मार्फत फर्वाड गरेको हुँदा उक्त ईमेल मैले सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड गरेको हुँ। यो कुनै Credit Memo, CMS Request र अन्य टिप्पणी मार्फत आएको भए मेरो जिम्मेवारीमा रहने थिएन । साथै स्वीकृत अधिकारीबाट स्वीकृत भएपश्चात सम्बन्धित फाँटमा(CCAD) जानकारी गराएको हुँ । यो बाहेक CCAD ले उक्त ईमेल अनुसारको र कर्जा स्वीकृतिका सर्तनामा पुरा गरे नगरेको एकिन गरि मात्र Disbursement गर्नुपर्ने हुन्छ । उक्त ईमेल पिक गर्नको लागि स्वीकृत अधिकारी (CBO र CEO) बाट आएको मौखिक आदेश अनुसार कार्यालयको कामको सिलसिलामा गरेको मात्र हो । मैले मणिग्राम शाखाका Relationship Manager राजेन्द्र श्रेष्ठलाई उल्लिखित Whatsapp म्यासेज गरेको सम्बन्धमा ४८ Cr ko LAF kati ho, Deposit vo ki nai, Pending xa ra ajhai, भन्ने कुराकानी कर्जा स्वीकृति पश्चात गरिएको Followup कुराकानी हो ।single page pathaunu hai भन्ने कुराकानी कर्जा स्वीकृति भईसकेपश्चात Email को साईज म्यानेज गर्नु भनि म्यासेज गरेको हुनुपर्छ हाल एकिन भएन । CBO र CEO बाट आएको मौखिक आदेश अनुसार भएको काम सम्बन्धमा गरिएको पत्रव्यवहारको कुराकानी हो । कर्जा रकम Pre–Disbursement गर्ने क्रममा म असुली बिभागमा ५,६ र ७ प्रदेशको शाखाहरूसंग समन्वय समेत गर्ने भएकाले र केन्द्रिय कार्यालयमा कार्यरत भएकोले शाखा कार्यालयबाट आएको ईमेल लाई सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड सम्म गरेको हुँ । उक्त ईमेल शाखा कार्यालयले नै सम्पूर्ण legal documents हरू कार्यान्वयन भैसकेको सूचना नै ईमेल मार्फत फर्वाड गरेको हुँदा उक्त ईमेल मैले सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड गरेको हुँ। यो कुनै Credit Memo, CMS Request र अन्य टिप्पणी मार्फत आएको भए मेरो जिम्मेवारीमा रहने थिएन । बैकले यस बिषयमा मलाई सामान्य सोधपुछ बाहेक कुनै पनि कानुनी कारवाही तथा स्पष्टिकरण समेत गरेको छैन । सामान्यतया कार्यालयका पत्रव्यबहारमा माथिल्लो अधिकारीको निर्देशनमा गरेको व्यबहारिक पत्राचारहरू मात्र कानुन उल्लँघन गरेको जस्तो लाग्दैन । यसमा मेरो कुनै गैह्रकानुनी संलग्नता तथा मनसाय छैन । उक्त ईमेल शाखा कार्यालयले नै सम्पूर्ण legal documents हरू कार्यान्वयन भैसकेको सूचना नै ईमेल मार्फत फर्वाड गरेको हुँदा उक्त ईमेल मैले सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड गरेको हुँ। यो कुनै Credit Memo, CMS Request र अन्य टिप्पणी मार्फत आएको भए मेरो जिम्मेवारीमा रहने थिएन । सामान्यतया कार्यालयका पत्रव्यबहारमा माथिल्लो अधिकारीको निर्देशनको पालना गर्ने सिलसिलामा

गरेको व्यबहारिक पत्राचार हो। मैले पत्र फर्वाड गरेता पनि सम्बन्धित अधिकारीहरूले आ-आफ्नो दायित्व र क्षेत्राधिकार अन्तर्गत रहेर मात्र आफ्नो कानुनी जिम्मेवारी निर्वाह गर्नुपर्ने हुन्छ । उक्त कार्य मेरो जिम्मेवारी भित्रको कार्य होईन । CBO रश्मी पन्तको मौखिक आदेशमा उक्त ईमेल पठाएको हुँ । म यसभन्दा अगाडी केन्द्रिय अनुसन्धान व्यूरोमा घटना विवरण कागज गर्न उपस्थित भएको समयमा उक्त कर्जा स्वीकृतिको चरणको वारेमा सोधपुछ तथा प्रश्नावलिमा केन्द्रित भएको र कार्यालयको पत्राचारको क्रममा निर्देशानुसार काम गरकोले आज सोधनी भएका ईमेल देखाई प्रश्नावली सोध्ने क्रममा मात्र उक्त ईमेल हरूको एकिन भएको हो । यसमा मेरो कुनै गलत मनसाय होईन । साथै कर्जा स्वीकृतको चरणमा मेरो कुनै पनि संलग्नता नरहेकोले मलाई तत्कालिन समयमा जानकारी नभएको हो । मैले तत्कालिन समयमा कोही कसैलाई दबाब दिएको र दबाब दिन मिल्ने विषय समेत होईन । कार्यालयको Structure र जिम्मेवारी अनुसार गरिएका पत्राचार र सम्बन्धित शाखाबाट आएका ईमेल र म्यासेज फर्वाड गरेको हुँ कुनै दबाब दिएको छैन । तत्कालिन समयमा म फरक जिम्मेवारीमा रहेकोले Credit Chain मा म थिईन । कुनै Credit Memo, CMS Request र अन्य टिप्पणी मार्फत आएको भए प्रस्तुत कर्जा प्रवाहमा मेरो जिम्मेवारी रहने थिएन । मैले निर्देशानुसार Email Correspondence मात्र गरेको हो । के कुन कारणले बैंकले कार्यान्वयनमा ल्याएको/स्थापित प्रणाली, CMS(Credit Management System) उपलब्ध हुँदा हुँदै बैंकको मणिग्राम शाखाबाट email मार्फत सोझै प्रमुख व्यवसाय अधिकृत हुँदै तत्कालिन प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन समक्ष पेश भई स्वीकृत भएको हो भन्ने एकिन जानकारी मलाई भएन । यो विषय तत्कालिन मेरो कार्यक्षेत्र एवम् जिम्मेवारीको विषयभित्र नरहेकोले मलाई जानकारी भएन । Post Disbursement Monitoring को जिम्मेवारी सम्बन्धित ब्रान्चको हुने गर्दछ । र सम्बन्धित निकायमा Notify गराउनु पर्दछ । कर्जा रकमको दुरुपयोग भएको नभएको सम्वन्धमा वा सदुपयोगिताको अनुगमन निरीक्षण गर्ने जिम्मेवारी सम्बन्धित शाखाको हुन्छ । सम्वन्धित शाखाले Post Disbursement Monitiring गरी कैफियत देखिएमा माथिल्लो निकायमा Forward गर्नु पर्ने हुन्छ । प्रस्ताबित सम्पूर्ण जग्गा कम्पनीको नाममा नआउनुको कारण मलाई थाहा भएन । कर्जाको दुरुपयोग गर्नु, गराउनु हुँदैन । यस्तो भएमा कानून बमोजिम सजाय हुन्छ । प्रस्तुत कसुर भएको सम्बन्धमा मेरो कुनै सम्लग्नता छैन । उक्त कर्जा स्वीकृति र प्रवाहमा मेरो प्रत्यक्ष जिम्मेवारी नरहेको र केन्द्रिय कार्यालयमा कार्यरत भएकोले शाखा कार्यालयबाट आएको ईमेललाई सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड सम्म गरेको हुँदा मेरो अन्य गलत मनसाय, गैरकानुनी लाभ र केही कुनै सुबिधा लिएको छैन भन्ने समेत ब्यहोराको बयान कागज बयान।

## ३. मौकामा बुझिएका मानिसहरुले गरेको घटना विवरण कागजः-

### क) <u>जुलुश शर्माको घटना विबरण कागजः</u>

एशियन भिलेज रिसोर्ट मेरो बुबा शशिधर शर्माले रिसोर्ट बनाउने भनी संचालन गर्न लागिएको एउटा प्रोजेक्ट हो । सो प्रोजेक्टको कागजी डकुमेन्टेसनको कामकारबाही प्रक्रियाको क्रममै रहेको छ भने भौतिक रुपमा कुनै संरचनाहरु निर्माण भइसकेको छैन । सो प्रोजेक्ट रुपन्देही जिल्लाको मायादेवी

गा.पा.मा निर्माण गर्ने योजना रहेको थियो।शशिधर शर्मा नाताले मेरो बुबा हुनुहुन्छ, उहाँसँग मेरो कुनै व्यवसायिक सम्बन्ध छैन। मेरो नाममा रुपन्देही जिल्लाको मायादेवी गा.पा.मा रहेको १।१.५ विघा जमिन एशियन भिलेज रिसोर्टलाई दिने भनी एशियन भिलेज रिसोर्टबाट करिव १ वर्ष अगाडि रु. १ करोड बैना स्वरूप प्राप्त गरेको थिए। मेरो प्रभु बैंकमा ००७०२१२४०३२०००१२ नं. को बचत खाता, एन.आई.एम.बि. बैंक १२६०५०८०११०८१५ नं. को बचत खाता र एन.आई.सि.एसिया बैंकमा पनि बचत खाता रहेको छ। मेरो एन.आई.एम.वि. बैंकमा रहेको खाता नं. १२६०५०८०११०८१५ मा मिति ई.सं. २०२५।०२।१८ गते एशियन भिलेज रिसोर्टबाट जम्मा हुन आएको रु.१ करोड मेरो नाममा रहेको जग्गा एशियन भिलेज रिसोर्टलाई दिनको लागि बैना स्वरुप प्राप्त गरेको हो र मिति ई.सं. २०२५।०२।२० गते मैले सो रकम (रु. १ करोड) मेरो बुवा(शशिधर शर्मा) को खातामा पारिवारिक सम्बन्धको कारण जम्मा गरेको हो ।यसैगरी मिति ई.सं. २०२५।०२।२३ गते एशियन भिलेज रिसोर्टबाट जम्मा हुन आएको रु. २५ लाख पनि बैनाको लागि नै प्राप्त हुन आएको हो। मिति ई.सं.२०२५।०२।२३ गते मैले अनुज चन्द्र मिश्रलाई रु. २१ लाख जम्मा गरिदिएको हो तर अनुज चन्द्र मिश्र को हो भनी तत्काल एकिन गर्न सकिन। प्रस्तुत कसुर सम्बन्धमा एशियन भिलेज रिसोर्टले प्रभु बैंकबाट जग्गा खरिदको लागि लोन लिएको भन्ने थाहा छ र सो लोनबापत प्राप्त रकम एशियन भिलेज रिसोर्टले जग्गा खरिद गर्न नै प्रयोग गरी कतिपय जग्गाहरु एशियन भिलेज रिसोर्टको नाममा समेत गइसकेको छ भन्ने समेत ब्यहोराको कागज।

**ख) <u>अनुष्का पराजुलीको घटना विबरण कागजः</u>**

एशियन भिलेज रिसोर्ट प्रा.लि. एक प्रोजेक्टको रुपमा थाहा छ, त्यो भन्दा बढी त्यस रिसोर्ट सम्बन्धमा अन्य कुनै विवरण थाहा छैन। म काठमाडौं जिल्लामा जन्मेर यही हुर्केकोमा २०८१ साल बैशाखमा रुपन्देही जिल्ला निवासी शशिधर शर्माको माइलो छोरा सिद्दार्थ शर्मासँग बैवाहिक सम्बन्ध गासेपश्चात मात्र शशिधर शर्मालाई चिनेको हो । यसकारण शशिधर शर्मा नाताले मेरो ससुरा पर्नुहुन्छ। बिहे पश्चात अं.१ वर्ष जति म श्रीमानको घर रुपन्देहीमा नै बसे, त्यसपछि २०८२ सालको असार/साउनबाट म आफ्नो अध्ययनको लागि माइतघर काठमाडौंमा नै बस्दै आइरहेको छु । हाल म काठमाडौंको बबरमहलस्थित किङ्स कलेजमा एम.बि.ए. अध्ययन गर्दैछु। मेरो शशिधर शर्मासंग कुनै खाले व्यवसायिक सम्बन्ध रहेको छैन। मेरो प्रभु बैंकमा०१८०१०५१९७६०००११ नं. को बचत खाता रहेको छ, नबिल बैंक र सानिमा बैंकमा पनि समेत खाता रहेको छ ।मिति ई.सं. २०२५।०५।१८ गतेशशिधर शर्माको एन.आई.एम.वि. बैंकमा रहेको खाता नं. ११८०५०५००००१६१ बाट रु २ करोड मेरो नाममा ससुराबुबाले के-कुन प्रयोजनको लागि जम्मा गरेको हो एकिन थाहा भएन, पछि उहाँहरुसंगै बुझ्दा उहाँको आफ्नो व्यापार, व्यवसाय र जग्गा सम्बन्धी कार्यको लागि गर्नुभएको भन्ने थाहा भयो। उहाँको नै निर्देशनमा मैले मिति ई.सं. २०२५।०५।१९ गते रु. २८ लाख ४६ हजार उहाँको एन.आई.एम.वि. बैंकको खातामा जम्मा गरी दिएको हो। बाँकी रहेको रकम मध्येमिति ई.सं. २०२५।०७।१४ गते रु. १ करोड ३ लाख फेरि पनि उहाँकै एन.आई.एम.वि. बैंकको खातामा जम्मा गरी दिएको हो। म हाल आफ्नो अध्ययनमा केन्द्रित रहेकोले मलाई शशिधर शर्माको व्यवसायिक कारोवार सम्बन्धमा धेरै जानकारी छैन, उहाँले

प्रभु बैंकमा एशियन भिलेज रिसोर्ट प्रा.लि.को लागि लोन लिएको कुरा थाहा छ तर कुन उद्देश्य, कुन प्रयोजनको लागि लिनुभयो मलाई थाहा छैन। लिएको लोन उहाँले कहाँ कहाँ खर्च गर्नुभयो पनि थाहा छैन । मेरो खातामा जम्मा हुन आएको रकमको सम्बन्धमा उहाँले जहाँजहाँ जम्मा गर भन्नुभयो, बुहारी भएको नाताले मैले त्यति मात्र गरेको हु, अरु कुरा मलाई कुनै जानकारी छैन भन्ने समेत ब्यहोराको कागज।

**ग) <u>उर्मिला मालीको घटना विबरण कागजः</u>**

मेरो स्थायी ठेगाना काठमाण्डौं जिल्लाको काठमाण्डौं म.न.पा. वडा नं. १३ हो र मेरो व्यवसायको हकमा काठमाण्डौंमा माली आयल स्टोर संचालन गर्दै आइरहेकोमा हाल यो आयल स्टोर लिजमा संचालन गर्न दिएको छु । मेरो श्रीमान हिकमत बहादुर माली वि.सं. २०७१ सालमा बित्नुभएको हो । एशियन भिलेज रिसोर्ट प्रा.लि.सँग मेरो कुनै सम्बन्ध छैन र यो कम्पनीको बारेमा मैले सुनेको पनि छैन । मेरो शशिधर शर्मासंग कुनै पारिवारिक, व्यवसायिक सम्बन्ध छैन, वि.सं. २०८१ सालतिर मेरो आफ्नै बैकमा लिएको ऋणको समस्याले गर्दा जग्गा बेच्नुपर्ने अवस्था आईपुगेकोले जग्गा किन्ने भनी शशिधर शर्मा मेरो सम्पर्कमा आएको हो । उहाँसँग मेरो सम्बन्ध भन्नु यही जग्गा किनबेचको मात्र हो । मेरो नविल बैंकमा ३८१००१७५०४१८९ नं. को जेष्ठ वचत खाता छ । नेपाल राष्ट्र बैंकको प्रतिवेदन र एन.आई.एम.वि. बैंकको बैंक स्टेटमेन्ट अनुसार मिति ई.सं. २०२५।०३।०४ गतेमेरो नविल बैंकको खातामाधनकुमारी कमला अधिकारी कृष्ण कुमारीको एन.आई.एम.वि. बैंकमा रहको संयुक्त खाता नं. ११८०५३९०२५०२४५ बाट रु.१ करोड जम्मा भएको सत्य हो, त्यसैगरीमिति ई.सं. २०२५।०३।१८ गते मेरोखातामा कमला अधिकारी शर्माको एन.आई.एम.वि. बैंकको खाता नं. ११८०५३९०२५००४७ बाट दुई पटक गरी रु. १४ करोड ७० लाख जम्मा भएको पनि सत्य हो, यो कारोबार कुन प्रयोजनको लागि भएको हो भने मेरो नाममा काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. १३ स्थित रहेको कित्ता नं. २१३, २९० र २९२(समग्रमा २ रोपनी ६ आना १ पैसा २.५६ दाम क्षेत्रफल भएको)शशिधर शर्माले किन्ने प्रयोजनमा भएको हो । शशिधर शर्माको आफ्नै आर्थिक विभिन्न कारोबार भएकोले होला उहाँले मलाई मेरो जग्गाहरु लिएवापत निश्चित रकम र निजको जिल्ला रुपन्देही मधवलिया न.पा. ४ मा रहेको कित्ता नं. ३६५१ र २८९१ जग्गा पास गरिदिन्छु भन्ने मौखिक सहमति गरेको थियो । हाम्रो बिचमा मेरो जग्गाको मूल्यांकन अन्दाजी १८ करोड भएकोमा पछि केही जग्गा आपसी लेनदेन गरि कारोवारको मिलान गरिएको हो । सोही बमोजिम मिति २०८१साल चैत्र ६ गते काठमाण्डौं मालपोत कार्यालयमा मेरो काठमाण्डौंमा रहेको जग्गाहरु नामसारी गर्ने मञ्जुरीनामा लिखत बनाई शशिधर शर्माको श्रीमती कमला अधिकारी (शर्मा) लाई नामसारी गरिदिएको हो । यसैगरी मिति २०८२ बैशाख ३ गते शशिधर शर्माले जिल्ला रुपन्देही मधवलिया न.पा. मा रहेको कित्ता नं. ३६५१ र २८९१ मेरो नाममा पास गरी मेरो नामको लालपुर्जा ल्याई दिएको हो । उक्त जग्गाहरु मेरो नाममा आउनु अघि कसको नाममा थियो सो मलाई जानकारी भएन । मेरो खातामा जम्मा हुन आएको रकमको सम्बन्धमा भएको वास्तविक व्यहोरा के हो भने मैले मेरो जग्गा बेच्दा खेरी उहाँबाट मेरो नाममा निजको श्रीमतीको नामबाट र अन्य खाताबाट जम्मा हुन आएको हो।मिति ई.सं. २०२५।०३।०४ गते रु.१ करोड बैना स्वरुप प्राप्त भएको हो,

त्यसैगरी मिति ई.सं. २०२५।०३।१८ गते दुई पटक गरी रु. १४ करोड ७० लाख प्राप्त भएपछि भोलिपल्ट मैले काठमाण्डौंको जग्गा पास गरिदिएको हो भन्ने समेत ब्यहोराको कागज।

## घ) <u>कमला अधिकारी (शर्मा)को घटना विबरण कागजः</u>

शशिधर शर्मा मेरो श्रीमान भएको हुँदा श्रीमान श्रीमती विचको नाता सम्बन्ध हो । एशियन भिलेज रिसोर्ट प्रा.लि. मेरो श्रीमान शशिधर शर्माले संचालन गर्नु भएको छ । मेरो एकल एवं संयुक्त खाता नेपाल ईन्भेष्ट मेगा लगायतको बैंकहरुमा खाता रहेको छ, खाता नं. मलाई याद भएन,धनकुमारी पौडयाल र कृष्णाकुमारी पौडयाल मेरो जेठानी दिदीहरु हुनु हुन्छ । निजहरु र मेरो समेत दस्तखत चल्ने गरी खाता संचालन गरीएको छ । खातामा के कती कारोवार भएको भन्ने मैले एकिन साथ भन्न सक्दिन बैंक स्टेटमेन्ट हेरे पछी थाहा हुन्छ । उक्त खातामा भएको रकम मध्येको ठूलो रकम जिल्ला रुपन्देही मायादेवि गाउपालिका वडा नं.४ मा रहेका विभिन्न कित्ता नं. हरुका जग्गा म, धनकुमारी पौडयाल र कृष्णाकुमारी पौडयालको नाममा दर्ता रहेको हुँदा उक्त जग्गा एशियन भिलेज रिसोर्ट प्रा.लि रुपन्देही मायादेवि गा.वि.स. वडा नं. ४ मा निर्माण गर्ने गरी लिनु भएको र खातामा प्राप्त भएको रकम जग्गा विक्री वापतको पाउनु पर्ने रकम मध्येको रकम हो,के कती नं. का कित्ताहरु भन्ने सम्बन्धमा मैले एकिन साथ खुलाउन सक्दीन, ऋण लगानी गर्ने प्रभु बैंकले रोक्का गरेको हुँदा रोक्का रहेको अभिलेख समेत हेरे पछी थाहा हुन्छ, बैंकलाई अनुरोध गरेको र हामी परिवारका सदस्यहरुले रजिष्ट्रेसन नाम सारी गरी दिने कुरा गरेका थियौ,के कती कित्ता नं. का जग्गाहरु हुन भन्ने सम्बन्धमा आवश्यक परेमा मैले पछी पेश गर्ने छु । उर्मिला मालीलाई दिएको रकम म कमला अधिकारी शर्माको नाममा उर्मिला मालीको नाममा रहेको काठमाडौंको जग्गा रजिष्ट्रेसन नाम सारी गरी लिदा दिनु पर्ने रकम हो । के कती नं. को कित्ता भन्ने मैले हाल खुलाउन सकिन , आवश्यक परेमा पछी पेश गर्ने छु । मेरो खातामा प्राप्त भएको रकम मैले मेरो आफ्नो एवं परिवारको सर सल्लाह एवं आवस्यकता अनुसार दिनु पर्ने र लिनु पर्ने हुँदा भुक्तानी गरेकी हुँ ।मेरो श्रीमानले संचालन गरेको एशियन भिलेज रिसोर्ट प्रा.लि. को तर्फबाट प्रभु बैंकबाट ऋण लिदा नै कम्पनिले जग्गा खरिद गर्ने भन्ने समेत उल्लेख गरी ऋण लिईएको र कम्पनि निर्माण प्रकृयामा नै रहेको एवं बैंकलाई हामीहरुको नाममा दर्ता रहेको जग्गा समेत रोक्का गरेको र बैंकलाई समेत कम्पनिको तर्फबाट जग्गा रोक्का गर्नको लागी समेत निवेदन समेत गरेको हुँदा श्रोत लुकाउने उद्देश्यका साथ कारोवार भएको होईन भन्ने समेत ब्यहोराको कागज ।

## ङ) <u>धन कुमारी पौडेलको घटना विबरण कागजः</u>

शशिधर शर्मा मेरो देवर भएको हुँदा देवर भाउजुको परिवारको सम्बन्ध हो । एशियन भिलेज रिसोर्ट प्रा.लि. मेरो देवर शशिधर शर्माले संचालन गर्नु भएको छ । मेरो एकल एवं संयुक्त खाता नेपाल ईन्भेष्ट मेगा लगायतको बैंकहरुमा खाता रहेको छ, खाता नं. मलाई याद भएन,कमला अधिकारी शर्मा र कृष्णा कुमारी पौडयाल मेरो देउरानी हुन । निजहरु र मेरो समेत दस्ताखत चल्ने गरी ,खाता संचालन गरीएको छ । खातामा के कती कारोवार भएको भन्ने मैले एकिन साथ भन्ने सक्दिन बैंक स्टेटमेन्ट हेरे पछी थाहा हुन्छ । उक्त खातामा प्राप्त भएको रकम जिल्ला रुपन्देही

मायादेवि गाउपालिका वडा नं.४ मा रहेका विभिन्न कित्ता नं. हरु का जग्गा म, कमला अधिकारी शर्मा र कृष्णा कुमारी पौड्यालको नाममा दर्ता रहेको हुँदा उक्त जग्गा एशियन भिलेज रिसोर्ट प्रा.लि रुपन्देही मायादेवि गा.वि.स. वडा नं. ४ मा निर्माण गर्नेको लागी खरिद गर्ने प्रयोजनको लागी खातामा प्राप्त भएको रकम जग्गाहरुको विक्री गर्ने प्रयोजनार्थ वैना वापतको रकम हो, के कती नं. का कित्ताहरु भन्ने सम्बन्धमा मैले एकिन साथ खुलाउन सक्दीन, ऋण लगानी गर्ने प्रभु बैंकले रोक्का गरेको हुँदा रोक्का रहेको अभिलेख समेत हेरे पछी थाहा हुन्छ, के कती कित्ता नं. का जग्गाहरु हुन भन्ने सम्बन्धमा आवश्यक परेमा मैले पछी पेश गर्ने छु । जग्गा संयुक्त एवं एकल नाममा दर्ता रहेको हुँदा परिवारका सदस्यहरु एकै पटक उपस्थित हुन नसकेको हुँदा तत्काल रजिष्ट्रेसन नामसारी हुन सकेको होईन । खाताबाट भएको भुक्तानी दिनु पर्ने पारिवारीक सर सल्लाह अनुसार दिएको रकम हो। श्रोत लुकाउने गरी भएको होईन भन्ने समेत ब्यहोराको कागज ।

**च) <u>कृष्ण कुमारी पौड्यालको घटना विबरण कागजः</u>**

शशिधर शर्मा मेरो देवर भएको हुँदा देवर भाउजुको परिवारको सम्बन्ध हो । एशियन भिलेज रिसोर्ट प्रा.लि. मेरो देवर शशिधर शर्माले संचालन गर्नु भएको छ । मेरो एकल एवं संयुक्त खाता नेपाल ईन्भेष्ट मेगा लगायतको बैंकहरुमा खाता रहेको छ, खाता नं. मलाई याद भएन, कमला अधिकारी शर्मा देउरानी हुन भने धन कुमारी पौडेल जेठानी हुनुहुन्छ । निजहरु र मेरो समेत दस्ताखत चल्ने गरी, खाता संचालन गरीएको छ । खातामा के कती कारोवार भएको भन्ने मैले एकिन साथ भन्न सक्दिन बैंक स्टेटमेन्ट हेरे पछी थाहा हुन्छ । उक्त खातामा भएको रकम जिल्ला रुपन्देही मायादेवि गाउपालिका वडा नं.४ मा रहेका विभिन्न कित्ता नं. हरु का जग्गा म, कमला अधिकारी शर्मा र धन कुमारी पौडेलको नाममा दर्ता रहेको हुँदा उक्त जग्गा एशियन भिलेज रिसोर्ट प्रा.लि रुपन्देही मायादेवि गा.वि.स. वडा नं. ४ मा निर्माण गर्ने गरीने गरी लिनु भएको र खातामा प्राप्त भएको रकम जग्गाहरु विक्री गरे बापत पाउनु पर्ने रकम हो, के कती नं. का कित्ताहरु भन्ने सम्बन्धमा मैले एकिन साथ खुलाउन सक्दिन, ऋण लगानी गर्ने प्रभु बैंकले रोक्का गरेको हुँदा रोक्का रहेको अभिलेख समेत हेरे पछी थाहा हुन्छ, के कती कित्ता नं. का जग्गाहरु हुन भन्ने सम्बन्धमा आवश्यक परेमा मैले पछी पेश गर्ने छु । जग्गा संयुक्त एवं एकल नाममा दर्ता रहेको हुँदा परिवारका सदस्यहरु एकै पटक उपस्थित हुन नसकेको हुँदा तत्काल रजिष्ट्रेसन नामसारी हुन सकेको होईन । श्रोत लुकाउने उद्देश्यले रकमलाई खर्च गरीएको होईन, पारिवारिक सर सल्लाह अनुसार खर्च गरीएको हो भन्ने समेत ब्यहोराको कागज ।

**छ) <u>शैलेन्द्र डंगोलको घटना विबरण कागजः</u>**

म प्रभु बैंक लि.मा सहायक ब्यवस्थापक(Assistant Manager) पदमा कार्यरत रही मेरो जिम्मेवारी कर्जा जोखिम ब्यवस्थापक(Risk Credit Manager) को रुपमा रहेको छ । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आबधिक कर्जा रु.४८ करोड प्रवाह गर्नको लागि प्रभु बैंक लि.बाट सन् ०४/१२/२०२४ मा तयार भएको कर्जा टिप्पणी (Credit Appraisal) को credit Management System मा Risk Credit Manager भनि गरेको दस्तखत मेरो आफ्नो हो । हेरी चिनी सनाखत गरिदिएँ । उक्त कर्जा टिप्पणी मणिग्राम

शाखाबाट उठान भई सो शाखाका Relationship Manager राजेन्द्र श्रेष्ठले तयार गरी शाखा प्रवन्धक सन्तोष ज्ञवालीले Support/Recommend गरी प्रदेश प्रमुख दिपेन्द्र बाबु बिष्टबाट सिफारिस भई केन्द्रीय बैंकका Credit Risk Analyst एन्जल शर्मा समक्ष पेश भई निजले Review गरी निजले जोखिम विश्लेषण गरी थप Review को लागि म समक्ष पेश भई मैले समेत उक्त कर्जा फाईलमा थप Review/जोखिम विश्लेषण गरी जोखिम न्यूनिकरण गर्नु पर्ने सम्पूर्ण कुराहरु उल्लेख गरी थप Review र Appropriate Decision को लागि Chief Credit Officer ऋत्वश श्रेष्ठ समक्ष पेश भई थप स्विकृतीको लागि Chief Business Officer रश्मि पन्तले Support गरी प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले स्विकृत गर्नु भएको हो । तर मैले उक्त कर्जा फाईल संचालक समिति समक्ष पेश भई स्विकृती हुनु पर्ने भनि आफ्नो राय लेखेको छु । सो बाहेक उक्त कर्जा फाईलमा मैले Risk Credit manager को हैसियतले Credit Risk Analyst ले औल्याएका सम्पूर्ण जोखिम न्युनिकरण गर्नु पर्ने सर्त सहित कर्जामा देखिएका थप जोखिमहरु सम्पूर्ण उल्लेख गरी जोखिम न्युनिकरण गर्नु पर्ने थप कुराहरु उल्लेख गरी थप Review र उचित निर्णयको लागि Competent authority/ बोर्ड समक्ष पेश हुनु पर्ने भनि लेखेको छु। मैले लेखेका कमेण्टहरु सो कर्जा फाईलको CMS(credit management system) मा उल्लेख रहेको छ । एशियन भिलेज रिसोर्ट प्रा.लि.को आवधिक कर्जा रु. ४८ करोड प्रवाह गर्नको लागि तयार भएको कर्जा टिप्पणी(Credit Appraisal) मा उक्त कर्जाको उदेश्य उक्त कम्पनी/रिसोर्टको लागि आवश्यक जग्गा खरिद गर्ने रहेको थियो । सम्पूर्ण खरिद गर्ने जग्गाहरु बैंकको नाममा दृष्टीबन्धक भईसके पछि आधिकारीक मुल्यांकनकर्ताले गरेको मुल्यांकन अनुसारको मुल्य उल्लेख गरेको Fair market Value को स्विकृत भएको Debt/Equity Ratio को आधारमा कर्जा रकमको Disbursement गर्ने उल्लेख भएको थियो । कर्जा रकम सही सदुपयोग हुने गरी भुक्तानी दिने भनि उल्लेख भएको थियो । कर्जा रकम Pre –Disbursement गर्ने सम्बन्धमा कुनै पनि कुराहरु Credit Appraisal मा उल्लेख रहेको थिएन । उक्त कर्जा बापतको रकम Disbursement गरिएको सम्बन्धमा हामीलाई जानकारी हुदैन । सो कुरा सम्बन्धित शाखा र बैंकको केन्द्रीय कार्यालयको Credit Administration Department लाई जानकारी हुन्छ । उक्त कर्जा फाईलमा Risk Analyst ले धेरै पटक सोधपुछ गरी Comment लेखि फिर्ता पठाएको थियो । उक्त कर्जा फाईलमा Pre Disbursement को बारेमा कुनै कुरा उल्लेख भएको छैन । यसरी कर्जा फाईलमा Credit Chain ले उल्लेख गरेका सम्पूर्ण कुराहरुलाई वेवास्ता गरी शाखाको ईमेलको आधारमा Pre Disbursement गरिएको कुरा मलाई सो समयमा जानकारी थिएन । मलाई जानकारी भए सम्म यसरी सो कर्जा फाईलमा देखिएका कर्जा जोखिमहरु न्युनिकरण नगरी ईमेलको आधारमा Pre Disbursement गर्न मिल्ने देखिदैन । CMS(Credit Management System) भनेको बैंकले आधिकारीक रुपमा संचालन गरेको एउटा Software हो । यस Software मार्फत कर्जासँग सम्बन्धी फाईल(Credit Appraisal) उठान गर्ने, कुनै पनि कर्जासँग सम्बन्धि थप निर्णय गर्नु पर्ने टिप्पणी(Memo)हरु Credit Chain मार्फत स्विकृत गर्ने अख्तियार प्राप्त अधिकारी समक्ष सम्म गई कुनै पनि कर्जा सम्बन्धी निर्णय हुने गर्दछ । Credit Appraisal मा Pre Disbursement उल्लेख भएमा सोही अनुसार credit Chain मा रहेका सबैले Review गर्ने गर्छन । तर प्रस्तुत कर्जाको हकमा CMS(Credit Management System) अन्तर्गत Credit Chain मा रहेका सम्बन्धित अधिकारीहरुलाई जानकारी नदिई सम्बन्धित शाखाबाट ईमेल मार्फत Pre-Disbursement गरिएको देखियो ।

कर्जा जोखिम न्युनिकरण गर्नु पर्ने सम्पूर्ण कुराहरु उल्लेखित भई Pre-Disbursement गर्नु पर्ने भएमा सुरुमा कर्जा उठान भएको शाखाबाट थप कुराहरु उल्लेख गरी सम्पूर्ण Credit Chain मार्फत हुँदै Approved हुनु पर्ने देखिन्छ । धितो रोक्का नराखिएको अवस्थामा पछि रोक्का भई समर्थन हुने गरी Pre-Disbursement गर्ने सम्बन्धमा बैंकको आन्तरिक व्यवस्था बमोजिम सम्बन्धित अख्तियार प्राप्त अधिकारीलाई credit Sanction Authority मार्फत अख्तियारी दिएको हुन्छ । रकमको सम्वन्धमा हाल मलाई जानकारी भएन। बैंकले मिति सन् २०८१/१०/०४ मा प्रस्ताव गरी ऋणीले मिति २०८१/११/०२ मा स्वीकार गरेको कर्जा सुविधा प्रस्तावपत्र(Offer Letter)को बुँदानं. २.३ मा कम्पनी स्वयंमको नाममा खरिद भई आउने जायजेथा बैंकको नाममा धितोबन्धक लिखत पारित गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरेकोमा मिति २०८१/१२/२७ मा संशोधित कर्जा सुविधा प्रस्ताव पत्रमार्फत उल्लेखित व्यवस्था(बुँदा २.३) संशोधन गरी देहाय बमोजिमको घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत यस बैंकका नाममा पत्रद्वारा रोक्का गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरी कर्जा सुविधा प्रस्तावपत्र संशोधन गरी कर्जा सुविधा प्रस्तावपत्र संशोधन गर्नुको कारण सम्बन्धमा मलाई जानकारी भएन । मेरो जिम्मेवारी अन्तर्गत पर्दैन । मिति २०८३/०२/०६ मा बसेको प्रभु बैंक लिमिटेडको सञ्चालक समितिको बैठक नं.४२० ले उक्त कर्जा सम्बन्धमा तीन सदस्य जाँचबुझ समिति गठन गरी मिति सन् २७/०७/२०२६ सम्ममा प्रतिवेदन पेश गर्न निर्देशन दिएको सम्वन्धमा मलाई जानकारी छैन । उक्त समितिले प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा समेत मलाई जानकारी छैन ।

कर्जा दुरुपयोग भएको नभएको सम्वन्धमा अनुगमन निरीक्षण/Disbuserment गर्ने जिम्मेवारी सम्बन्धित शाखा, Credit Administration Department को हो । हामीले कर्जा जोखिम विश्लेषण गरी न्युनिकरणका उपायहरु उल्लेख गरी पठाईसके पश्चात सो फाईल सम्बन्धमा हामीलाई थप जानकारी हुदैन ।कर्जाको दुरुपयोग गर्नु हुँदैन । कर्जाको दुरुपयोग भएमा बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर हुन जान्छ । यसरी आवधिक कर्जा सिमाको सम्पूर्ण रकम रु. ४८ करोड नै बैंकको आन्तरिक निर्देशिका विपरित हुनेगरी पर्याप्त धितो सुरक्षण (दृष्टिवन्धक रोक्का) नराखी प्रवाह गर्ने कार्यमा मेरो कुनै संलग्नता तथा मिलेमतो रहेको छैन । मैले आफ्नो पदिय जिम्मेवारी अनुसारको काम गरेको छु । उक्त कर्जामा Pre –Disbursement हुनु उपयुक्त देखिदैन । के कसको मिलेमतोमा Pre –Disbursement भयो मलाई जानकारी छैन । यसरी कर्जा दुरुपयोग गर्ने/ गराउने कार्यमा संलग्न ब्यक्तिहरुलाई कानून बमोजिम होस् भन्ने समेत ब्यहोराको प्रभु बैंक लि.का सहायक ब्यवस्थापक(Assistant Manager) शैलेन्द्र डंगोलको कागज ।

**ज) <u>एन्जल शर्माको घटना विबरण कागजः</u>**

म वि.सं. २०७९ सालमा तत्कालिन सेन्चुरी कमर्सियल बैंक प्रभु बैंकमा मर्ज भएपछि देखि प्रभु बैंक लि.मा कार्यरत छु । प्रभु बैंकमा सुरुमा म संस्थागत कर्जा विभाग (Corporate Credit Department) मा कार्यरत रहेकोमा Credit Risk Department मा Risk Analyst को रुपमा आन्तरिक सरुवा भई काम गरेको थिएँ। त्यसपछि २/३ महिनाको लागि बैंकको कमलादी शाखामा Relationship Manager को रुपमा सरुवा भई काम गरेको र पछि पुनः बैंकको प्रधान कार्यालयमा Credit Risk Department मा Risk Analyst को रुपमा

हालसम्म कार्यरत छु । Risk Analyst को रुपमा मेरो जिम्मेवारी अन्तर्गत कर्जासँग सम्बन्धित जोखिमको विश्लेषण गरी जोखिम कम गर्नको लागि विभिन्न Remarks हरु दिई Credit Risk Department को Credit Risk Manager शैलेन्द्र डंगोललाई further review को लागि फर्वाड गर्ने रहेको थियो ।

एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आवधिक कर्जा रु.४८ करोडप्रवाह गर्नको लागि प्रभु बैंक लि.बाटसन् ०४/१२/२०२४ मा तयार भएको कर्जा टिप्पणी(Credit Appraisal) मा Reviewed By: खण्डमा 'Remarks mentioned in CMS is integral for further Approval' भनि गरेको दस्तखत मेरो नै हो, हेरी सनाखत गरें । उक्त कर्जा टिप्पणी(Credit Appraisal)बैंकको रुपन्देही जिल्लाको मनिग्राम शाखाबाट उठान र तयार गरी कर्जा स्वीकृतीको लागि बैंकको प्रधान कार्यालयमा आएकोमा बैंकले प्रदेश नं. ५ को कर्जा सम्बन्धमाReview को लागि मलाई खटाईएको हुँदा उक्त Credit Appraisal म कहाँ आएको थियो । सुरुमा कर्जाको लागि ऋणीले बैंकको सम्बन्धित शाखामा निवेदन दिएपछि शाखाको Relationship Manager ले Credit Appraisal तयार गरी सम्बन्धित कागजातहरु सहितबैंकको CMSSoftware मा upload गरेपछि प्रधान कार्यालयबाट उक्त Software मै उपलब्ध कागजातहरु हेरी Credit Risk Department बाट Review गरी माथिल्लो तहमा पठाउने गरिएकोमा सो समयमा Review गरी CCO रिवस श्रेष्ठलाई पठाउने गरिएको थियो । त्यसपछि CBO हुँदैCEO वा संचालक समितिमा जाने गरेको थियो ।

एशियन भिलेज रिसोर्ट प्रा.लि.को आवधिक कर्जा रु. ४८ करोड प्रवाह गर्नको लागि तयार भएको कर्जा टिप्पणी(Credit Appraisal) मा उक्त कर्जाको उद्देश्य रिसोर्टसञ्चालन गर्नको लागि जग्गा खरिद गर्ने रहेको थियो । जग्गा खरिद पश्चात उक्त जग्गा बैंकमा धितोबन्धक गरी कर्जा रकम ऋणीलाई ऋणीको खातामा भुक्तानी गर्ने व्यवस्था थियो । कर्जा रकम Pre –Disbursement गर्ने सम्बन्धमा उल्लेख गरेको थिएन । Disbursement गर्ने काम CAD (Credit Administration Department) ले गर्न भएकोले उक्त कर्जा बापतको रकम Disbursement गर्दा के-कसरी गरिएको थियो भन्ने कुरा मलाई थाहा भएन । उक्त कर्जा फाईलReview को लागि आएपछि मैले बैंकको CMS Software मा उल्लेखित Comment हरु मध्ये S.N. ७, ११, १३ र १९ को Comment मैले लेखेकी हुँ । S.N. ७,मिति सन् २०२४-१२-११ को Returned Remarks माउक्त ऋणी शिशिर पौडेलको व्यापारिक पृष्ठभूमि हेर्दा नयाँ रहेकोले उक्त कर्जा प्रवाह गर्नको लागि पुनः फाईल राम्ररी हेर्नु, कर्जा रकम रु. ४८ करोड रहेको र चुक्ता पूँजी रु. २५ लाख मात्र रहेको, ऋणीको बैंकमा पहिलो रु. १३ करोड कर्जाको साँवा ब्याज नै तिर्न बाँकी रहेको देखिएको, धितोसँग सम्बन्धित कागजातहरुको विस्तृत विवरण नभएको, उक्त कर्जा फाईल CBCO (Chief Business Center Officer) मार्फत आउनुपर्ने नआएको भन्ने समेतको कमेन्टहरु लेखी फिर्ता पठाएकी थिएँ । S.N. ११,मिति सन् २०२४-१२-२४ कोReturned Remarks माप्रस्तावित धितोको Blue print trace, चार किल्ला लगायत अन्य कागजातहरु पुरानो मितिको रहेको, प्रस्तावित धितोको Full Valuation Report नभएको, उक्त जग्गहरु ३ वटा फरक फरक वडामा रहेको देखिएकोले सो जग्गामा रिसोर्ट संचालन गर्न सकिने सम्भाव्यता के हो ? लालपूर्जा लगायत धितो सम्बन्धी अन्य कागजातहरु संलग्न गर्नु भनि कमेन्ट लेखी कर्जा फाईल फिर्ता पठाएकी थिएँ ।

S.N. १३,मिति सन् २०२५-०१-०३ कोReturned Remarks माप्रस्तावित धितोको चार किल्ला स्पष्ट नभएको, Full Valuation Report नआएको, Individual plot को Evaluation नभएको, ऋणी कम्पनीको पछिल्लो २

वर्षको Financial Statement हरु संलग्न गर्ने, धितोको लागत पत्ता लगाउने कागजातहरु संलग्न गर्ने, प्रस्तावित धितोको Blue print trace र ऋणीले दिएको Feasibility Report एउटै हुनुपर्नेमा Report को Site Plan हेर्दा फरक देखिएको भन्ने समेतको कुराहरु उल्लेख गरी कर्जा फाईल फिर्ता पठाएकी थिएँ । S.N. १९,मिति सन् २०२५-०१-०४ को Review Remarks मा ऋणी शिशिर पौडेलको व्यापारिक पृष्ठभूमि हेर्दा नयाँ रहेकोले उक्त कर्जा प्रवाह गर्नको लागि पुनः फाईल राम्ररी हेर्नु, ऋणीको बैंकमा पहिलो रु. १३ करोड कर्जाको साँवा ब्याज नै तिर्न बाँकी रहेको देखिएको हुँदा यस कर्जा प्रवाह हुनु भन्दा पहिले ऋणीको आफ्नो श्रोतबाट उक्त कर्जा चुक्ता हुनुपर्ने, जुन उद्देश्यको लागि कर्जा प्रवाह गरिएको हो सोही अनुरुप रकम प्रयोग गर्नुपर्ने, उक्त रिसोर्ट सञ्चालन गर्नु पूर्व सम्बन्धित आधिकारिक निकायबाट पूर्व अनुमति लिनुपर्ने, हरेक Plot को लागतको कागजातहरु संलग्न गर्नुपर्ने, कर्जा प्रवाह गर्नु भन्दा पहिले paid up capital बढाउने, जग्गा खरिद गर्न ऋण बाहेक लाग्ने खर्च कर्जा प्रवाह हुनु भन्दा पहिले नै ऋणीले तिर्न सक्छ भन्ने कुरा निश्चित गर्नुपर्ने, कर्जा प्रवाह कसरी गर्ने भनी Disbursement modality स्पष्ट हुनुपर्ने, उक्त जग्गा बैंकमा धितोबन्धक गरी कमेन्टमा उल्लेखित माग गरिएको कागजातहरु लिएर मात्र कर्जा प्रवाह गर्नु भन्ने समेतको कुराहरु उल्लेख गरी Further Review को लागि Credit Manager शैलेन्द्र डंगोललाई फर्वाड गरेकी थिएँ । कुनै पनि कर्जा फाईलको कागजातहरु हेरी जोखिम विश्लेषण गरी टिप्पणी दिने काम मेरो हो । यस पश्चात मैले माथिल्लो तहमा पठाएको उक्त कर्जा फाईलको कर्जा प्रवाह सम्बन्धमा मलाई कुनै जानकारी नआउने र मेरो कार्य विवरण अन्तर्गत नपर्ने भएको र एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा कर्जा प्रवाहको लागि तयार भएको Credit Appraisalमा माथि उल्लेख गरे अनुसारको कमेन्टहरु लेखि सोही अनुसार गर्नु भनि उक्त कर्जा फाईल Further Review को लागि फर्वाड गरेकी थिएँ । उक्त Credit Appraisal मा उल्लेखित गरेको कमेन्टहरु पालना गरी कर्जा प्रवाह गर्नुपर्ने हो। उक्त Credit Apprisalअनुसार कर्जा रकम Pre-Disbursement गर्न मिल्ने कुरा उल्लेख थिएन तर कुनै पनि Credit Appraisal संशोधन गर्नुपर्ने भएमा बैंकको शाखाबाट Memo उठाई CMS अन्तर्गत Credit Chain मार्फत सम्बन्धित अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत हुनुपर्छ तर February १७, २०२५ मा ऋणीको खातामा रु. ३१ करोड Disbursement भएकोसम्बन्धमा मलाई पछि मात्र थाहा भयो ।धितो रोक्का नराखिएको अवस्थामा पछि रोक्का भई समर्थन हुने गरी यति रकम सम्म Pre-Disbursement गर्ने भन्ने कुरा बैंकको आन्तरिक व्यवस्था बमोजिम सम्बन्धित अख्तियार प्राप्त अधिकारीलाई Credit Sanction Authority मार्फत अख्तियारी दिएको हुन्छ र सो पत्र त्यसबेला Risk Department लाई प्राप्त नभएको हुँदा यस व्यवस्था बारे मलाई जानकारी भएन । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा February १७, २०२५ मा रु.३१करोड Pre-Disbursement भएको र बाँकी रु. १७ करोड March १०, २०२५ मा प्रवाह भएको सम्बन्धमा मलाई थाहा थिएन । बैंकले मिति सन्२०८१/१०/०४ मा प्रस्ताव गरी ऋणीले मिति २०८१/११/०२ मा स्वीकार गरेको कर्जा सुविधा प्रस्ताव पत्र(Offer Letter)को बुँदा नं. २.३ मा कम्पनी स्वयंमको नाममा खरिद भई आउने जायजेथा बैंकको नाममा धितो बन्धक लिखत पारित गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरेकोमा मिति २०८१/१२/२७ मा संशोधित कर्जा सुविधा प्रस्ताव पत्र मार्फत उल्लेखित व्यवस्था (बुँदा२.३) संशोधन गरी देहाय बमोजिमको घरजग्गा र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत यस बैंकका नाममा पत्रद्वारा रोक्का गरिदिनु पर्नेछ भन्ने

व्यहोरा उल्लेख गरी कर्जा सुविधा प्रस्तावपत्र संशोधन गर्नुको कारण सम्बन्धमा मलाई जानकारी भएन। मेरो कार्यक्षेत्र भित्र पर्दैन ।

मिति २०८३/०२/०६ मा बसेको प्रभु बैंक लिमिटेडको सञ्चालक समितिको बैठक नं.४२० ले उक्त कर्जा सम्बन्धमा तीन सदस्य जाँचबुझ समिति गठन गरी मिति सन् २७/०७/२०२६ सम्ममा प्रतिवेदन पेश गर्न निर्देशन दिएको देखिएको सम्बन्धमा मलाई थाहा छैन ।कर्जा दुरुपयोग भएको नभएको सम्बन्धमा अनुगमन निरीक्षण गर्ने जिम्मेवारी बैंकको सम्बन्धित शाखा Credit Administration Department को अधिकारीको हो । कर्जा दुरुपयोग गर्नु हुँदैन, यसमा ऋणी समेत जिम्मेवार हुनुपर्छ । कर्जा फाईलको रिभिउ गरेपछि सो कर्जा फाइलसम्बन्धमा थप जानकारी Credit Risk Department मा नआउने भएकोले मलाई थाहा हुँदैन। एसियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको आवधिक कर्जा सिमाको सम्पूर्ण रकम रु. ४८ करोड नै बैंकको आन्तरिक निर्देशिका विपरित हुनेगरी पर्याप्त धितो सुरक्षण (दृष्टिवन्धक रोक्का) नराखी प्रवाह गर्ने कार्यमा मेरो मिलेमतो/ संलग्नता रहेको छैन । कर्जा दुरुपयोग गर्ने/ गराउने कार्यमा संलग्न व्यक्तिहरुलाई कानून बमोजिम होस् भन्ने समेत ब्यहोराको प्रभु बैंक लि.की Risk Analyst एन्जल शर्माको कागज ।

**झ) <u>दिपेन्द्र बाबु बिष्टको घटना विबरण कागजः</u>**

एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आबधिक कर्जा रु.४८ करोड प्रवाह गर्नको लागि प्रभु बैंक लि.बाट सन् ०४/१२/ २०२४ मा तयार भएको कर्जा टिप्पणी (Credit Appraisal) को credit Management System मा Chief Business Center Officer भनि गरेको दस्तखत मेरो आफ्नो हो । हेरी चिनी सनाखत गरिदिएँ । उक्त कर्जा टिप्पणी मणिग्राम शाखाबाट उठान भई सो शाखाका Relationship Manager राजेन्द्र श्रेष्ठले तयार गरी शाखा प्रवन्धक सन्तोष ज्ञवालीले Support/Recommend गरी म प्रदेश प्रमुख दिपेन्द्र बाबु बिष्ट समक्ष पेश भएकोमा मैले CA Raised for term loan of NPR ४८० Million on account of M/S Asian Village Resort PVT Ltd is forwarded for further review and decision from competent Authority with following Remarks भनि विभिन्न Remarks लेखी प्रधान कार्यालयको Risk Department समक्ष Forward गरेको हुँ । प्रधान कार्यालयका Credit Risk Analyst एन्जल शर्मा समक्ष पेश भई निजले Review गरी निजले जोखिम विश्लेषण गरी थप Review को लागि शैलेन्द्र डंगोल समक्ष पेश भई उक्त कर्जा फाईलमा निज शैलेन्द्र डंगोलले थप Review/जोखिम विश्लेषण गरी जोखिम न्यूनिकरण गर्नु पर्ने सम्पूर्ण कुराहरु उल्लेख गरी थप Review र Appropriate Decision को लागि Chief Credit Officer ऋवश श्रेष्ठ समक्ष पेश भई थप स्विकृतीको लागि Chief Business Officer रश्मि पन्तले Support गरी प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले स्विकृत गर्नु भएको हो । मैले लेखेका कमेण्टहरु सो कर्जा फाईलको CMS(credit management system) मा उल्लेख रहेको छ ।

एशियन भिलेज रिसोर्ट प्रा.लि.को आवधिक कर्जा रु. ४८ करोड प्रवाह गर्नको लागि तयार भएको कर्जा टिप्पणी (Credit Appraisal) मा उक्त कर्जाको उदेश्य उक्त कम्पनी/रिसोर्टको लागि आवश्यक जग्गा खरिद गर्ने रहेको थियो । सम्पूर्ण खरिद गर्ने जग्गाहरु बैंकको नाममा दृष्टीबन्धक भईसके पछि आधिकारीक मुल्यांकनकर्ताले गरेको मुल्यांकन अनुसारको मुल्य उल्लेख गरेको Fair market Value वा Booked Value मध्ये जुन रकम कम हुन्छ सोको ८०% रकम प्रबाह गर्ने उल्लेख भएको थियो । उक्त कर्जाको उदेश्य कम्पनिको नाममा जग्गा खरिद गर्ने रहेको थियो । उक्त कर्जामा बैंकको नाममा

सम्पूर्ण जग्गा दृष्टीबन्धक तथा कर्जा लगानी सम्बन्धी सम्पूर्ण कानुनी प्रकृया पुरा गरी, स्विकृती तथा सिफारिस गर्ने अख्तियारप्राप्त ब्यक्तिहरुले Credit Appraisal मा उल्लेख गरेका प्रावधानहरु पुरा पालना गर्नु पर्ने भनि उल्लेख रहेको थियो । कर्जा रकम Pre –Disbursement गर्ने सम्बन्धमा कुनै पनि कुराहरु Credit Appraisal मा उल्लेख रहेको थिएन । उक्त कर्जा बापतको रकम Disbursement गरिएको सम्बन्धमा मलाई पछि मात्र जानकारी भएको हो । यसरी कर्जा फाईलमा Credit Chain ले उल्लेख गरेका सम्पूर्ण कुराहरुलाई वेवास्ता गरी शाखाको ईमेलको आधारमा Pre Disbursement गरिएको कुरा मलाई सो समयमा जानकारी थिएन । सो कर्जा फाईलमा देखिएका कर्जा जोखिमहरुलाई बेवास्ता गरी ईमेलको आधारमा Pre Disbursement गर्न मिल्दैन । उक्त Credit Appraisal मा Pre-Disbursement को सम्बन्धमा उल्लेख थिएन । CMS(Credit Management System) भनेको बैंकले आधिकारीक रुपमा संचालन गरेको एउटा Software हो । यस Software मार्फत कर्जासँग सम्बन्धी फाईल(Credit Appraisal) उठान गर्ने, कुनै पनि कर्जासँग सम्बन्धि थप निर्णय गर्नु पर्ने टिप्पणी(Memo)हरु Credit Chain मार्फत स्विकृत गर्ने अख्तियार प्राप्त अधिकारी समक्ष सम्म गई कुनै पनि कर्जा सम्बन्धी निर्णय हुने गर्दछ । Credit Appraisal मा Pre Disbursement उल्लेख भएमा सोही अनुसार credit Chain मा रहेका सबैले Review गर्ने गर्छन । तर प्रस्तुत कर्जाको हकमा CMS(Credit Management System) अन्तर्गत Credit Chain मा रहेका सम्बन्धित अधिकारीहरुलाई जानकारी नदिई सम्बन्धित शाखाबाट ईमेल मार्फत Pre-Disbursement गरिएको हो । धितो रोक्का नराखिएको अवस्थामा पछि रोक्का भई समर्थन हुने गरी Pre-Disbursement गर्ने सम्बन्धमा कुनै ब्यवस्था भएको सम्बन्धमा मलाई जानकारी छैन । त्यसको लागि Credit Appraisal मा उल्लेख सम्बन्धित स्विकृत गर्ने अख्तियार प्राप्त अधिकारीबाट स्विकृती भएको हुनुपर्दछ । कर्जा जोखिम न्युनिकरण गर्नु पर्ने सम्पूर्ण कुराहरु उल्लेखित भई Pre-Disbursement गर्नु पर्ने भएमा सुरुमा कर्जा उठान भएको शाखाबाट थप कुराहरु उल्लेख गरी सम्पूर्ण Credit Chain मार्फत हुँदै Approved हुनु पर्दछ । बैंकले मिति सन् २०८१/१०/०४ मा प्रस्ताव गरी ऋणीले मिति २०८१/११/०२ मा स्वीकार गरेको कर्जा सुविधा प्रस्तावपत्र(Offer Letter)को बुँदानं. २.३ मा कम्पनी स्वयंमको नाममा खरिद भई आउने जायजेथा बैंकको नाममा धितोबन्धक लिखत पारित गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरेकोमा मिति २०८१/१२/२७ मा संशोधित कर्जा सुविधा प्रस्ताव पत्रमार्फत उल्लेखित व्यवस्था(बुँदा २.३) संशोधन गरी देहाय बमोजिमको घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत यस बैंकका नाममा पत्रद्वारा रोक्का गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरी कर्जा सुविधा प्रस्तावपत्र संशोधन गरी कर्जा सुविधा प्रस्तावपत्र संशोधन गर्नुको कारण सम्बन्धमा मलाई जानकारी भएन । मेरो जिम्मेवारी अन्तर्गत पर्दैन । कर्जा रकम सम्पूर्ण प्रवाह नहुँदै २०८१//११/०७ गते शिशिर पौडेलबाट कम्पनीको शेयर शशिधर शर्माको नाममा हस्तान्तरण गर्नुको कारण सम्बन्धमा समेत मलाई जानकारी छैन । मिति २०८३/०२/०६ मा बसेको प्रभु बैंक लिमिटेडको सञ्चालक समितिको बैठक नं.४२० ले उक्त कर्जा सम्बन्धमा तीन सदस्य जाँचबुझ समिति गठन गरी मिति सन् २७/०७/२०२६ सम्ममा प्रतिवेदन पेश गर्न निर्देशन दिएको सम्वन्धमा मलाई जानकारी छ । उक्त समितिले सो कर्जा सम्वन्धमा मलाई समेत सोध पुछ गरेको छ । समितिले प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा समेत मलाई जानकारी छैन ।उक्त कर्जा फाईल Forward गर्नको लागि मैले मणिग्राम

शाखाका शाखा प्रमुख समेतलाई कुनै दबाब दिएको छैन । सो समयमा Chief Business Center Officer को रुपमा भैरहवामा रहेको थिए । सो कर्जाको Pre Disbursement गर्ने समयमा समेत म बुबा सिकिस्त बिरामी भई बिदामा आएकोमा पछि बिदामा रहेकै अवस्थामा बुबाको मृत्यु भई क्रिया बिदामा रहेको थिए । प्रधान कार्यालयका Recovery manager नन्दराज जोशी समेतले उक्त फाईल फर्वाड गर्न पटक पटक दबाब दिएको सम्बन्धमा मलाई जानकारी छैन । यदी त्यस्तो भएको हो भने शाखालाई दबाब दिएर Pre Disbursement सम्वन्धी ईमल फरवार्ड गर्न लगाउन मिल्दैनथ्यो । मलाई याद भए सम्म CBO/CEO कार्यालयमा दिनेश डंगोल कार्यरत रहेका थिए । अन्यको नाम हाल मैले बिर्सिए। कर्जा दुरुपयोग भएको नभएको सम्वन्धमा अनुगमन निरीक्षण गर्ने जिम्मेवारी सम्बन्धित शाखाको हो । Disbursement गर्ने जिम्मेवारी Credit Administration Department को हो । कर्जाको दुरुपयोग गर्नु हुँदैन । कर्जाको दुरुपयोग भएमा बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर हुन जान्छ । यसरी आवधिक कर्जा सिमाको सम्पूर्ण रकम रु. ४८ करोड नै बैंकको आन्तरिक निर्देशिका विपरित हुनेगरी पर्याप्त धितो सुरक्षण (दृष्टिवन्धक रोक्का) नराखी प्रवाह गर्ने कार्यमा मेरो कुनै संलग्नता तथा मिलेमतो रहेको छैन । मैले आफ्नो पदिय जिम्मेवारी अनुसारको काम गरेको छु । उक्त कर्जामा Pre –Disbursement हुनु उपयुक्त देखिदैन किनकी खरिद गर्ने भनिएका प्रस्ताबित जग्गा धनीहरु एउटै परिवार भित्रका सदस्यहरु रहेको देखिन्छ । उक्त कुरा मैले Credit Appraisal को CMS मा पनि उल्लेख गरेको थिए । के कसको मिलेमतोमा Pre –Disbursement भयो मलाई जानकारी छैन भन्ने समेत ब्यहोराको प्रभु बैंक लि.का Chief Marketing Officer दिपेन्द्र बाबु बिष्टको कागज ।

**ञ) <u>सुनिल रानाको घटना विबरण कागजः</u>**

म प्रभु बैंक लि.मा Chief Manager पदमा कार्यरत रही मेरो जिम्मेवारी Small And Medium Enterprises(SME) And Consumer Banking (CB) डिपार्टमेन्ट प्रमुखको रुपमा रहेको छ। उक्त डिपार्टमेन्टले साना तथा मझौला उद्योग तथा उपभोक्ता बैंकिङ कर्जा(Auto Loan, Home Loan, Share Loan, Credit card Loan) सम्बन्धमा काम गर्ने गर्दछ । म बिगत १० वर्ष देखि प्रभु बैंक लि. मा काम गर्दै आईरहेको छु । म बिगत दुई वर्ष देखी Small And Medium Enterprises(SME) And Consumer Banking (CB) डिपार्टमेन्टमा रही काम गर्दै आईरहेको छु । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आबधिक कर्जा रु.४८ करोड प्रवाह गर्नको लागि प्रभु बैंक लि.बाट सन् ०४/१२/ २०२४ मा तयार भएको कर्जा टिप्पणी (Credit Appraisal) को Credit Chain मा म संलग्न रहेको छैन । मेरो जिम्मेवारी भित्र नपरेको हुँदा उक्त कर्जा प्रवाह सम्बन्धमा मलाई कुनै जानकारी छैन । त्यस्तै प्रमुख व्यवसाय अधिकृतले Support तथा बैंकका तत्कालिन प्रमुख कार्यकारी अधिकृतले ईमल स्विकृत गरी रु.३१ करोड र रु.१७ करोड Pre -Disbursement गरेको सम्बन्धमा मलाई जानकारी थिएन । उक्त कुरा हाल आएर मात्र मलाई थाहा भयो। कर्जा फाईलमा Credit Chain ले उल्लेख गरेका सम्पूर्ण कुराहरुलाई वेवास्ता गरी शाखाको ईमेलको आधारमा Pre Disbursement गरिएको कुरा मलाई जानकारी थिएन । कर्जा टिप्पणीमा Pre –Disbursement गर्ने बारेमा उल्लेख नगरिएको भए Pre –Disbursement गर्न मिल्दैन । कर्जा प्रस्ताब स्विकृती हुँदा उल्लेख भएका कुराहरु बमोजिम कर्जा रकम Disbursement गर्नु पर्दछ । CMS(Credit Management System) भनेको बैंकले आधिकारीक रुपमा संचालन गरेको एउटा Software हो । यस Software मार्फत

कर्जासँग सम्बन्धी फाईल (Credit Appraisal) उठान गर्ने, कुनै पनि कर्जासँग सम्बन्धि थप निर्णय गर्नु पर्ने टिप्पणी (Memo)हरु Credit Chain मार्फत स्विकृत गर्ने अख्तियार प्राप्त अधिकारी समक्ष सम्म गई कुनै पनि कर्जा सम्बन्धी निर्णय हुने गर्दछ । Credit Appraisal मा Pre Disbursement उल्लेख भएमा सोही अनुसार credit Chain मा रहेका सबैले Review गर्ने गर्छन । धितो रोक्का नराखिएको अवस्थामा पछि रोक्का भई समर्थन हुने गरी Pre-Disbursement गर्ने सम्बन्धमा बैंकको आन्तरिक व्यवस्था बमोजिम सम्बन्धित अख्तियार प्राप्त अधिकारीलाई credit Sanction Authority मार्फत अख्तियारी दिएको हुन्छ । रकमको सम्वन्धमा हाल मलाई जानकारी भएन । बैंकले मिति सन् २०८१/१०/०४ मा प्रस्ताव गरी ऋणीले मिति २०८१/११/०२ मा स्वीकार गरेको कर्जा सुविधा प्रस्तावपत्र (Offer Letter) को बुँदानं. २.३ मा कम्पनी स्वयंमको नाममा खरिद भई आउने जायजेथा बैंकको नाममा धितोबन्धक लिखत पारित गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरेकोमा मिति २०८१/१२/२७ मा संशोधित कर्जा सुविधा प्रस्ताव पत्रमार्फत उल्लेखित व्यवस्था (बुँदा २.३) संशोधन गरी देहाय बमोजिमको घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत यस बैंकका नाममा पत्रद्वारा रोक्का गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरी कर्जा सुविधा प्रस्तावपत्र संशोधन गरी कर्जा सुविधा प्रस्तावपत्र संशोधन गर्नुको कारण सम्बन्धमा मलाई जानकारी भएन । मेरो जिम्मेवारी अन्तर्गत पर्दैन । सामान्यतया कर्जा स्विकृती गर्ने अख्तियार प्राप्त अधिकारीको स्विकृतीले टिप्पणी उठाई संशोधन स्विकृती संशोधित प्रस्तावपत्र (Offer Letter) जारी गर्न मिल्छ । मिति २०८३/०२/०६ मा बसेको प्रभु बैंक लिमिटेडको सञ्चालक समितिको बैठक नं. ४२० ले उक्त कर्जा सम्बन्धमा तीन सदस्य जाँचबुझ समिति गठन गरी मिति सन् २७/०७/२०२६ सम्ममा प्रतिवेदन पेश गर्न निर्देशन दिएको सम्वन्धमा मलाई जानकारी छैन । उक्त समितिले प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा समेत मलाई जानकारी छैन ।प्रतिवादी सन्तोष ज्ञवालीले अधिकार प्राप्त अधिकारी समक्षको बयानमा खुलाई लेखाई दिए बमोजिम एशियन भिलेज रिसोर्ट प्रा.लि.को नामको रू. ४८ करोडको आवधिक कर्जाको फाईल Forward गर्न मैले निज सन्तोष ज्ञवालीलाई कुनै दबाब दिएको छैन । यो Corporate Loan भएको हुँदा सो कर्जा मेरो कार्यक्षेत्र भित्र पनि पर्दैन । प्रस्तुत कर्जाको सम्बन्धमा निज सन्तोष ज्ञवाली तथा मनिग्राम शाखाका कर्मचारीसँग मेरो कुनै कुरा भएको छैन । सो समयमा CBO/CEO कार्यालयमा दिनेश डंगोल कार्यरत रहेका थिए । कर्जा दुरुपयोग भएको नभएको सम्वन्धमा अनुगमन निरीक्षण/गर्ने जिम्मेवारी कर्जा फाईल उठान गर्ने शाखा तथा प्रधान कार्यालयको सम्बन्धित शाखाको हो । कर्जाको दुरुपयोग गर्नु हुँदैन । कर्जाको दुरुपयोग भएमा बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर हुन जान्छ । यसरी आवधिक कर्जा सिमाको सम्पूर्ण रकम रु. ४८ करोड नै बैंकको आन्तरिक निर्देशिका विपरित हुनेगरी पर्याप्त धितो सुरक्षण (दृष्टिवन्धक रोक्का) नराखी प्रवाह गर्ने कार्यमा मेरो कुनै संलग्नता तथा मिलेमतो रहेको छैन । मैले निज सन्तोष ज्ञवालीलाई उक्त कर्जा फाईल Forward गर्न कुनै दबाब दिएको पनि छैन । उक्त कर्जाको Credit chain मा म संलग्न नरहेको हुँदा के कसको मिलेमतोमा Pre – Disbursement भयो मलाई जानकारी छैन । यसरी कर्जा दुरुपयोग गर्ने/ गराउने कार्यमा संलग्न ब्यक्तिहरुलाई कानून बमोजिम होस् भन्ने समेत ब्यहोराको प्रभु बैंक लि.का Chief Manager सुनिल रानाको कागज ।

## ट) रमेश थापाको घटना विबरण कागजः

म प्रभु बैंक लि.मा Manager पदमा कार्यरत रही हाल Integrated service and enforcement department मा कार्यरत रहेको छु । उक्त डिपार्टमेण्टले बैंकको Service delivery को बारेमा हेर्ने गर्दछ । बिगत ७ महिना देखी उक्त शाखामा कार्यरत रहेको छु । यस भन्दा पहिले म Human Resource Department प्रमुखको रुपमा काम गर्दथे । म बिगत ५ वर्ष देखी प्रभु बैक लि.मा कार्यरत रहेको छु । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आबधिक कर्जा रु.४८ करोड प्रवाह गर्नको लागि प्रभु बैंक लि.बाट सन् ०४/१२/ २०२४ मा तयार भएको कर्जा टिप्पणी (Credit Appraisal) को Credit Chain मा म संलग्न रहेको छैन । मेरो जिम्मेवारी भित्र नपरेको हुँदा उक्त कर्जा प्रवाह सम्बन्धमा मलाई कुनै जानकारी छैन । त्यस्तै प्रमुख व्यवसाय अधिकृतले Support तथा बैंकका तत्कालिन प्रमुख कार्यकारी अधिकृतले ईमल स्विकृत गरी रु.३१ करोड र रु.१७ करोड Pre -Disbursement गरेको सम्बन्धमा मलाई जानकारी थिएन । उक्त कुरा हाल आएर मात्र मलाई थाहा भयो । कर्जा फाईलमा Credit Chain ले उल्लेख गरेका सम्पूर्ण कुराहरुलाई वेवास्ता गरी शाखाको ईमेलको आधारमा Pre Disbursement गरिएको कुरा मलाई जानकारी थिएन । कर्जा टिप्पणीमा Pre –Disbursement गर्ने बारेमा उल्लेख नगरिएको भए Pre –Disbursement गर्न मिल्दैन । कर्जा प्रस्ताब स्विकृती हुँदा उल्लेख भएका कुराहरु बमोजिम कर्जा रकम Disbursement गर्नु पर्दछ । CMS(Credit Management System) भनेको बैंकले आधिकारीक रुपमा संचालन गरेको एउटा Software हो । यस Software मार्फत कर्जासँग सम्बन्धी फाईल(Credit Appraisal) उठान गर्ने, कुनै पनि कर्जासँग सम्बन्धि थप निर्णय गर्नु पर्ने टिप्पणी(Memo)हरु Credit Chain मार्फत स्विकृत गर्ने अख्तियार प्राप्त अधिकारी समक्ष सम्म गई कुनै पनि कर्जा सम्बन्धी निर्णय हुने गर्दछ । धितो रोक्का नराखिएको अवस्थामा पछि रोक्का भई समर्थन हुने गरी Pre-Disbursement गर्ने सम्बन्धी ब्यवस्था र रकमको सम्वन्धमा हाल मलाई जानकारी भएन । बैंकले मिति सन् २०८१/१०/०४ मा प्रस्ताव गरी ऋणीले मिति २०८१/११/०२ मा स्वीकार गरेको कर्जा सुविधा प्रस्तावपत्र(Offer Letter)को बुँदानं. २.३ मा कम्पनी स्वयंमको नाममा खरिद भई आउने जायजेथा बैंकको नाममा धितोबन्धक लिखत पारित गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरेकोमा मिति २०८१/१२/२७ मा संशोधित कर्जा सुविधा प्रस्ताव पत्रमार्फत उल्लेखित व्यवस्था(बुँदा २.३) संशोधन गरी देहाय बमोजिमको घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत यस बैंकका नाममा पत्रद्वारा रोक्का गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरी कर्जा सुविधा प्रस्तावपत्र संशोधन गरी कर्जा सुविधा प्रस्तावपत्र संशोधन गर्नुको कारण सम्बन्धमा मलाई जानकारी भएन । मेरो जिम्मेवारी अन्तर्गत पर्दैन । मिति २०८३/०२/०६ मा बसेको प्रभु बैंक लिमिटेडको सञ्चालक समितिको बैठक नं.४२० ले उक्त कर्जा सम्बन्धमा तीन सदस्य जाँचबुझ समिति गठन गरी मिति सन् २७/०७/२०२६ सम्ममा प्रतिवेदन पेश गर्न निर्देशन दिएको सम्वन्धमा मलाई जानकारी छैन । उक्त समितिले प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा समेत मलाई जानकारी छैन ।प्रतिवादी सन्तोष ज्ञवालीले अधिकार प्राप्त अधिकारी समक्षको बयानमा खुलाई लेखाई दिए बमोजिम एशियन भिलेज रिसोर्ट प्रा.लि.को नामको रू. ४८ करोडको आवधिक कर्जाको फाईल Forward गर्न मैले निज सन्तोष ज्ञवालीलाई कुनै दबाब दिएको छैन । सो समयमा म मानव शंसाधन शाखामा कार्यरत रहेको हुँदा कर्जा मेरो कार्यक्षेत्र भित्र पनि

पर्दैनथ्यो । प्रस्तुत कर्जाको सम्बन्धमा निज सन्तोष ज्ञवाली तथा मनिग्राम शाखाका कर्मचारीसँग मेरो कुनै कुरा भएको छैन । सो समयमा CBO/CEO कार्यालयमा दिनेश डंगोल कार्यरत रहेका थिए ।कर्जा दुरुपयोग भएको नभएको सम्वन्धमा अनुगमन निरीक्षण/गर्ने जिम्मेवारी कर्जा फाईल उठान गर्ने शाखा तथा प्रधान कार्यालयको सम्बन्धित शाखाको हो । कर्जाको दुरुपयोग गर्नु हुँदैन । कर्जाको दुरुपयोग भएमा बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर हुन जान्छ । यसरी आवधिक कर्जा सिमाको सम्पूर्ण रकम रु. ४८ करोड नै बैंकको आन्तरिक निर्देशिका विपरित हुनेगरी पर्याप्त धितो सुरक्षण (दृष्टिवन्धक रोक्का) नराखी प्रवाह गर्ने कार्यमा मेरो कुनै संलग्नता तथा मिलेमतो रहेको छैन । मैले निज सन्तोष ज्ञवालीलाई उक्त कर्जा फाईल Forward गर्न कुनै दबाब दिएको पनि छैन । उक्त कर्जाको Credit chain मा म संलग्न नरहेको हुँदा के कसको मिलेमतोमा Pre –Disbursement भयो मलाई जानकारी छैन । यसरी कर्जा दुरुपयोग गर्ने/ गराउने कार्यमा संलग्न ब्यक्तिहरुलाई कानून बमोजिम होस् भन्ने समेत ब्यहोराको प्रभु बैंक लि.का Manager रमेश थापाको कागज ।

**ठ) <u>योगेश पौड्यालको घटना विबरण कागजः</u>**

म प्रभु बैंक लि.मा Manager पदमा कार्यरत रही मेरो जिम्मेवारी Central Operation विभागमा रहेको छ । उक्त डिपार्टमेण्टले बैंकको दैनिक Operation सम्बन्धी कामकाज गर्ने गर्दछ । जसमा सम्पूर्ण शाखाहरुको Operation मा समन्वय गरिदिने काम गर्दछ । म बिगत १६ वर्ष देखि प्रभु बैंक लि. मा काम गर्दै आईरहेको छु । म २०८२ सालको माघ देखी Central Operation डिपार्टमेन्टमा रही काम गर्दै आईरहेको छु । सो भन्दा पहिले म १५ महिना जति Credit Administration Department(CAD) मा रही काम गर्दथे । Credit Administration Department रहँदा मेरो विभागको मुख्य जिम्मेवारी स्विकृत भई आएको कर्जालाई बैकिङ Core system मा Entry गरी सम्बन्धित ऋणीको खातामा रकम जम्मा गरिदिने रहेको थियो । विभागिय प्रमुखको रुपमा मेरो जिम्मेवारी स्विकृत भई आएको कर्जालाई बैकिङ Core system मा Entry गर्दा सही तरिकाले स्विकृत बमोजिमको रकम Entry भए नभएको सम्वन्धमा Verify गर्ने रहेको छ। कर्जा स्विकृत भई सकेपश्चात सम्वन्धित विभागले कर्जा रकम Disbursement गर्नको लागि कर्जा रकम स्विकृत भएको कागजातहरु Credit Administration Department समक्ष पठाउने गर्दछ । मलाई मिसिल संलन रहेको नेपाल राष्ट्र बैंकबाट "एशियन भिलेज रिसोर्ट प्रा.लि. ले प्रभु बैंक लि. बाट लिएको रु.४८ करोड कर्जा व्यवसायिक प्रयोजनमा नलगाई उद्देश्य विपरित अन्यत्र लगाएको र ऋण लिदाको बखत कम्पनीको नाउँका जग्गाहरु समेत बैंकको नाममा दृष्टिबन्धक समेत नगरी पछि गर्ने भन्ने कबुलियतनामा कागज गराई कर्जा लेना देना भएको सम्बन्धमा तयार पारिएको विशेष स्थलगत निरीक्षण प्रतिवेदन लगायतका मिसिल संलग्न कागजातहरु पढी बाँची सुनाउँदा सुनी पाएँ ,ब्यहोरा अबगत भयो । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आबधिक कर्जा रु.४८ करोड प्रवाह गर्नको लागि प्रभु बैंक लि.बाट सन् ०४/१२/ २०२४ मा तयार भएको कर्जा टिप्पणी (Credit Appraisal) को Credit Chain मा म संलग्न रहेको छैन । मेरो जिम्मेवारी भित्र नपरेको हुँदा उक्त कर्जा प्रवाह सम्बन्धमा मलाई कुनै जानकारी छैन । त्यस्तै प्रमुख व्यवसाय अधिकृतले Support तथा बैंकका तत्कालिन प्रमुख कार्यकारी अधिकृतले ईमल स्विकृत गरी रु.३१ करोड र रु.१७ करोड Pre - Disbursement गरेको सम्बन्धमा रु.३१ करोड Pre –Disbursement गर्ने सम्बन्धमा म बिदामा रहेको थिए ।

उक्त रकम समेत म कार्यरत रहेको Credit Administration Department ले प्रमुख कार्यकारी अधिकृतले रु.३१ करोड कर्जा रकम प्रवाह गर्ने भनि स्विकृत गरेको आधिकारीक ईमलेका आधारमा रकम Pre –Disbursement गरिदिएको हो । रु.१७ करोड Pre –Disbursement गर्ने समयमा समेत प्रमुख कार्यकारी अधिकृतले रु.१७ करोड Pre –Disbursement गर्ने भनि स्विकृत गरेको ईमेल Credit Administration Department आए पश्चात सोही आधिकारिक ईमेलका आधारमा सम्बन्धित ऋणीको खातामा रकम जम्मा गरिदिएको हो । Credit Administration Department मा आएका उक्त ईमेलहरु Credit Administration Department अन्तर्गतका CAD Compliance र CAD Operation ले Verify गरिसके पश्चात मात्र सम्बन्धित ऋणीको खातामा रकम गएको हो । मौखिक आदेशमा कुनै पनि ऋणीलाई रकम Pre –Disbursement गर्न मिल्दैन । स्विकृत भई आएको कर्जा रकमलाई सम्बन्धित ऋणीको खातामा हाल्ने काम Credit Administration Department को मुख्य जिम्मेवारी हुने गर्दछ । कर्जा फाईलमा Credit Chain ले उल्लेख गरेका सम्पूर्ण कुराहरुलाई वेवास्ता गरी शाखाको ईमेलको आधारमा Pre Disbursement गरिएको कुरा मलाई जानकारी थिएन । कर्जा टिप्पणीमा Pre –Disbursement गर्ने बारेमा उल्लेख नगरिएको भए Pre –Disbursement गर्न मिल्दैन । कर्जा प्रस्ताब स्विकृती हुँदा उल्लेख भएका कुराहरु बमोजिम कर्जा रकम Disbursement गर्नु पर्दछ । CMS(Credit Management System) भनेको बैंकले आधिकारीक रुपमा संचालन गरेको एउटा Software हो । यस Software मार्फत कर्जासँग सम्बन्धी फाईल(Credit Appraisal) उठान गर्ने, कुनै पनि कर्जासँग सम्बन्धि थप निर्णय गर्नु पर्ने टिप्पणी(Memo)हरु Credit Chain मार्फत स्विकृत गर्ने अख्तियार प्राप्त अधिकारी समक्ष सम्म गई कुनै पनि कर्जा सम्बन्धी निर्णय हुने गर्दछ । Credit Appraisal मा Pre Disbursement उल्लेख भएमा सोही अनुसार credit Chain मा रहेका सबैले Review गर्ने गर्छन । धितो रोक्का नराखिएको अवस्थामा पछि रोक्का भई समर्थन हुने गरी Pre-Disbursement गर्ने सम्बन्धमा बैंकको आन्तरिक व्यवस्था बमोजिम सम्बन्धित अख्तियार प्राप्त अधिकारीलाई credit Sanction Authority मार्फत अख्तियारी दिएको हुन्छ । रकमको सम्वन्धमा हाल मलाई जानकारी भएन । उक्त कर्जा रकम मध्ये रु. ३१ करोड र रु.१७ करोड प्रमुख ब्यवसाय अधिकृतले Support गरी प्रमुख कार्यकारी अधिकृतले Approved गरी Pre-Disbursement गरिदिने भनि स्विकृती गरेपश्चात सो ईमेल मणिग्राम शाखाबाट Credit Administration Department(CAD) आए पश्चात सोही स्विकृत ईमेलको आधारमा Verify गरी सम्वन्धित ऋणीको खातामा रकम जम्मा गरिदिएको हो । कसैको मौखिक निर्देशन र दबाबमा रकम जम्मा गरिदिएको होईन । अख्तियार प्राप्त ब्यक्तिले स्विकृत गरेको ईमेलको आधारमा रकम Pre-Disbursement गरिदिएको हो । सो कार्य Credit Administration Department(CAD) को जिम्मेवारी अनुसारको कार्य हो ।

बैंकले मिति सन् २०८१/१०/०४ मा प्रस्ताव गरी ऋणीले मिति २०८१/११/०२ मा स्वीकार गरेको कर्जा सुविधा प्रस्तावपत्र(Offer Letter)को बुँदानं. २.३ मा कम्पनी स्वयंमको नाममा खरिद भई आउने जायजेथा बैंकको नाममा धितोबन्धक लिखत पारित गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरेकोमा मिति २०८१/१२/२७ मा संशोधित कर्जा सुविधा प्रस्ताव पत्रमार्फत उल्लेखित व्यवस्था(बुँदा २.३) संशोधन गरी देहाय बमोजिमको घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत यस बैंकका नाममा पत्रद्वारा रोक्का गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरी कर्जा सुविधा प्रस्तावपत्र संशोधन गरी कर्जा सुविधा प्रस्तावपत्र संशोधन गर्नुको कारण सम्बन्धमा मलाई जानकारी भएन ।

मेरो जिम्मेवारी अन्तर्गत पर्दैन । सामान्यतया कर्जा स्विकृती गर्ने अख्तियार प्राप्त अधिकारीको स्विकृतीले टिप्पणी उठाई संशोधन स्विकृती गरी संशोधित प्रस्तावपत्र(Offer Letter) जारी गर्न मिल्छ । मिति २०८३/०२/०६ मा बसेको प्रभु बैंक लिमिटेडको सञ्चालक समितिको बैठक नं.४२० ले उक्त कर्जा सम्बन्धमा तीन सदस्य जाँचबुझ समिति गठन गरी मिति सन् २७/०७/२०२६ सम्ममा प्रतिवेदन पेश गर्न निर्देशन दिएको सम्वन्धमा मलाई जानकारी छ । मलाई उक्त समितिले रकम Pre-Disbursement गरेको सम्बन्धमा सोधपुछ गरेको थियो । उक्त समितिले प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा समेत मलाई जानकारी छैन ।कर्जा दुरुपयोग भएको नभएको सम्वन्धमा अनुगमन निरीक्षण/गर्ने जिम्मेवारी कर्जा फाईल उठान गर्ने शाखा तथा प्रधान कार्यालयको सम्बन्धित विभागको हो । कर्जाको दुरुपयोग गर्नु हुँदैन । कर्जाको दुरुपयोग भएमा बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर हुन जान्छ । यसरी आवधिक कर्जा सिमाको सम्पूर्ण रकम रु. ४८ करोड नै बैंकको आन्तरिक निर्देशिका विपरित हुनेगरी पर्याप्त धितो सुरक्षण (दृष्टिवन्धक रोक्का) नराखी प्रवाह गर्ने कार्यमा मेरो कुनै संलग्नता तथा मिलेमतो रहेको छैन । उक्त कर्जाको Credit chain मा म संलग्न नरहेको हुँदा के कसको मिलेमतोमा Pre –Disbursement भयो मलाई जानकारी छैन। यसरी कर्जा दुरुपयोग गर्ने/ गराउने कार्यमा संलग्न ब्यक्तिहरुलाई कानून बमोजिम होस् भन्ने समेत ब्यहोराको प्रभु बैंक लि.का Manager योगेश पौड्यालको कागज ।

४. **<u>प्रहरी निरीक्षक गणेश पौडेल सहित नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्युरो लाजिम्पाट काठमाण्डौमा पेश गरेको अनुसन्धान खुलेको तथा विवरणको संक्षिप्त व्यहोरा :</u>**

**क) <u>एशियन भिलेज रिसोर्ट प्रा.लि.को सम्बन्धमाः</u>**

- एशियन भिलेज रिसोर्ट प्रा.लि.कम्पनी ऐन, २०६३ बमोजिम वि.सं. २०७४ सालमा प्राईभेट लिमिटेड कम्पनीको रुपमा स्थापना भएको देखिन्छ ।
- एशियन भिलेज रिसोर्ट प्रा.लि. को रजिस्ट्रेशननं. १४६७४६/०७२/०७३ र पान नं. ६०४२३४०५२ रहेको देखिन्छ।
- कम्पनीको उदेश्यमा हस्पिटालिटी (होटल तथा रिसोर्ट) सम्बन्धी सेवा सञ्चालन गर्ने रहेको देखिन्छ।
- यस कम्पनीको रजिस्टर्ड ठेगाना बुटवल उ.म.न.पा,०९ रुपन्देहीमा र संशोधित ठेगाना तिलोत्तमा न.पा. १५, रुपन्देही रहेको देखिन्छ ।
- कम्पनीले बैंकबाट कर्जा लिँदा शिशिर पौड्यालको पूर्ण स्वामित्वमा रहेको थियो भने मिति २०८१/११/०७ को शेयरलगत अनुसार शेयर स्वामित्व परिवर्तन भई शशिधर शर्माको पूर्ण स्वामित्वमा रहेको देखिन्छ ।
- प्रतिवादी शिशिर पौडेलको एशियन भिलेज रिसोर्ट प्रा.लि.बाहेक देहाय बमोजिमका अन्य कम्पनीहरु समेत दर्ता रहेको देखिन्छः

| सि.नं. | शेयरधनीको नाम | कम्पनीको नाम | शेयर संख्या | भुक्तानी भएको रकम(रु.) |
|---|---|---|---|---|
| १ | शशिधर शर्मा समेत | वेदा हस्पिटालिटी प्रा.लि.(दर्ता नं.३०४६४३/०७९/०८०) | १,७०,००० | १,७०,००,०००।- |
| २ | शशिधर शर्मा | लुम्बिनी एग्रो प्रोडक्सन एण्ड रिसर्च सेन्टर प्रा.लि.(दर्ता नं.७२३६२/०६६/०६७) | ११,१०,००० | ११,१०,००,०००।- |
| ३ | शशिधर शर्मा समेत | यूरो स्टार ग्रुप ईण्डष्ट्रिज प्रा.लि.(दर्ता नं.१८३४८३/०७४/०७५) | २५,००० | २५,००,०००।- |
| ४ | शशिधर शर्मा समेत | अरुण फुड्स प्रा.लि. (प्रा.लि. दर्ता नं. ४९७४/०४८/०४९) | २६०३४ | २,६०,३४,०००।- |

**ख) एशियन भिलेज रिसोर्ट प्रा.लि. (तत्कालिन अध्यक्ष शिशिर पौड्याल) लाई प्रभु बैंक लि.लाई प्रवाह भएको Bridge Gap Loan (BGL) सम्बन्धमाः**

➢ एशियन भिलेज रिसोर्ट प्रा.लि. (तत्कालिन अध्यक्ष शिशिर पौडयाल) लाई मिति सन्१३/१०/२०२३ मा देहाय बमोजिमका शर्तहरुमा Bridge Gap Loan (BGL) रु. १३,००,००,०००।—(तेह्र करोड) उपलब्ध गराएको देखिन्छः
- उक्त कर्जाको प्रयोजन तिलोत्तमा नगरपालिका–१५, रुपन्देहीमा रिसोर्ट निर्माण तथा सञ्चालन गर्ने रहेको देखिन्छ,
- कर्जा रकम रिसोर्ट निर्माण गर्ने निर्माण कम्पनीलाई सीधै (Contractor of the unit)भुक्तानी गर्ने,
- एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा तिलोत्तमा नगरपालिका–१५, रुपन्देहीमा कायम रहेको कित्ता नं :६३५, २८९१, २९८४, ४३०, ६३०,२९००, २९०३, ४१९ र ४२१ (बजार मूल्य रु. १३,०६,१०,०००।००) भएको जग्गा कर्जा टिप्पणीमा प्रस्तावित धितोको रुपमा रहने भनि उल्लेख भएको,
- कर्जाको भुक्तानी अवधि १० महिना रहेको,
- कर्जा भुक्तानीको स्रोतः ऋणीको स्वपुँजी वा आवधिक कर्जामा परिणत गरी,
- धितो मूल्याङ्कनकर्ता निर्धारण विधिःNepal Engineering Consultancy ManuallyAssign लाई manually Assign गर्ने, आदी

- कर्जाको प्रस्ताव बैंकको Project Financing Department बाट तयार गरी तहगत स्वीकृत गर्ने चरणमा बैंकको कर्जा जोखिम अधिकृतद्वारा औंल्याईएका कैफियतहरु (Contractor agreement) नभएको, Debt Equity Ratio कायम नभएको, कर्जा प्रवाह अघि तोकिएका जग्गाहरु बैंकको नाममा दृष्टिबन्धक हुनुपर्ने लगायत अन्य कैफियतहरु) संलग्न गरी Credit Management Committee को सिफारिसमा बैंकका तत्कालिन प्रमुख कार्यकारी अधिकृतबाट कर्जा स्वीकृत भएको देखिन्छ ।
- ऋणी एशियन भिलेज रिसोर्ट प्रा.लि.को प्रभु बैंक लिमिटेडमा कायम रहेको चल्ती खाता नं. ००७०१५४९८६१०००१६ मा मिति सन् ३०/१०/२०२३ मा रु.६,००,००,०००।—(छ करोड) र मिति सन् ३१/१०/२०२३ मा रु.७,००,००,०००।—(सात करोड) गरी दुईचरणमा क्रमशः रु.६,००,००,०००।—(छ करोड) र रु.७,००,००,०००।—(सात करोड) कर्जा प्रवाह गरी मिति सन् ३१/१०/२०२३ मा उक्त रकम Butwal Housing Company Pvt. Ltd. लाई रकमान्तर गरेको देखिएको । ऋणी एशियन भिलेज रिसोर्ट प्रा.लि. र Butwal Housing Company Pvt. Ltd.को बिचमा मिति सन् २०८०/०६/०४ मा Award of Civil and Structure Construction work of Asian Village Resort Pvt ltd गर्ने विषयमा सम्झौता भएको देखिएको । उक्त सम्झौतामा Butwal Housing Company Pvt Ltd.को तर्फबाट हस्ताक्षर गर्ने व्यक्ति कमला अधिकारी शर्मा (प्रबन्ध सञ्चालक) तत्कालिन अध्यक्ष शिशिर पौडयालको दाई (शशीधर शर्मा) को श्रीमती, भाउजु रहेको देखिन्छ।
- स्वीकृत कर्जा टिप्पणी बमोजिम कर्जा प्रवाह भएको १० महिना भित्रमा ऋणीको स्वःपुँजी वा आवधिक कर्जामा परिणत गरी चुक्ता गर्ने भनिएको तर ऋण प्रवाह भएको १५ महिना पश्चात चुक्ता गरेको देखिएको र हाल उक्त कर्जाको बक्यौता रहेको नदेखिएको।

**ग)एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको आवधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड)सम्बन्धमाः**

- सन् ०२/१२/२०२४ मा प्रभु बैंक लि.को मणिग्राम शाखामा एशियन भिलेज रिसोर्ट प्रा.लि.का तत्कालिन एकल शेयरधनी शिशिर पौडयालले To purchase land for Hospitality Project भनि १५ वर्षको लागि Term Loan रु. ४८,००,००,०००।—(अड्चालिस करोड) माग गरेको देखिन्छ ।
- प्रभु बैंक लिमिटेडको मणिग्राम शाखाबाट मिति सन् ०४/१२/२०२४ मा देहाय बमोजिमका शर्तहरुमा आवधिक कर्जा उपलब्ध गराउने प्रयोजनले कर्जा टिप्पणी उठान भएको देखिन्छ ।
    - कर्जा रकमः रु.४८,००,००,०००।—(अड्चालिस करोड मात्र) ।
    - प्रयोजनःमायादेवी गाउँपालिका वडा नं ४, रुपन्देहीमा रिसोर्ट निर्माणका लागि आवश्यक पर्ने जग्गा खरिद गर्ने, प्रवाह हुने कर्जाको रकम जग्गा विक्रेता वा परीयोजनाको ठेकेदारलाई सोझै भुक्तानी गर्ने।
    - कर्जा भुक्तानीको अवधिः १५ वर्ष (१ वर्ष ग्रेस अवधि सहित) ।

- प्रस्तावित धितोको विवरणःप्रारम्भिक मूल्यांकन बमोजिम (प्राप्त Full Valuation Report नभएको) कुल रु.६२.०३ करोड Fair Market Value (FMV)बराबरको मुल्याङ्कन गरिएका जग्गाहरु देहाय बमोजिम रहेको।

| क्र.सं. | जग्गाधनी | कित्ता नं. | ठेगाना |
|---|---|---|---|
| १ | धनकुमारी पौडयाल/ कमला अधिकारी(शर्मा) /कृष्णा कुमारी पौडयाल | १०, ११, १३, १४, १५, १६, १७, १८, २०, २१, २२, २४, २५, २८, २९, ५९, ६१, ६६ र ४५६ | बसौंली–५,रुपन्देही |
| २ | जुलुश शर्मा | ५९६ र ५९७ | बसौंली–५,रुपन्देही |
| | | १७४ र १७५ | पकडी सकरोन–३, रुपन्देही |
| ३ | शशिधर शर्मा | २९१, १६४, १६५, १६६ र ६४१ | पकडी सकरोन–३, रुपन्देही |
| ४ | बुटवल हाउजिङ्ग कम्पनी प्रा.लि. | १६७, ३२४, १९२, ३५२, १७१, १७२, १७३, १८१, १८२, १८४, १८७, १८८, ३०२ र ३०७ | पकडी सकरोन–३, रुपन्देही |

- कर्जा प्रवाह (Disbursement): कर्जा टिप्पणी उठान हुँदा प्रस्तावित जग्गाधनिको नाममा जग्गा दर्ता र सो जग्गा बैंकको नाममा दृष्टिबन्धक लिखत पारित भए पश्चात मात्र कर्जा प्रवाह गरिने भनि उल्लेख गरेको देखिन्छ।
- कर्जा स्वीकृतीको लागि बैंकका प्रमुख कर्जा अधिकृत (CCO) ले सपोर्ट गर्ने क्रममा परीयोजना सुरुवाती चरणमा रहेको कारणले Real Estate Collateral (REC) को ५० प्रतिशतमात्र disburse गर्न सुझाव दिएको देखिन्छ ।
- कर्जा स्वीकृतीको तहः मणिग्राम शाखा हुँदै प्रदेश प्रमुख, कर्जा जोखिम अधिकृत, प्रमुख कर्जा अधिकृत, प्रमुख व्यवसाय अधिकृत हुँदै तत्कालिन प्रमुख कार्यकारी अधिकृतबाट मिति सन् १२/०१/२०२५ मा स्वीकृत भएको देखिएको ।

- कर्जा विश्लेषणको क्रममा बैंकको कर्जा जोखिम अधिकृतले देहाय बमोजिमका सम्भावित कर्जा जोखिम सम्बन्धी कैफियतहरु सुझाएको देखिएको:
  - कर्जा टिप्पणीमा प्रस्ताव गरिएका कित्ताहरुको ४ किल्ला तथा बाटोको पहुँच सुनिश्चित गर्न ।
  - प्रस्ताव गरिएका कित्ताहरु तिलोत्तमा–१५, बसौंली–५ र पकडी सकरोन–३ गरी विभिन्न ठाउँमा रहेकोले सो फरक ठाउँमा प्रस्ताव गरिएको रिसोर्ट कसरी निर्माण गर्न सकिने ?,
  - प्रस्ताव गरिएका जग्गाहरुको विवरण/लालपुर्जा कर्जा टिप्पणीमा संलग्न नभएको र सुरक्षण सम्बन्धित कागजातको स्पष्ट यकिन नभएको ।
  - कर्जा निकाशा/प्रवाहको विधि र प्रक्रिया स्पष्ट नरहेको सन्दर्भमा स्पष्ट गर्न ।
  - ऋणीले आफ्नो नाममा कायम रहेको जग्गामा रिसोर्ट बनाउनका निम्ति सो जग्गा दृष्टि बन्धक गरी पहिलेनै रु.१३ करोड Bridge Gap Loan प्रवाह भैसकेको अवस्थामा उक्त कर्जाको सदुपयोगिता सुनिश्चितता नभई अर्को रिसोर्ट निर्माणका निम्ति जग्गा खरिद गर्न रु.४८ करोड आवश्यकताका सन्दर्भमा थप स्पष्ट गर्न ।
  - Bridge Gap Loan ऋणीको स्वःपुँजीबाट चुक्ता गर्ने र प्रस्तावित आवधिक कर्जा प्रवाह हुनु अघि सोको निश्चितता गर्ने, आवधिक कर्जाको अन्तिम उपयोगको अनुगमन शाखाद्वारा गरिनु पर्ने ।
  - ऋणीको चुक्ता पुँजी रु.२५ लाखमात्र रहेको र परियोजनाको लागत रु.३ अर्ब रहेको हुँदा स्रोतको पर्याप्त यकिन नभएको ।
  - रिसोर्ट निर्माणका निम्ति खरिद प्रस्ताव गरिएको जग्गाहरु फरक फरक ठाउँमा हुनु र ऋणी कम्पनीका तत्कालिन एकल शेयर धनि (शिशिर पौड्याल) र प्रस्तावित जग्गा खरिद गर्ने भनिएका जग्गाधनिहरुको पारिवारिक सम्बन्ध हुनु (सहोदर दाजु भाईको परिवार) आदि ।
- उक्त कर्जा टिप्पणीमा जग्गा खरिद तथा रिसोर्ट निर्माण परियोजनाका लागि अनुमानित लागत रु.३अर्ब भन्दा माथि हुने र हाल सोहि परियोजनाका निम्ति आवश्यक पर्ने जग्गा खरिदका लागि प्रभु बैंकबाट रु.४८ करोडको आवधिक कर्जा स्वीकृत प्रक्रियामा रहेको र थप बाँकी कर्जाका लागि अन्य बैंकसँग Consortium Finance मार्फत बाँकी रकमको व्यवस्था मिलाउने विवरण बैंकको मणिग्राम शाखाका कर्जा अधिकृतले कर्जा टिप्पणीमा उल्लेख गरेको देखिन्छ ।
- प्रभु बैंक लिमिटेडको मणिग्राम शाखाका कर्जा अधिकृत राजेन्द्र श्रेष्ठले बैंकको प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तलाई सम्बोधन गर्दै मिति १२/०१/२०२५ मा एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा स्वीकृत भएको कर्जाको टिप्पणीमा समावेश भएका विषय बाहेक अन्य देहाय बमोजिमका विषयहरु मिति १२/०२/२०२५ को इमेल मार्फत प्रस्ताव गरी प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तले Support तथा बैंकका तत्कालिन प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले स्वीकृत गरी यस अघि स्वीकृत कर्जा टिप्पणीमा संशोधन गरेको देखिएको ।
  - कर्जा टिप्पणीमा एशियन भिलेज रिसोर्ट प्रा.लि.खरिद गरेपश्चात उक्त प्रा.लि.को नाममा कायम हुन आउने जग्गाहरु बैंकको नाममा दृष्टिबन्धक भएपश्चात मात्र स्वीकृत आवधिक कर्जा निकाशा/प्रवाह गर्ने उल्लेख भएतापनि हालका लागि कर्जा टिप्पणीमा उल्लिखित जग्गाहरु बैंकको नाममा

दृष्टिबन्धक हुनु अगावै धितोको रुपमा कायम रहने जग्गाको Fair Market Value को ५० प्रतिशत रकम मात्र Pre-disbursement गरिदिने।

- ऋणीको कर्जा फाईल प्रधान कार्यालय–Project Financing Department बाट बैंकको मणिग्राम शाखामा स्थानान्तरण गरिदिने ।
- ३ महिना भित्र जग्गाको Full Valuation Report, ऋणीको शेयर लगत/शेयरधनीको विवरण र ऋणीको संशोधित प्यान बैंकमा पेश गर्ने ।
- ऋणीको हाल बक्यौता रहेको रु.१३ करोडको Bridge Gap Loan को कर्जा भाखा नाघेता पनि नयाँ आवधिक कर्जा निकाशा/प्रवाहका लागि स्वीकृती प्रदान गर्ने ।

2/12/25, 6:29 PM Mail - Pratik Bhattachan - Outlook

(1) Outlook

FW: Approval for loan implement (Asian Village Resort Pvt. Ltd.)

From Rajendra Shrestha <rajendra.shrestha@prabhubank.com>
Date Wed 2025-02-12 6:25 PM
To Rashmi Pant <rashmi.pant@prabhubank.com>
Cc Sushant Shrestha <sushant.shrestha@prabhubank.com>; Santosh Gnawali <santosh.gnawali@prabhubank.com>; Dipendra Babu Bista <dipendra.bista@prabhubank.com>; Pratik Bhattachan <pratik.bhattachan@prabhubank.com>

Dear Madam,

Good Afternoon!!

Subject:- Seeking approval for advance loan disbursement on a/c of Asian Village Resort Pvt. Ltd.

Proposed/Approved Facility Structure Sheet: NPR in "000"

| Facility | Existing Limit | O/S | Over due if any | New Request | Total Limit | Interest per annum | | LAF/ Commission |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | Existing (%) | Proposed | |
| Bridge Gap Loan | 130,000 | 130,000 | 15,180 | (130,000) | 0.00 | 9.76% | | |
| Term Loan | - | - | | 480,000 | 480,000 | - | ABR+1.00% | 0.15% |
| Unit – Total Funded | 130,000 | 130,000 | 15,180 | 480,000 | 480,000 | - | - | - |
| Unit Total NF | - | - | | - | - | | | |
| Unit Grand Total | 130,000 | 130,000 | 15,180 | 480,000 | 480,000 | | | |
| Group - Grand Total | 130,000 | 130,000 | 15,180 | 480,000 | 480,000 | | | |

Note:- Credit proposal was uploaded via CMS ID CPID-81/82-007-00000021074

As per the remarks by credit chain the legal documents has been prepared from Legal department of Bank and which is under obtaining process. However, Since we are financing for land acquisition process for upcoming hospitality project, place for approval for the followings:-

- During the period of CA presentation Advance disbursement has not proposed. Thus, As per the request of borrower for pre-disbursement of loan prior to the REC ownership transfer & mortgage of REC. proposed for Advance disbursement up to 50% of FMV (Since the project is in its initial phase, it is suggested to disburse the loan only 50% of FMV of REC. Moreover, after completion of all preliminary project work and presentation of documents in project model, drawdown can be revise-remarks by CCO)
प्राप्त रु ११ करोड (७+४ वाट) विभिन्न व्यक्ति तथा संस्थालाई भुक्तानी:
Lumbini Agro Products and Research Center P. Ltd. लाई रु. ५.२५ करोड(रु. ५ करोडको कर्जा भुक्तानी)
Arun Foods P. Ltd. लाई रु. १.७५ करोड(रु.१.६५ करोडको कर्जा भुक्तानी)
Samuhik Bikas Bachat Tatha Rin Sahakari Sanstha Ltd. लाई रु. ४० लाख
Urmila Mali लाई रु. १ करोड
उपरोक्त भुक्तानी पश्चात बाँकी रकम रु. २.६० करोड
कर्जा रकम रु. ३१ करोड मध्ये बाँकी रहेको रकम:
धनकुमारी पौड्याल/कमला अधिकारी (शर्मा)/कृष्णा कुमारी पौड्यालको (NIMB) खातामा रु. २.६० करोड र शशिधर शर्माको NIMB स्थित खातामा रु. ४ करोड गरी जम्मा रु. ६.६० करोड

**धनकुमारी पौड्याल/कमला अधिकारी(शर्मा)/कृष्णा कुमारी पौड्याल**को खाता: मौज्दात रु. २.६० करोड

**दोस्रो चरणको ऋण प्रवाह (एसियन भिलेज रिसोर्ट) : १७ करोड**

**शशिधर शर्मा (NIMB):** ४ करोड (२+२)

**धनकुमारी पौड्याल/कमला अधिकारी(शर्मा)/कृष्णा कुमारी पौड्याल**को खाता(NIMB):

- रु. ३१ करोड मध्येको मौज्दात रु. २.६० करोड
- दोस्रो चरणको कर्जा प्रवाह बापत रु. १७ करोड (७+१०)

**कुल मौज्दात रु. १९.६० करोड**

**शशिधर शर्मा (NIMB):**

- रु. ३१ करोड मध्येको मौज्दात रु. ४ करोड (२+२)
- धनकुमारी पौड्याल/कमला अधिकारी(शर्मा)/कृष्णा कुमारी पौड्यालको खाताबाट प्राप्त रु. १९.६० करोड (१०+९.६)

**कुल मौज्दात रु. २३.६० करोड**

**शशिधर शर्मा (प्रभु):** २३.६० करोड (८.६+१०+५)

**ऋणी (एसियन भिलेज रिसोर्ट):** २३.७० करोड (३.५+५+५+५+५)
*(चुक्ता पुँजी वृद्धि गर्न)*

**कमला अधिकारी शर्मा(NIMB):** १५ करोड (५+५+५)

**शशिधर शर्मा (NIMB):** ८.७० करोड (६+२.७)

**कमला अधिकारी शर्मा(NIMB)** बाट गरिएका भुक्तानीहरु:

- Urmila Mali रु. १४.७० करोड (७+७.७०)
- Samuhik Bikas Bachat Tatha Rin Sahakari Sanstha Ltd. लाई रु. २० लाख

बाँकी मौज्दात रु. १० लाख

**ऋणी (एसियन भिलेज रिसोर्ट):** ८.५० करोड (४+४.५०)

**शशिधर शर्मा (NIMB):** ८.५० करोड (५+३.५०)

**ऋणी (एसियन भिलेज रिसोर्ट):** ६.५० करोड (३.५०+३)

**शशिधर शर्मा (NIMB):** रु. ८.५० करोड (एसियन भिलेज रिसोर्टबाट प्राप्त रु. ६.५० करोड (२.५०+४ र यसै खातामा यसअघि छाडिएको मौज्दात रकम रु. २ करोड समेत)

- Lumbini Motors and Pump Industries Pvt. Ltd. लाई रु.२ करोड
- सिद्दार्थ शर्मालाई कुलरु.३१.५० लाख
- Anuska Parajuli लाई रु. २ करोड
- Shishir Paudyal लाई रु. ५२ लाख
- Arun Foods Pvt. Ltd लाई मिति रु.५० लाख
- कमला अधिकारी शर्मालाई रु. २.६५ करोड
- बाँकी रकमबाट विभिन्न फुटकर भुक्तानी गरिएको

**कमला अधिकारी शर्मा(NIMB) मा प्राप्त रु. २.६५ करोडबाट भएका भुक्तानीहरु:**

- Lumbini Agro Products and Research Center Pvt. Ltd. लाई रु १.२६ करोड (१ लाख + १.२५ करोड) बाट १.२५ करोड रकम कर्जा भुक्तानीमा प्रयोग भएको,
- Euro Star Group Industries Pvt. Ltd. लाई रु.६.६० लाख,
- Arun Foods Pvt Ltd. लाई रु ५० लाख (कर्जा भुक्तानीमा प्रयोग भएको),
- ऋणीको प्रभु बैंक लि. स्थित चल्ती खातामा रु.५० लाख (कर्जा भुक्तानीमा प्रयोग भएको) र
- शशिधर शर्माको नाममा inward clearing मार्फत रु.१८.१० लाख रकमान्तर गरि बाँकी रकम सोहि खातामा मौज्दात रहेको ।

__अभियुक्त उपरको अभियोगः__

**प्रस्तुत मुद्दा नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो लाजिम्पाट, काठमाडौंबाट अनुसन्धान कार्य सम्पन्न भई निर्णयार्थ पेश भएको सक्कल मिसिल अध्ययन गरी हेर्दा,** नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयको प.सं:ग.का/अख्तियार/२०३/०८२/८३,मिति २०८३/०३/१५ गतेको पत्रमार्फत एशियन भिलेज रिसोर्ट प्रा.लि.ले प्रभु बैंक लिमिटेडबाट लिएको रु. ४८,००,००,०००।—(अड्चालिस करोड) कर्जा व्यावसायिक प्रयोजनमा नलगाई उदेश्य बिपरित अन्यत्र लगाएको र ऋण लिंदाका बखत कम्पनीका नाउँका जग्गाहरु समेत बैंकको नाममा दृष्टीबन्धक समेत नगरी पछि गर्ने भन्ने कबुलियतनामा कागज गराई कर्जा लेना देना भएको सम्बन्धमा नेपाल राष्ट्र बैंक सुपरीवेक्षण विभागबाट तयार गरिएको विशेष स्थलगत निरीक्षण प्रतिवेदन प्राप्त भई अनुसन्धान प्रारम्भ भएको प्रस्तुत कसूर मुद्दामा अनुसन्धानको सिलसिलामा मिसिल संलग्न नेपाल राष्ट्र बैंक, सुपरिवेक्षण विभागको विशेष स्थलगत निरीक्षण प्रतिवेदन २०८३, असार, प्रभु बैंक लि. बाट प्राप्त एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको आवधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड) प्रवाह गर्ने क्रममा तयार भएका Credit Appraisal, कर्जा सुविधा प्रस्ताव पत्र, कर्जा आवेदन फारम, कर्जा रकम भुक्तानी पत्र लगायतका कागजातहरु, Advance Loan disbursement/pre disbursement स्विकृती, शंसोधित कर्जा सुविधा प्रस्ताव पत्र, ठाडो रोक्का गर्ने सम्वन्धमा आदान प्रदान भएका Email correspondence लगायतका कागजातहरु, प्रभु बैंक लि.को संचालक समितिको निर्णय बमोजिम एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको आवधिक कर्जा रु.४८ करोडमा देखिएका त्रुटी तथा लापरवाहीका सम्बन्धमा प्रभु बैंक लि.बाट गठित जाँचबुझ समितिले पेश गरेको छानबिन प्रतिवेदन, विभिन्न बैंकहरुबाट प्राप्त खाता कारोवारको विवरण, कारोवारसँग सम्बन्धित चेक, भौचरका प्रतिलिपीहरु, प्रतिवादीहरु शशिधर शर्मा, शिशिर पौड्याल, रश्मी पन्त, सन्तोष ज्ञवाली, राजेन्द्र श्रेष्ठ र नन्दराज जोशी समेतको बयान, मौकामा बुझीएका बैंकका कर्मचारीहरुको घटना विवरण कागज, विभिन्न कार्यालयबाट प्राप्त पत्र जवाफ समेतबाट प्रतिवादी शशिधर शर्मा एकल संचालक रहेको एशियन भिलेज रिसोर्ट प्रा.लि.ले मायादेवी गाउँपालिका वडा नं ४, रुपन्देहीमा रिसोर्ट निर्माणका लागि आवश्यक पर्ने जग्गा खरिद गर्ने, प्रवाह हुने कर्जाको रकम जग्गा विक्रेता वा परीयोजनाको ठेकेदारलाई सोझै भुक्तानी गर्ने उद्देश्य उल्लेख गरी कर्जा माग गरी सोही अनुरुप कर्जा टिप्पणी लगायतका कागजात तयार भएकोमा कर्जा टिप्पणी उठान हुँदा प्रस्तावित जग्गाधनिको नाममा जग्गा दर्ता र सो जग्गा बैंकको नाममा दृष्टिबन्धक लिखत पारित भए पश्चात मात्र कर्जा प्रवाह गरिने भनि उल्लेख भएको शर्त बिपरित प्रभु बैंक लिमिटेड मणिग्राम शाखाका Relationship Manager (कर्जा अधिकृत)ले बैंकको प्रमुख व्यवसाय अधिकृतलाई सम्बोधन गर्दै मिति सन् १२/०२/२०२५ मा ईमेल गरी एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा स्वीकृत भएको कर्जाको टिप्पणीमा एशियन भिलेज रिसोर्ट प्रा.लि.ले जग्गा खरिद गरेपश्चात उक्त प्रा.लि.को नाममा कायम हुन आउने जग्गाहरु बैंकको नाममा दृष्टिबन्धक भएपश्चात मात्र स्वीकृत आवधिक कर्जा निकाशा/प्रवाह गर्ने उल्लेख भए भन्दा फरक तरिका तथा एशियन भिलेज रिसोर्टको नाममा कर्जा प्रवाह गर्ने क्रममा तयार भएको बैंकको कर्जा टिप्पणी(Credit Appraisal-CMS Ref No CPID-81/82-007-00000021074) मा Pre-Disbursement को अवस्था बारे

उल्लेख नहुँदा नहुँदै Pre-Disbursement को सम्बन्धमा बैंकले कार्यान्वयनमा ल्याएको/स्थापित प्रणाली, CMS(Credit management System) उपलब्ध हुँदा हुँदै आवश्यकता र नीतिगत व्यवस्थाको पर्याप्त विश्लेषण नगरी हालका लागि कर्जा टिप्पणीमा उल्लिखित जग्गाहरु बैंकको नाममा दृष्टिबन्धक हुनु अगावै धितोको रुपमा कायम रहने जग्गाको Fair Market Value को ५० प्रतिशत रकम मात्र Pre-disbursement गरिदिने भनि मणिग्राम शाखाका Relationship Manager (कर्जा अधिकृत)ले ईमेल पठाई प्रमुख व्यवसाय अधिकृतले Support तथा बैंकका तत्कालिन प्रमुख कार्यकारी अधिकृतले स्वीकृत गरी यस अघि स्वीकृत कर्जा टिप्पणीमा संशोधन गरी मिति सन् १७/०२/२०२५(२०८१/११/०५) मा कर्जा रकम मध्ये रु.३१ करोड प्रवाह गरेको, प्रवाह गरिएको उक्त कर्जा रकम प्रयोजन बमोजिम सदुपयोगीता सुनिश्चित नभएकै अवस्थामा पछिल्लो रु.१७ करोड समेत मिति सन् १०/०३/२०२५(२०८१/११/२६) मा प्रवाह गरी स्वीकृत आवधिक कर्जा सिमाको सम्पूर्ण रकम रु. ४८ करोड नै बैंकको आन्तरिक निर्देशिका विपरित हुनेगरी पर्याप्त धितो सुरक्षण (दृष्टिवन्धक रोक्का) नराखी प्रवाह गरेको, बैंकले मिति २०८१/१०/०४ मा प्रस्ताव गरी ऋणीले मिति २०८१/११/०२ मा स्वीकार गरेको कर्जा सुविधा प्रस्तावपत्र(Offer Letter)को बुँदा नं. २.३ मा कम्पनी स्वयंमको नाममा खरिद भई आउने जायजेथा बैंकको नाममा धितोबन्धक लिखत पारित गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरेकोमा मिति २०८१/१२/२७ मा संशोधित कर्जा सुविधा प्रस्ताव पत्रमार्फत उल्लेखित व्यवस्था(बुँदा २.३) संशोधन गरी घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत यस बैंकका नाममा पत्रद्वारा रोक्का गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरी जायजेथा ऋणीको नाममा दर्ता/नामसारी गरी दृष्टिबन्धक रोक्का गर्ने सम्बन्धमा कुनै व्यवस्था नगरी विक्रेताकै नाममा रहेको अवस्थामै रोक्का राख्ने व्यवस्था गरी कर्जा प्रवाह गरेको, ऋणीले जग्गा खरिद गर्ने प्रयोजनले लिएको आवधिक कर्जाको रकमबाट खरिद गर्ने भनिएका जग्गाहरु खरिद नगरी, बैंकको नाममा धितो दृष्टिबन्धक नगराई कर्जाको रकम विभिन्न खाताहरुमार्फत routing गरी एकै समुहका सस्थाहरुको कर्जा बापतको साँवा र ब्याज भुक्तानी गर्न प्रयोग गरेको, यथेस्ट कारण एवम् प्रयोजन नखुलाई ऋणीसँगको स्पष्ट व्यावसायिक सम्बन्ध समेत नदेखिएका अन्य विभिन्न व्यक्ति तया संस्थाहरुलाई भुक्तानी गरी ऋणी एशियन भिलेज रिसोर्ट प्रा.लि.का तत्कलिन संचालक शिशर पौड्याल, हालका संचालक शशिधर शर्मा र प्रभु बैंक लि.का तत्कालिन प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन, प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्त, प्रभु बैंक लि. प्रधान कार्यालय कर्जा असुली विभागमा रही प्रदेश नं.५,६ र ७ को असुली प्रमुखको रुपमा रहेका नन्द राज जोशी, मणिग्राम शाखाका शाखा प्रवन्धक सन्तोष ज्ञवाली, Relationship Manager (कर्जा प्रमुख) राजेन्द्र श्रेष्ठ समेतको मिलेमतोमा एशियन मिलेज रिसोर्ट प्रा.लि लाई पर्याप्त धितो सुरक्षणको व्यवस्था नगरी तथा बैंककै आन्तरिक निर्देशिका विपरित हुनेगरी आवधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड) प्रवाह गरी बैंकको श्रोत साधनको दुरुपयोग गरे गराएको तथा प्रभु बैंक लि. बाट एशियन भिलेज रिसोर्टको नाममा जग्गा खरिदको लागि प्रवाह भएको आवधिक कर्जा उदेश्य अनुरुपको व्यावसायिक प्रयोजनमा प्रयोग नगरी प्रतिवादीहरुले कर्जाको दुरुपयोग गरी गराई तथा बैंकलाई हानी नोक्सानी पुऱ्याउन नहुँने कसूरजन्य कार्य गरी बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ बमोजिम कसूर अपराध गरेको वारदात स्थापित हुन आयो ।

**अब अभियोजन तर्फ प्रतिवीहरुको कसूरमा संलग्नता तथा भुमिका बारेमा विवेचना गर्दा,** नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयको प.सं:ग.का/अख्तियार/२०३/ ०८२/८३, मिति २०८३/०३/३० गतेको पत्रबाट एशियन भिलेज रिसोर्ट प्रा.लि.ले प्रभु बैंक लिमिटेडबाट लिएको रु.४८ करोड कर्जा व्यावसायिक प्रयोजनमा नलगाई उदेश्य बिपरित अन्यत्र लगाएको र ऋण लिंदाका बखत कम्पनीका नाउँका जग्गाहरु समेत बैंकको नाममा दृष्टीबन्धक समेत नगरी पछि गर्ने भन्ने कबुलियतनामा कागज गराई कर्जा लेना देना भएको सम्बन्धमा नेपाल राष्ट्र बैंक सुपरीवेक्षण विभागबाट तयार गरिएको विशेष स्थलगत निरीक्षण प्रतिवेदन प्राप्त भएकोमा उक्त प्रतिवेदनमा एशियन भिलेज रिसोर्ट प्रा.लि.ले मायादेवी गाउँपालिका वडा नं ४, रुपन्देहीमा रिसोर्ट निर्माणका लागि आवश्यक पर्ने जग्गा खरिद गर्ने, प्रवाह हुने कर्जाको रकम जग्गा विक्रेता वा परियोजनाको ठेकेदारलाई सोझै भुक्तानी गर्ने उद्देश्य उल्लेख गरी प्रभु बैंक लि. बाट लिएको रु. ४८ करोड कर्जा रकमलाई निरीक्षण अवधिसम्म जग्गा खरिद नगरी अध्यक्षको पारिवारिक सम्बन्ध देखिएका व्यक्तिहरुका खातामा रकमान्तर गरी अन्तिममा विभिन्न व्यक्ति तथा संस्थालाई भुक्तानी गरेको, ऋणीको एकै समूहमा कायम रहेका कम्पनीहरुको कर्जा बापतको वक्यौता भुक्तानी गर्न प्रयोग गरेको । सो सम्बन्धमा उल्लिखित प्रकृया बमोजिम कर्जा रकम दुरुपयोग भएको देखिएको र उक्त कर्जा प्रवाहका क्रममा भएका अभ्यास एवम् कर्जा प्रवाह पश्चात कर्जा रकम विभिन्न प्रयोजनमा लगाएको देखिएबाट प्रभु बैंक लि.ले एशियन भिलेज रिसोर्ट प्रा.लि लाई पर्याप्त धितो सुरक्षणको व्यवस्था नगरी तथा बैंककै आन्तरिक निर्देशिका विपरित हुनेगरी कर्जा प्रवाह गरेको र ऋणी कम्पनीले समेत कर्जाको रकम उद्देश्य अनुसारको कार्यमा खर्च नगरी अन्यत्र खर्च गरेको देखिन आएकोले सो कार्य बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ८ बमोजिम कारवाही तथा थप अनुसन्धान हुन भन्ने समेत ब्यहोराको नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयको प.सं: ग.का./अख्तियार/०८२/८३, मिति २०८३/०३/३० गतेको पत्र समेतको प्रतिवेदन/जाहेरीलाई समर्थन हुने गरी प्रहरी प्रतिवेदन र प्रभु बैंकको आन्तरिक छानविन समितिको प्रतिवेदन समेतबाट प्रतिवादीहरुले कर्जाको दुरुपयोग गरी गराई तथा बैंकलाई हानी नोक्सानी पुऱ्याउन नहुँने कसूरजन्य कार्य गरेको देखियो।

**प्रतिवादी शशिधर शर्माले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा,** Asian Village Resort प्रा.लि. म एकल सञ्चालक रहेको कम्पनी हो। म उक्त कम्पनीको अध्यक्ष हुँ । कम्पनीको दैनिक सञ्चालन, बैंकिङ कारोबार र वित्तीय निर्णय लगायतका व्यवहार म आफैले गर्दछु । खाता हाल मेरै एकल हस्ताक्षर बाट सञ्चालनमा रहेको छ । पहिले २५ लाख चुक्ता पुंजी रहेकोमा बिभिन्न मितिमा पूँजी वृद्धि गरि हाल चुक्ता पुँजी ९८ करोड ९५ लाख कायम रहेको छ। चुक्ता पुँजी बृद्दीको एकिन मिति याद भएन । हाल म एकल सञ्चालक रहेको छु। Asian Village Resort प्रा.लि. को उदेश्य १५१ बेडरुमको ५ तारे होटल बनाउने रहेको छ । शिशिर पौड्याल मेरो आफ्नो सहोदर भाई हुन् । सुरुमा Asian Village

Resort प्रा.लि. निज शिशिर पौडेलको पूर्ण स्वामित्वमा रहेता पनि उक्त कम्पनी सुरूवातमा खरिद गर्दादेखि नै सम्पूर्ण व्यबहार म आँफैले गर्दै आएको थिएँ । उक्त एशियन भिलेज रिसोर्ट तिलोत्तमा न.पा. को कोटिहवामा संचालन गर्ने भनी कुलचन्द्र पाण्डेले सुरुमा दर्ता गरी कुनै काम गरेको थिएनन्। मैले निजसँग उक्त कम्पनी खरिद गर्दा मेरो सहोदर भाई शिशिर पौड्यालको नाममा खरिद गरी तिलोत्तमा न.पा. को कोटिहवामा जग्गा थोरै भएको कारण मायादेबी गा.पा. ४ मा रिसोर्ट स्थापना गर्न उपयुक्त हुने, जग्गा र स्थानको हिसाबले पनि राम्रो भएको हुँदा उक्त मायादेबी गा.पा. ४ मा जग्गा प्राप्ती र आयोजना विस्तार गर्न शिशिर पौड्यालको नामबाट मेरो नाममा शेयर हस्तान्तरण भएको थियो। शिशिर पौड्यालको नाममा रहेता पनि व्यबहार म आफैले गर्ने गरि सञ्चालन गरेको र मेरो सहोदर भाई मार्फत हस्तान्तरण भएकोले सामान्य घरव्यबहारमा हिसाब मिलान भएको थियो। उक्त पूँजी र दायित्वको समेत यथावत रूपमा म आँफैले वहन गर्ने गरि हस्तारण गरिएको हो। शिशिर पौड्याल मेरो सहोदर भाई हुन। प्रभु बैंक लि.बाट कर्जा लिंदाका बखत तयार भएको कर्जा सुबिधा प्रस्ताब पत्र(Offer Letter) को बुँदा ७.८ क मा उल्लेख गरेको उक्त शर्तवारे मलाई शेयर हस्तान्तरणको दौरानमा याद भएन। असल मनसायका साथ शेयर हस्तान्तरण गरि सम्पूर्ण रूपमा कम्पनीको दायित्वप्रति म उत्तिकै जिम्मेवार छु । Butwal Housing Company को प्रवन्ध सञ्चालक मेरो धर्मपत्नी कमला अधिकारी शर्मा रहेको छन। यसमा म र मेरो परिवारको लगानी रहेको छ। मेरो सम्झनामा रहे अनुसार मिति सन् १३/१०/२०२३ मा लिइएको रु. १३ करोड Bridge Gap Loan (BGL) को प्रयोजन सम्झौतामा उल्लेख भए अनुसार हुनुपर्छ हाल मलाई एकिन भएन। उक्त रकम प्रयोग सम्बन्धमा व्यबसायिक प्रयोजनमा उदेश्य बमोजिम नै हुनुपर्छ हाल मलाई एकिन भएन। उक्त रु.१३ करोड मिति सन् ३१/१०/२०२३ मा Butwal Housing Company Pvt. Ltd. को नाममा दर्ता रहेको जग्गा एशिएन भिलेज रिसोर्टमा नामसारी गरी ल्याउने प्रयोजनार्थ दिईएको थियो। उक्त जग्गा मध्ये बैकमा रोक्का नरहेको जग्गा मध्ये नामसारी भई आएको र केही जग्गा नामसारी हुन वाँकी हुनुपर्छ। उक्त कर्जाको नियमानुसार व्याज तथा साँवा भुक्तानी भईसकेको छ। उक्त कर्जा चुक्ता गर्न थप कर्जाको रकम प्रयोग भएको छ। प्रयोजन सम्झौतामा उल्लेख भए अनुसार एशियन भिलेज रिसोर्टका लागि चाहिने थप जग्गा खरिद गर्न नै हो। बैकको प्रचलित नियमानुसार माग भएका तथा तयार गरिएका रिपोर्ट अनुसार नै विवरणहरू उपलव्ध गराईएको हो। धनकुमारी पौड्याल, कमला अधिकारी शर्मा र कृष्ण कुमारी पौड्यालका नाममा रहेको करिब ५ बिघा जति जमिन, जुलुश शर्माको नाममा रहेको करिब १ बिघा जमिन, म आफ्नै नाममा रहेका करिब ३ बिघा जमिन, बुटवल हाउजिङको नाममा रहेको करिब २ बिघा जमिन र केही स्थानीय किसानहरूको नाममा रहेको अन्दाजी १ बिघा जमिन मध्येको जम्मा १० बिघा जमिन एकमुष्ठ रू १ अर्व मूल्यमा किन्ने योजना थियो। उक्त जग्गाहरू कर्जाको शर्त बमोजिम नै खरिद गरी बिक्रेताको खातामा भुक्तानी गरिएको छ। उक्त रकम कर्जाको प्रयोजन बमोजिम पेश्की स्वरूप नै सम्बन्धित जग्गाधनिलाई भुक्तानी दिइएको हो। शर्त अनुसार नै जग्गाको खरिद प्रकृया सुरू भएता पनि खरिद प्रकृया प्रभु बैकले ठाडो रोक्का राखी फुकुवा नदिएकोले सम्पन्न हुन नसकेको हो। उक्त रकम सम्बन्धित जग्गा धनीलाई पेश्की स्वरूप नै दिइएको हो। उक्त रकम व्यबसायिक प्रयोजन र शर्तअनुसार नै सदुपयोग र उद्देश्य मुताबिक नै प्रयोग भईरहेको छ। यसमा मैले कर्जा दुरूपयोग गरेको

छैन र दुरूपयोग गर्ने कुनै मनसाय समेत राखेको छैन। प्राप्त कर्जाको रकम बैना/पेश्की स्वरूप सम्बन्धित जग्गाधनिको नाममा रकमान्तर नियमानुसार नै गरिएको हो। कम्पनीको नियमानुसार कम्पनीको अध्यक्षको हैसियतले यि निर्णयहरू म आफैले गरको हुँ। बैकिङ प्रणाली अनुसार गरिएका कारोवारहरू भएकोले कारोवार मिश्रण गरी श्रोतको पहिचान लुकाउने मेरो कुनै उद्देश्य र कुनै पनि गैह्रकानुनी एवम् गलत मनसाय छैन। मैले यो कर्जा लिनु भन्दा पहिले बुटवल हाउजिङ कम्पनी प्रा.लि.को करिब ६ बिगाहा जग्गा धितो राखी रु.१५ करोड पनि कर्जा लिएको थिए। उक्त कर्जा चुक्ता भए पश्चात पनि मैले कुनै जग्गा फुकुवा लिएको थिइन। एसियन भिलेज रिसोर्ट प्रा.लि.को करिब ८ कठ्ठा जग्गा धितो राखी लिएको रु.१३ करोडको ब्रिज ग्याप कर्जा चुक्ता भए पश्चात पनि धितोमा राखिएको जग्गा फुकुवा लिएको थिईन। सोही आधारमा मलाई विश्वास गरी कर्जा प्रवाह गरिएको हुनुपर्छ। पछि एसियन भिलेज रिसोर्टमा थप आएको ४ बिगाहा जग्गा धन कुमारी पौडेल, कृष्ण कुमारी पौडेल र कमला अधिकारीको संयुक्त नाममा रहेको करिब ५ बिगाहा शशिधर शर्मा र जुलुश शर्माको नाममा रहेको करिब २ बिगाहा जग्गा समेत रोक्का रहेको छ। बिचमा धनकुमारी पौड्याल, कमला अधिकारी शर्मा र कृष्ण कुमारी पौड्याल लगायतका मेरो परिवार र आफन्तको नाममा मायादेबी ४ मा रहेको अन्दाजी १० बिघा जमिन करिब असी करोडमा बिक्री गरि प्राप्त रकम समेतबाट पुँजी वृद्दि गरिएको हो। उल्लेखित रकमहरु धनकुमारी पौड्याल/कमला अधिकारी(शर्मा)/कृष्णा कुमारी पौड्याल, जुलुश शर्मा र म शशिधर शर्माको नाममा गएको सम्बन्धमा निजहरु जग्गा धनी रहेका र उक्त जग्गाहरु एशियन भिलेज रिसोर्टको नाममा आउने थप जग्गाहरु खरिद गर्नको लागि पेश्की स्वरुप दिएको रकम हो। धनकुमारी पौड्याल र कृष्णा कुमारी पौड्याल मेरो भाउजुहरु हुन्, कमला अधिकारी(शर्मा) मेरी श्रीमती हुन्। निजहरु तिनै जनाको संयुक्त नाममा जग्गा रहेको थियो। जुलुश शर्मा मेरो छोरा हुन् । उल्लेखित रकमहरु धनकुमारी पौड्याल/कमला अधिकारी(शर्मा)/कृष्णा कुमारी पौड्यालको नाममा गएको सम्बन्धमा निजहरु जग्गा धनी रहेका र उक्त जग्गाहरु एशियन भिलेज रिसोर्टको नाममा आउने थप जग्गाहरु खरिद गर्नको लागि पेश्की स्वरुप दिएको रकम हो। हाल उक्त जग्गाहरू रोक्का रहेका छन्। मैले एसियन भिलेज रिसोर्टको थप काम तथा अन्य प्रयोजनमा खर्च गर्नको लागि उक्त रकम मेरो खातामा रकमान्तर गरिएको हो। एकाघरको परिवारको रकम सरसापट तथा व्यबसायिक रूपमा प्रयोग गरिएको हो। उल्लेखित कारोबारको सम्वन्धमा म स्वयंले खर्च गरेको भनिएको रकमबाट एशियन भिलेज रिसोर्ट प्रा.लि.को पुरानो कर्जाको रकम चुक्ता गरेको हुँ। धन कुमारी पौडेल/ कमला अधिकारी(शर्मा)/कृष्णा कुमारी पौडेलको खातामा भुक्तानी गरेको रकम एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा जग्गा खरिद गर्नको लागि पेश्की दिएको रकम हो। महगु कोहारको नामको जग्गा एशियन भिलेज रिसोर्टको नाममा खरिद गरी सो बापत भुक्तानी दिईएको हो। लुम्बिनी एग्रो प्रोडक्स एण्ड रिसर्च सेन्टर प्रा.लि. र अरुण फुडस प्रा.लि. श्रीमती र मेरो नाममा रहेका कम्पनी हुन् उक्त कम्पनीको नाममा रकमान्तर भएको रकम सो कम्पनीको कर्जा रकम भुक्तानीमा प्रयोग भएको हो। सामुदायिक बिकास बचत तथा ऋण सहकारी संस्थाको म र मेरी श्रीमती सदस्य समेत हौं। उक्त सहकारीमा भुक्तानी भएको रकम सहकारीबाट लिएको कर्जा रकम तिर्न प्रयोग भएको हो। उर्मिला मालिसँग मैले काठमाडौं सोल्टिमोड स्थित अन्दाजी ३८ आना जग्गा करिब २ वर्ष अगाडि मेरो श्रीमती

कमला अधिकारीको नाममा खरिद गरेको थिएँ। निजलाई करिब रु. १५.७० करोड रकम श्रीमती कमला अधिकारीको खाताबाट जग्गा खरिद बापत दिएको हो। युरो स्टार ग्रुप ईण्डष्ट्रिज प्रा.लि.मेरो ९५% शेयर रहेको कम्पनी हो । सो कम्पनीको नाममा गएको रकम उक्त कम्पनीको कर्जाको साँवा र ब्याजको रकम तिर्न प्रयोग भएको रकम हो। लुम्बिनी मोटर्स प्रा.लि.को नाममा गएको रकम समेत उक्त कम्पनीको साँवा र ब्याज तिर्न प्रयोग भएको हो। सिद्धार्थ शर्मा मेरो छोरा हुन् । निजलाई कुनै कारोवारको रकम तिर्नको लागि भुक्तानी दिएको हुनुपर्छ। शिशिर पौडेल मेरो सहोदर भाई हुन। निजलाई कुनै कामको लागि सापटी दिएको हुनुपर्छ। अनुष्का पराजुली मेरो छोरा-बुहारी हुन। सोल्टिमोड स्थित जग्गाको कारोवारको दौरानमा प्रशासनिक तथा राजश्वको लागि आवश्यक पर्नसक्ने भएकोले उनलाई रू २ करोड दिएको हुनुपर्छ। नेशनल लाईफ ईन्स्योरेन्स प्रा.लि.को नाममा भुक्तानी भएको रकम म र मेरी श्रीमतीको नामको बीमा बापतको किस्ता रकम भुक्तानी गर्न प्रयोग भएको हो। मैले कर्जा रकमको दुरुपयोग गरेको छैन। मैले  एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा करिब १०० करोड बराबरको जग्गा खरिद गर्नु पर्ने हो। मैले जम्मा ४८ करोड ऋण लिएको छु। सो ऋण रकम सम्वन्धित जग्गाधनीलाई पेश्की स्वरुप दिएको छु। पुरा रकम चुक्ता गर्न नसकेको कारण कम्पनीको नाममा जग्गा नआएको हो। कर्जाको सम्पूर्ण प्रकृयामा म प्रभु बैंक लि. मणिग्राम शाखाको शाखा प्रमुख सन्तोष ज्ञवालीसँग मात्र सम्पर्कमा थिए .। जग्गा कम्पनीको नाममा नामसारी गर्दा जो जसको नाममा जग्गा रहेको छ, उसको नाममा कम्पनीबाट पैसा गएको देखिनु पर्ने भएको हुँदा पैसा विभिन्न व्यक्तिको खातामा गई घुमेको देखिएको हो। वास्तविक अन्तिम लाभग्राही सम्बन्धित जग्गा धनीहरु हुन् । माथि उल्लेखित रु.४८ करोड कर्जाबाट एशियन भिलेज रिसोर्ट प्रा.लि. को नाममा ४ बिगाहा जग्गा आईसकेको छ। करिब ६ बिगाहा जग्गा बैना भई पेश्की गईसकेको छ । केही जग्गा एशियन भिलेज रिसोर्ट प्रा.लि. को नाममा आउन बाँकी रहेको छ। पर्याप्त धितो भएकोले उक्त कर्जा सुरक्षित छ। उक्त रकम चुक्ता गर्न मेरो र परिवारका नाममा रहेका चल तथा अचल सम्पत्तीहरू आवश्यकता अनुसार बिक्री, कम्पनीले निकट भविश्यमा गर्ने व्यबसायिक आम्दानी लगायत छ। म र म संलग्न रहेका कम्पनीहरु र एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको कर्जा समेत गरी प्रभु बैंक लि.मा करिब ९८ करोड , साईन रेसुङ्गा बैंक लि.मा करिब २५ करोड, सामूहिक वचत तथा ऋण सहकारी संस्था लि मा मेरो श्रीमती कमला अधिकारीको नाउमा अन्दाजी ५० लाख र नेशनल लाईफ ईन्स्योरेन्स कम्पनी लि.मा अन्दाजी ७० लाख जति कर्जा रहेको मैले गरेको कारोवारहरू बैकिङ प्रणाली मार्फत गर्ने गरेको छु भन्ने समेत ब्यहोराको प्रतिवादी शशिधर शर्माको बयानबाट खुलिआएको देखिन्छ ।

**प्रतिवादी शिशिर पौड्यालले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा,** Asian Village Resort प्रा.लि. म एकल सञ्चालक रहेको कम्पनी थियो । अन्दाजी एक वर्ष देखि उक्त कम्पनी मेरो दाजुको नाममा रहेको छ, मिति पछि एकिन गरि खुलाउनेछु । यसपूर्व मेरो नाममा दर्ता रहको भएतापनि उक्त कम्पनीको सम्पूर्ण सम्पत्ती तथा दायित्व मेरो दाजुले निर्वाह गर्ने गर्नुभएको थियो र हाल समेत कम्पनीको दैनिक सञ्चालन, बैंकिङ कारोबार र वित्तीय निर्णय लगायतका व्यवहार मेरो दाजु शशिधर

शर्माले गर्नुहुन्छ । खाता तत्कालिन समयमा मेरो दस्तखत र हाल मेरो दाजुको एकल हस्ताक्षर बाट सञ्चालनमा रहेको छ ।प्रभु बैंक लि. बाट कर्जा लिँदाका बखत तयार भएको कर्जा सुबिधा प्रस्ताब पत्र (Offer Letter) को बूँदा ७.८ क मा उल्लेख गरेको उक्त शर्त सम्बन्धमा जानकारी छ । कम्पनीको शेयर स्वामित्व परिवर्तन गर्दा प्रभु बैंकको पूर्वस्वीकृती लिएको वारेमा मलाई एकिन जानकारी भएन। कानुन बमोजिम शेयर हस्तान्तरण कम्पनी रजिष्ट्रारको कार्यालय मार्फत भएकोले सम्पूर्ण रूपमा कम्पनीको दायित्व मेरो दाजु शशिधर शर्माको हो। मेरो सम्झनामा रहे अनुसार मिति सन् १३/१०/२०२३ मा लिइएको रु.१३ करोड Bridge Gap Loan (BGL) को प्रयोजन सम्झौतामा उल्लेख भए अनुसार हुनुपर्छ हाल मलाई एकिन भएन। उक्त रकम प्रयोग सम्बन्धमा ब्यवसायिक प्रयोजनमा उदेश्य बमोजिम नै प्रयोग गरिएको हो । उक्त रु.१३ करोड मिति सन् ३१/१०/२०२३ मा Butwal Housing Company Pvt. Ltd. को नाममा दर्ता रहेको जग्गा एशियन भिलेज रिसोर्टमा नामसारी गरि ल्याउने प्रयोजनार्थ दिईएको थियो। उक्त जग्गा मध्ये बैंकमा रोक्का नरहेको जग्गा मध्ये नामसारी भई आएको र केही जग्गा नामसारी हुन बाँकी छ। धनकुमारी पौड्याल, कमला अधिकारी शर्मा र कृष्ण कुमारी पौड्यालका नाममा रहेको करिब ५ बिघा जति जमिन, जुलुश शर्माको नाममा रहेको करिब १ बिघा जमिन, शशिधर शर्माको नाममा रहेका करिब ३ बिघा जमिन, बुटवल हाउजिङको नाममा रहेको करिब २ बिघा जमिन र केही स्थानीय किसानहरूको नाममा रहेको अन्दाजी १ बिघा जमिन मध्येको जम्मा १० बिघा जमिन एकमुष्ठ खरिद गर्ने योजना सम्म जानकारी छ सोही अनुसार शशिधर शर्माले सम्पूर्ण कार्य गरेको हुन निज मार्फत बुझिपाँउ ।उक्त रकम समेत जग्गा खरिद गर्ने प्रयोजनको लागि जगा धनीलाई नै बैना स्वरूप भुक्तानी भएको हो। सम्पूर्ण आर्थीक व्यवहार मेरो दाजु शशिधर शर्माले गर्नुभएको हो। निजसंग विस्तृत बुझिपाउँ । मलाई यसै सवाल संलग्न फोटो तथा मिसिल संलग्न बैकबाट प्राप्त एशियन भिलेज रिसोर्टका नामको प्रभु बैक लि. बाट जारी भएका चेकमा रहेका हस्ताक्षर देखाउदा हेरि चिनी सनाखत गरिदिएँ उक्त चेकहरू मैले नै हस्ताक्षर गरि मेरो दाजु शशिधर शर्मासंगको सल्लाहमा जारी गरेको हो ।उक्त रकम सम्बन्धित जग्गा धनीलाई पेश्की स्वरूप नै दिइएको हो । सम्पूर्ण प्रोजेक्ट संचालन र त्यसको व्यबहार मेरो दाजुले गरेको हुनाले विस्तृत जानकारी छैन। मेरो जानकारी रहेसम्म यस आयोजनाको लागि ठूलो लगानी आवश्यक पर्ने भएकोले उक्त रकम जग्गा खरिदमा प्रयोग भएको ठिक साँचो हो। मेले कर्जा दुरूपयोग गरेको छैन र दुरूपयोग गर्ने कुनै मनसाय समेत राखेको छैन। प्राप्त कर्जाको रकम बैना/पेश्की स्वरूप सम्बन्धित जग्गाधनिको नाममा रकमान्तर नियमानुसार नै गरिएको हो। कम्पनीको नियमानुसार कम्पनीको अध्यक्षको हैसियतले सम्बन्धित जग्गा धनिलाई मैले जारी गरेको हुँ। सो पश्चात जग्गा धनिहरूले गरेका कारोवार र व्यबहार एकै परिवार भित्रका व्यक्तिहरूले के कसरी प्रयोग गरेका हुन मलाई जानकारी भएन, मेरो दाजु शशिधर शर्मालाई होला । यसमा मेरो कुनै गलत उद्देश्य र कुनै पनि गैह्रकानुनी एवम् गलत मनसाय छैन। एसियन भिलेज रिसोर्ट प्रा.लि. को करिब ८ कठ्ठा जग्गा धितो राखी लिएको रु.१३ करोडको ब्रिज ग्याप कर्जा चुक्ता भए पश्चात पनि धितोमा राखिएको जग्गा फुकुवा गरिएको छैन। हाल सम्म रोक्का राखिएका जग्गाहरू कर्जाको मूल्याङ्कन भन्दा अधिक छ। त्यसै विश्वासमा कर्जा प्रवाह गरिएको होला। मेरो व्यक्तिगत रूपमा उच्च व्यबस्थापन तथा बैकका कर्मचारीहरूसंग कुनै सम्बन्ध छैन। उल्लेखित रकमहरु धनकुमारी

पौड्याल/कमला अधिकारी(शर्मा)/कृष्णा कुमारी पौड्याल, जुलुश शर्मा र शशिधर शर्माको नाममा गएको सम्बन्धमा निजहरु जग्गा धनी रहेका र उक्त जग्गाहरु एशियन भिलेज रिसोर्टको नाममा आउने थप जग्गाहरु खरिद गर्नको लागि पेश्की स्वरुप दिएको रकम हो। धनकुमारी पौड्याल र कृष्णा कुमारी पौड्याल, कमला अधिकारी(शर्मा) मेरो भाउजुहरु हुन्। निजहरु तिनै जनाको संयुक्त नाममा जग्गा रहेको थियो। जुलुश शर्मा दाईको छोरा हुन् निजको हकमा समेत जग्गा बापत भुक्तानी भएको हो । उल्लेखित रकमहरु धनकुमारी पौड्याल/कमला अधिकारी(शर्मा)/कृष्णा कुमारी पौड्यालको नाममा गएको सम्बन्धमा निजहरु जग्गा धनी रहेका र उक्त जग्गाहरु एशियन भिलेज रिसोर्टको नाममा आउने थप जग्गाहरु खरिद गर्नको लागि पेश्की स्वरुप दिएको रकम हो। हाल उक्त जग्गाहरू रोक्का रहेका छन्। उल्लेखित कारोबारको सम्वन्धमा म स्वयंले खर्च गरेको भनिएको रकमबाट एशियन भिलेज रिसोर्ट प्रा.लि.को पुरानो कर्जाको रकम चुक्ता गरेको हो र महगु कोहारको नामको जग्गा एशियन भिलेज रिसोर्टको नाममा खरिद गरी सो बापत भुक्तानी दिईएको हो। उक्त रकम मेरो छोरी क्यानडा भएको र उनको दिक्षान्त समारोहमा अभिभावकको रूपमा जानको लागि One Day Statement देखाउनको लागि दाजुसंग सापटी मागेको हो । सो रकम मेरो खाताबाट मैले फिर्ता गरिसकेको छु । मैले कर्जा रकमको दुरुपयोग गरेको छैन। मैले मेरो दाजुको सल्लाह सुझाबमा जम्मा ४८ करोड ऋण लिएको थिए । कानुन बमोजिम सम्पत्ती र दायित्व समेत दाजु शशिधर शर्मालाई हस्तान्तरण गरिदिएको छु । निजले सम्पूर्ण दायित्वको जिम्मेवारी समेत लिइसकेका छन । कर्जाको सम्पूर्ण प्रकृयामा म र मेरो दाजु प्रभु बैंक लि. मणिग्राम शाखाको शाखा प्रमुख सन्तोष ज्ञवालीसँग मात्र सम्पर्कमा थियौ। निजसँग समेत कर्जा माग गर्न जाने क्रममा चिनजान भएको हो। कर्जा स्वीकृति/प्रवाह सहज बनाउन बैंकका कुनै पनि कर्मचारीलाई रकम, उपहार, कमिशन वा अन्य सुविधा लेनदेनको प्रस्ताव गरेको/भएको छैन। वास्तविक अन्तिम लाभग्राही सम्बन्धित जग्गा धनीहरु हुनुपर्छ । यसपूर्व खुलाएबमोजिम नै मेरो दाजुमा सम्पूर्ण दायित्व सरिसकेकोले कर्जा चुक्ताको दायित्व निजको हो । मेरो जानकारीमा रहे अनुसार उक्त कर्जा चुक्ताको लागि पर्याप्त धितो रहेकोले तिर्न सक्ने आधार छ। हाल म संलग्न रहेका कम्पनी सत्यम पोलिमर्स प्रा. लि. को नाममा प्रवाह भएको कर्जा अन्दाजी दुईकरोड पचास लाखमा मेरो शेयर लगत अनुसार दायित्व रहेको र मेरो व्यक्तिगत कर्जा NIC Asia बैंकमा रू १ करोड कर्जा रहेको छ भन्ने समेत ब्यहोराको प्रतिवादी शिशिर पौड्यालको बयानबाट खुलिआएको देखिन्छ ।

**प्रतिवादी रश्मी पन्तले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा,** प्रभु बैंक लि.को Credit Policy Guidelines को Waiver, Review, Repeal and savings अन्तर्गत उक्त कुरा उल्लेख रहेको छ । उल्लेखित कर्जामा सुरक्षणको लागि राखिने जग्गाहरु बैंकको नाममा दृष्टीबन्धक राख्ने भनि उल्लेख रहेको थियो तर तोकिएको समयावधी सम्म पनि ऋणीको नाममा जग्गा नामसारी नगरिएको हुँदा बैंकले माथि उल्लेखित कित्ताहरु सुरक्षणको लागि ठाडो रोक्का राखिएको हो । उक्त कर्जा ठाडो रोक्काको आधारमा मात्र दिईएको होईन । कर्जा स्विकृती पश्चात कर्जा फाईल सम्बन्धित मणिग्राम शाखामा गई मणिग्राम शाखाले रोक्का राख्ने काम गरेको हुँदा सो सम्बन्धमा मलाई एकिन भएन । माथि उल्लेखित जग्गाहरु दृष्टिबन्धक तथा ठाडो रोक्का समेत नहुनुको कारण शशिधर शर्माको नामबाट केही जग्गाहरु कित्ताकाट

भई ऋणी एशियन भिलेज रिसोर्टको नाममा गएकोमा ऋणीको नाममा गएका जग्गाहरु ठाडो रोक्का भईसकेको थियो । बुटवल हाउजिङ प्रा.लि.को नाममा रहेका जग्गाहरु प्रधान कार्यालयबाट पुरानो कर्जाको लागि रोक्का रहेको कारण प्रधान कार्यालयले तत्काल फुकुवा नगर्ने भएको हुँदा रोक्का नगरिएको हो । म बैंकमा कार्यरत रहे सम्म उक्त जगगाहरु प्रधान कार्यालयबाट रोक्का यथावत रहेको थियो । बैंकको Credit Policy अनुसार धितो रोक्का नराखिएको अवस्थामा पछि रोक्का भई समर्थन हुने गरी Pre-Disbursement गर्ने रकमको सिमा कर्जा स्विकृत गर्ने अख्तियार प्राप्त अधिकारीको कर्जा स्विकृत सिमा अनुसारको रहेको थियो । अन्य कुनै धितो नरहेको अवस्थामा ठाडो रोक्का मात्रै राखि दिनु पर्ने कर्जाको हकमा रु. १०,००,०००।—(दश लाख) सम्म मात्र प्रवाह गर्न मिल्छ । मिति सन् २०८१/१०/०४ मा प्रस्ताव गरी ऋणीले मिति २०८१/११/०२ मा स्वीकार गरेको कर्जा सुविधा प्रस्तावपत्र(Offer Letter) मा उल्लेख गरे बमोजिम ऋणीले कम्पनीको नाममा जग्गा नल्याई बैंकको नाममा दृष्टीबन्धक हुन नसकेको कारण धितो सुरक्षणको लागि कम्पनीको जग्गाहरु ठाडो रोक्का राख्नको लागि कर्जा सुविधा प्रस्तावपत्र(Offer Letter) मा संशोशन गरी गरिएको हो । सो समयमा मालपोत कार्यालयले बैंकको अनुरोधमा मात्र ठाडो रोक्का नराख्ने भएको हुँदा कम्पनीको पत्रबाट बैंकको नाममा रोक्का राख्ने शंसोधन गरिएको हो । मैले २०८२ सालको मंसिर महिना देखि बैंक छोडि सकेको हुँदा सो सम्बन्धमा मलाई जानकारी भएन । उक्त कर्जा बैंकको नीति नियम अनुसार प्रवाह भएको थियो । मैले बैंक छोड्दा सम्म ऋणीले कर्जाको किस्ता तिरी रहेका थिए। एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको रु.४८,००,००,०००।—(अड्चालिस करोड) को आवधिक कर्जा प्रभु बैंकको कर्जा नीति अन्तर्गत रही प्रवाह भएको हो । नेपाल राष्ट्र बैंकबाट गठित समितिले के कुन आधारमा उक्त कर्जामा Pre Disbursement गर्न मिल्दैन भनि खुलाएका हुन् सो सम्बन्धमा मलाई थाहा भएन । बैंकको Collateral Management Manual, 2016 (Third Amendment, 2024) मा दृष्टिबन्धक रोक्का नराखी कुनै विशेष कारणवश धितोको रुपमा कायम रहने जग्गाहरु बैंकको नाममा दृष्टिबन्धक हुन नसकेमा दृष्टिबन्धक अगावै Pre-Disbursement गर्न सकिने व्यवस्था समेत उल्लेख रहेको छ । साथै प्रभु बैंक लि.को Credit Policy Guidelines को Waiver, Review, Repeal and savings अन्तर्गत प्रमुख कार्यकारी अधिकृतले छुट तथा परिवर्तन गर्न सक्ने भनि प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान गरेको हुँदा मैले Support गरी प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गरेकोमा प्रमुख कार्यकारी अधिकृतबाट आफ्नो स्विकृत सिमा भित्र रही Pre Disbursement गरिएको हो । एशियन भिलेज रिसोर्ट प्रा.लि.को Site मणिग्राम शाखाबाट पायक पर्ने, Business Visit गर्न सजिलो हुने, नजिकको शाखा भएको हुँदा Site को Progress सम्बन्धमा जानकार भइ राख्ने, ऋणी समेत स्थानिय भएको हुँदा निजको Profile समेत थाहा भएको हुँदा भएको हुँदा मणिग्राम शाखामा उक्त आवधिक कर्जा रु.४८ करोडको कर्जा फाईल पठाईएको हो । फाईल फरवार्ड गर्न दबाब दिएको छैन । मैले मणिग्राम शाखाका शाखा प्रमुख र Relationship Manager समेतलाई सन् १० March २०२४ का दिन सम्पूर्ण कमेन्ट हटाई CMS नम्बर राखी दोश्रो Pre- Disbursement को लागि Email गर्न दबाब दिएको छैन । शाखा प्रवन्धक सन्तोष ज्ञवालीसँग उक्त प्रोजेक्टको सम्बन्धमा धितो राखिने जग्गाहरु रोक्का भयो, भएन, रोक्का नहुनुको कारण के हो ? रोक्का कहिले सम्म हुन्छ, यसबारेमा ऋणीसँग कुराकानी भयो भएन भनि सोधेको हुँ । निजलाई उक्त ईमेल फरवार्ड गर्न दबाब दिएको

होईन । मैले मणिग्राम शाखालाई उक्त कर्जाको Pre –Disbursement गर्ने सम्बन्धमा ईमेल गर्नको लागि कुनै ताकेता तथा निर्देशन दिएको छैन । म प्रमुख ब्यवसाय अधिकृत CBO रहदा मेरो कार्यालयमा १ जना सहयोगी कर्मचारी मात्र रहने गर्दथ्यो । निजले फाईलिङ गर्ने, Data हरु मिलाउने काम मात्र गर्ने गर्दथे । निजले शाखा कार्यालयहरुसँग समन्वय गर्ने काम गर्दैनथे । सो समयमा कार्यरत रहेका कर्मचारीको नाम हाल मैले बिर्सिय । CEO कार्यालयबाट ताकेता तथा निर्देशन दिए/नदिएको सम्बन्धमा मलाई थाहा छैन। CEO कार्यालयमा१०/१२ जना कर्मचारीहरु कार्यरत रहेका थिए । ऋणी एशियन भिलेज रिसोर्ट प्रा.लि.ले कर्जा प्रस्ताब पत्र तथा कर्जा टिप्पणी बमोजिम रिसोर्ट निर्माणको लागि आवश्यक पर्ने जग्गाहरु निजको पारिवारिक सम्बन्ध भएका ब्यक्तिहरुसँग खरिद गर्नको लागि ऋणीको खाताहरुबाट जग्गा खरिद गर्न लागिएका निजको पारिवारिक सम्बन्ध भएका ब्यक्तिहरुको खातामा रकमान्तर गरेको हो । सो पश्चात उक्त रकमहरु विभिन्न खातामा रकमान्तर गरिएको सम्बन्धमा जिम्मेवारी सम्बन्धित ऋणिको हुने गर्दछ । कर्जा रकमको दुरुपयोग भएको नभएको सम्वन्धमा अनुगमन निरीक्षण गर्ने जिम्मेवारी सम्बन्धित शाखा तथा सम्बन्धित प्रदेशको हुने गर्दछ । आवश्यक परेमा प्रधान कार्यालयको Risk Department को कर्मचारी समेत निरीक्षणमा जाने गर्दथ्यो । Business Site Visit Report (BSVR) सामान्यता सम्बन्धित शाखाले ३/३ महिना गर्नु पर्ने हो तर कार्य ब्यवस्था, काबु बाहिरको परिस्थिति आदिको कारण ढिलो गरी हुने गर्दछ । कर्जाको दुरुपयोग गर्नु हुदैन, कर्जाको दुरुपयोग गरेमा कानून बमोजिम कारबाही हुने गर्दछ तर प्रस्तुत कर्जाको हकमा कर्जा टिप्पणी अनुसार ऋणीको खाताबाट प्रस्ताबित जग्गा धनिको खातामा जग्गा खरिद गर्ने प्रयोजनको लागि रकम गएको हो । सो कारणले उक्त कर्जाको रकम दुरुपयोग भएको होईन । प्रस्ताबित जग्गाधनीको खातामा रकम गए पश्चात भएका कारोबारको सम्बन्धमा सम्बन्धित ऋणीनै जिम्मेवार हुने गर्दछ । उक्त कर्जा टिप्पणी बैंकको Credit Policy अन्तर्गत उठान भई नियमानुसार स्विकृत भएको हो । जग्गा खरिद गर्ने उदेश्यका लागि माग भएको कर्जामा Credit Policy ले दिएको अधिकार भित्र रही प्रमुख कार्यकारी अधिकृतले जग्गा खरिद गर्नकै लागि भनि Pre-Disbursement गरिएको हो । Pre-Disbursement भएको रकम ऋणीको खाताबाट कर्जा टिप्पणी तथा कर्जा प्रस्ताब पत्रमा उल्लेखित प्रस्ताबित जग्गा धनीको खातामा रकम गएको हुँदा उक्त कर्जा प्रवाह गैर कानूनी रुपमा भएको छैन । CMS प्रयोग नगरी email मार्फत प्रस्ताव तथा स्वीकृत गरिएको सम्बन्धमा CMS मा यस्ता प्रकृतिका ठुला कर्जा फाईलका थप Approval/जानकारी गराईदैनथ्यो । थप Approval/ जानकारी बैंकको आधिकारीक ईमेल मार्फतनै गर्ने भएको हुँदा प्रस्तुत Approval समेत ईमेलबाट गरिएको हो । प्रस्तुत कर्जाको हकमा कर्जा टिप्पणी अनुसार ऋणीको खाताबाट प्रस्ताबित जग्गा धनिको खातामा जग्गा खरिद गर्ने प्रयोजनको लागि रकम गएको हो । सो कारणले उक्त कर्जाको रकम दुरुपयोग भएको होईन । उक्त कर्जा स्विकृती तथा रकम प्रवाह गर्ने कार्य बैंकको प्रचलित नीति नियम अनुसारनै भएको छ । यदी कुनै प्रावधानहरु भुलवश अबलम्बन नगरिएको भए बैकिङ कसूर तथा सजाय ऐन अन्तर्गत नभई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम हुनु पर्ने हो । प्रस्ताबित जग्गाधनीको खातामा रकम गए पश्चात भएका कारोबारको सम्बन्धमा सम्बन्धित ऋणीनै जिम्मेवार हुने गर्दछ । हाल पनि सुरक्षणको रुपमा ठाडो रोक्का यथावत रहेको छ । मैले बैंकको नीति नियम, Credit Policy Guideline, बैंकको Code Of Conduct तथा

आफ्नो पदिय जिम्मेवारी भित्र रही काम गरेको हुँ । ऋणीको प्रभावमा परि, आर्थिक लाभ, दान,उपहार लिई काम गरेको होईन । मैले नियमानुसार आफ्नो जिम्मेवारी अनुसारको काम गरेको हुँ । मिति २०८३/०४/१३ गतेको प्रहरी प्रतिवेदनसाथ दाखिला भएको मोबाईल नं. 9705477514 प्रयोग भएको IMEI No: 354017325920516 भएको सुन्तला रंगको IPhone 17 pro max मोबाईल थान -१ मेरो आफ्नै हो भन्ने समेत ब्यहोराको प्रतिवादी रश्मी पन्तको बयानबाट खुलिआएको देखिन्छ ।

**प्रतिवादी सन्तोष ज्ञवालीले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा,** प्रभु बैंक लि.बाट एशियन भिलेज रिसोर्ट प्रा.लि.(तत्कालिन अध्यक्ष शिशिर पौड्याल) लाई मिति सन् १३/१०/२०२३ मा Bridge Gap Loan (BGL) रु.१३,००,००,०००।— (तेह्र करोड) प्रधान कार्यालयबाट प्रवाह भएको हो । उक्त अवधीमा म ब्रान्च समेत कार्यरत थिईन यसमा मेरो कुनै पनि भूमिका छैन। आबधिक कर्जा रु.४८,००,००,०००।— (अड्चालिस करोड) बाहेक निज शशिधर शर्माको लुम्बिनी एग्रो प्रोक्डक्ट एण्ड रिसर्च सेन्टर प्रा.लि. रुपन्देहीको नाममा रु.३५ करोड, अरुण फुड्स प्रा.लि., रुपन्देहीको नाममा रु.२० करोडको कर्जा मणिग्राम शाखाबाट उठान भई प्रवाह भएको छ। उक्त समयमा म मणिग्राम शाखामा कार्यरत रहेको थिइन। सो बाहेक निज शशिधर शर्मा तथा निजको एउटै समुहमा रहेका कम्पनीहरुको नाममा अन्य के कति कर्जा प्रबाह भएको छ, सो सम्बन्धमा मलाई जानकारी छैन । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आबधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड) प्रवाह गर्नको लागि प्रभु बैंक लि.बाट सन् 04/12/ 2024 मा तयार भएको कर्जा टिप्पणी(Credit Appraisal) मा BM-Manigram Branch सन्तोष ज्ञवाली भनि गरेको दस्तखत मेरो आफ्नै हो । हेरी चिनी सनाखत समेत गरिदिएँ । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको आबधिक कर्जा रु.४८,००,००,०००।— (अड्चालिस करोड) को कर्जा फाईल प्रभु बैंक लि.को मणिग्राम शाखाबाट उठान भएको कर्जा फाईल हो । एशियन भिलेज रिसोर्ट प्रा.लि. को नाममा टिप्पणी सन् 04/12/ 2024 मा उठान हुनु भन्दा अन्दाजी ६ महिना अगाडी पनि एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा रु.४८ करोडको आवधिक कर्जा उठान गर्नको लागि Project Finance Department बाट As Per CBO instruction भनि तत्कालिन CBCO हुँदै तत्कालिन RM र BM लाई Email आएको र सो पश्चात कर्जा टिप्पणी उठान भई प्रधान कार्यालयमा सिफारिस भएकोमा प्रधान कार्यालयमा Chief credit Officer समक्ष पुगी उक्त कर्जा फाइल रोकिएको थियो । सो समयमा शाखा प्रमुख सन्तोष खत्री रहेका थिए सो सम्बन्धमा म ब्रान्च म्यानेजर भई आउँदा जानकारी भएको थियो । सो कर्जा फाईल रोकिएको छ महिना पश्चात प्रधान कार्यालयबाट एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा रु.४८ करोडको आवधिक कर्जा फाईल उठान गर्न भनि Chief Business Officer/Chief Excucative Officer को कार्यालयबाट शाखा मलाई र RM राजेन्द्र श्रेष्ठलाई पटक पटक फोन गरे पश्चात उक्त कर्जा फाईल उठान भएको हो । सो कर्जा फाईल तयार गर्ने काम Assistance Relationship Manager को हैसियतले राजेन्द्र श्रेष्ठले गरेको हुन र यसरी तयार भएको Credit Proposal को Soft copy CEO Office को निर्देशनमा प्रधान कार्यालयको CEO/CBO Office मा पठाई त्यहाबाट Correction गरी शाखामा ईमेल मार्फत आए पश्चात शाखाबाट टिप्पणी उठान गरी RM ले मलाई फर्वाड गरेपछि उक्त फाईलको निर्णय गर्ने अधिकार म समक्ष नभएकोले निर्णयार्थ Chief Business

Credit Offcer दिपेन्द्र बिष्ट समक्ष पेश भई प्रधान कार्यालयको Risk Analyst एन्जल शर्मा समक्ष पुगी Review गरी विभिन्न सुझाबहरु लेखी पठाएकोमा सुझाब अनुसारको विवरण तथा कागजातहरु संकलन गरी पुन पेश गरिएको हो। Risk Analyst ले Review गरी सके पश्चात Credit manager शैलेन्द्र डंगोलले Review गरी Chief Credit Officer ऋवश श्रेष्ठलाई Forward गरी Chief Credit Officer ले Support गरी Chief Business officer रश्मी पन्त समक्ष पठाई Chief Business officer रश्मी पन्तले Support गरी प्रमुख कार्यकारी अधिकृत(CEO) समक्ष पेश भई प्रमुख कार्यकारी अधिकृत(CEO) बाट स्विकृत भएको हो । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको आवधिक कर्जा रु.४८,००,००,०००।— (अड्चालिस करोड) को उदेश्य एशियन भिलेज रिसोर्ट प्रा.लि.लाई मायादेवी गा.पा ४ रुपन्देहीमा रिसोर्ट निर्माणका लागि आवश्यक पर्ने १० बिगाहा जग्गा खरिद गर्ने प्रयोजनको रहेको थियो। उक्त आवधिक कर्जा रु.४८,००,००,०००।— (अड्चालिस करोड) को निम्ती जग्गा धितो बन्धक रोक्का रहेको थिएन। कमला अधिकारी, कृष्ण कुमारी पौड्याल, धन कुमारी पौड्यालको नाममा रहेको संयुक्त जग्गा, शशिधर शर्मा, जुलुश शर्मा र बुटवल हाउजिङ कम्पनी प्रा.लि.को नाममा रहेका विभिन्न कित्ता जग्गाहरु र केही अन्य जग्गा मसेत आउन सक्ने र हाईटेन्सन तथा खोलामा पर्ने जग्गा घटाई कित्ताकाट भई समग्रमा १० बिगाहा जग्गा कम्पनीको नाममा आए पश्चात बैंकको नाममा दृष्टीबन्धक गरी कर्जा रकम Disbursement गर्ने कुरा उल्लेख रहेको थियो। कर्जा बापतको रकम ऋणी कम्पनीको नाममा भुक्तानी गरी ऋणीबाट प्रस्ताबित जग्गाधनीलाई भुक्तानी दिने भनि उल्लेख रहेको छ । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आवधिक कर्जा रु.४८,००,००,०००।— (अड्चालिस करोड) प्रवाह गर्नको लागि तयार भएको कर्जा टिप्पणी (Credit Appraisal) मा कर्जा रकम Pre–Disbursement गर्ने सम्बन्धमा उल्लेख गरिएको छैन । रु ३१ करोड Pre –Disbursement सम्बन्धमा म बिदामा बसेको समयमा उक्त email, RM राजेन्द्र श्रेष्ठ मार्फत फर्वाड भई प्रकृयागत रूपमा CEO बाट Approve भएको हो। उक्त रू ३१ करोड भुक्तानी प्रभु बैकको प्रधान कार्यालयको CAD बाट खातामा अग्रीम भुक्तानी भएको हो। दोश्रो चरणको भूक्तानीको लागि ऋणीबाट अनुरोध भई केन्द्रिय कार्यालयबाट पुनः निर्देशन आए पश्चात CEO/CBO Office को निर्देशन बमोजिम RM राजेन्द्र श्रेष्ठ मार्फत मलाई ईमेल गरेकोमा मैले प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्तलाई ईमेल फरवार्ड गरि सो ईमेल प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तले Support गरी प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले स्विकृत गरी सन् १०/०३/२०२५ मा रु.१७,००,००,०००।- Pre –Disbursement भएको हो । उक्त अनुरोधलाई केन्द्रिय कार्यालयको उच्च व्यबस्थापनका कर्मचारीहरू तत्कालिन CEO, CBO लगायतबाट पूनः ईमेल गर्न निर्देशन भएकोले ब्रान्चबाट निर्णयार्थ केन्द्रिय कार्यालयमा पठाएको हो उक्त दिन शाखाबाट Credit Appraisal Approvel मा भएका रिमार्क्स हरू राखी शाखा कार्यालयबाट निर्णयार्थ पठाएकोमा पुनः अर्को दिन CBO बाट रिमार्क्स नराखी छोटो ईमेल गराई निर्णयार्थ पठाउन निर्देशन दिएकोले निर्णयार्थ पठाईएको हो तर निर्णय गर्ने ब्रान्चको क्षेत्राधिकार भित्र पर्दैन। कर्जा टिप्पणी स्विकृत हुनु भन्दा अगाडी औल्याएका सबै कुराहरुलाई RM मार्फत Credit Management System(CMS) मा Response गरिएको थीयो । Credit Management System (CMS) मार्फत गरेको Response लाई Credit Chain मा भएका सबैले support गरि कर्जा टिप्पणी स्विकृत भएको र CEO/CBO Office बाट Pre-disburesment गर्नको लागि शाखाबाट ईमेल पठाउनु भनेको हुँदा ईमेल

पठाएको हौं । उक्त ईमेल स्विकृत भई प्रधान कार्यालयको Credit Adminstration Department(CAD) मार्फत सम्पूर्ण Approval हरू चेक गरि प्रकृया पुरा गरि रकम प्रवाह भएको हो । उक्त Querry मा जग्गाधनिहरू पारिवारिक सम्बन्ध रहेको बिषय उल्लेख भएको मलाई एकिन जानकारी छैन । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आवधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड) प्रवाह गर्नको लागि तयार भएको कर्जा टिप्पणी (Credit Appraisal) मा कर्जा रकम Pre–Disbursement गर्ने सम्बन्धमा म बिदामा रहेको अवधिमा उक्त कर्जाको ईमेल पठाएको रहेछ। म नीयमानुसार बिदा बसेकोले यस बिषयमा मैले कुनै रेस्पोन्स गरिन उक्त विषयमा मलाई कार्यालयमा हाजिर भएपश्चात मात्र थप जानकारी भएको हो। तत्कालिन समयमा म अन्दाजी २०८१ माघ २७ गतेदेखी दुई साताको Annual Refreshment Leave (ARL) बिदा बिजनेस सेन्टर प्रमुख (CBCO) मार्फत स्वीकृत बिदा बसेको हुँ । उक्त Pre-disbursement सम्बन्धमा केन्द्रिय कार्यालयको उच्च व्यबस्थापनका कर्मचारीहरू तत्कालिन CEO, CBO लगायतबाट पूनः ईमेल गर्न निर्देशन भएकोले ब्रान्चबाट निर्णयार्थ केन्द्रिय कार्यालयमा पठाएको हो March 09, 2025 का दिन शाखाबाट Credit Appraisal Approvel मा भएका रिमार्क्स हरू राखी शाखा कार्यालयबाट निर्णयार्थ पठाएकोमा पुनः अर्को दिन CBO बाट रिमार्क्स नराखी छोटो ईमेल गराई निर्णयार्थ पठाउन निर्देशन दिएकोले निर्णयार्थ पठाईएको हो तर निर्णय गर्ने ब्रान्चको क्षेत्राधिकार भित्र पर्दैन। उल्लेखित ईमेल मैले सन् १०/०३/२०२५ मा CBO रश्मि पन्तलाई पठाएको ईमेल हो। हेरि चिनि सनाखत गरिदिए । शेयर लगत परिवर्तन भएको सम्बन्धमा शाखालाई कुनै जानकारी थिएन। मेरो जानकारीमा भएसम्म प्रधान कार्यालयले जानकारी गराए पश्चात मात्र थाहा पाएका हौ । सो पश्चात ऋणीले शेयर लगत शाखामा पठाएका हुन् । शिशिर पौड्याल बाट शशिधर शर्माको नाममा स्वामित्व परिवर्तन गर्नुको कारण मलाई थाहा छैन । तत्कालिन समयमा CMS प्रणाली बाहेक पनि email बाट Approval लिन प्रचलित नियमले रोकेको अवस्था थिएन। प्रधान कार्यालयको CBO को निर्देशन बमोजिम मणिग्राम शाखाबाट निर्णयार्थ ईमेल फर्वाड गरिएको थियो।सो समयमा CBCO दिपेन्द्र बिष्ट बिदामा भएको कारणले ईमेल निर्णयार्थ CBO लाई पठाएको हो। बाँकी सम्पूर्ण प्रकृया Approval चेक गरि सम्पूर्ण ठिक भए पश्चात भुक्तानी गर्ने जिम्मेवारी CAD को हो, ब्रान्चबाट Email Approval पछि चेक लिष्ट समेत संलग्न गरि पठाउनुपर्नेमा उक्त चेकलिष्ट पठाएको एकिन छैन। ऋणीले कर्जा प्रस्ताब पत्र बमोजिम कम्पनीको नाममा जग्गा नामसारी नगरेको, कर्जा रकम पहिलेनै प्रवाह भईसकेको तत्कालको अवस्थामा मणिग्राम शाखाबाट Credit Management System मार्फत जानकारी गराएकोमा समय लाग्ने देखिएकोले ईमेल मार्फत प्रधान कार्यालयसँग निर्णयार्थ पठाई निर्णय आएपश्चात कर्जा प्रस्ताब पत्रमा उल्लेखित जग्गाहरु मध्ये माथि उल्लेखित केही जग्गाहरु मात्र ठाडो रोक्का राखिएको हो। ऋणीले बैकको पूर्व स्वीकृति नलिई शेयर लगत परिवर्तन गरेको देखिएपश्चात बैकको सुरक्षणको लागि बैकले सम्बन्धित अधिकारीसमक्ष ठाडो रोक्काको लागि निर्णयार्थ लेखि पठाएको र उक्त निर्णय आएपश्चात उक्त जग्गाहरू ठाडो रोक्का राखिएको हो । उक्त रोक्काको प्रयोजन सम्पत्तीको हक हस्तान्तरण अन्यत्र नभई कम्पनीको नाममा नामसारी गरी दृष्टिबन्धक गर्ने उद्देश्ले गरिएको हो । ऋणी एशियन भिलेज रिसोर्ट प्रा.लि.को आफ्नो नाउँको जग्गा (कित्ता नं. ६९९, १८२, १७७, ३०६, २७, २६ र २३) समेत दृष्टि बन्धक नगरी ठाडो रोक्का मात्र गर्नुको कारण कर्जा प्रस्ताब पत्र अनुसार ऋणीको नाममा अन्य जग्गाहरु समेत आउन बाँकी रहेको हुँदा

तत्कालको लागि ठाडो रोक्का मात्र राखिएको हो । माथि उल्लेखित जग्गाहरु दृष्टिबन्धक तथा ठाडो रोक्का समेत नहुनुको कारण शशिधर शर्माको नामबाट केही जग्गाहरु कित्ताकाट भई ऋणी एशियन भिलेज रिसोर्टको नाममा गएकोमा ऋणीको नाममा गएका जग्गाहरु ठाडो रोक्का भईसकेको छ । बुटवल हाउजिङ प्रा.लि.को नाममा रहेका जग्गाहरु प्रधान कार्यालयबाट पुरानो कर्जाको लागि रोक्का रहेको कारण प्रधान कार्यालयबाट कर्जा चुक्ता भइसकेको तर तत्काल फुकुवा नभएको हुँदा रोक्का नगरिएको हो। उक्त केही जग्गाहरू बुटवल हाउजिङ कम्पनी प्रा.लि. मार्फत बैकको नाममा नै रोक्का रहेका थिए । बैकको पोलिसी अनुसार अख्तियार प्राप्त अधिकारीलाई दिईने सिमा हुने भएकोले मलाई विस्तृत जानकारी भएन। उक्त जिम्मेवारी/अधिकार मलाई थाहा भएसम्म CEO को हो । बैंकले मिति सन् २०८१/१०/०४ मा प्रस्ताव गरी ऋणीले मिति २०८१/११/०२ मा स्वीकार गरेको कर्जा सुविधा प्रस्तावपत्र(Offer Letter) मा संशोशन गर्नुको कारण कम्पनीको जग्गाहरु ठाडो राखी बैकको सुरक्षणको लागि गरिएको हो। साथै उक्त समयमा शशिधर शर्मा र निजका परिवारका सदस्यहरूको समेत व्यक्तिगत जमानी समेत थपिएको थियो । बैकको लोन Disburse भइसकेपश्चात ब्रान्चबाट ग्राहकलाई बारम्बार भेटि नामसारी तथा दृष्टिबन्धकका लागि मौखिक तथा लिखित अनुरोध गरेको, साथै ब्रान्चले उक्त दृष्टिबन्धक नभएको नोटिफिकेशन मेमो लगायत अन्य मेमो समेत माथिल्लो अधिकारीलाई फर्वाड गरेको थियौ त्यसमा कुनै रेस्पोन्स भएको थिएन। पछि बैकको निमित्त CEO निरज लम्सालको कार्यकालमा उक्त मेमो नोटेड भएको थियो साथै हालका CEO को कार्यकालमा Incident Report With Facility Callback को मेमो फर्वाड गरि उक्त मेमो Apporve भएको थियो। सो र सञ्चालक समितिको निर्णय अनुसार बैंकको जाँचबुझ समितिले Zoom मार्फत कर्जाको सम्बन्धमा सोधपुछ गरेको थियो । मैले आफ्नो कुरा उक्त जाँचबुझ समितिलाई बताएको थिए । जाँचबुझ समितिले प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा मलाई थाहा छैन। Credit Apprisal अनुसार Pre Disbursement गर्ने शर्तहरू नभएको, Pre Disbursement को लागि CEO/CBO लगायत तत्कालिन प्रधान कार्यालयका उच्च तहका कर्मचारीहरूको निर्देशन बमोजिम ईमेल पठाउन लगाएको कारण शाखाबाट ईमेल निर्णयार्थ पठाएको मात्र हो । सोको निर्णय तत्कालिन CBO र CEO ले गरेका हुन् । ऋणीको खातामा कर्जा रकम Disbursement भए पश्चात कर्जा प्रस्ताब पत्रमा जग्गा खरिद गर्न भनि उल्लेख गरिएका ब्यक्तिहरुको नाममा रकम भुक्तानी भएको थियो। सम्बन्धित जग्गा धनीलाई दिएको रकम के कँहा कसरी प्रयोग भयो सोको जानकारी छैन। रकमको दुरुपयोग भएको नभएको सम्वन्धमा वा सदुपयोगिताको अनुगमन निरीक्षण गर्ने जिम्मेवारी सम्बन्धित बैकको हो । जग्गा खरिद गर्ने भनि उल्लेख भएका सम्बन्धित ब्यक्तिको खातामा रकम गएको देखिन्छ । केही जग्गाहरु ऋणीको नाममा आएको र निज शिशिर पौड्यालबाट कम्पनी शशिधर शर्माको नाममा नामसारी गरे पश्चात पटक पटक निज शिशिर शर्मा र शशिधर शर्मा र निजका परिवारका सदस्यहरू समेतलाई भेटी कम्पनीको नाममा जग्गा नामसारीको लागि ताकेता गर्दा मेरो प्रधान कार्यालयमा CBO/CEO सँग कुराकानी भईसकेको छ। कम्पनीको नाममा जग्गा ल्याउछु भनि हरेक पटक मौखिक प्रतिवद्दता तथा आश्वासन दिईरहेको थीए। शाखाबाट निजलाई पटक पटक लिखित तथा मौखिक ताकेता समेत गरिएको छ । कर्जाको दुरुपयोग गर्नु, गराउनु हुदैन । मेरो जानकारी अनुसार सम्बन्धित जग्गा धनिको खातामा रकम गएकोले कर्जा दुरूपयोग भन्न मिल्दैन। प्रस्तुत कर्जामा सम्पूर्ण

प्रकृयाहरू बैकको प्रचलित नीति अनुसार नै प्रकृयागत रूपमा गरिएको हो। कर्जा टिप्पणी उठान गर्नको लागि CBO/CEO बाट हाम्रो शाखालाई निर्देशन दिए पश्चात कर्जा टिप्पणी फर्वाड भएको हो। Pre-Disbursement गर्ने सम्बन्धमा CBO/CEO बाट निर्देशन दिए पश्चात ईमेल प्रधान कार्यालयमा निर्णयार्थ Forward गरिएको हो । रकम Pre-Disbursement गर्नको लागि तत्कालिन CBO रश्मी पन्तले support गरी CEO अशोक शेरचनले Approved गरी रकम प्रधान कार्यालयको CAD बाट Pre-Disbursement भएको हो । तत्कालिन अवस्थामा CMS बाट मात्र नगरी Email बाट समेत निर्णयहरू हुने गर्दथ्यो। हाल अन्दाजी १ महिना अगाडि सम्पूर्ण Approval मेमो मार्फत गर्नुपर्ने गरि Email प्राप्त भएको छ। ऋणीले कर्जाको उदेश्य अनुसार कर्जा बापतको रकम प्रस्ताबित जग्गा धनीको खातामा रकमान्तर गरेको कारण बैकिङ कसूर भएको देखिदैन । अं. ३ बिगाहा जग्गा ऋणीको नाममा समेत आएको छ । प्रस्ताबित जग्गा धनीको खातामा रकम गए पश्चात विभिन्न खाता मार्फत घुमाएर प्रयोग गर्ने सम्बन्धमा हामी जानकार नहुने विषय भएका कारण सम्बन्धित जग्गाधनि जिम्मेवार रहन्छ । मैले ऋणीसँग कुनै पनि प्रकारको आर्थिक लाभ तथा सुबिधा लिएको छैन । प्रधान कार्यालयको निर्देशन अनुसार email निर्णयार्थ फर्वाड गरेको हुँ । मैले कुनै पनि बदनियतसाथ काम गरेको छैन। अन्दाजी मंसिर/पुष २०८१ सालमा अन्य कुनै ग्राहकलाई लिएर प्रधान कार्यालय आउन निर्देशन दिईएको थियो । उक्त समयमा ग्राहकको काम सकिएपश्चात मलाई Aisan Village Resort को फाईल फर्वाड गर्नको लागि तत्कालिन Country Head Retail SME सुनिल राना, CBO रश्मी पन्त, CEO अशोक शेरचन आ-आफ्नो कार्यकक्षमा बोलाएर दबाब दिएका थिए। पछि ब्रान्चमा गएपश्चात लगातार फोनमा HR Head रमेश थापा, CEO Office दिनेश डंगोल र Recovery Manager नन्दराज जोशीले दबाबमुलक निर्देशन दिएका हुन्। 9 March 2024 मा रू १७ करोड डिष्बर्समेन्ट हुँदा रश्मि पन्त संग फोनमा लामो कुराकानी भएको र उक्त कुराकानी पश्चात ब्रान्चबाट नियमित प्रकृयामा फाईल Approval हुँदा सम्बन्धित फाईलमा भएका कमेन्टहरु राखी निर्णयार्थ फर्वाड गरिएकोमा मिति 10 March 2024 का दिन पूनः रश्मी पन्तबाट सम्पूर्ण कमेन्ट हटाई CMS नम्बर राखी दोश्रो Pre-Disbursement को लागि Email गर्न निर्देशन/दबाब दिएकोले ब्रान्चबाट कमेन्टहरू हटाई छोटो Email निर्णयार्थ फर्वाड गरिएको हो। हाल म हिरासतमा रहेकोले सम्बन्धित ईमेलहरू पछि पेश गर्नेछु। प्रतिवेदनसाथ दाखिला गरेको Imei No 350352939258175, 350352938876423 भएको सिम कार्ड NTC 9857059824, Ncell 9701012103 प्रयोग गरिएको I Phone 14 Blue Black रङको मोबाईल थान-१ मेरो आफ्नै हो । कर्जा प्रवाह भएपश्चात शाखा कार्यालयबाट जग्गा को दृष्टिबन्धक गर्नको लागि ग्राहकलाई बारम्बार भेट गरि दृष्टिबन्धक गर्न अनुरोध गरेकोमा ग्राहकले मौखिक रूपमा प्रतिवद्दता जाहेर गरेता पनि हालसम्म दृष्टिबन्धक नगरेको, सो सम्बन्धी जानकारी शाखाबाट उच्च व्यबस्थापन समक्ष समय समयमा पठाएको हो । पछि निरज लम्साल ACEO हुँदा नोटेड गर्नुभएको थियो। शाखाबाट ग्राहकलाई लिखित चिठि काटि दृष्टिबन्धक तथा नामसारी गर्न अनुरोध गरिएको थियो । ग्राहकले सिधै उच्च व्यबस्थापन संग भेटघाट गरि आफ्नो समस्या उच्च व्यबस्थापन लाई राखेको थियो। शाखाबाट Call Back Facility With Incident Report को Approval पश्चात शाखा कार्यालयले ऋणी तथा जमानतकर्ताहरूलाई Call Back Facility को चिठी पठाएको थियो। सो चिठी पश्चात ग्राहक सोझै उच्च व्यबस्थापकलाई भेटि लोन चुक्ता गर्न अथवा दृष्टिबन्धक गर्नको लागि असार मसान्त सम्मको लागि समय माग गरेको थियो । शाखाले सो सम्बन्धी मेमो

फर्वाड गरेकोमा उच्च व्यबस्थापनले डकुमेन्ट नगर्ने भनि Approve नगरी Decline गरेको थियो र मौखिक रुपमा असार मसान्त सम्मको समय उपलव्ध गराउने जानकारी गराईएको थीयो । अत मैले उक्त कर्जामा कुनै पनि गलत मनसाय र कार्यका साथ कुनै पनि गलत काम गरको छैन । बरू मैले सकेसम्म लोनको सुरक्षाका लागि सम्पूर्ण उपाय लगाएको छु भन्ने समेत ब्यहोराको प्रतिवादी सन्तोष ज्ञवालीको बयानबाट खुलिआएको देखिन्छ ।

**प्रतिवादी राजेन्द्र श्रेष्ठले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा,** एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको आवधिक कर्जा रु.४८,००,००,०००।–(अड्चालिस करोड) को उदेश्य एशियन भिलेज रिसोर्ट प्रा.लि.लाई मायादेवी गा.पा ४ रुपन्देहीमा रिसोर्ट निर्माणका लागि आवश्यक पर्ने जग्गा खरिद गर्ने प्रयोजनको रहेको थियो । उक्त आवधिक कर्जा रु.४८,००,००,०००।– (अड्चालिस करोड) को निम्ती जग्गा धितो बन्धक रोक्का रहेको थिएन । कमला अधिकारी, कृष्ण कुमारी पौड्याल, धन कुमारी पौडयालको नाममा रहेको संयुक्त जग्गा, शशिधर शर्मा,जुलुश शर्मा र बुटवल हाउजिङ कम्पनी प्रा.लि.को नाममा रहेका विभिन्न कित्ता जग्गाहरु कित्ताकाट भई समग्रमा १० बिगाहा जग्गा कम्पनीको नाममा आए पश्चात बैंकको नाममा दृष्टीबन्धक गरिसके पश्चात कर्जा रकम Disbursement गर्ने कुरा उल्लेख रहेको थियो । कर्जा बापतको रकम ऋणीको नाममा Disburse गरी ऋणीबाट प्रस्ताबित जग्गाधनीलाई भुक्तानी दिने भनि उल्लेख रहेको छ । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आवधिक कर्जा रु.४८,००,००,०००।–(अड्चालिस करोड) प्रवाह गर्नको लागि तयार भएको कर्जा टिप्पणी(Credit Appraisal) मा कर्जा रकम Pre –Disbursement गर्ने सम्बन्धमा उल्लेख गरिएको छैन । मलाई प्रधान कार्यालयको CEO/CBO Office बाट 12 February 2025 मा मलाई फोन गरी एशियन भिलेज रिसोर्ट प्रा.लि.को स्विकृत कर्जा रकम मध्ये Fair Market Value(FMV) को ५०% सम्म हुने गरी रु.३१,००,००,०००।– Pre –Disbursement गर्नको लागि ईमेल गर्न भनि बारम्बर ताकेता गरे पश्चात मैले सोही दिन रु. ३१,००,००,०००।– Pre –Disbursement गर्नको लागि शाखा प्रवन्धक सन्तोष ज्ञवालीलाई पहिले ईमेल गरेकोमा सन्तोष ज्ञवाली सर बिदामा हुनु भएको हुँदा पछि फेरी मलाई CEO/CBO Office बाट फोन गरी उक्त ईमेल सिधै प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्तलाई गर्नु भनेको हुँदा सोही दिन मैले उक्त ईमेल रश्मी पन्तलाई गरेको हुँ । सो ईमेल प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तले Support गरी प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले स्विकृत गरी सन् १७/०२/२०२५ मा रु. ३१,००,००,०००।– Pre –Disbursement भएको हो । सो पश्चात सन् ०९/०३/२०२५ मा शाखा प्रवन्धक सन्तोष ज्ञवाली र मलाई CEO/CBO Office बाट फोन गरी बाँकी रु. १७,००,००,०००।– Pre –Disbursement गर्नको लागि ईमेल पठाउनु भने पश्चात मैले सोही दिन ऋणीलाई पहिले पनि Pre –Disbursement गरिसकेको हुँदा कम्पनीको नाममा जग्गा नआईसकेको हुँदा अब फेरी Pre –Disbursement गर्न मिल्दैन भन्ने ब्यहोरा उल्लेख गरी मैले शाखा प्रवन्धक सन्तोष ज्ञवालीलाई ईमेल गरेकोमा सन्तोष ज्ञवालीले प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्तलाई ईमेल फरवार्ड गर्नु भएकोमा CEO/CBO Office बाट उक्त ईमेल छोटो गरी पुनः पठाउनु भनि निर्देशन आए पश्चात सन् १०/०३/२०२५ मा CEO/CBO Office को निर्देशन बमोजिम अर्को ईमेल लेखी शाखा प्रवन्धक

सन्तोष ज्ञवालीलाई ईमेल गरेकोमा सन्तोष ज्ञवालीले प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्तलाई ईमेल फरवार्ड गर्नु भएकोमा सो ईमेल प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तले Support गरी प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले स्विकृत गरी सन् १०/०३/२०२५ मा रु.१७,००,००,०००।- Pre –Disbursement भएको हो । कर्जा टिप्पणी स्विकृत हुनु भन्दा अगाडी औंल्याएका सबै कुराहरुलाई मैले Credit Management System(CMS) मार्फत Response गरेको छु । Credit Management System(CMS) मार्फत मैले गरेको Response लाई Credit Chain मा भएका सबैले support भई कर्जा टिप्पणी स्विकृत भएको र CEO/CBO Office बाट Pre-disburesment गर्नको लागि शाखाबाट ईमेल पठाउनु भनेको हुँदा ईमेल पठाएको हुँ । उक्त ईमेल स्विकृत भई प्रधान कार्यालयको Credit Adminstration Department(CAD) मार्फत रकम प्रवाह भएको हो । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आवधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड) प्रवाह गर्नको लागि तयार भएको कर्जा टिप्पणी(Credit Appraisal) मा कर्जा रकम Pre –Disbursement गर्ने सम्बन्धमा उल्लेख नगरेतापनि मलाई प्रधान कार्यालयको CEO/CBO Office बाट 12 February 2025 मा मलाई फोन गरी एशियन भिलेज रिसोर्ट प्रा.लि.को स्विकृत कर्जा रकम मध्ये Fair Market Value(FMV) को ५०% सम्म हुने गरी रु.३१,००,००,०००।— Pre –Disbursement गर्नको लागि ईमेल गर्न भनि बारम्बर ताकेता गरे पश्चात मैले सोही दिन रु. ३१,००,००,०००।— Pre –Disbursement गर्नको लागि शाखा प्रवन्धक सन्तोष ज्ञवालीलाई पहिले ईमेल गरेकोमा सन्तोष ज्ञवाली सर बिदामा हुनु भएको हुँदा पछि फेरी मलाई CEO/CBO Office बाट फोन गरी उक्त ईमेल प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्तलाई गर्नु Forward गर्नु भनेको हुँदा सोही दिन मैले उक्त ईमेल रश्मी पन्तलाई Forward गरेको हुँ । सो ईमेल प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तले Support गरी प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले स्विकृत गरी सन् १७/०२/२०२५ मा रु. ३१,००,००,०००।— Pre –Disbursement भएको हो । मलाई CEO/CBO Office बाट धेरैकुरा उल्लेख नगरी थोरै कुराहरु उल्लेख गरी छोटो ईमेल गर्नु भनी निर्देशन दिईएको हुँदा मैले सोही अनुरुप ईमेल पठाएको हुँ । सन् १२/०२/२०२५ मा मणिग्राम शाखाका Relationship Manager राजेन्द्र श्रेष्ठबाट प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तलाई गरिएको ईमेल म आफैले गरेको ईमेल हो । उक्त ईमेल सुरुमा मैले शाखा प्रवन्धक सन्तोष ज्ञवालीलाई दिउसो २:०१ मिनेटमा गरेकोमा सन्तोष ज्ञवाली सर बिदामा रहनु भएको हुँदा उक्त ईमेल सिधै प्रधान कार्यालयमा पठाउन भनि अफिसको फोन तथा मोबाईलमा फोन/म्यासेजबाट निर्देशन आए पश्चात १८:२५ मिनेटमा प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्तलाई गरेको हुँ । उक्त ईमेल प्रमुख व्यवसाय अधिकृतले Support तथा बैंकका तत्कालिन प्रमुख कार्यकारी अधिकृतले स्वीकृत गरेका हुन् । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा तयार भएको कर्जा टिप्पणीमा Pre Disbursement गर्ने सम्बन्धमा उल्लेख रहेको थिएन। मलाई प्रधान कार्यालयबाट Customer को माग अनुसार ईमेल गर्न भनि निर्देशन आए पश्चात मैले ईमेल गरेको हुँ। के कसरी Pre Disbursement गरिएको हो । सो सम्वन्धमा ईमेल Support गर्ने प्रमुख ब्यवसाय अधिकृत र स्विकृती गर्ने प्रमुख कार्यकारी अधिकृतले Pre Disbursement गर्न Credit Adminstaration Department लाई आदेश दिएको हुनुपर्छ । सन् ०९/०३/२०२५ मा शाखा प्रवन्धक सन्तोष ज्ञवाली र मलाई CEO/CBO Office बाट फोन गरी बाँकी रु. १७,००,००,०००।— Pre –Disbursement गर्नको लागि

ईमेल पठाउनु भने पश्चात मैले पहिले पनि ऋणीलाई Pre –Disbursement गरिसकेको, हाल सम्म पनि कम्पनीको नाममा जग्गा नआईसकेको हुँदा अब फेरी Pre –Disbursement गर्न मिल्ने/नमिल्ने भनी विभिन्न ब्यहोरा उल्लेख गरी शाखा प्रवन्धक सन्तोष ज्ञवालीलाई ईमेल गरेकोमा सन्तोष ज्ञवालीले प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्तलाई ईमेल फरवार्ड गर्नु भएकोमा CEO/CBO Office बाट उक्त ईमेल छोटो गरी पुनः पठाउनु भनि निर्देशन आए पश्चात सन् १०/०३/२०२५ मा CEO/CBO Office को निर्देशन बमोजिम अर्को ईमेल लेखी शाखा प्रवन्धक सन्तोष ज्ञवालीलाई ईमेल गरेकोमा सन्तोष ज्ञवालीले प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्तलाई ईमेल फरवार्ड गर्नु भएकोमा सो ईमेल प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तले Support गरी प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले स्विकृत गरी सन् १०/०३/२०२५ मा रु.१७,००,००,०००।- Pre –Disbursement भएको हो । उल्लेखित ईमेल मैले सन् १०/०३/२०२५ मा मणिग्राम शाखाका शाखा प्रवन्धक सन्तोष ज्ञवालीलाई पठाएको ईमेल हो ।शेयर लगत परिवर्तन भएको सम्बन्धमा शाखालाई जानकारी थिएन । प्रधान कार्यालयले जानकारी गराए पश्चात मात्र थाहा पाएका हौ । सो पश्चात ऋणीले शेयर लगत शाखामा पठाएका हुन् । शिशिर पौड्याल बाट शशिधर शर्माको नाममा स्वामित्व परिवर्तन गर्नुको कारण मलाई थाहा छैन । प्रधान कार्यालयको CEO/CBO Office को निर्देशन/म्यासेज बमोजिम मणिग्राम शाखाबाट ईमेल गरिएको हो । Pre-Disbursement सम्बन्धमा कर्जा टिप्पणीमा उल्लेख नहुँदा नहुँदै के कसको निर्देशनमा Pre-Disbursement गरियो भन्ने सम्बन्धमा प्रधान कार्यालयको CAD लाई थाहा हुनुपर्छ । साथै यस भन्दा पहिले पनि ईमेल बाट Approval दिने गरेको हुँदा मैले ईमेल पठाएको हुँ । ऋणीले कर्जा प्रस्ताब पत्र बमोजिम कम्पनीको नाममा जग्गा नामसारी नगरेको, कर्जा रकम पहिलेनै प्रवाह भईसकेको तत्कालको अवस्थामा मणिग्राम शाखाबाट Credit management System मार्फत जानकारी गराएकोमा समय लाग्ने देखिएकोले ईमेल मार्फत प्रधान कार्यालयसँग स्विकृती लिई कर्जा प्रस्ताब पत्रमा उल्लेखित जग्गाहरु मध्ये माथि उल्लेखित केही जग्गाहरु मात्र ठाडो रोक्का राखिएको हो । ऋणी एशियन भिलेज रिसोर्ट प्रा.लि.को आफ्नो नाउँको जग्गा (कित्ता नं. ६९९, १८२, १७७, ३०६, २७, २६ र २३) समेत दृष्टि बन्धक नगरी ठाडो रोक्का मात्र गर्नुको कारण कर्जा प्रस्ताब पत्र अनुसार ऋणीको नाममा अन्य जग्गाहरु समेत आउन बाँकी रहेको हुँदा तत्कालको लागि ठाडो रोक्का मात्र राखिएको हो । माथि उल्लेखित जग्गाहरु दृष्टिबन्धक तथा ठाडो रोक्का समेत नहुनुको कारण शशिधर शर्माको नामबाट केही जग्गाहरु कित्ताकाट भई ऋणी एशियन भिलेज रिसोर्टको नाममा गएकोमा ऋणीको नाममा गएका जग्गाहरु ठाडो रोक्का भईसकेको छ । बुटवल हाउजिङ प्रा.लि.को नाममा रहेका जग्गाहरु प्रधान कार्यालयबाट पुरानो कर्जाको लागि रोक्का रहेको कारण प्रधान कार्यालयले तत्काल फुकुवा नगर्ने भएको हुँदा रोक्का नगरिएको हो । रोक्का यथावत रहेको छ । मलाई जानकारी भए सम्म प्रमुख कार्यकारी अधिकृतबाट स्विकृत लिई धितो रोक्का नराखिएको अवस्थामा पछि रोक्का भई समर्थन हुने गरी Pre-Disbursement गर्न सकिन्छ तर के कति रकम सम्म गर्न सकिन्छ सो सम्बन्धमा मलाई थाहा भएन । बैंकले मिति सन् २०८१/१०/०४ मा प्रस्ताव गरी ऋणीले मिति २०८१/११/०२ मा स्वीकार गरेको कर्जा सुविधा प्रस्तावपत्र(Offer Letter) प्रधान कार्यालयमा तयार भई ऋणीको दस्तखत गराउनु भनि शाखामा पठाएकोमा ऋणीको सहि गराईएको हो । मिति २०८१/१२/२७ मा संशोधित कर्जा सुविधा प्रस्ताव पत्र समेत

प्रधान कार्यालयमा तयार भई ऋणीको दस्तखत गराउनु भनि शाखामा पठाएकोमा ऋणिको दस्तखत गराएका हौ ।सो कर्जा सुविधा प्रस्तावपत्र(Offer Letter) मा संशोशन गर्नुको कारण कम्पनीको जग्गाहरु तत्काल ठाडो रोक्का राखि बैंकको कर्जा रकम सुरक्षीत राख्नको लागि गरिएको हो । बैंकको जाँचबुझ समितिले मलाई Zoom मार्फत १ घण्टा १५ मिनेट सम्म उक्त कर्जाको सम्बन्धमा मौखिक सोधपुछ गरेको थियो । मैले आफ्नो सबै कुरा बताएको थिए । जाँचबुझ समितिले प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा मलाई थाहा छैन । Credit Apprisal अनुसार Risk Analyst र Credit manager ले उल्लेख गरेर सोधिएको प्रश्नको जवाफ दिए पश्चात उक्त कर्जा फाईल उहाँहरुले Support गरी Forward गर्नु भएको हो । Credit Apprisal अनुसार Pre Disbursement गर्न नमिल्ने हो । Costumer को अनुरोधपत्र पश्चात CEO/CBO Office को निर्देशन बमोजिम ईमेल पठाउन लगाएको कारण शाखाबाट ईमेल पठाएको मात्र हो । सोको निर्णय तत्कालिन CBO र CEO ले गरेका हुन् । ऋणीको खातामा कर्जा रकम Disbursement भए पश्चात कर्जा प्रस्ताब पत्रमा जग्गा खरिद गर्न भनि उल्लेख गरिएका ब्यक्तिहरुको नाममा सुरुमा रकम गएको देखिन्छ । सम्बन्धित जग्गा धनीलाई दिएको रकम ऋणीले विभिन्न खाता मार्फत घुमाएर रकमान्तर गरी विभिन्न प्रयोजनमा प्रयोग गरेको सम्बन्धमा सम्बन्धित ब्यक्तिहरु जिम्मेवार रहनुपर्छ । रकमको दुरुपयोग भएको नभएको सम्वन्धमा वा सदुपयोगिताको अनुगमन निरीक्षण गर्ने जिम्मेवारी सम्बन्धित शाखा, प्रदेश कार्यालय र प्रधान कार्यालय समेतको हो । जग्गा खरिद गर्ने भनि उल्लेख भएका सम्बन्धित ब्यक्तिको खातामा रकम गएको देखिन्छ । केही जग्गाहरु ऋणीको नाममा आएको र निज शिशिर पौड्यालबाट कम्पनी शशिधर शर्माको नाममा नामसारी गरे पश्चात पटक पटक निज शिशिर शर्मा र शशिधर शर्मालाई भेटी कम्पनीको नाममा जग्गा नामसारीको लागि ताकेता गर्दा मेरो प्रधान कार्यालयमा CBO/CEO सँग कुराकानी भईसकेको छ । कम्पनीको नाममा जग्गा ल्याउछु भनि आश्वासन दिईरहेकोमा नल्याएको हो । शाखाबाट निजलाई पटक पटक लिखित तथा मौखिक ताकेता समेत गरिएको छ । कर्जाको दुरुपयोग गर्नु, गराउनु हुदैन । यदी गरेमा कानून बमोजिम सजाय हुन्छ । प्रस्तुत कर्जाको कर्जा टिप्पणी उठान गर्नको लागि CBO/CEO कार्यालयबाट हाम्रो शाखालाई निर्देशन दिए पश्चात कर्जा टिप्पणी उठान भएको हो । Pre-Disbursement गर्ने सम्बन्धमा समेत CBO/CEO कार्यालयबाट मौखिक तथा म्यासेजबाट निर्देशन दिए पश्चात ईमेल प्रधान कार्यालयमा Forward गरिएको हो । रकम Pre-Disbursement गर्नेको लागि तत्कालिन CBO रश्मी पन्तले support गरी CEO अशोक शेरचनले Approved गरी रकम प्रधान कार्यालयबाट Pre-Disbursement भएको हुँदा अन्य कुराहरु मलाई जानकारी छैन । ऋणीले कर्जाको उदेश्य अनुसार कर्जा बापतको रकम प्रस्ताबित जग्गा धनीको खातामा रकमान्तर गरेको कारण बैकिङ कसूर भएको देखिदैन । अं. ३ बिगाहा जग्गा ऋणीको नाममा समेत आएको छ । प्रस्ताबित जग्गा धनीको खातामा रकम गए पश्चात विभिन्न खाता मार्फत घुमाएर प्रयोग गर्ने सम्बन्धमा सम्बन्धित ऋणीनै जिम्मेवार रहन्छ । मैले ऋणीसँग कुनै आर्थिक लाभ तथा सुबिधा लिएको छैन । प्रधान कार्यालयको निर्देशन अनुसार काम गरेको हुँ । मैले कुनै पनि बदनियतसाथ काम गरेको छैन । CBO/CEO कार्यालयबाट भनि शाखाको फोन तथा ब्यक्तिगत फोनमा कुरा हुन्थ्यो। फरक फरक ब्यक्तिहरुले कुरा गर्दथे । प्रधान कार्यालयबाट गरेको हुँदा नाम सोध्ने कुरा पनि भएन । रु.३१ करोड Pre-Disbursement गर्ने सम्बन्धमा ईमेल तयार गर्ने क्रममा मेरो

मोबाईल नं.९८४९६३७२६१ मा सर्टकटमा ईमेल पठाउ भनि म्यासेज आएको थियो । उक्त म्यासेज मेरो मोबाईलमा सुरक्षीत रहेको छ । प्रतिवेदनसाथ दाखिला गरेको IMEI:865008054706780 भएको मोबाईल नं.९८४९६३७२६१ र ९८२७४६१३९४ प्रयोग भएको Redmi कम्पनीको Sky रङको मोबाईल मेरो आफ्नै हो भन्ने समेत ब्यहोराको प्रतिवादी राजेन्द्र श्रेष्ठको बयानबाट खुलिआएको देखिन्छ।

**प्रतिवादी नन्द राज जोशीले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा,** हाल प्रवन्धक पदमा रही शाखा प्रवन्धकको रुपमा प्रभु बैक लि.कमलादी शाखामा काम गरि राखेको छु । कर्जा असुली शाखामा Manager Recovery को रुपमा कार्यरत मेरो जिम्मेवारी तथा भुमिकामा प्रभु बैंक लि.को कर्जा असुली बिभागको प्रमुखले दिएको जिम्मेवारी अनुसार Manager Recovery को रुपमा कार्यरत रहि प्रदेश ५,६,७ अन्तर्गतका शाखा कार्यालयहरूको कर्जा असुलीमा सहयोग गर्ने र शाखाहरूले पठाएको अनुरोधलाई माथिल्लो निकायलाई रिपोर्ट गर्ने रहेको थियो । उक्त क्रेडिट चेनमा मेरो सहभागिता नरहेको र उक्त कार्य मेरो जिम्मेवारीमा नरहेकोले मलाई यस विषयमा विस्तृत जानकारी भएन । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आवधिक कर्जा रु.४८,००,००,०००।-(अड्चालिस करोड) प्रवाह गर्नको लागि तयार भएको कर्जा टिप्पणी (Credit Appraisal) मा मेरो कुनै संलग्नता भएन। कर्जा रकम Pre–Disbursement गर्ने क्रममा म असुली बिभागमा ५,६ र ७ प्रदेशको शाखाहरूसंग समन्वय समेत गर्ने भएकाले र केन्द्रिय कार्यालयमा कार्यरत भएकोले शाखा कार्यालयबाट आएको एउटा ईमेल लाई सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड सम्म गरेको हुँ । मनिग्राम शाखा ले नै सम्पूर्ण legal documents हरू कार्यान्वयन भैसकेको भनि ईमेल फर्वाड गरेको हुँदा उक्त ईमेल मैले सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड गरेको हुँ। यो कुनै Credit Memo, CMS Request र अन्य टिप्पणी मार्फत आएको भए मेरो जिम्मेवारीमा रहने थिएन । म कर्जा असुली बिभागमा कार्यरत कर्मचारी भएको हुँदा कर्जा स्वीकृतिका सर्तनामाहरू र कर्जा Disbursement तथा Pre-Disbursement सर्तनामाहरू मलाई जानकारी रहने कुरा भएन । Detail Credit Apprisal मा तोकिएको कर्जा स्विकृती र कर्जा प्रवाहका शर्तनामाहरु मेरो जिम्मवारी तथा जानकारीमा नआएको हुँदा यसको बारेमा जानकारी भएन । उल्लिखित Email Correspondence हेरी चिनि सनाखत गरिदिंए । उक्त ईमेल मैले नै फर्वाड गरेको हुँ । कर्जा रकम Pre–Disbursement गर्ने क्रममा म असुली बिभागमा ५,६ र ७ प्रदेशको शाखाहरूसंग समन्वय समेत गर्ने भएकाले र केन्द्रिय कार्यालयमा कार्यरत भएकोले शाखा कार्यालयबाट आएको एउटा ईमेल लाई सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड सम्म गरेको हुँ । उक्त ईमेलमा शाखा कार्यालयले नै सम्पूर्ण legal documents हरू कार्यान्वयन भैसकेको सूचना नै ईमेल मार्फत फर्वाड गरेको हुँदा उक्त ईमेल मैले सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड गरेको हुँ। यो कुनै Credit Memo, CMS Request र अन्य टिप्पणी मार्फत आएको भए मेरो जिम्मेवारीमा रहने थिएन । साथै स्वीकृत अधिकारीबाट स्वीकृत भएपश्चात सम्बन्धित फाँटमा(CCAD) जानकारी गराएको हुँ । यो बाहेक CCAD ले उक्त ईमेल अनुसारको र कर्जा स्वीकृतिका सर्तनामा पुरा गरे नगरेको एकिन गरि मात्र Disbursement गर्नुपर्ने हुन्छ । तत्पश्चात के कसो भयो मलाई जानकारी भएन । उल्लिखित Whatsapp म्यासेज म र प्रभु बैंक लि. मणिग्राम

शाखाका RM राजेन्द्र श्रेष्ठ बिच भएको कुराकानी हो, उल्लिखित Whatsapp म्यासेज निज राजेन्द्र श्रेष्ठले पठाएको ईमेलको सम्बन्धमा थप एकिन गर्ने क्रममा गरिएको म्यासेज हो। कर्जा रकम Pre–Disbursement गर्ने क्रममा म असुली बिभागमा ५,६ र ७ प्रदेशको शाखाहरूसंग समन्वय समेत गर्ने भएकाले र केन्द्रिय कार्यालयमा कार्यरत भएकोले शाखा कार्यालयबाट आएको एउटा ईमेल लाई सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड सम्म गरेको हुँ । उक्त ईमेल शाखा कार्यालयले नै सम्पूर्ण legal documents हरू कार्यान्वयन भैसकेको सूचना नै ईमेल मार्फत फर्वाड गरेको हुँदा उक्त ईमेल मैले सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड गरेको हुँ। यो कुनै Credit Memo, CMS Request र अन्य टिप्पणी मार्फत आएको भए मेरो जिम्मेवारीमा रहने थिएन । साथै स्वीकृत अधिकारीबाट स्वीकृत भएपश्चात सम्बन्धित फाँटमा(CCAD) जानकारी गराएको हुँ । यो बाहेक CCAD ले उक्त ईमेल अनुसारको र कर्जा स्वीकृतिका सर्तनामा पुरा गरे नगरेको एकिन गरि मात्र Disbursement गर्नुपर्ने हुन्छ । उक्त ईमेल पिक गर्नको लागि स्वीकृत अधिकारी (CBO र CEO) बाट आएको मौखिक आदेश अनुसार कार्यालयको कामको सिलसिलामा गरेको मात्र हो । मैले मणिग्राम शाखाका Relationship Manager राजेन्द्र श्रेष्ठलाई उल्लिखित Whatsapp म्यासेज गरेको सम्बन्धमा ४८ Cr ko LAF kati ho, Deposit vo ki nai, Pending xa ra ajhai, भन्ने कुराकानी कर्जा स्वीकृति पश्चात गरिएको Followup कुराकानी हो ।single page pathaunu hai भन्ने कुराकानी कर्जा स्वीकृति भईसकेपश्चात Email को साईज म्यानेज गर्नु भनि म्यासेज गरेको हुनुपर्छ हाल एकिन भएन । CBO र CEO बाट आएको मौखिक आदेश अनुसार भएको काम सम्बन्धमा गरिएको पत्रव्यबहारको कुराकानी हो । कर्जा रकम Pre–Disbursement गर्ने क्रममा म असुली बिभागमा ५,६ र ७ प्रदेशको शाखाहरूसंग समन्वय समेत गर्ने भएकाले र केन्द्रिय कार्यालयमा कार्यरत भएकोले शाखा कार्यालयबाट आएको ईमेल लाई सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड सम्म गरेको हुँ । उक्त ईमेल शाखा कार्यालयले नै सम्पूर्ण legal documents हरू कार्यान्वयन भैसकेको सूचना नै ईमेल मार्फत फर्वाड गरेको हुँदा उक्त ईमेल मैले सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड गरेको हुँ। यो कुनै Credit Memo, CMS Request र अन्य टिप्पणी मार्फत आएको भए मेरो जिम्मेवारीमा रहने थिएन । बैंकले यस बिषयमा मलाई सामान्य सोधपुछ बाहेक कुनै पनि कानुनी कारवाही तथा स्पष्टिकरण समेत गरेको छैन । सामान्यतया कार्यालयका पत्रव्यबहारमा माथिल्लो अधिकारीको निर्देशनमा गरेको व्यबहारिक पत्राचारहरू मात्र कानुन उल्लँघन गरेको जस्तो लाग्दैन । यसमा मेरो कुनै गैह्रकानुनी संलग्नता तथा मनसाय छैन । उक्त ईमेल शाखा कार्यालयले नै सम्पूर्ण legal documents हरू कार्यान्वयन भैसकेको सूचना नै ईमेल मार्फत फर्वाड गरेको हुँदा उक्त ईमेल मैले सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड गरेको हुँ। यो कुनै Credit Memo, CMS Request र अन्य टिप्पणी मार्फत आएको भए मेरो जिम्मेवारीमा रहने थिएन । सामान्यतया कार्यालयका पत्रव्यबहारमा माथिल्लो अधिकारीको निर्देशनको पालना गर्ने सिलसिलामा गरेको व्यबहारिक पत्राचार हो। मैले पत्र फर्वाड गरेता पनि सम्बन्धित अधिकारीहरूले आ-आफ्नो दायित्व र क्षेत्राधिकार अन्तर्गत रहेर मात्र आफ्नो कानुनी जिम्मेवारी निर्वाह गर्नुपर्ने हुन्छ । उक्त कार्य मेरो जिम्मेवारी भित्रको कार्य होईन । CBO रश्मी पन्तको मौखिक आदेशमा उक्त ईमेल पठाएको हुँ । म यसभन्दा अगाडी केन्द्रिय अनुसन्धान व्यूरोमा घटना विवरण कागज गर्न उपस्थित भएको समयमा उक्त कर्जा स्वीकृतिको चरणको वारेमा सोधपुछ तथा

प्रश्नावलिमा केन्द्रित भएको र कार्यालयको पत्राचारको क्रममा निर्देशानुसार काम गरकोले आज सोधनी भएका ईमेल देखाई प्रश्नावली सोध्ने क्रममा मात्र उक्त ईमेल हरूको एकिन भएको हो । यसमा मेरो कुनै गलत मनसाय होईन । साथै कर्जा स्वीकृतको चरणमा मेरो कुनै पनि संलग्नता नरहेकोले मलाई तत्कालिन समयमा जानकारी नभएको हो । मैले तत्कालिन समयमा कोही कसैलाई दबाब दिएको र दबाब दिन मिल्ने विषय समेत होईन । कार्यालयको Structure र जिम्मेवारी अनुसार गरिएका पत्राचार र सम्बन्धित शाखाबाट आएका ईमेल र म्यासेज फर्वाड गरेको हुँ कुनै दबाब दिएको छैन । तत्कालिन समयमा म फरक जिम्मेवारीमा रहेकोले Credit Chain मा म थिईन । कुनै Credit Memo, CMS Request र अन्य टिप्पणी मार्फत आएको भए प्रस्तुत कर्जा प्रवाहमा मेरो जिम्मेवारी रहने थिएन । मैले निर्देशानुसार Email Correspondence मात्र गरेको हो । के कुन कारणले बैंकले कार्यान्वयनमा ल्याएको/स्थापित प्रणाली, CMS(Credit Management System) उपलब्ध हुँदा हुँदै बैंकको मणिग्राम शाखाबाट email मार्फत सोझै प्रमुख व्यवसाय अधिकृत हुँदै तत्कालिन प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन समक्ष पेश भई स्वीकृत भएको हो भन्ने एकिन जानकारी मलाई भएन । यो विषय तत्कालिन मेरो कार्यक्षेत्र एवम् जिम्मेवारीको विषयभित्र नरहेकोले मलाई जानकारी भएन । Post Disbursement Monitoring को जिम्मेवारी सम्बन्धित ब्रान्चको हुने गर्दछ । र सम्बन्धित निकायमा Notify गराउनुपर्दछ । कर्जा रकमको दुरुपयोग भएको नभएको सम्वन्धमा वा सदुपयोगिताको अनुगमन निरीक्षण गर्ने जिम्मेवारी सम्बन्धित शाखाको हुन्छ । सम्वन्धित शाखाले Post Disbursement Monitiring गरी कैफियत देखिएमा माथिल्लो निकायमा Forward गर्नु पर्ने हुन्छ । प्रस्ताबित सम्पूर्ण जग्गा कम्पनीको नाममा नआउनुको कारण मलाई थाहा भएन । कर्जाको दुरुपयोग गर्नु, गराउनु हुदैन । यस्तो भएमा कानून बमोजिम सजाय हुन्छ । प्रस्तुत कसुर भएको सम्बन्धमा मेरो कुनै सम्लग्नता छैन । उक्त कर्जा स्वीकृति र प्रवाहमा मेरो प्रत्यक्ष जिम्मेवारी नरहेको र केन्द्रिय कार्यालयमा कार्यरत भएकोले शाखा कार्यालयबाट आएको ईमेल लाई सम्बन्धित स्वीकृत गर्ने अधिकारीकोमा फर्वाड सम्म गरेको हुँदा मेरो अन्य गलत मनसाय, गैह्रकानुनी लाभ र केही कुनै सुबिधा लिएको छैन भन्ने समेत ब्यहोराको प्रतिवादी नन्द राज जोशीको बयानबाट खुलिआएको देखिन्छ ।

**यसैगरी, मौकामा बुझिएका जग्गाधनी तथा बैंकको कर्जा प्रवाहमा सहभागी रहेका कृष्ण कुमारी पौड्याल, धन कुमारी पौडेल, कमला अधिकारी (शर्मा) र जुलुश शर्मा घटना विवरण कागज गर्दा,** एशियन भिलेज रिसोर्ट संचालक शशिधर शर्माले रिसोर्ट बनाउने भनी संचालन गर्न लागिएको एउटा प्रोजेक्ट हो ।उक्त परियोजनाका लागि जग्गा खरिदका लागि वैना वापत रकम लागेको भए पनि हाल आफूहरुले उक्त जग्गाहरु एशियन भिलेज रिसोर्टको नाममा दृष्टिवन्दक गर्ने नसकिएको र हामी रिसोर्टका संचालक संगोल परीवारका सदस्यहरु हौं । जग्गा वापतको रकम हामीहरुले बैंक मार्फत भुक्तानी लगेका हौं भनी खुलाई लेखाई दिएको छन । **यसैगरी, अनुष्का पराजुलीले घटना विवरण कागज गर्दा,** एशियन भिलेज रिसोर्ट प्रा.लि. एक प्रोजेक्टको रुपमा थाहा छ, त्यो भन्दा बढी त्यस रिसोर्ट सम्बन्धमा अन्य कुनै विवरण थाहा यसकारण शशिधर शर्मा नाताले मेरो ससुरा पर्नुहुन्छ। मेरो प्रभु बैंकमा०१८०१०५१९७६०००११ नं. को बचत खाता रहेको छ, नबिल बैंक र सानिमा बैंकमा पनि

समेत खाता रहेको छ ।मिति ई.सं. २०२५।०५।१८ गतेशशिधर शर्माको एन.आई.एम.वि. बैंकमा रहेको खाता नं. ११८०५०५००००१६१ बाट रु २ करोड मेरो नाममा ससुराबुबाले के-कुन प्रयोजनको लागि जम्मा गरेको हो एकिन थाहा भएन, पछि उहाँहरुसंगै बुझ्दा उहाँको आफ्नो व्यापार, व्यवसाय र जग्गा सम्बन्धी कार्यको लागि गर्नुभएको भन्ने थाहा भयो। उहाँको नै निर्देशनमा मैले मिति ई.सं. २०२५।०५।१९ गते रु. २८ लाख ४६ हजार उहाँको एन.आई.एम.वि. बैंकको खातामा जम्मा गरी दिएको हो। बाँकी रहेको रकम मध्येमिति ई.सं. २०२५।०७।१४ गते रु. १ करोड ३ लाख फेरि पनि उहाँकै एन.आई.एम.वि. बैंकको खातामा जम्मा गरी दिएको हो। म हाल आफ्नो अध्ययनमा केन्द्रित रहेकोले मलाई शशिधर शर्माको व्यवसायिक कारोवार सम्बन्धमा धेरै जानकारी छैन, उहाँले प्रभु बैंकमा एशियन भिलेज रिसोर्ट प्रा.लि.को लागि लोन लिएको कुरा थाहा छ तर कुन उद्देश्य, कुन प्रयोजनको लागि लिनुभयो मलाई थाहा छैन। लिएको लोन उहाँले कहाँ कहाँ खर्च गर्नुभयो पनि थाहा छैन । मेरो खातामा जम्मा हुन आएको रकमको सम्बन्धमा उहाँले जहाँजहाँ जम्मा गर भन्नुभयो, बुहारी भएको नाताले मैले त्यति मात्र गरेको हु, अरु कुरा मलाई कुनै जानकारी छैन भन्ने समेत ब्यहोराको मौकामा कागज गरिदिएको पाइयो । **यसैगरी, उर्मिला मालीले घटना विवरण कागज गर्दा,** वि.सं. २०८१ सालतिर मेरो आफ्नै बैकमा लिएको ऋणको समस्याले गर्दा जग्गा बेच्नुपर्ने अवस्था आईपुगेकोले जग्गा किन्ने भनी शशिधर शर्मा मेरो सम्पर्कमा आएको हो । उहाँसँग मेरो सम्बन्ध भन्नु यही जग्गा किनबेचको मात्र हो । मेरो नविल बैंकमा ३८१००१७५०४१८९ नं. को जेष्ठ वचत खाता छ । नेपाल राष्ट्र बैंकको प्रतिवेदन र एन.आई.एम.वि. बैंकको बैंक स्टेटमेन्ट अनुसार मिति ई.सं. २०२५।०३।०४ गतेमेरो नविल बैंकको खातामाधनकुमारी कमला अधिकारी कृष्ण कुमारीको एन.आई.एम.वि. बैंकमा रहको संयुक्त खाता नं. ११८०५३९०२५०२४५ बाट रु.१ करोड जम्मा भएको सत्य हो, त्यसैगरीमिति ई.सं. २०२५।०३।१८ गते मेरोखातामा कमला अधिकारी शर्माको एन.आई.एम.वि. बैंकको खाता नं. ११८०५३९०२५००४७ बाट दुई पटक गरी रु. १४ करोड ७० लाख जम्मा भएको पनि सत्य हो, यो कारोबार कुन प्रयोजनको लागि भएको हो भने मेरो नाममा काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. १३ स्थित रहेको कित्ता नं. २१३, २९० र २९२(समग्रमा २ रोपनी ६ आना १ पैसा २.५६ दाम क्षेत्रफल भएको)शशिधर शर्माले किन्ने प्रयोजनमा भएको हो । शशिधर शर्माको आफ्नै आर्थिक विभिन्न कारोबार भएकोले होला उहाँले मलाई मेरो जग्गाहरु लिएवापत निश्चित रकम र निजको जिल्ला रुपन्देही मधवलिया न.पा. ४ मा रहेको कित्ता नं. ३६५१ र २८९१ जग्गा पास गरिदिन्छु भन्ने मौखिक सहमति गरेको थियो । हाम्रो बिचमा मेरो जग्गाको मूल्यांकन अन्दाजी १८ करोड भएकोमा पछि केही जग्गा आपसी लेनदेन गरि कारोवारको मिलान गरिएको हो । सोही बमोजिम मिति २०८१साल चैत्र ६ गते काठमाण्डौं मालपोत कार्यालयमा मेरो काठमाण्डौंमा रहेको जग्गाहरु नामसारी गर्ने मञ्जुरीनामा लिखत बनाई शशिधर शर्माको श्रीमती कमला अधिकारी (शर्मा) लाई नामसारी गरिदिएको हो । यसैगरी मिति २०८२ बैशाख ३ गते शशिधर शर्माले जिल्ला रुपन्देही मधवलिया न.पा. मा रहेको कित्ता नं. ३६५१ र २८९१ मेरो नाममा पास गरी मेरो नामको लालपुर्जा ल्याई दिएको हो । उक्त जग्गाहरु मेरो नाममा आउनु अघि कसको नाममा थियो सो मलाई जानकारी भएन । मेरो खातामा जम्मा हुन आएको रकमको सम्बन्धमा भएको

वास्तविक व्यहोरा के हो भने मैले मेरो जग्गा बेच्दा खेरी उहाँबाट मेरो नाममा निजको श्रीमतीको नामबाट र अन्य खाताबाट जम्मा हुन आएको हो। मिति ई.सं. २०२५।०३।०४ गते रु.१ करोड बैना स्वरुप प्राप्त भएको हो, त्यसैगरी मिति ई.सं. २०२५।०३।१८ गते दुई पटक गरी रु. १४ करोड ७० लाख प्राप्त भएपछि भोलिपल्ट मैले काठमाण्डौंको जग्गा पास गरिदिएको हो भन्ने समेत ब्यहोराको मौकामा कागज गरिदिएको पाइयो।

**यसैगरी, बैंककी कर्मचारी एन्जल शर्माले घटना विवरण कागज गर्दा,** म वि.सं. २०७९ सालमा तत्कालिन सेन्चुरी कमर्सियल बैंक प्रभु बैंकमा मर्ज भएपछि देखि प्रभु बैंक लि.मा कार्यरत छु । प्रभु बैंकमा सुरुमा म संस्थागत कर्जा विभाग (Corporate Credit Department) मा कार्यरत रहेकोमा Credit Risk Department मा Risk Analyst को रुपमा आन्तरिक सरुवा भई काम गरेको थिएँ। त्यसपछि २/३ महिनाको लागि बैंकको कमलादी शाखामा Relationship Manager को रुपमा सरुवा भई काम गरेको र पछि पुनः बैंकको प्रधान कार्यालयमा Credit Risk Department मा Risk Analyst को रुपमा हालसम्म कार्यरत छु ।Risk Analyst को रुपमा मेरो जिम्मेवारी अन्तर्गत कर्जासँग सम्बन्धित जोखिमको विश्लेषण गरी जोखिम कम गर्नको लागि विभिन्न Remarks हरु दिई Credit Risk Department को Credit Risk Manager शैलेन्द्र डंगोललाई further review को लागि फर्वाड गर्ने रहेको थियो । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आवधिक कर्जा रु.४८ करोडप्रवाह गर्नको लागि प्रभु बैंक लि.बाटसन् ०४/१२/२०२४ मा तयार भएको कर्जा टिप्पणी(Credit Appraisal) मा Reviewed By: खण्डमा 'Remarks mentioned in CMS is integral for further Approval' भनि गरेको दस्तखत मेरो नै हो, हेरी सनाखत गरें । उक्त कर्जा टिप्पणी(Credit Appraisal)बैंकको रुपन्देही जिल्लाको मनिग्राम शाखाबाट उठान र तयार गरी कर्जा स्वीकृतीको लागि बैंकको प्रधान कार्यालयमा आएकोमा बैंकले प्रदेश नं. ५ को कर्जा सम्बन्धमाReview को लागि मलाई खटाईएको हुँदा उक्त Credit Appraisal म कहाँ आएको थियो । सुरुमा कर्जाको लागि ऋणीले बैंकको सम्बन्धित शाखामा निवेदन दिएपछि शाखाको Relationship Manager ले Credit Appraisal तयार गरी सम्बन्धित कागजातहरु सहितबैंकको CMSSoftware मा upload गरेपछि प्रधान कार्यालयबाट उक्त Software मै उपलब्ध कागजातहरु हेरी Credit Risk Department बाट Review गरी माथिल्लो तहमा पठाउने गरिएकोमा सो समयमा Review गरी CCO रिवस श्रेष्ठलाई पठाउने गरिएको थियो । त्यसपछि CBO हुँदैCEO वा संचालक समितिमा जाने गरेको थियो । एशियन भिलेज रिसोर्ट प्रा.लि.को आवधिक कर्जा रु. ४८ करोड प्रवाह गर्नको लागि तयार भएको कर्जा टिप्पणी(Credit Appraisal) मा उक्त कर्जाको उद्देश्य रिसोर्टसञ्चालन गर्नको लागि जग्गा खरिद गर्ने रहेको थियो । जग्गा खरिद पश्चात उक्त जग्गा बैंकमा धितोबन्धक गरी कर्जा रकम ऋणीलाई ऋणीको खातामा भुक्तानी गर्ने व्यवस्था थियो । कर्जा रकम Pre –Disbursement गर्ने सम्बन्धमा उल्लेख गरेको थिएन । Disbursement गर्ने काम CAD (Credit Administration Department) ले गर्न भएकोले उक्त कर्जा बापतको रकम Disbursement गर्दा के-कसरी गरिएको थियो भन्ने कुरा मलाई थाहा भएन । उक्त कर्जा फाईलReview को लागि आएपछि मैले बैंकको CMS Software मा उल्लेखित Comment हरु मध्ये S.N. ७, ११, १३ र १९ को Comment मैले लेखेकी हुँ । S.N. ७,मिति सन् २०२४-१२-११ को Returned Remarks माउक्त ऋणी शिशिर पौडेलको व्यापारिक पृष्ठभूमि हेर्दा नयाँ रहेकोले उक्त कर्जा प्रवाह गर्नको लागि

पुनः फाईल राम्ररी हेर्नु, कर्जा रकम रु. ४८ करोड रहेको र चुक्ता पूँजी रु. २५ लाख मात्र रहेको, ऋणीको बैंकमा पहिलो रु. १३ करोड कर्जाको साँवा ब्याज नै तिर्न बाँकी रहेको देखिएको, धितोसँग सम्बन्धित कागजातहरुको विस्तृत विवरण नभएको, उक्त कर्जा फाईल CBCO (Chief Business Center Officer) मार्फत आउनुपर्ने नआएको भन्ने समेतको कमेन्टहरु लेखी फिर्ता पठाएकी थिएँ । S.N. ११,मिति सन् २०२४-१२-२४ कोReturned Remarks माप्रस्तावित धितोको Blue print trace, चार किल्ला लगायत अन्य कागजातहरु पुरानो मितिको रहेको, प्रस्तावित धितोको Full Valuation Report नभएको, उक्त जग्गहरु ३ वटा फरक फरक वडामा रहेको देखिएकोले सो जग्गामा रिसोर्ट संचालन गर्न सकिने सम्भाव्यता के हो ? लालपूर्जा लगायत धितो सम्बन्धी अन्य कागजातहरु संलग्न गर्नु भनि कमेन्ट लेखी कर्जा फाईल फिर्ता पठाएकी थिएँ ।S.N. १३,मिति सन् २०२५-०१-०३ कोReturned Remarks माप्रस्तावित धितोको चार किल्ला स्पष्ट नभएको, Full Valuation Report नआएको, Individual plot को Evaluation नभएको, ऋणी कम्पनीको पछिल्लो २ वर्षको Financial Statement हरु संलग्न गर्ने, धितोको लागत पत्ता लगाउने कागजातहरु संलग्न गर्ने, प्रस्तावित धितोको Blue print trace र ऋणीले दिएको Feasibility Report एउटै हुनुपर्नेमा Report को Site Plan हेर्दा फरक देखिएको भन्ने समेतको कुराहरु उल्लेख गरी कर्जा फाईल फिर्ता पठाएकी थिएँ । S.N. १९,मिति सन् २०२५-०१-०४ को Review Remarks मा ऋणी शिशिर पौडेलको व्यापारिक पृष्ठभूमि हेर्दा नयाँ रहेकोले उक्त कर्जा प्रवाह गर्नको लागि पुनः फाईल राम्ररी हेर्नु, ऋणीको बैंकमा पहिलो रु. १३ करोड कर्जाको साँवा ब्याज नै तिर्न बाँकी रहेको देखिएको हुँदा यस कर्जा प्रवाह हुनु भन्दा पहिले ऋणीको आफ्नो श्रोतबाट उक्त कर्जा चुक्ता हुनुपर्ने, जुन उद्देश्यको लागि कर्जा प्रवाह गरिएको हो सोही अनुरुप रकम प्रयोग गर्नुपर्ने, उक्त रिसोर्ट सञ्चालन गर्नु पूर्व सम्बन्धित आधिकारिक निकायबाट पूर्व अनुमति लिनुपर्ने, हरेक Plot को लागतको कागजातहरु संलग्न गर्नुपर्ने, कर्जा प्रवाह गर्नु भन्दा पहिले paid up capital बढाउने, जग्गा खरिद गर्न ऋण बाहेक लाग्ने खर्च कर्जा प्रवाह हुनु भन्दा पहिले नै ऋणीले तिर्न सक्छ भन्ने कुरा निश्चित गर्नुपर्ने, कर्जा प्रवाह कसरी गर्ने भनी Disbursement modality स्पष्ट हुनुपर्ने, उक्त जग्गा बैंकमा धितोबन्धक गरी कमेन्टमा उल्लेखित माग गरिएको कागजातहरु लिएर मात्र कर्जा प्रवाह गर्नु भन्ने समेतको कुराहरु उल्लेख गरी Further Review को लागि Credit Manager शैलेन्द्र डंगोललाई फर्वाड गरेकी थिएँ । कुनै पनि कर्जा फाईलको कागजातहरु हेरी जोखिम विश्लेषण गरी टिप्पणी दिने काम मेरो हो । यस पश्चात मैले माथिल्लो तहमा पठाएको उक्त कर्जा फाईलको कर्जा प्रवाह सम्बन्धमा मलाई कुनै जानकारी नआउने र मेरो कार्य विवरण अन्तर्गत नपर्ने भएको र एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा कर्जा प्रवाहको लागि तयार भएको Credit Appraisalमा माथि उल्लेख गरे अनुसारको कमेन्टहरु लेखि सोही अनुसार गर्नु भनि उक्त कर्जा फाईल Further Review को लागि फर्वाड गरेकी थिएँ । उक्त Credit Appraisal मा उल्लेखित गरेको कमेन्टहरु पालना गरी कर्जा प्रवाह गर्नुपर्ने हो। उक्त Credit Apprisalअनुसार कर्जा रकम Pre-Disbursement गर्न मिल्ने कुरा उल्लेख थिएन तर कुनै पनि Credit Appraisal संशोधन गर्नुपर्ने भएमा बैंकको शाखाबाट Memo उठाई CMS अन्तर्गत Credit Chain मार्फत सम्बन्धित अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत हुनुपर्छ तर February १७, २०२५ मा ऋणीको खातामा रु. ३१ करोड Disbursement भएकोसम्बन्धमा मलाई पछि मात्र थाहा भयो ।धितो रोक्का नराखिएको अवस्थामा पछि रोक्का भई समर्थन हुने गरी यति रकम सम्म Pre-Disbursement गर्ने भन्ने कुरा

बैंकको आन्तरिक व्यवस्था बमोजिम सम्बन्धित अख्तियार प्राप्त अधिकारीलाई Credit Sanction Authority मार्फत अख्तियारी दिएको हुन्छ र सो पत्र त्यसबेला Risk Department लाई प्राप्त नभएको हुँदा यस व्यवस्था बारे मलाई जानकारी भएन । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा February १७, २०२५ मा रु.३१करोड Pre-Disbursement भएको र बाँकी रु. १७ करोड March १०, २०२५ मा प्रवाह भएको सम्बन्धमा मलाई थाहा थिएन । बैंकले मिति सन्२०८१/१०/०४ मा प्रस्ताव गरी ऋणीले मिति २०८१/११/०२ मा स्वीकार गरेको कर्जा सुविधा प्रस्ताव पत्र(Offer Letter)को बुँदा नं. २.३ मा कम्पनी स्वयंमको नाममा खरिद भई आउने जायजेथा बैंकको नाममा धितो बन्धक लिखत पारित गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरेकोमा मिति २०८१/१२/२७ मा संशोधित कर्जा सुविधा प्रस्ताव पत्र मार्फत उल्लेखित व्यवस्था (बुँदा२.३) संशोधन गरी देहाय बमोजिमको घरजग्गा र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत यस बैंकका नाममा पत्रद्वारा रोक्का गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरी कर्जा सुविधा प्रस्तावपत्र संशोधन गर्नुको कारण सम्बन्धमा मलाई जानकारी भएन। मेरो कार्यक्षेत्र भित्र पर्दैन ।मिति २०८३/०२/०६ मा बसेको प्रभु बैंक लिमिटेडको सञ्चालक समितिको बैठक नं.४२० ले उक्त कर्जा सम्बन्धमा तीन सदस्य जाँचबुझ समिति गठन गरी मिति सन् २७/०७/२०२६ सम्ममा प्रतिवेदन पेश गर्न निर्देशन दिएको देखिएको सम्बन्धमा मलाई थाहा छैन ।कर्जा दुरुपयोग भएको नभएको सम्बन्धमा अनुगमन निरीक्षण गर्ने जिम्मेवारी बैंकको सम्बन्धित शाखा Credit Administration Department को अधिकारीको हो । कर्जा दुरुपयोग गर्नु हुँदैन, यसमा ऋणी समेत जिम्मेवार हुनुपर्छ । कर्जा फाईलको रिभिउ गरेपछि सो कर्जा फाइलसम्बन्धमा थप जानकारी Credit Risk Department मा नआउने भएकोले मलाई थाहा हुँदैन। एसियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा प्रवाह भएको आवधिक कर्जा सिमाको सम्पूर्ण रकम रु. ४८ करोड नै बैंकको आन्तरिक निर्देशिका विपरित हुनेगरी पर्याप्त धितो सुरक्षण (दृष्टिवन्धक रोक्का) नराखी प्रवाह गर्ने कार्यमा मेरो मिलेमतो/ संलग्नता रहेको छैन । कर्जा दुरुपयोग गर्ने/ गराउने कार्यमा संलग्न व्यक्तिहरुलाई कानून बमोजिम होस् भन्ने समेत ब्यहोराको प्रभु बैंक लि.की Risk Analyst एन्जल शर्माको कागज रहेको छ भने **यसैगरी, सोही बैंकमा कार्यरत कर्मचारी दिपेन्द्र बाबु बिष्टले घटना विवरण कागज गर्दा,** एशियन भिलेज रिसोर्ट प्रा.लि.को आवधिक कर्जा रु. ४८ करोड प्रवाह गर्नको लागि तयार भएको कर्जा टिप्पणी(Credit Appraisal) मा उक्त कर्जाको उदेश्य उक्त कम्पनी/रिसोर्टको लागि आवश्यक जग्गा खरिद गर्ने रहेको थियो । सम्पूर्ण खरिद गर्ने जग्गाहरु बैंकको नाममा दृष्टीबन्धक भईसके पछि आधिकारीक मुल्यांकनकर्ताले गरेको मुल्यांकन अनुसारको मुल्य उल्लेख गरेको Fair market Value वा Booked Value मध्ये जुन रकम कम हुन्छ सोको ८०% रकम प्रबाह गर्ने उल्लेख भएको थियो । उक्त कर्जाको उदेश्य कम्पनिको नाममा जग्गा खरिद गर्ने रहेको थियो । उक्त कर्जामा बैंकको नाममा सम्पूर्ण जग्गा दृष्टीबन्धक तथा कर्जा लगानी सम्बन्धी सम्पूर्ण कानुनी प्रकृया पुरा गरी, स्विकृती तथा सिफारिस गर्ने अख्तियारप्राप्त ब्यक्तिहरुले Credit Appraisal मा उल्लेख गरेका प्रावधानहरु पुरा पालना गर्नु पर्ने भनि उल्लेख रहेको थियो । कर्जा रकम Pre –Disbursement गर्ने सम्बन्धमा कुनै पनि कुराहरु Credit Appraisal मा उल्लेख रहेको थिएन । उक्त कर्जा बापतको रकम Disbursement गरिएको सम्बन्धमा मलाई पछि मात्र जानकारी भएको हो । यसरी कर्जा फाईलमा Credit Chain ले उल्लेख गरेका सम्पूर्ण कुराहरुलाई

वेवास्ता गरी शाखाको ईमेलको आधारमा Pre Disbursement गरिएको कुरा मलाई सो समयमा जानकारी थिएन । सो कर्जा फाईलमा देखिएका कर्जा जोखिमहरुलाई बेवास्ता गरी ईमेलको आधारमा Pre Disbursement गर्न मिल्दैन । उक्त Credit Appraisal मा Pre-Disbursement को सम्बन्धमा उल्लेख थिएन । CMS(Credit Management System) भनेको बैंकले आधिकारीक रुपमा संचालन गरेको एउटा Software हो । यस Software मार्फत कर्जासँग सम्बन्धी फाईल(Credit Appraisal) उठान गर्ने, कुनै पनि कर्जासँग सम्बन्धि थप निर्णय गर्नु पर्ने टिप्पणी(Memo)हरु Credit Chain मार्फत स्विकृत गर्ने अख्तियार प्राप्त अधिकारी समक्ष सम्म गई कुनै पनि कर्जा सम्बन्धी निर्णय हुने गर्दछ । Credit Appraisal मा Pre Disbursement उल्लेख भएमा सोही अनुसार credit Chain मा रहेका सबैले Review गर्ने गर्छन । तर प्रस्तुत कर्जाको हकमा CMS(Credit Management System) अन्तर्गत Credit Chain मा रहेका सम्बन्धित अधिकारीहरुलाई जानकारी नदिई सम्बन्धित शाखाबाट ईमेल मार्फत Pre-Disbursement गरिएको हो । धितो रोक्का नराखिएको अवस्थामा पछि रोक्का भई समर्थन हुने गरी Pre-Disbursement गर्ने सम्बन्धमा कुनै ब्यवस्था भएको सम्बन्धमा मलाई जानकारी छैन । त्यसको लागि Credit Appraisal मा उल्लेख सम्बन्धित स्विकृत गर्ने अख्तियार प्राप्त अधिकारीबाट स्विकृती भएको हुनुपर्दछ । कर्जा जोखिम न्युनिकरण गर्नु पर्ने सम्पूर्ण कुराहरु उल्लेखित भई Pre-Disbursement गर्नु पर्ने भएमा सुरुमा कर्जा उठान भएको शाखाबाट थप कुराहरु उल्लेख गरी सम्पूर्ण Credit Chain मार्फत हुँदै Approved हुनु पर्दछ । बैंकले मिति सन् २०८१/१०/०४ मा प्रस्ताव गरी ऋणीले मिति २०८१/११/०२ मा स्वीकार गरेको कर्जा सुविधा प्रस्तावपत्र(Offer Letter)को बुँदानं. २.३ मा कम्पनी स्वयंमको नाममा खरिद भई आउने जायजेथा बैंकको नाममा धितोबन्धक लिखत पारित गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरेकोमा मिति २०८१/१२/२७ मा संशोधित कर्जा सुविधा प्रस्ताव पत्रमार्फत उल्लेखित व्यवस्था(बुँदा २.३) संशोधन गरी देहाय बमोजिमको घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत यस बैंकका नाममा पत्रद्वारा रोक्का गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरी कर्जा सुविधा प्रस्तावपत्र संशोधन गरी कर्जा सुविधा प्रस्तावपत्र संशोधन गर्नुको कारण सम्बन्धमा मलाई जानकारी भएन । मेरो जिम्मेवारी अन्तर्गत पर्दैन । कर्जा रकम सम्पूर्ण प्रवाह नहुँदै २०८१//११/०७ गते शिशिर पौडेलबाट कम्पनीको शेयर शशिधर शर्माको नाममा हस्तान्तरण गर्नुको कारण सम्बन्धमा समेत मलाई जानकारी छैन । मिति २०८३/०२/०६ मा बसेको प्रभु बैंक लिमिटेडको सञ्चालक समितिको बैठक नं.४२० ले उक्त कर्जा सम्बन्धमा तीन सदस्य जाँचबुझ समिति गठन गरी मिति सन् २७/०७/२०२६ सम्ममा प्रतिवेदन पेश गर्न निर्देशन दिएको सम्वन्धमा मलाई जानकारी छ । उक्त समितिले सो कर्जा सम्वन्धमा मलाई समेत सोध पुछ गरेको छ । समितिले प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा समेत मलाई जानकारी छैन ।उक्त कर्जा फाईल Forward गर्नको लागि मैले मणिग्राम शाखाका शाखा प्रमुख समेतलाई कुनै दबाब दिएको छैन । सो समयमा Chief Business Center Officer को रुपमा भैरहवामा रहेको थिए । सो कर्जाको Pre Disbursement गर्ने समयमा समेत म बुबा सिकिस्त बिरामी भई बिदामा आएकोमा पछि बिदामा रहेकै अवस्थामा बुबाको मृत्यु भई क्रिया बिदामा रहेको थिए । प्रधान कार्यालयका Recovery manager नन्दराज जोशी समेतले उक्त फाईल फर्वाड गर्न पटक पटक दबाब दिएको सम्बन्धमा मलाई जानकारी छैन । यदी त्यस्तो भएको हो भने शाखालाई दबाब दिएर Pre Disbursement सम्वन्धी

ईमल फरवार्ड गर्न लगाउन मिल्दैनथ्यो। मलाई याद भए सम्म CBO/CEO कार्यालयमा दिनेश डंगोल कार्यरत रहेका थिए । अन्यको नाम हाल मैले बिर्सिए । कर्जा दुरुपयोग भएको नभएको सम्वन्धमा अनुगमन निरीक्षण गर्ने जिम्मेवारी सम्बन्धित शाखाको हो । Disbursement गर्ने जिम्मेवारी Credit Administration Department को हो । कर्जाको दुरुपयोग गर्नु हुँदैन । कर्जाको दुरुपयोग भएमा बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर हुन जान्छ । यसरी आवधिक कर्जा सिमाको सम्पूर्ण रकम रु. ४८ करोड नै बैंकको आन्तरिक निर्देशिका विपरित हुनेगरी पर्याप्त धितो सुरक्षण (दृष्टिवन्धक रोक्का) नराखी प्रवाह गर्ने कार्यमा मेरो कुनै संलग्नता तथा मिलेमतो रहेको छैन । मैले आफ्नो पदिय जिम्मेवारी अनुसारको काम गरेको छु । उक्त कर्जामा Pre –Disbursement हुनु उपयुक्त देखिदैन किनकी खरिद गर्ने भनिएका प्रस्ताबित जग्गा धनीहरु एउटै परिवार भित्रका सदस्यहरु रहेको देखिन्छ । उक्त कुरा मैले Credit Appraisal को CMS मा पनि उल्लेख गरेको थिए । के कसको मिलेमतोमा Pre –Disbursement भयो मलाई जानकारी छैन भन्ने समेत ब्यहोराको मौकामा कागज गरिदिएको पाइयो । शैलेन्द्र डंगोलले घटना विवरण कागज गर्दा, म प्रभु बैंक लि.मा सहायक ब्यवस्थापक (Assistant Manager) पदमा कार्यरत रही मेरो जिम्मेवारी कर्जा जोखिम ब्यवस्थापक (Risk Credit Manager) को रुपमा रहेको छ । एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आबधिक कर्जा रु.४८ करोड प्रवाह गर्नको लागि प्रभु बैंक लि.बाट सन् ०४/१२/ २०२४ मा तयार भएको कर्जा टिप्पणी (Credit Appraisal) को credit Management System मा Risk Credit Manager भनि गरेको दस्तखत मेरो आफ्नो हो । हेरी चिनी सनाखत गरिदिएँ । उक्त कर्जा टिप्पणी मणिग्राम शाखाबाट उठान भई सो शाखाका Relationship Manager राजेन्द्र श्रेष्ठले तयार गरी शाखा प्रवन्धक सन्तोष ज्ञवालीले Support/Recommend गरी प्रदेश प्रमुख दिपेन्द्र बाबु बिष्टबाट सिफारिस भई केन्द्रीय बैंकका Credit Risk Analyst एन्जल शर्मा समक्ष पेश भई निजले Review गरी निजले जोखिम विश्लेषण गरी थप Review को लागि म समक्ष पेश भई मैले समेत उक्त कर्जा फाईलमा थप Review/जोखिम विश्लेषण गरी जोखिम न्यूनिकरण गर्नु पर्ने सम्पूर्ण कुराहरु उल्लेख गरी थप Review र Appropriate Decision को लागि Chief Credit Officer ऋवश श्रेष्ठ समक्ष पेश भई थप स्विकृतीको लागि Chief Business Officer रश्मि पन्तले Support गरी प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले स्विकृत गर्नु भएको हो । तर मैले उक्त कर्जा फाईल संचालक समिति समक्ष पेश भई स्विकृती हुनु पर्ने भनि आफ्नो राय लेखेको छु । सो बाहेक उक्त कर्जा फाईलमा मैले Risk Credit manager को हैसियतले Credit Risk Analyst ले औंल्याएका सम्पूर्ण जोखिम न्युनिकरण गर्नु पर्ने सर्त सहित कर्जामा देखिएका थप जोखिमहरु सम्पूर्ण उल्लेख गरी जोखिम न्युनिकरण गर्नु पर्ने थप कुराहरु उल्लेख गरी थप Review र उचित निर्णयको लागि Competent authority/ बोर्ड समक्ष पेश हुनु पर्ने भनि लेखेको छु। मैले लेखेका कमेण्टहरु सो कर्जा फाईलको CMS(credit management system) मा उल्लेख रहेको छ । एशियन भिलेज रिसोर्ट प्रा.लि.को आवधिक कर्जा रु. ४८ करोड प्रवाह गर्नको लागि तयार भएको कर्जा टिप्पणी(Credit Appraisal) मा उक्त कर्जाको उदेश्य उक्त कम्पनी/रिसोर्टको लागि आवश्यक जग्गा खरिद गर्ने रहेको थियो । सम्पूर्ण खरिद गर्ने जग्गाहरु बैंकको नाममा दृष्टीबन्धक भईसके पछि आधिकारीक मुल्यांकनकर्ताले गरेको मुल्यांकन अनुसारको मुल्य उल्लेख गरेको Fair market Value को स्विकृत भएको Debt/Equity Ratio को आधारमा कर्जा रकमको Disbursement गर्ने उल्लेख भएको

थियो । कर्जा रकम सही सदुपयोग हुने गरी भुक्तानी दिने भनि उल्लेख भएको थियो । कर्जा रकम Pre –Disbursement गर्ने सम्बन्धमा कुनै पनि कुराहरु Credit Appraisal मा उल्लेख रहेको थिएन । उक्त कर्जा बापतको रकम Disbursement गरिएको सम्बन्धमा हामीलाई जानकारी हुदैन । सो कुरा सम्बन्धित शाखा र बैंकको केन्द्रीय कार्यालयको Credit Administration Department लाई जानकारी हुन्छ । उक्त कर्जा फाईलमा Risk Analyst ले धेरै पटक सोधपुछ गरी Comment लेखि फिर्ता पठाएको थियो । उक्त कर्जा फाईलमा Pre Disbursement को बारेमा कुनै कुरा उल्लेख भएको छैन । यसरी कर्जा फाईलमा Credit Chain ले उल्लेख गरेका सम्पूर्ण कुराहरुलाई वेवास्ता गरी शाखाको ईमेलको आधारमा Pre Disbursement गरिएको कुरा मलाई सो समयमा जानकारी थिएन । मलाई जानकारी भए सम्म यसरी सो कर्जा फाईलमा देखिएका कर्जा जोखिमहरु न्युनिकरण नगरी ईमेलको आधारमा Pre Disbursement गर्न मिल्ने देखिदैन । CMS(Credit Management System) भनेको बैंकले आधिकारीक रुपमा संचालन गरेको एउटा Software हो । यस Software मार्फत कर्जासँग सम्बन्धी फाईल(Credit Appraisal) उठान गर्ने, कुनै पनि कर्जासँग सम्बन्धि थप निर्णय गर्नु पर्ने टिप्पणी(Memo)हरु Credit Chain मार्फत स्विकृत गर्ने अख्तियार प्राप्त अधिकारी समक्ष सम्म गई कुनै पनि कर्जा सम्बन्धी निर्णय हुने गर्दछ । Credit Appraisal मा Pre Disbursement उल्लेख भएमा सोही अनुसार credit Chain मा रहेका सबैले Review गर्ने गर्छन । तर प्रस्तुत कर्जाको हकमा CMS(Credit Management System) अन्तर्गत Credit Chain मा रहेका सम्बन्धित अधिकारीहरुलाई जानकारी नदिई सम्बन्धित शाखाबाट ईमेल मार्फत Pre-Disbursement गरिएको देखियो । कर्जा दुरुपयोग भएको नभएको सम्वन्धमा अनुगमन निरीक्षण/Disbuserment गर्ने जिम्मेवारी सम्बन्धित शाखा, Credit Administration Department को हो । हामीले कर्जा जोखिम विश्लेषण गरी न्युनिकरणका उपायहरु उल्लेख गरी पठाईसके पश्चात सो फाईल सम्बन्धमा हामीलाई थप जानकारी हुदैन ।कर्जाको दुरुपयोग गर्नु हुँदैन । कर्जाको दुरुपयोग भएमा बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर हुन जान्छ। यसरी आवधिक कर्जा सिमाको सम्पूर्ण रकम रु. ४८ करोड नै बैंकको आन्तरिक निर्देशिका विपरित हुनेगरी पर्याप्त धितो सुरक्षण (दृष्टिवन्धक रोक्का) नराखी प्रवाह गर्ने कार्यमा मेरो कुनै संलग्नता तथा मिलेमतो रहेको छैन । मैले आफ्नो पदिय जिम्मेवारी अनुसारको काम गरेको छु । उक्त कर्जामा Pre –Disbursement हुनु उपयुक्त देखिदैन । के कसको मिलेमतोमा Pre –Disbursement भयो मलाई जानकारी छैन । यसरी कर्जा दुरुपयोग गर्ने/ गराउने कार्यमा संलग्न ब्यक्तिहरुलाई कानून बमोजिम होस् भन्ने समेत ब्यहोराको बुझिएका मानिस **दिपेन्द्र बाबु बिष्टले** मौकामा कागज गरिदिएको पाइयो ।

**बैंकमा कार्यरत सुनिल राना, योगेश पौड्याल र रमेश थापाले घटना विवरण कागज गर्दा,** एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा आबधिक कर्जा रु.४८ करोड प्रवाह गर्नको लागि प्रभु बैंक लि.बाट सन् ०४/१२/ २०२४ मा तयार भएको कर्जा टिप्पणी (Credit Appraisal) को Credit Chain मा हामी संलग्न रहेको छैन । हाम्रो जिम्मेवारी भित्र नपरेको हुँदा उक्त कर्जा प्रवाह सम्बन्धमा कुनै जानकारी छैन । त्यस्तै प्रमुख व्यवसाय अधिकृतले Support तथा बैंकका तत्कालिन प्रमुख कार्यकारी अधिकृतले ईमल स्विकृत गरी रु.३१ करोड र रु.१७ करोड Pre -Disbursement गरेको सम्बन्धमा हामीलाई जानकारी थिएन । उक्त कुरा हाल आएर मात्र थाहा भयो। कर्जा फाईलमा Credit Chain ले

उल्लेख गरेका सम्पूर्ण कुराहरुलाई वेवास्ता गरी शाखाको ईमेलको आधारमा Pre Disbursement गरिएको कुरा जानकारी थिएन । कर्जा टिप्पणीमा Pre –Disbursement गर्ने बारेमा उल्लेख नगरिएको भए Pre –Disbursement गर्न मिल्दैन । कर्जा प्रस्ताब स्विकृती हुँदा उल्लेख भएका कुराहरु बमोजिम कर्जा रकम Disbursement गर्नु पर्दछ । CMS(Credit Management System) भनेको बैंकले आधिकारीक रुपमा संचालन गरेको एउटा Software हो । यस Software मार्फत कर्जासँग सम्बन्धी फाईल(Credit Appraisal) उठान गर्ने, कुनै पनि कर्जासँग सम्बन्धि थप निर्णय गर्नु पर्ने टिप्पणी(Memo)हरु Credit Chain मार्फत स्विकृत गर्ने अख्तियार प्राप्त अधिकारी समक्ष सम्म गई कुनै पनि कर्जा सम्बन्धी निर्णय हुने गर्दछ । धितो रोक्का नराखिएको अवस्थामा पछि रोक्का भई समर्थन हुने गरी Pre-Disbursement गर्ने सम्बन्धी ब्यवस्था र रकमको सम्वन्धमा हाल हामीलाई जानकारी भएन । बैंकले मिति सन् २०८१/१०/०४ मा प्रस्ताव गरी ऋणीले मिति २०८१/११/०२ मा स्वीकार गरेको कर्जा सुविधा प्रस्तावपत्र (Offer Letter) को बुँदा नं. २.३ मा कम्पनी स्वयंमको नाममा खरिद भई आउने जायजेथा बैंकको नाममा धितोबन्धक लिखत पारित गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरेकोमा मिति २०८१/१२/२७ मा संशोधित कर्जा सुविधा प्रस्ताव पत्रमार्फत उल्लेखित व्यवस्था(बुँदा २.३) संशोधन गरी देहाय बमोजिमको घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत यस बैंकका नाममा पत्रद्वारा रोक्का गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरी कर्जा सुविधा प्रस्तावपत्र संशोधन गरी कर्जा सुविधा प्रस्तावपत्र संशोधन गर्नुको कारण सम्बन्धमा जानकारी भएन । हाम्रो जिम्मेवारी अन्तर्गत पर्दैन । मिति २०८३/०२/०६ मा बसेको प्रभु बैंक लिमिटेडको सञ्चालक समितिको बैठक नं.४२० ले उक्त कर्जा सम्बन्धमा तीन सदस्य जाँचबुझ समिति गठन गरी मिति सन् २७/०७/२०२६ सम्ममा प्रतिवेदन पेश गर्न निर्देशन दिएको सम्वन्धमा हामीलाई जानकारी छैन । उक्त समितिले प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा समेत हामीलाई जानकारी छैन । प्रतिवादी सन्तोष ज्ञवालीले अधिकार प्राप्त अधिकारी समक्षको बयानमा खुलाई लेखाई दिए बमोजिम एशियन भिलेज रिसोर्ट प्रा.लि.को नामको रू. ४८ करोडको आवधिक कर्जाको फाईल Forward गर्न हामीले निज सन्तोष ज्ञवालीलाई कुनै दबाब दिएको छैन । प्रस्तुत कर्जाको सम्बन्धमा निज सन्तोष ज्ञवाली तथा मनिग्राम शाखाका कर्मचारीसँग कुनै कुरा भएको छैन । सो समयमा CBO/CEO कार्यालयमा दिनेश डंगोल कार्यरत रहेका थिए । कर्जा दुरुपयोग भएको नभएको सम्वन्धमा अनुगमन निरीक्षण/गर्ने जिम्मेवारी कर्जा फाईल उठान गर्ने शाखा तथा प्रधान कार्यालयको सम्बन्धित शाखाको हो । कर्जाको दुरुपयोग गर्नु हुँदैन । कर्जाको दुरुपयोग भएमा बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर हुन जान्छ । यसरी आवधिक कर्जा सिमाको सम्पूर्ण रकम रु. ४८ करोड नै बैंकको आन्तरिक निर्देशिका विपरित हुनेगरी पर्याप्त धितो सुरक्षण (दृष्टिवन्धक रोक्का) नराखी प्रवाह गर्ने कार्यमा हाम्रो कुनै संलग्नता तथा मिलेमतो रहेको छैन । निज सन्तोष ज्ञवालीलाई उक्त कर्जा फाईल Forward गर्न कुनै दबाब दिएको पनि छैन । उक्त कर्जाको Credit chain मा हामी संलग्न नरहेको हुँदा के कसको मिलेमतोमा Pre –Disbursement भयो हामीलाई जानकारी छैन । यसरी कर्जा दुरुपयोग गर्ने/गराउने कार्यमा संलग्न ब्यक्तिहरुलाई कानून बमोजिम होस् भन्ने समेत **सुनिल राना, योगेश पौड्याल र रमेश थापाको** एकैः मिलान व्यहोराको कागज कागज गरिदिएको पाइयो ।

अतः- मिसिलमा संलग्न भएका उल्लेखित तथ्यहरुबाट एशियन भिलेज रिसोर्ट प्रा.लि.का तत्कालिन संचालक शिशिर पौड्याल, हालक संचालक शशिधर शर्मा, प्रभु बैंक लि.माणिग्राम शाखाका Relationship Manager (कर्जा प्रमुख) राजेन्द्र श्रेष्ठ, शाखा प्रवन्धक सन्तोष ज्ञवाली, प्रधान कार्यालयका प्रदेश नं.५,६ र ७ को कर्जा असुली हेर्ने Manager Recovery नन्द राज जोशी, Chief Business Officer(प्रमुख व्यवसाय अधिकृत) रश्मी पन्त, प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन समेत एक आपसमा मिलेमतो गरी एशियन भिलेज रिसोर्ट प्रा.लि.का तत्कालिन संचालक शिशिर पौड्यालले मायादेवी गाउँपालिका वडा नं ४, रुपन्देहीमा रिसोर्ट निर्माणका लागि आवश्यक पर्ने जग्गा खरिद गर्नको लागि भनि प्रभु बैंक लि. मणिग्राम शाखामा सन् ०२/१२/२०२४ मा १५ वर्षको लागि आबधिक कर्जा रु. ४८,००,००,०००।–(अड्चालिस करोड) माग गरेकोमा प्रभु बैंक लि.बाट तयार भएको कर्जा टिप्पणी(Credit appraisal) उठान हुँदा मायादेवी गाउँपालिका वडा नं ४, रुपन्देहीमा रिसोर्ट निर्माणका लागि आवश्यक पर्ने जग्गा खरिद गर्ने, प्रवाह हुने कर्जाको रकम जग्गा विक्रेता वा परीयोजनाको ठेकेदारलाई सोझै भुक्तानी गर्ने, कर्जा टिप्पणी उठान हुँदा प्रस्तावित जग्गाधनिको नाममा जग्गा दर्ता र सो जग्गा बैंकको नाममा दृष्टिबन्धक लिखत पारित भए पश्चात मात्र कर्जा प्रवाह गरिने उद्देश्य उल्लेख गरी कर्जा टिप्पणी तयार भएको तथा मिति २०८१/१०/०४ मा तयार गरी ऋणी एशियन भिलेज रिसोर्ट प्रा.लि.का तत्कालिन संचालक शिशिर पौड्यालले मिति २०८१/११/०२ मा दस्तखत गरेको कर्जा सुबिधा प्रस्ताब पत्रमा समेत कम्पनीको स्वयंको नाममा खरिद भई आउने जायजेथा बैंकको नाममा धितोबन्धक लिखत पारित गरिनु पर्ने छ भनि उल्लेख भई बैंकको मणिग्राम शाखा हुँदै प्रदेश प्रमुख, कर्जा जोखिम अधिकृत, प्रमुख कर्जा अधिकृत, प्रमुख व्यवसाय अधिकृत हुँदै तत्कालिन प्रमुख कार्यकारी अधिकृतबाट मिति सन् १२/०१/२०२५ मा कर्जा स्विकृत भएकोमा मिति सन् १२/०२/२०२५ मा प्रभु बैंक लिमिटेडको मणिग्राम शाखाका कर्जा अधिकृतले बैंकको प्रमुख व्यवसाय अधिकृतलाई सम्बोधन गर्दै मिति १२/०१/२०२५ मा एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा स्वीकृत भएको कर्जाको टिप्पणीमा समावेश भएका विषय भन्दा फरक ब्यहोरा उल्लेख गरी कर्जा टिप्पणीमा एशियन भिलेज रिसोर्ट प्रा.लि.खरिद गरेपश्चात उक्त प्रा.लि.को नाममा कायम हुन आउने जग्गाहरु बैंकको नाममा दृष्टिबन्धक भएपश्चात मात्र स्वीकृत आवधिक कर्जा निकाशा/प्रवाह गर्ने उल्लेख भएतापनि हालका लागि कर्जा टिप्पणीमा उल्लिखित जग्गाहरु बैंकको नाममा दृष्टिबन्धक हुनु अगावै धितोको रुपमा कायम रहने जग्गाको Fair Market Value को ५० प्रतिशत रकम मात्र Pre-disbursement गरिदिने, ऋणीको कर्जा फाईल प्रधान कार्यालय–Project Financing Department बाट बैंकको मणिग्राम शाखामा स्थानान्तरण गरिदिने, ३ महिना भित्र जग्गाको Full Valuation Report, ऋणीको शेयर लगत/शेयरधनीको विवरण र, ऋणीको संशोधित प्यान बैंकमा पेश गर्ने, ऋणीको हाल बक्यौता रहेको रु.१३ करोडको Bridge Gap Loan को कर्जा भाखा नाघेता पनि नयाँ आवधिक कर्जा निकाशा/प्रवाहका लागि स्वीकृती प्रदान गर्ने भनि इमेल मार्फत प्रस्ताव गरी प्रमुख व्यवसाय अधिकृतले Support तथा बैंकका तत्कालिन प्रमुख कार्यकारी अधिकृतले स्वीकृत गरी यस अघि स्वीकृत कर्जा टिप्पणीमा संशोधन गरी सन् १७/०२/२०२५(२०८१/११/०५) मा रु.३१,००,००,०००।– (एकतिस करोड) कर्जा रकम Pre Disbursement गरी दिएको, उक्त कर्जा रकम मध्ये रु. १३ करोड Pre Disbursement गर्नको लागि प्रतिवादी नन्द राज जोशीले आफ्नो अधिकार तथा जिम्मेवारी क्षेत्र भन्दा

बाहिर गई एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा रु.३१ करोड Pre- Disbursement गर्ने क्रममा सन् १७/०२/२०२५ मा निज नन्द राज जोशीले तत्कालीन Chief Business Officer लाई कर्जा सीमा प्रवाहका लागि अनुरोध गर्दै CBO, शाखाको संलग्न इमेल अनुसार अन्तिम कर्जा प्रवाहका लागि सिफारिस/समर्थन गरिएको छ। सबै कानुनी कागजातहरू सम्पादन (Execute) भइसकेका छन् (CBO Supported for final disbursement as per branch appended email, please. All legal documents have been executed.) भनी ईमेल पठाई उक्त ईमेल Chief Business Officer बाट स्वीकृती भए पश्चात प्रतिवादी नन्द राज जोशीले सिधै CCAD का अधिकारीहरूलाई फरवार्ड गरी सोही ईमेलको आधारमा CAD विभागद्वारा कर्जा रकम मध्ये रु. ३१ करोड सम्बन्धित ऋणीको खातामा जम्मा गरिदिएको, सो पश्चात प्रभु बैंक लिमिटेडको मणिग्राम शाखाका कर्जा अधिकृतले मिति सन् ०९/०३/२०२५ मा शाखा प्रमुखलाई र शाखा प्रमुखले प्रमुख व्यवसाय अधिकृतलाई सम्बोधन गर्दै स्वीकृत रु.४८,००,००,०००।—(अड्चालिस करोड) मध्ये रु.३१,००,००,०००।—(एकतिस करोड) निकाशा/प्रवाह भइसकेको र हालको निवेदन बमोजिम ऋणीले प्रस्तावित जग्गा खरिदको लागि जग्गाधनीसँग बैना कागज गरेकोले ऋणीलाई बाँकी रहेको रु.१७,००,००,०००।—(सत्र करोड) कर्जा पनि निकाशा/प्रवाह गर्ने स्वीकृतीको लागि निवेदन/सिफारिस गरेकोमा मणिग्राम शाखाबाट गरिएको इमेलका आधारमा प्रमुख व्यवसाय अधिकृतले Support तथा बैंकका तत्कालिन प्रमुख कार्यकारी अधिकृतले स्वीकृत गरी सन् १०/०३/२०२५(२०८१/११/२६) मा रु. १७,००,००,०००।—( सत्र करोड) रकम Pre Disbursement गरी दिएको, यसरी रु. १७,००,००,०००।—( सत्र करोड) रकम Pre Disbursement नहुदै मिति २०८१/११/०६ मा एशियन भिलेज रिसोर्ट प्रा.लि.को नामको एकल शेयर शिशिर पौडेलबाट शशिधर शर्माको नाममा हस्तान्तर गरेको, बैंकको कर्जा टिप्पणी (CMS Ref No CPID-81/82-007-00000021074) मा Pre-Disbursement को अवस्था बारे उल्लेख गरेको नदेखिएको, Pre-Disbursement को सम्बन्धमा बैंकले कार्यान्वयनमा ल्याएको/स्थापित प्रणाली CMS(Credit management System) उपलब्ध हुँदा हुँदै बैंकको मणिग्राम शाखाबाट email मार्फत सोझै प्रमुख व्यवसाय अधिकृत हुँदै तत्कालिन प्रमुख कार्यकारी अधिकृत समक्ष पेश भई स्वीकृत भएको, बैंकले मिति २०८१/१०/०४ मा प्रस्ताव गरी ऋणीले मिति २०८१/११/०२ मा स्वीकार गरेको कर्जा सुविधा प्रस्तावपत्र(Offer Letter)को बुँदानं. २.३ मा कम्पनी स्वयंम्को नाममा खरिद भई आउने जायजेथा बैंकको नाममा धितोबन्धक लिखत पारित गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरेकोमा मिति २०८१/१२/२७ मा संशोधित कर्जा सुविधा प्रस्ताव पत्रमार्फत उल्लेखित व्यवस्था(बुँदा २.३) संशोधन गरी घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत यस बैंकका नाममा पत्रद्वारा रोक्का गरिदिनु पर्नेछ भन्ने व्यहोरा उल्लेख गरी कर्जा सुविधा प्रस्तावपत्रमा संशोधन गरी कर्जा प्रवाह गरेकोमा प्रवाह भएको कर्जा रकम रु.४८,००,००,०००।—(अड्चालिस करोड) जग्गा खरिद नगरी ऋणी एशियन भिलेज रिसोर्ट प्रा.लि.का अध्यक्ष शशिधर शर्माको पारिवारिक सम्बन्ध देखिएका व्यक्तिहरुका खातामा रकमान्तर गरी अन्तिममा विभिन्न व्यक्ति तथा संस्थालाई भुक्तानी गरी ऋणीको एकै समुहमा कायम रहेका कम्पनीहरुको कर्जा बापतको वक्यौता भुक्तानी गर्न प्रयोग गरी गराएको, एशियन भिलेज रिसोर्ट प्रा.लि.को चुक्ता पुँजी वृद्धि गर्न प्रयोग गरी गराई ऋणी कम्पनीले कर्जाको रकम उद्देश्य तथा प्रयोजन बिपरित प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग

गरेको,एशियन मिलेज रिसोर्ट प्रा.लि लाई पर्याप्त धितो सुरक्षणको व्यवस्था नगरी तथा बैंककै आन्तरिक निर्देशिका विपरित हुनेगरी कर्जा प्रवाह गरेको, कर्जाको सदुपयोगिताको सम्बन्धमा समय समयमा अनुगमन निरीक्षण नगरी ऋणीसँग मिलेमतो गरी बैंकको श्रोत साधन तथा सम्पत्तिकोको दुरुपयोग गरी तथा ऋणीसँग मिलेमतो गरी बैंकको हित प्रतिकुल हुने बैंकको सम्पत्ती खर्च गराई "बैंक लाई हानी नोक्सानी गर्ने", कर्जाको दुरुपयोग गर्ने/गराउने वा सो कार्य गर्नमा मिलेमतो गर्ने कार्यमा एशियन भिलेज रिसोर्ट प्रा.लि.का संचालक प्रतिवादी शशिधर शर्मा, तत्कालिन संचालक शिशिर पौड्याल, प्रभु बैंक लि.का तत्कालिन प्रमुख कार्यकारी अधिकृत प्रतिवादी अशोक शेरचन, प्रभु बैंक लि.का प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्त, प्रभु बैंक लि. प्रधान कार्यालयका प्रदेश नं.५,६ र ७ को कर्जा असुली हेर्ने Manager Recovery नन्द राज जोशी, प्रभु बैंक लि. मणिग्राम शाखाका शाखा प्रबन्धक सन्तोष ज्ञवाली, माणिग्राम शाखाका Relationship Manager (कर्जा प्रमुख) राजेन्द्र श्रेष्ठको एक आपसमा मिलेमतो र संलग्नतामा यी प्रतिवादीहरुले प्रभु बैंकलाई हानी नोक्सानी पुऱ्याई कर्जा दुरुपयोग गर्ने नुहने कसूर गरेकोले बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ दफा ८ र दफा ९ (१)(२) बमोजिम बैकिङ कसूर गरेको तथ्य स-प्रमाण पुष्टि हुन आयो ।

**<u>प्रतिव्यक्तिहरुको कसूरमा संलग्नता र भुमिकाः-</u>**

**<u>प्रतिवादी शशिधर शर्माको हकमाः</u>**

प्रतिवादी शशिधर शर्माले दस्तखत गरेको, बैंकले ऋणीलाई मिति २०८१/१०/०४ मा प्रस्ताव गरी ऋणीको अख्तियार प्राप्त अधिकारी, शिशिर पौड्यालले मिति १७/०१/२०२५ मा हस्ताक्षर गरी स्वीकार गरेको कर्जा सुविधा प्रस्ताव पत्र (OfferLetter)को बुँदानं. ७.८(क), ७.१० र ७.१२ मा उल्लेख गरिएका अनुबन्धहरुको आशय अनुसार ऋणीको शेयर स्वामित्व परिवर्तन गर्नु परेमा अनिवार्य रुपमा बैंकको पूर्व स्वीकृती लिनुपर्ने देखिएको तर ऋणीले स्वामित्व परिवर्तन गर्दा त्यस्तो स्वीकृती नलिई परिवर्तन गरिसके पश्चात बैंकलाई दिएको सूचनाको आधारमा बैंकले ईमेल मार्फत स्वीकृत गराएको, सन् १२/०२/२०२५ मा मणिग्राम शाखाका कर्जा अधिकृत राजेन्द्र श्रेष्ठले ईमेल मार्फत प्रस्ताब गरी केन्द्रीय बैंकको प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्तले Support तथा बैंकका तत्कालिन प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले स्विकृत गरी रु. ३१,००,००,०००।—(एकतिस करोड) Pre disbursement गर्ने सम्बन्धी ईमेलमा ३ महिना भित्र जग्गाको Full Valuation Report, ऋणीको शेयर लगत/शेयरधनीको संशोधित प्यान बैंकमा पेश गर्ने समेत भनि उल्लेख भएकोमा नेपाल राष्ट्र बैंकले प्रतिवेदन तयार गर्दाको समयसम्म पनि Full Valuation Report र ऋणीको संशोधित प्यान बैंकमा पेश नगरेको, यसरी प्रभु बैंक लि.बाट प्रवाह भएको आवधिक कर्जा रकम रु.४८,००,००,०००।—(अड्चालिस करोड) जग्गा खरिद नगरी ऋणी एशियन भिलेज रिसोर्ट प्रा.लि.का अध्यक्ष शशिधर शर्माको पारिवारिक सम्बन्ध देखिएका व्यक्तिहरुका खातामा रकमान्तर गरी अन्तिममा विभिन्न व्यक्ति तथा संस्थालाई भुक्तानी गरी ऋणीको एकै समुहमा कायम रहेका कम्पनीहरु लुम्बिनी एग्रो प्रोडक्स एण्ड रिसर्च प्रा.लि., अरुण फुड्स प्रा.लि., युरो स्टार ग्रुप ईण्डष्ट्रिज प्रा.लि., लुम्बिनी मोटर्स एण्ड पम्प ईण्डष्ट्रिज प्रा.लि.को कर्जा

बापतको वक्यौता भुक्तानी गर्न प्रयोग गरेको, ऋणी एसियन भिलेज रिसोर्ट प्रा.लि.को यस भन्दा अगाडी लिएको Bridge gap Loan रु.१३,००,००,०००।—(तेह्र करोड) को बक्यौता तिर्न प्रयोग गरेको, उर्मिला मालीको नाममा दर्ता रहेको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१३ स्थित रहेका कित्ता नं.२१३, २९० र २९२ को २ रोपनी ६ आना १ पैसा २.५६ दाम जग्गा खरिद गरेको, एशियन भिलेज रिसोर्ट प्रा.लि.को चुक्ता पुँजी रु. २५,००,०००।— लाखबाट रु.९८,९५,००,०००।— बृद्धि गर्न प्रयोग गरी कर्जा रकम उदेश्य तथा प्रयोजन बिपरित प्रयोग गरी कर्जाको दुरुपयोग गर्ने कार्यमा संलग्न रहेको हुँदा निज प्रतिवादी शशिधर शर्मालाई प्रचलित बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ८ बमोजिमको कसुर अपराध गरेको पुष्टी हुन आयो।

**प्रतिवादी शिशिर पौड्यालको हकमाः**

प्रतिवादी शिशिर पौड्यालले मिति २०८१/११/०२ मा आवधिक कर्जा रु.४८,००,००,०००।— (अड्चालिस करोड) मध्ये आजका मितिमा रु.३१,००,००,०००।— (एकतिस करोड) एशियन भिलेज रिसोर्टको प्रभु बैंक लि.को चल्ती खाता नं. ००७०१५४९८६१०००१६ मा जम्मा गरिदिन हुन भनि प्रभु बैंक लि.लाई भुक्तानी पत्र लेखेको, मिति २०८१/११/२५ मा प्रतिवादी शिशिर पौड्यालले आवधिक कर्जा रु.४८,००,००,०००।— (अड्चालिस करोड) मध्ये मिति २०८१/११/०५ मा रु. ३१,००,००,०००।—(एकतिस करोड) उपलब्ध गराई दिनु भएकोमा बाँकी रु. १७,००,००,०००।—(सत्र करोड) एशियन भिलेज रिसोर्टको प्रभु बैंक लि.को चल्ती खाता नं. ००७०१५४९८६१०००१६ मा जम्मा गरिदिन हुन भनि प्रभु बैंक लि.लाई भुक्तानी पत्र लेखेको, प्रवाह भएको आबधिक कर्जा रु.४८,००,००,०००।—(अड्चालिस करोड) मध्ये सन् १७/०२/२०२५(२०८१/११/०५) मा रु.३१,००,००,०००।—(एकतिस करोड) र १०/०३/२०२५(२०८१/११/२६) मा रु. १७,००,००,०००।—(सत्र करोड) प्रवाह भएकोमा रु. १७,००,००,०००।—(सत्र करोड) प्रवाह हुनु अगावै मिति २०८१/११/०६ गते नै एशियन भिलेज रिसोर्ट प्रा.लि.को एकल शेयर दाजु शशिधर शर्मालाई हस्तान्तरण गरेको देखाई प्रभु बैंक लि.बाट मायादेवी गाउँपालिका वडा नं ४, रुपन्देहीमा रिसोर्ट निर्माणका लागि आवश्यक पर्ने जग्गा खरिद गर्ने, प्रवाह हुने कर्जाको रकम जग्गा विक्रेता वा परीयोजनाको ठेकेदारलाई सोझै भुक्तानी गर्ने, कर्जा टिप्पणीमा एशियन भिलेज रिसोर्ट प्रा.लि.ले खरिद गरेपश्चात उक्त प्रा.लि.को नाममा कायम हुन आउने जग्गाहरु बैंकको नाममा दृष्टिबन्धक लिखत पारित भएपश्चात मात्र स्वीकृत आवधिक कर्जा निकाशा/प्रवाह गर्ने, निजले दस्तखत गरेको कर्जा सुबिधा प्रस्ताब पत्रमा समेत कम्पनीको स्वयंको नाममा खरिद भई आउने जायजेथा बैंकको नाममा धितोबन्धक लिखत पारित गरिनु पर्ने छ भनि उल्लेख भई उक्त कर्जा सुबिधा प्रस्ताब पत्रमा दस्तखत गरेकोमा प्रभु बैंक लि. कर्माचारी समेतसँग गैरकानूनी रुपमा मिलेमतो गरी एशियन भिलेज रिसोर्ट प्रा.लि. को नाममा कायम हुन आउने जग्गाहरु बैंकको नाममा दृष्टिबन्धक गर्नु पुर्व कर्जा रकम प्रवाह गर्न लगाई उक्त कम्पनी कुनै पनि बैकिङ कारोवार बिना सहोदर दाजु शशिधर शर्माको नाममा हस्तान्तरण गरिदिई प्रभु बैंक लि.बाट प्रवाह भएको आवधिक कर्जा रकम रु.४८,००,००,०००।—(अड्चालिस करोड) जग्गा खरिद नगरी ऋणी

एशियन भिलेज रिसोर्ट प्रा.लि.का अध्यक्ष शशिधर शर्माको पारिवारिक सम्बन्ध देखिएका व्यक्तिहरुका खातामा रकमान्तर गरी अन्तिममा विभिन्न व्यक्ति तथा संस्थालाई भुक्तानी गरी ऋणीको एकै समुहमा कायम रहेका कम्पनीहरु लुम्बिनी एग्रो प्रोडक्स एण्ड रिसर्च प्रा.लि., अरुण फुड्स प्रा.लि., युरो स्टार ग्रुप ईण्डष्ट्रिज प्रा.लि., लुम्बिनी मोटर्स एण्ड पम्प ईण्डष्ट्रिज प्रा.लि.को कर्जा बापतको वक्यौता भुक्तानी गर्ने, ऋणी एसियन भिलेज रिसोर्ट प्रा.लि.को यस भन्दा अगाडी लिएको Bridge gap Loan रु.१३,००,००,०००।—(तेह्र करोड) को बक्यौता तिर्ने, उर्मिला मालीको नाममा दर्ता रहेको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१३ स्थित रहेका कित्ता नं.२१३, २९० र २९२ को २ रोपनी ६ आना १ पैसा २.५६ दाम जग्गा खरिद गर्ने, एशियन भिलेज रिसोर्ट प्रा.लि.को चुक्ता पुँजी रु. २५,००,०००।— लाखबाट रु.९८,५५,०००।— बृद्धि गर्ने प्रयोग गरी कर्जा रकम उदेश्य तथा प्रयोजन बिपरित प्रयोग गरी कर्जाको दुरुपयोग प्रतिवादी शशिधर पौड्यालसंग एक आपसमा मिलोमत्तो गरी सामुहिक रुपमा बैकंलाई हानि नोक्शानी पुराउने बदनियतका साथ जुन प्रयोजनका लागि कर्जा लिएको सो बमोजिम काम कारवाही नगरी बैंकबाट लिएका कर्जा रकम आफू खुसी एकाघर परिवारको अन्य व्यवसायी कर्जा चुक्ता तथा व्यक्तिगत हितमा प्रयोग गरेको देखिएएकोले हुँदा निज प्रतिवादी शिशिर पौड्याललाई प्रचलित बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा दफा ८ बमोजिमको कसूर अपराध गरेको पुष्टी हुन आयो ।

**<u>बैंकमा कार्यरत कर्मचारी प्रतिवादीहरु नन्द राज जोशी, सन्तोष ज्ञवाली, राजेन्द्र श्रेष्ठ, अशोक शेरचन र रश्मी पन्तको हकमाः</u>**

प्रतिवादी शिशिर पौडेलले मिति २०८१।१०।०४ गते एसियज भिलेज रिसोर्ट प्रा.लि.को कर्जा प्रस्ताव प्रभु बैंकक मनिग्राम शाखामा पेश गरेको देखियो । उक्त प्रस्ताव प्रतिवादी राजेन्द्र श्रेष्ठबाट उठान तथा स्वीकार गरी प्रतिवादी संन्तोष ज्ञवालीले प्रस्ताव प्रक्रिया अगाडी बढाएको देखियो । उक्त प्रस्ताव पश्चात प्रतिवादीहरु सन्तोष ज्ञवाली र राजेन्द्र श्रेष्ठले धितो सुरक्षणको अवस्थाको मुल्याङ्कन निरीक्षण गरेको देखियो । उक्त प्रस्तावित होटल बनाउनका लागि जग्गा खरिद तथा निर्माणका लागि धितो सुरक्षण निरीक्षण प्रतिवेदनमा निज प्रतिवादीहरु सन्तोष ज्ञवाली र राजेन्द्र श्रेष्ठले कृषि प्रयोजनको जग्गा रहेको, नदि किनार रहेको, राजमार्ग छेउमा रहेको र गौतम बुद्ध अन्तराष्टिय एयरपोर्टवाट ७ किलोमिटरको दुरीमा रहेको उल्लेख भएको पाइयो । उक्त धितोमा राखेका जग्गाहरुको Total Valuation करीव ६२ करोड रहेको तथा सुरक्षण धितोमा राखिएका जग्गाहरु ४२ ठाउँमा रहेको भि प्रतिवेदनमा उल्लेख गरेको पाइयो । उक्त प्रस्तावलाई प्रतिवादीहरुले कर्जा प्रवाहका लागि प्रभु बैंकको केन्द्रिय प्रमुख व्यवसायिक अधिकृत लगायत समक्ष प्रक्रियाका लागि पेश गरेको देखियो । प्रस्तावित होटलको सम्भायताका बारेमा Risk Analyst उठाइएका सवालका सम्बन्धमा उल्लेखित प्रतिवादीहरुले अनदेखा गरी कर्जा प्रवाह गरेको देखियो । Credit Risk Department मा Risk Analyst मा कार्यरत एन्जल शर्माले गरेको टिप्पणीमा निजहरुको कुनै प्रतिक्रिया नजनाएको देखियो । निजले उठाएका सवाल तथा टिप्णीहरु N. ७, मिति सन् २०२४-१२-११ को Returned Remarks मा उक्त ऋणी शिशिर पौडेलको व्यापारिक पृष्ठभूमि हेर्दा नयाँ रहेकोले उक्त कर्जा प्रवाह गर्नको लागि पुनः फाईल राम्ररी हेर्नु, कर्जा

रकम रु. ४८ करोड रहेको र चुक्ता पूँजी रु. २५ लाख मात्र रहेको, ऋणीको बैंकमा पहिलो रु. १३ करोड कर्जाको साँवा ब्याज नै तिर्न बाँकी रहेको देखिएको, धितोसँग सम्बन्धित कागजातहरुको विस्तृत विवरण नभएको, उक्त कर्जा फाईल CBCO (Chief Business Center Officer) मार्फत आउनुपर्ने नआएको भन्ने समेतको कमेन्टहरु लेखी फिर्ता पठाएकी थिएँ । S.N. ११, मिति सन् २०२४-१२-२४ को Returned Remarks मा प्रस्तावित धितोको Blue print trace, चार किल्ला लगायत अन्य कागजातहरु पुरानो मितिको रहेको, प्रस्तावित धितोको Full Valuation Report नभएको, उक्त जग्गहरु ३ वटा फरक फरक वडामा रहेको देखिएकोले सो जग्गामा रिसोर्ट संचालन गर्न सकिने सम्भाव्यता के हो ? लालपूर्जा लगायत धितो सम्बन्धी अन्य कागजातहरु संलग्न गर्नु भनि कमेन्ट लेखी कर्जा फाईल फिर्ता पठाएकी थिएँ ।S.N. १३,मिति सन् २०२५-०१-०३ को Returned Remarks मा प्रस्तावित धितोको चार किल्ला स्पष्ट नभएको, Full Valuation Report नआएको, Individual plot को Evaluation नभएको, ऋणी कम्पनीको पछिल्लो २ वर्षको Financial Statement हरु संलग्न गर्ने, धितोको लागत पत्ता लगाउने कागजातहरु संलग्न गर्ने, प्रस्तावित धितोको Blue print trace र ऋणीले दिएको Feasibility Report एउटै हुनुपर्नेमा Report को Site Plan हेर्दा फरक देखिएको भन्ने समेतको कुराहरु उल्लेख गरी कर्जा फाईल फिर्ता पठाएकी थिएँ । S.N. १९,मिति सन् २०२५-०१-०४ को Review Remarks मा ऋणी शिशिर पौडेलको व्यापारिक पृष्ठभूमि हेर्दा नयाँ रहेकोले उक्त कर्जा प्रवाह गर्नको लागि पुनः फाईल राम्ररी हेर्नु, ऋणीको बैंकमा पहिलो रु. १३ करोड कर्जाको साँवा ब्याज नै तिर्न बाँकी रहेको देखिएको हुँदा यस कर्जा प्रवाह हुनु भन्दा पहिले ऋणीको आफ्नो श्रोतबाट उक्त कर्जा चुक्ता हुनुपर्ने, जुन उद्देश्यको लागि कर्जा प्रवाह गरिएको हो सोही अनुरुप रकम प्रयोग गर्नुपर्ने, उक्त रिसोर्ट सञ्चालन गर्नु पूर्व सम्बन्धित आधिकारिक निकायबाट पूर्व अनुमति लिनुपर्ने, हरेक Plot को लागतको कागजातहरु संलग्न गर्नुपर्ने, कर्जा प्रवाह गर्नु भन्दा पहिले paid up capital बढाउने, जग्गा खरिद गर्न ऋण बाहेक लाग्ने खर्च कर्जा प्रवाह हुनु भन्दा पहिले नै ऋणीले तिर्न सक्छ भन्ने कुरा निश्चित गर्नुपर्ने, कर्जा प्रवाह कसरी गर्ने भनी Disbursement modality स्पष्ट हुनुपर्ने, उक्त जग्गा बैंकमा धितोबन्धक गरी कमेन्टमा उल्लेखित माग गरिएको कागजातहरु लिएर मात्र कर्जा प्रवाह गर्नु भन्ने समेतको कुराहरु उल्लेख गरी Further Review को लागि Credit Manager शैलेन्द्र डंगोललाई फर्वाड गरेकी थिएँ । कुनै पनि कर्जा फाईलको कागजातहरु हेरी जोखिम विश्लेषण गरी टिप्पणी उठान गर्दा गर्दै पनि प्रभु बैंकको केन्द्रिय बैंकको प्रमुख व्यवसाय अधिकृत प्रतिवादी रश्मी पन्तले कर्जा जोखिमको विश्लेषण तथा व्यवासयको वास्तविकता विश्लेषण नगरी प्रभु बैंक लिमिटेडको मणिग्राम शाखाका कर्जा अधिकृत राजेन्द्र श्रेष्ठले बैंकको प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तलाई सम्बोधन गर्दै मिति १२/०१/२०२५ मा एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा स्वीकृत भएको कर्जाको टिप्पणीमा समावेश भएका विषय बाहेक अन्य देहाय बमोजिमका विषयहरु मिति १२/०२/२०२५ को इमेल मार्फत प्रस्ताव गरी प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तले Support तथा बैंकका तत्कालिन प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले स्वीकृत गरी यस अघि स्वीकृत कर्जा टिप्पणीमा संशोधन गरेको देखिएको छ । यसै गरी कर्जा प्रस्ताव स्वीकृती भए पश्चात कर्जा टिप्पणीमा एशियन भिलेज रिसोर्ट प्रा.लि.खरिद गरेपश्चात उक्त प्रा.लि.को नाममा कायम हुन आउने जग्गाहरु बैंकको नाममा दृष्टिबन्धक भएपश्चात मात्र स्वीकृत आवधिक कर्जा निकाशा/प्रवाह गर्ने उल्लेख भएतापनि हालका लागि कर्जा टिप्पणीमा उल्लिखित

जग्गाहरु बैंकको नाममा दृष्टिबन्धक हुनु अगावै धितोको रुपमा कायम रहने जग्गाको Fair Market Value को ५० प्रतिशत रकम मात्र Pre-disbursement गरिदिने भनि कर्जा प्रस्तावमा भएको सम्मौता विपरीत प्रभु बैंक लिमिटेडको मणिग्राम शाखाका कर्जा अधिकृत राजेन्द्र श्रेष्ठले मिति सन् १०/०३/२०२५ मा शाखा प्रमुख सन्तोष ज्ञवालीलाई र शाखा प्रमुख सन्तोष ज्ञवालीले प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तलाई सम्बोधन गर्दै स्वीकृत रु.४८ करोडमध्ये रु.३१ करोड निकाशा/प्रवाह भइसकेको र हालको निवेदन बमोजिम ऋणीले प्रस्तावित जग्गा खरिदको लागि जग्गाधनीसँग बैना कागज गरेकोले ऋणीलाई बाँकी रहेको रु.१७ करोड कर्जा पनि निकाशा/प्रवाह गर्ने स्वीकृतीको लागि निवेदन/सिफारिस गरेको देखियो । यसै गरी मणिग्राम शाखाबाट गरिएको इमेलका आधारमा प्रमुख व्यवसाय अधिकृत रश्मी पन्तले Support तथा बैंकका तत्कालिन प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले स्वीकृत गरेको देखिन्छ । प्रतिवादी नन्द राज जोशी प्रभु बैंक लि. प्रधान कार्यालयको कर्जा असुली विभागमा कार्यरत रही प्रदेश नं. ५, ६ र ७ को कर्जा असुली हेर्ने जिम्मेवारी रहेकोमा निज नन्द राज जोशीले आफ्नो तोकिएको पदिय जिम्मेवारी तथा अधिकार क्षेत्र भन्दा बाहिर गई प्रस्तुत कर्जाको रकम मध्ये रु.३१ करोड Pre disbursement गर्ने प्रकृयामा निज नन्द राज जोशी संलग्न भई प्रमुख ब्यवसाय अधिकृत रश्मी पन्तलाई CBO Supported for final disbursement as per branch appended email, please. All legal documents have been executed. भनि ईमेल पठाएको, मणिग्राम शाखाका शाखाका Relationship manager(कर्जा प्रमुख) राजेन्द्र श्रेष्ठलाई उक्त रु.३१ करोड Pre disbursement गर्ने ईमेल Forward गर्नको लागि Whatsapp मा म्यासेज पठाई कुराकानी भएको देखिन्छ । कर्जा प्रवाह (Disbursement): कर्जा टिप्पणी उठान हुँदा प्रस्तावित जग्गाधनिको नाममा जग्गा दर्ता र सो जग्गा बैंकको नाममा दृष्टिबन्धक लिखत पारित भए पश्चात मात्र कर्जा प्रवाह गरिने भनि उल्लेख गरेको देखिन्छ। सन् १०/०३/२०२५ मा एसियन भिलेज रिसोर्ट प्रा.लि.को शेयर शिशिर पौड्यालबाट शशीधर शर्मामा हस्तान्तरण भएपछि, प्रस्तावित Real Estate Collateral(REC) मा कानुनी कागजात प्राप्त गर्न र ठाडो रोक्का राख्नका लागि सन् ०९/०४/२०२५ को इमेलमार्फत CBO बाट स्वीकृति माग्ने क्रममा पनि प्रतिवादी नन्द राज जोशीको संलग्नता देखिन्छ ।प्रतिवादी शिशिर शर्मा र शशिधर पौडेललाई कर्जा दुरुपयोग गराउने र बैंकलाई हानि नोक्शानी पुराउनेका लागि धितो सुरक्षण नगरी एसियन भिलेज रिसोर्ट प्रा. लि. (Asian Village Resort Pvt. Ltd.) को शेयर स्वामित्व शिशिर पौड्यालबाट शशीधर शर्माको नाममा गए पश्चात उक्त शशिशर शर्माको समूहको प्रभु बैंक लि.मा कुल कर्जा सुविधा रु. १.११ अर्ब पुगेकोमा शेयरधनी संरचना (Shareholding Pattern) मा गरिएको परिवर्तन र शशीधर शर्माको व्यक्तिगत जमानी (Personal Guarantee) अन्तिम स्वीकृति दिने अधिकार प्रमुख कार्यकारी अधिकृत (CEO) मार्फत सञ्चालक समिति (BOD) लाई मात्र रहेकोमा प्रतिवादी रश्मी पन्तले शशीधर शर्माको समूहको समग्र कर्जा जोखिम (Credit Exposure) को उचित विश्लेषण नै नगरी मिति सन् ९/०४/२०२५ मा प्रतिवादी रश्मी पन्तले ईमेल मार्फत आफ्नो अख्तियारी (अधिकार क्षेत्र) भन्दा बाहिर गई शेयरधनी संरचना (Shareholding Pattern) मा गरिएको परिवर्तन र शशीधर शर्माको व्यक्तिगत जमानीको (Personal Guarantee) लागि अन्तिम स्विकृती दिएको देखिन्छ ।यसै गरी प्रतिवादीहरु कर्जा सहित सदुपयोगिता र धितो सुरक्षण कर्जा प्रवाह भएको लामो समय नभए पछि मिति सन् ०८/०४/२०२५ र सन् ०९/०४/२०२५ को इमेल मार्फत मणिग्राम

शाखाका कर्जा अधिकृतले शाखा प्रमुखलाई एशियन भिलेज रिसोर्ट प्रा.लि.को शेयर संरचना/स्वामित्व परिवर्तन भई शशिधर शर्माको नाममा कायम भएको कागजात सहित रु.४८ करोड निकाशा/प्रवाह भइसकेको तर हाल सम्म पनि प्रस्ताव गरिएको जग्गाहरु प्रभु बैंक लि.को नाममा दृष्टिबन्धक नभएको र हाल ठाडो रोक्का मात्र रहेको छ भने प्रस्तावित जग्गाहरु खरिद नगरेको र सो को कारणले बैंकको नाममा दृष्टिबन्धक हुन नसकेको अवस्थालाई मध्यनजर गर्दै बैंकले ऋणीको नाममा रहेका तथा खरिद गर्ने भनी उल्लेख गरिएका विभिन्न व्यक्तिहरुको नाममा रहेका जग्गाहरु मध्ये शशिधर शर्माको नाममा रहेको देखिएका जग्गाहरु (कित्ता नं २९१, १६४, १६५, १६६ र ६४१) र बुटवल हाउजिङ्ग कम्पनी प्रा.लि. को नाममा रहेको देखिएका जग्गाहरु (कित्ता नं. १६७, ३२४, १९२, ३५२, १७१, १७२, १७३, १८१, १८२, १८४, १८७, १८८, ३०२ र ३०७) निरीक्षणको मितिसम्म पनि दृष्टिबन्धक तथा ठाडो रोक्का समेत भएको नदेखिएको प्रभु बैंक लि. प्रधान कार्यालयकी प्रमुख व्यवसाय अधिकृत रश्मी पन्त र तत्कालिन प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन प्रदेश नं. ५, ६ र ७ को कर्जा असुली हेर्ने Manager Recovery नन्द राज जोशीले, मणीग्राम शाखाका प्रबन्धक सन्तोष ज्ञवाली र कर्जा अधिकृत राजेन्द्र श्रेष्ठले एशियन भिलेज रिसोर्ट प्रा.लि.का तत्कालिन एकल शेयरधनी/संचालक शिशिर पौड्याल तथा हालका एकल शेयरधनी शशिधर पौड्यालसँगको आपसी मिलेमतोमा आफ्नो पदिय अधिकार र जिम्मेवारीको दुरुपयोग गरी प्रभु बैंक लिमिटेडको स्रोत तथा निक्षेपलाई गैरकानूनी रूपमा प्रवाह गरी कर्जा दुरुपयोग गराएको तथा संस्थागत सुशासन, पारदर्शिता, अनुपालना र जोखिम व्यवस्थापनका आधारभूत सिद्धान्तहरू उल्लङ्घन गरेको स्पष्टरूपमा स्थापित भएको छ । यसरी गरिएको कार्यले बैंकलाई हानी–नोक्सानी पुऱ्याई तथा ऋणी एशियन भिलेज रिसोर्ट प्रा.लि.का संचालक शशिधर शर्मा र शशि पौडेललाई अनुचित लाभ पुगेको, यसरी बैंकको आन्तरिक नीति नियम बिपरित धितो सुरक्षण (दृष्टिवन्धक रोक्का) नराखी गैरकानूनी रुपमा कर्जा प्रवाह गरी बैंकको स्रोत र साधनको दुरुपयोग गर्ने गराउने, बैंकको हित प्रतिकुल हुने गरी बैंकको सम्पत्ती खर्च गराउने जस्ता गैरकानूनी कार्य गरेकाले प्रतिवादीहरु प्रधान कार्यालयकी तत्कालिन प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन, प्रमुख व्यवसाय अधिकृत रश्मी पन्त, प्रधान कार्यालयमा रही प्रदेश नं. ५, ६ र ७ को कर्जा असुली हेर्ने Manager Recovery नन्द राज जोशी, मणीग्राम शाखा रुपन्देहीका शाखा प्रबन्धक सन्तोष ज्ञवाली र कर्जा अधिकृत राजेन्द्र श्रेष्ठको एक आपसमा मिलोमत्तो गरी बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ८ तथा दफा ९ को (१) र (२) बमोजिमको कसूर अपराध गरेको पुष्टी हुन आयो ।

**<u>अभियुक्तलाई हुनुपर्ने सजायः-</u>**

अतः माथि विवेचित आधार प्रमाणहरुबाट **प्रतिवादीहरु शशिधर शर्मा, शिशिर पौड्यालले** बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ८ ले निषेधित कसूर अपराध गरेको देखिँदा **प्रतिवादीहरु शशिधर शर्मा, शिशिर पौड्याललाई** बिगो रु.४८,००,००,०००।- (अड्चालिस करोड रुपैंया) कायम गरी निज प्रतिवादीहरुलाई सोही ऐ.ऐनको दफा १५(२)(ङ) बमोजिम जरिवाना गरी कैद सजाय समेत हुन, **प्रतिवादीहरु रश्मी पन्त, नन्द राज जोशी, सन्तोष ज्ञवाली र राजेन्द्र श्रेष्ठले** बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ८ र दफा ९(१) र (२) ले निषेधित कसूर अपराध गरेको देखिँदा **प्रतिवादीहरु रश्मी पन्त, नन्द राज जोशी, सन्तोष ज्ञवाली र राजेन्द्र श्रेष्ठलाई** बिगो

रु.४८,००,००,०००।- (अड्चालिस करोड रुपैंया) कायम गरी निज प्रतिवादीहरुलाई सोही ऐ.ऐनको दफा १५(२)(ङ) बमोजिम जरिवाना गरी कैद सजाय समेत हुन, **प्रतिवादी अशोक शेरचनले** बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ८ र दफा ९(१) र (२) ले निषेधित कसूर गरेको देखिँदा **प्रतिवादी अशोक शेरचनलाई** बिगो रु.४८,००,००,०००।- (अड्चालिस करोड रुपैंया) कायम गरी निज प्रतिवादीलाई सोही ऐ.ऐनको दफा (१५)(२)(ङ) बमोजिम हुने सजायमा सोही ऐनको दफा १५(८) बमोजिम थप सजाय समेत हुन अभियोग मागदाबी लिइएको छ ।

साथै, प्रस्तुत मुद्दाको सक्कल मिसिल र **प्रतिवादीहरु शशिधर शर्मा, शिशिर पौड्याल, रश्मी पन्त, नन्द राज जोशी, सन्तोष ज्ञवाली र राजेन्द्र श्रेष्ठ समेत**लाई यसै अभियोगपत्र साथ पेश गरिएको व्यहोरा अनुरोध छ ।

साथै, फरार **प्रतिवादी अशोक शेरचनलाई** सम्मानित अदालतबाटै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७ को उपदफा (२) बमोजिम पक्राउ पूर्जि जारी गरी पाउन सादर अनुरोध छ ।

**सजाय कम वा सजायमा छुटको मागदाबी र आधारः** x

**क्षतिपुर्तिको मागदाबीः** प्रभु बैंक लि.को हानी नोक्सानी भएको विगो रु.४८,००,००,०००।-(अड्चालिस करोड) प्रभु बैंकलाई दिलाई भराई पाउन अनुरोध छ ।

**अभियोग दाबीसँग सम्बन्धित कानूनी व्यवस्थाः-**

**कसूरः-**

बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ ले निषेध गरीएको कार्य-

**दफा ८. कर्जाको दुरुपयोग गर्न नहुँनेः-** कसैले पनि बैंङ्क वा वित्तीय संस्था वा सहकारी बैंङ्कबाट जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यन्त्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्नु वा गराउनु हुँदैन।

**दफा ९. बैंकिङ्ग स्रोत,साधन र सम्पत्तिको दुरुपयोग गर्न नहुनेः-** (१) बैंङ्क वा वित्तीय संस्था वा सहकारी बैंङ्कको संस्थापक, सचालक, प्रचलित कानून बमोजिम वित्तीय स्वार्थ रहेको मानिने शेयरधनी, प्रमुख कार्यकारी अधिकृत, कर्मचारी, मेनेजिङ्ग एजेण्ट वा सम्बद्ध व्यक्ति वा संस्था वा त्यस्तो व्यक्तिका परिवारका सदस्यले बैंङ्क वा वित्तीय संस्था वा सहकारी बैंङ्कबाट सुविधा लिई वा अन्य कुनै तरिकाले बैंङ्क वा वित्तीय संस्था वा सहकारी बैंङ्कको स्रोत र साधनको दुरुपयोग गर्न हुँदैन।

(२) कसैले पनि निक्षेपकर्ता वा बैंङ्ग वा वित्तीय संस्था वा सहकारी बैंकको हित प्रतिकूल हुने गरी बैंक वा वित्तीय संस्था वा सहकारी बैंकको सम्पत्ति खर्च गर्न गराउन हुँदैन।

**दण्ड सजायः**

दफा १५- **दण्ड सजायः** (२) कसैले दफा ५, ६, दफा ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ), दफा ८, ९, १०, १२ वा १४ बमोजिमको कुनै कार्य गरेमा त्यस्तो कसूरसँग सम्बन्धित देहाय बमोजिमको बिगो भएमा कसूरको मात्रा अनुसार देहाय बमोजिमको कैद र विगो भराई विगो बमोजिम जरिवाना हुनेछ :-

ङ) दश करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँसम्म बिगो भए छ वर्षदेखि आठ वर्षसम्म कैद,

(८) दफा ३, ३क., ५, ६, ७, ८, ९, १०, ११, १२, १२क., १३, १४, १४क., र १४ख. बमोजिमको कसूर गर्ने व्यक्ति सम्बन्धित संस्थाको अध्यक्ष, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत भएमा यस ऐन बमोजिम हुने सजायमा थप एक वर्ष कैद हुनेछ।

<u>अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरुः-</u>

- प्रस्तुत मुद्दामा बैंकको कर्जा दुरुपयोग तथा कर्जा हानी नोक्सानीमा कोही कसैको संलग्नता रहेको खुल्न आएमा सोही बखत मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा ३५ बमोजिम थप दाबी सहितको अभियोग पत्र प्रस्तुत गरीने व्यहोरा अनुरोध छ।
- प्रस्तुत मुद्दाका प्रतिवादीहरु मध्ये अशोक शेरचन र रश्मी पन्त प्रभु बैंक लि. बाट प्रवाह भएका कर्जाहरु दुरुपयोग भएको सम्बन्धमा यस भन्दा अगाडी यस ब्यूरोबाट अनुसन्धान भई सम्मानित उच्च अदालत पाटनमा दायर भएको बैकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूरहरु मध्ये प्रतिवादी अशोक शेरचन मुद्दा नं.०८२-CB-००५०, ०८२-CB-००५१, ०८२-CB-००५२ मा प्रतिवादी कायम भई हाल सम्म फरार रहेको तथा रश्मी पन्त मुद्दा नं. ०८२-CB-००५० मा प्रतिवादी रहेकीमा सम्मानित उच्च अदालत पाटनमा रु.६५,००,०००।-(पैसठ्ठी लाख) धरौटी राखि छुटेकी मिसिल सामेल रहेको देखियो।
- प्रस्तुत कसूरको अनुसन्धानको क्रममा विभिन्न निकायमा पत्राचार गरी सम्पत्तिको विवरण माग गरिएकोमा सोको विवरण प्राप्त हुने क्रममा जारी रहेकोले प्रतिवादीहरूले कसूरजन्य कार्य गरी सम्पत्ति आर्जन गरी सम्पत्तिलाई Placement, Layering र Integration गरेको तथ्य प्रमाणहरुबाट देखिएमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ सम्बन्धी कसूरमा थप अनुसन्धान गरी अनुसन्धान प्रतिवेदन पेश गरिनेछ ।

<u>सबुद/प्रमाणः</u>

- प्रतिवादी शशिधर शर्माको मोबाईल नं. 9857025988 प्रयोग भएको IMEI no1:354372916256857 भएको Galaxy A07 मोबाईल थान -१ र सोको परीक्षण प्रतिवेदन रहेको DVD थान-१ ।
- मोबाईल नं.9705477514 प्रयोग भएको IMEI No: 354017325920516 भएको सुन्तला रंगको IPhone 17 pro max मोबाईल थान -१ र सोको परीक्षण प्रतिवेदन रहेको DVD थान-१ ।

**दशी प्रमाण तथा कसूरसँग सम्बन्धित चिजः** साथै तपशिलमा उल्लेखित दशीहरु परीक्षणको लागि पठाइएकोमा हाल सम्म पनि प्राप्त नभएको हुँदा परीक्षण गरी प्राप्त भए पश्चात परीक्षण प्रतिवेदन र निम्न दशीहरु पछि पठाईने ब्यहोरा अनुरोध गरिएको छ ।

- सन्तोष ज्ञवालीको साथबाट फेला परेको Imei No ३५०३५२९३९२५८१७५, ३५०३५२९३८८७६४२३ भएको ई. सिम NTC ९८५७०५९८२४, Ncell ९७०१०१२१०३ प्रयोग गरिएको iPhone १४ Blue Black रङको मोबाईल थान-१(एक) ।
- राजेन्द्र श्रेष्ठको साथबाट फेला परेको Imei No ८६५००८०५४७०६७८०, ८६५००८०५४७०६७९८ भएको सिम कार्ड NTC ९८४९६३७२६१,Ncell ९८२७४६१३९४ प्रयोग गरिएको Redmi कम्पनिको Sky रङको मोबाईल थान-१(एक) ।
- शिशिर पौड्यालको साथबाट फेला परेको Imei No ३५७६३३१३१९४८०७४, ३५७६३३१३१८०२६३६ भएको ई सिम NTC ९८५७०८४४०० प्रयोग गरिएको iPhone १७ Orange रङको मोबाईल थान-१(एक) ।

➢ नन्द राज जोशीको साथबाट फेला परेको IMEI No: 35२०५३२६४८७३६३२ भएको पछाडी पट्टी फुटेको सिल्भर रंगको Galaxy A55 5 G मोबाईल थान -१।

**गवाहः-** जाहेरवालाः नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयको प.सं: ग.का./अख्तियार/०८२/८३, मिति २०८३/०३/३० गतेको पत्र र नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरो लाजिम्पाट, काठमाडौंमा कार्यरत प्रहरी निरीक्षक गणेश पौडेल समेत ।

**देखे/सुन्नेः** बुझिएका मानिसः जुलुश शर्मा, अनुष्का पराजुली, उर्मिला माली, कमला अधिकारी (शर्मा), धन कुमारी पौडेल, कृष्ण कुमारी पौड्याल, शैलेन्द्र डंगोल, एन्जल शर्मा, दिपेन्द्र बाबु बिष्ट, सुनिल राना, रमेश थापा र योगेश पौड्याल समेत ।

**प्रस्तुत कागजातहरुः**

**मिसिल नं. (क) मा रहेका कागजातहरुः**

१) मिति २०८३/०३/३० गतेको नेपाल राष्ट्र बैंकको पत्र र सो साथ प्राप्त एशियन भिलेज रिसोर्ट प्रा.लि.ले प्रभु बैंक लि.बाट लिएको रु.४८ करोड कर्जा सम्वन्धमा नेपाल राष्टर बैंक सुपरिवेक्षण विभागवाट तयार गरिएको विशेष स्थलगत निरीक्षण प्रतिवेदन पाना-३१ ।
२) मिति २०८३/०३/३० गतेको प्रहरी महानिरीक्षक ज्युको अनुमती पाना-१ ।
३) मिति २०८३/०३/३० गतेको अनुसन्धान अधिकृत तोकिएको पत्र पाना-१ ।
४) मिति २०८३/०३/३० गतेको पक्राउ अनुमतीको लागि लेखिएको पत्र पाना-१।
५) मिति २०८३/०३/३० गतेको पक्राउ अनुमती पाना-१ ।
६) मिति २०८३/०३/३० गतेको प्रारम्भिक प्रतिवेदन पाना-१ ।
७) मिति २०८३/०३/३० गतेको प्रभु बैंक लि.लाई लेखिएको पत्र पाना-१ ।
८) मिति २०८३/०३/३० गतेको प्रभु बैंक लि.को पत्र र सो साथ प्राप्त एसियन भिलेज रिसोर्ट प्रा.लि.मा प्रवाह भएको कर्जासँग सम्वन्धित कागजातहरु समेत पाना- ६५ ।
९) मिति २०८३/०३/३० गतेको पक्राउ पुर्जी पाना-१ ।
१०) मिति २०८३/०३/३० गतेको प्रहरी प्रतिवेदन पाना-१ ।
११) मिति २०८३/०३/३० गतेको स्वास्थ्य परीक्षणको लागि लेखिएको पत्र र स्वास्थ्य परीक्षण प्रतिवेदन समेत पाना- २।
१२) मिति २०८३/०३/३० गतेको थुनुवा पुर्जी पाना-१।
१३) मिति २०८३/०३/३१ गतेको पहिलो पटकको म्याद थप पत्र र अनुमती समेत पाना- ४ ।
१४) मिति २०८३/०३/३१ गतेको प्रभु बैंक लि.लाई लेखिएको पत्र पाना-१ ।
१५) मिति २०८३/०३/३१ गतेको भूमिसुधार तथा ब्यवस्थापन विभागलाई लेखिएको पत्र पाना-१।
१६) मिति २०८३/०३/३१ गतेको धितोपत्र बोर्डलाई लेखिएको पत्र पाना-१।
१७) मिति २०८३/०३/३१ गतेको नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.लाई लेखिएको पत्र पाना-१।
१८) मिति २०८३/०३/३१ गतेको नेपाल राष्ट्र बैंकलाई लेखिएको पत्र पाना-२ ।
१९) मिति २०८३/०३/३१ गतेको मोबाइल परीक्षणको लागि लेखिएको पत्र पाना-१ ।

२०) मिति २०८३/०३/३० गतेको नेपाल राष्ट्र बैंकलाई लेखिएको पत्र पाना-१ ।
२१) मिति २०८३/०३/३१ गतेको कम्पनी रजिष्ट्रारको कार्यालयलाई लेखिएको पत्र पाना-१ ।
२२) मिति २०८३/०३/३२ गतेको नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.लाई लेखिएको पत्र पाना-१ ।
२३) मिति २०८३/०३/३२ गतेको प्रभु बैंक लि.लाई लेखिएको पत्र पाना-१ ।
२४) भूमि ब्यवस्थापन तथा अभिलेख विभागबाट प्राप्त जग्गा विवरण पाना- १०।
२५) मिति २०८३/०३/३२ गतेको प्रभु बैंक लि.लाई लेखिएको पत्र पाना-२ ।
२६) मिति २०८३/०४/०१ गतेको प्रभु बैंक लि.लाई लेखिएको पत्र पाना-१ ।
२७) मिति २०८३/०४/०१ गतेको कल विवरण अनुमतीको लागि लेखिएको पत्र पाना-१ ।
२८) मिति २०८३/०४/०१ गतेको नेपाल टेलिकमलाई लेखिएको पत्र पाना-१ ।
२९) मिति २०८३/०४/०१ गतेको प्रभु बैंक लि.को पत्र पाना-२ र सो साथ प्राप्त कागजातहरु पाना- १९ ।
३०) मिति २०८३/०४/०४ गतेको नेपाल ईन्भेष्टमेण्ट बैंक लि.लाई लेखिएको पत्र पाना- ५ ।
३१) मिति २०८३/०४/०४ गतेको सामूहिक बचत तथा ऋण सहकारी संस्था लि.लाई लेखिएको पत्र पाना-१ ।
३२) मिति २०८३/०४/०४ गतेको बयान कार्यको लागि लेखिएको पत्र पाना-१ ।
३३) मिति २०८३/०४/०४ गतेको प्रतिवादी शशिधर शर्माको बयान कागज पाना- १४ ।
३४) मिति २०८३/०३/३२ गतेको नेपाल धितोपत्र बोर्डको बोधार्थ पत्र पाना-१ ।
३५) मिति २०८३/०४/०४ गतेको प्रभु बैंक लि.को पत्र र सो साथ प्राप्त कागजातहरु समेत पाना- ९ ।
३६) मिति २०८३/०४/०४ गतेको कम्पनी रजिष्ट्रारको कार्यालयको पत्र र सो साथ प्राप्त कागजातहरु समेत पाना- ९८ ।
३७) मिति २०८३/०४/०४ गतेको सहकारी विभागलाई लेखिएको पत्र पाना-१ ।
३८) मिति २०८३/०४/०४ गतेको बिमा प्राधिकरणलाई लेखिएको पत्र पाना-१ ।
३९) मिति २०८३/०४/०४ गतेको प्रभु बैंक लि.लाई लेखिएको पत्र पाना-१ ।
४०) मिति २०८३/०४/०५ गतेको दोस्रो पटकको म्याद थप पत्र र अनुमती समेत पाना- ५।
४१) मिति २०८३/०४/०५ गतेको नेपाल राष्ट्र बैंकको खटाईएको पत्र पाना-१ ।
४२) मिति २०८३/०४/०५ गतेको भूमि प्रशासन कार्यालय, रुपन्देहीलाई लेखिएको पत्र पाना-१।
४३) मिति २०८३/०४/०५ गतेको प्राविधिक प्रतिवेदन समेत पाना-२ र सो साथ प्राप्त DVD थान- १ ।
४४) मिति २०८३/०४/०५ गतेको नेपाल राष्ट्र बैंकको बोधार्थ पत्र पाना-१ ।
४५) मिति २०८३/०४/०५ गतेको हिमालयन क्यापिटलको पत्र पाना-१ ।
४६) मिति २०८३/०४/०४ गतेको गरिमा बिकास बैक लि.को पत्र पाना-१ ।
४७) मिति २०८३/०४/०५ गतेको गरिमा बिकास बैंक लि.को पत्र समेत पाना-३ ।

४८) मिति २०८३/०४/०५ गतेको गरिमा बिकास बैंक लि.को पत्र र सो साथ प्राप्त खाता विवरण समेत पाना- १०।

४९) मिति २०८३/०४/०४ गतेको मुक्तिनाथ बिकास बैंक लि.को पत्र र सो साथ प्राप्त खाता विवरण समेत पाना- ६।

५०) मिति २०८३/०४/०५ गतेको अनुष्का पराजुलीको घटना विवरण कागज र नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत पाना- ३ ।

५१) मिति २०८३/०४/०५ गतेको जुलुश शर्माको घटना विवरण कागज र नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत पाना- ३ ।

५२) मिति २०८३/०४/०६ गतेको प्रभु बैंक लि.लाई लेखिएको पत्र पाना-१ ।

५३) प्रतिवादी शशिधर शर्माको औठाछाप अभिलेख पाना-१ ।

५४) मिति २०८३/०४/०७ गतेको प्रभु बैंक लि.लाई लेखिएको पत्र पाना-१ ।

५५) मिति २०८३/०४/०७ गतेको प्रभु बैंक लि.को पत्र र सो साथ प्राप्त Credit Policy Guidelines समेतका कागजातहरु समेत पाना- ३६ ।

५६) मिति २०८३/०४/०७ गतेको प्रभु बैंक लि.को पत्र र सो साथ प्राप्त चेक भौचर लगायतका कागजाहरु समेत पाना- १०९।

५७) मिति २०८३/०४/०५ गतेको सामुहिक बिकास बचत तथा ऋण सहकारी संस्था लि.को पत्र सो साथ प्राप्त कारोवार विवरण समेत पाना- १५।

५८) मिति २०८३/०४/०८ गतेको प्रभु बैंक लि.पत्र र सो साथ प्राप्त Business Side Visit Report समेतका प्रतिलिपी पाना- ११।

५९) मिति २०८३/०४/०७ गतेको ईलाका प्रहरी कार्यालय बुटवललाई लेखिएको पत्र पाना-१ ।

६०) मिति २०८३/०४/०८ गतेको उर्मिला मालीको घटना विवरण कागज पाना-३ र सो साथ पेश भएका कागजातहरु पाना-११ ।

६१) शशिधर शर्माको हकमा मुना क्षेत्रीले दिएको बन्दीप्रत्यक्षीकरण रिट निवेदन सम्बन्धी कागजातहरुको प्रतिलिपी समेत पाना- ९ ।

६२) मिति २०८०।०४।११ गतेको म्याद थपको लागि श्री बिशेष सरकारी वकील कार्यालय माईतीघर,काठमाडौंलाई लेखेको पत्र पाना-२ र सो पत्रमा उल्लेखित कागजातहरु ।

६३) मिति २०८३।०४।११ गते बिशेष सरकारी वकील कार्यालय माईतीघर,काठमाडौंको म्याद थपका लागी लेखेको पत्र पाना-३ ।

६४) मिति २०८३।०४।११ गतेको श्री सर्वोच्च अदालत रामशाहपथलाई लेखेको पत्र पाना-१ ।

६५) मिति २०८३।०४।११ गते श्री कर्जा सुचना केन्द्र हेरिटेज प्लाजा,कमलादी काठमाडौंलाई लेखेको पत्र ।

६६) मिति २०८४।०४।११ गतेको प्रभु बैंकलाई लेखेको पत्र पाना -१ ।

६७) मिति २०८३।०४।०८ गतेको NIMB बैंक पत्रसाथ प्राप्त कागजाता पाना — १०० ।

<u>**मिसिल नं. (ख) मा रहेका कागजतहरुः**</u>

६८) मिति २०८३।०४।११ गतेको प्रहरी प्रतिबेदन पाना-११ साथ पेश गरेका काजात पाना -४।

६९) मिति २०८३।०४।११ गते सर्वोच्च अदालत मुद्दा तथा रिट महाशाखाको पत्र पाना १ ।

७०) मिति २०८३।०४।११ गतेको प्रभु बैंकको पत्र पाना-१।

७१) मिति २०८३।०४।१२ गते श्री उच्च अदालत पाटन हरिहरभवन, ललितपुरलाई पक्राउ अनुमतीका लागी लेखेको पत्र पाना-३ ।

७२) मिति २०८४।०४।१२ गतेको उच्च अदालत पाटनको आदेश पाना — १ ।

७३) मिति २०८४।०४।१२ गते प्रभु बैंकलाई लेखेको पत्र पाना -१ ।

७४) मिति २०८३।०४।१२ गते जिल्ला प्रहरी कार्यालय रुपन्देही,भैरहवालाई पक्राउका लागी लेखेको पत्र पाना- १ ।

७५) मिति २०८३।०४।१३ गतेको पक्राउ पुर्जी पाना-१।

७६) मिति २०८३।०४।१३ गतेको पक्राउ प्रतिबेदन पाना -१ ।

७७) मिति २०८३।०४।१३ गतेको स्वस्थ्य परीक्षण प्रतिबेदन साथ संलग्न कागजात पाना-१ ।

७८) मिति २०८३।०४।१३ गतेको थुनुवा पुर्जी पाना -१ ।

७९) मिति २०८३/०४/१३ गतेको मिलान म्याद थप पत्र र अनुमती समेत पाना- ५ ।

८०) मिति २०८३/०४/१३ गतेको प्रभु बैंक लि.को पत्र पाना-१ ।

८१) मिति २०८३/०४/१३ गतेको NIMB Capital को पत्र पाना-१ ।

८२) मिति २०८३/०४/१२ गतेको प्रभु बैंक लि.को पत्र पाना-१ ।

८३) मिति २०८३/०४/१३ गतेको एन्जल शर्माको घटना विवरण कागज पाना -६ र सवारी चालक अनुमती पत्र पाना-१।

८४) मिति २०८३/०४/१३ गतेको शैलेन्द्र डंगोलको घटना विवरण कागज पाना -५ र सवारी चालक अनुमती पत्र पाना-१ ।

८५) मिति २०८३/०४/१३ गतेको प्रभु बैंक लि.को पत्र र सो साथ संलग्न कागजात समेत पाना-२।

८६) मिति २०८३/०४/१३ गतेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीको प्रतिवादी उपस्थित गराईएको पत्र र सो साथ संलग्न प्रहरी प्रतिवेदन, पक्राउ पुर्जी लगायतका कागजातहरु पाना-१३ ।

८७) मिति २०८३/०४/१३ गतेको स्वास्थ्य परिक्षणको लागि लेखिएको पत्र र परीक्षण प्रतिवेदन समेत पाना-४ ।

८८) मिति २०८३/०४/१३ गतेको थुनुवा पुर्जी पाना-३ ।

८९) मिति २०८३/०४/१३ गतेको प्रहरी वृत दरवारमार्गलाई लेखिएको पत्र पाना-१ ।

९०) मिति २०८३/०४/१४ गतेको मिलान म्याद थप पत्र र अनुमती समेत पाना- ५ ।

९१) मिति २०८३/०४/१३ गतेको उपचारको लागि पठाईएको पत्र र उपचारसँग सम्बन्धित कागजात समेत पान-२ ।

९२) मिति २०८३/०४/१३ गतेको प्रभु बैंक लि.लाई लेखिएको पत्र पाना-१ ।

९३) मिति २०८३/०४/१४ गतेको सिडियस एण्ड क्लियरिङलाई लेखिएको पत्र पाना-१ ।
९४) मिति २०८३/०४/१४ गतेको सहकारी बिभागलाई लेखिएको पत्र पाना-१।
९५) मिति २०८३/०४/१४ गतेको नेपाल राष्ट्र बैंकलाई लेखिएको पत्र पाना-१ ।
९६) मिति २०८३/०४/१४ गतेको भूमि ब्यवस्थापन तथा अभिलेख विभागलाई लेखिएको पत्र पाना-१।
९७) मिति २०८३/०४/१४ गतेको नेपाल बिमा प्राधिकरणलाई लेखिएको पत्र पाना-१ ।
९८) मिति २०८३/०४/१४ गतेको नेपाल धितोपत्र बोर्डलाई लेखिएको पत्र पाना-१ ।
९९) मिति २०८३/०४/१४ गतेको कम्पनी रजिष्ट्रारको कार्यालयलाई लेखिएको पत्र पाना-१ ।
१००) मिति २०८३/०४/१४ गतेको पिलर -६ लाई लेखिएको पत्र पाना-१ ।
१०१) मिति २०८३/०४/१४ गते जग्गा विवरण समेत पाना-१२ ।
१०२) मिति २०८३/०४/१५ गतेको प्रतिवादी शिशिर पौड्यालको बयान कागज पाना-६ ।
१०३) मिति २०८३/०४/१५ गतेको प्रतिवादी रश्मी पन्तको बयान कागज पाना-१२ ।
१०४) मिति २०८३/०४/१५ गतेको प्रतिवादी राजेन्द्र श्रेष्ठको बयान कागज पाना-७
१०५) मिति २०८३/०४/१५ गतेको प्रतिवादी सन्तोष ज्ञवालीको बयान कागज पाना- ५ ।
१०६) मिति २०८३/०४/१५ गतेको चौथो पटकको म्याद थप पत्र र अनुमती समेत पाना- ५ ।
१०७) मिति २०८३/०४/१५ गतेको प्रभु बैंक लि.को पत्र र सो साथ प्राप्त कागजातहरु समेत पाना-११९ ।
१०८) मिति २०८३/०४/१५ गतेको प्रतिवेदन पाना-१ ।
१०९) मिति २०८३/०४/१५ गतेको त्रि.वि.शिक्षण अस्पताललाई लेखिएको पत्र पाना-१ ।
११०) मिति २०८३/०४/१८ गतेको परीक्षणको लागि लेखिएको पत्र पाना-१ ।
१११) मिति २०८३/०४/१८ गतेको प्रभु बैंक लि.लाई लेखिएको पत्र पाना-१ ।
११२) मिति २०८३/०४/१८ गतेको काठमाडौं जिल्ला अदालतलाई लेखिएको पत्र पाना-१ ।
११३) मिति २०८३/०४/१८ गतेको प्रभु बैंक लि.को पत्र पाना-१ ।
११४) मिति २०८३/०४/१९ गतेको नेपाल टेलिकमलाई लेखिएको पत्र पाना-१।
११५) मिति २०८३/०४/१५ गतेको सिडियस एण्ड क्लियरिङ लि.को पत्र र सो साथ प्राप्त विवरण समेत पाना- ११।
११६) मिति २०८३/०४/१९ गतेको Ncell Pvt Ltd लाई लेखिएको पत्र पाना-१ ।
११७) मिति २०८३/०४/१९ गतेको दिपेन्द्र बाबु बिष्टको घटना विवरण कागज र नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत पाना-७।
११८) मिति २०८३/०४/१९ गतेको भूमि प्रशासन कार्यालय भैरहवा रुपन्देहीको पत्र पाना-२ ।
११९) मिति २०८३/०४/१८ गतेको नेपाल राष्ट्र बैंकलाई लेखिएको पत्र पाना-१ ।
१२०) मिति २०८३/०४/१८ गतेको त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताललाई लेखिएको पत्र पाना-१।
१२१) मिति २०८३/०४/२० गतेको प्रतिवादी रश्मी पन्तको बयान कागज पाना-९ ।

१२२) मिति २०८३/०४/२०  गतेको प्रतिवादी राजेन्द्र श्रेष्ठको बयान कागज पाना-१४ ।
१२३) मिति २०८३/०४/२० गतेको प्रतिवादी सन्तोष ज्ञवालीको बयान कागज पाना- १४ ।
१२४) मिति २०८३/०४/२० गतेको प्रतिवादी शिशिर पौड्यालको बयान कागज पाना-७ ।
१२५) मिति २०८३/०४/२० गतेको पाँचौ पटकको म्याद थप पत्र र अनुमती समेत पाना- ५ ।
१२६) मिति २०८३/०४/१८ गतेको ईलाका प्रहरी कार्यालय बुटवल रुपन्देहीको पत्र र सो पत्रसाथ प्राप्त घटना विवरण कागज समेत पाना- १३ ।
१२७) मिति २०८३/०४/२० गतेको सुनिल रानाको घटना विवरण कागज पाना- ४ र सो साथ संलग्न नागरिकता परिचय पत्रको प्रतिलिपी  पाना- १ ।
१२८) मिति २०८३/०४/१९ गतेको प्राविधिक परीक्षण प्रतिवेदन पाना-२ र सो साथ संलग्न DVD थान-१ ।
१२९) मिति २०८३/०४/२० गतेको प्रभु बैंक लि.को पत्र पाना-१ ।
१३०) मिति २०८३/०४/२० गतेको CRS अभिलेखको लागि लेखिएको पत्र पाना-२ ।
१३१) मिति २०८३/०४/२० गतेको प्रभु बैंक लि.लाई लेखिएको पत्र पाना-१ ।
१३२) प्रतिवादीहरुको औठा छाप अभिलेक पाना-४ ।
१३३) मिति २०८३/०४/२१ गतेको नन्दराज जोशीको घटना विवरण कागज पाना- ४ र सो साथ संलग्न सवारी चालक अनुमती पत्रको प्रतिलिपी  पाना- १ ।
१३४) मिति २०८३/०४/२१ गतेको रमेश थापाको घटना विवरण कागज पाना- ४ र सो साथ संलग्न नागरिकता प्रमाणपत्रको पत्रको प्रतिलिपी  पाना- १ ।
१३५) शाईन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.को पत्र र सो साथ संलग्न  शशिधर शर्माको खाता खोल्दा पेश गरेका कागजातहरु तथा कारोवारको विवरण समेत पाना — १३।
१३६) शाईन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.को पत्र र सो साथ संलग्न  शिशिर पौडेलको खाता खोल्दा पेश गरेका कागजातहरु तथा कारोवारको विवरण समेत पाना — ३३।
१३७) मिति २०८३/०४/१९ गतेको नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.को पत्र र सो साथ प्राप्त शशिधर शर्माको खाताको विवरण समेत पाना- १५।
१३८) मिति २०८३/०४/१९ गतेको नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.को पत्र पाना-३ ।
१३९) मिति २०८३/०४/१९ गते प्राप्त प्रभु बैंक लि.को पत्र पाना-१ ।
१४०) मिति २०८३/०४/२० गते प्राप्त हिमालयन बैंक लि.को पत्र पाना-१ ।
१४१) मिति २०८३/०४/२० गते प्राप्त नेपाल धितोपत्र बोर्डको पत्र पाना-१ ।
१४२) मिति २०८३/०४/१८ गते  प्राप्त नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.को पत्र पाना-१ ।
१४३) हिमालयन बैंक लि.को पत्र पाना-१ ।
१४४) मिति २०८३/०४/२० गतेको सांग्रिला डेभलपमेण्ट बैंक लि.को पत्र र सो साथ प्राप्त कारोवार विवरण समेत पाना- ८।
१४५) मिति २०८३/०४/२१ गते  प्राप्त प्रभु बैंक लि.को पत्र पाना-१ ।

१४६) मिति २०८३/०४/२० गतेको त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगंजलाई लेखिएको पत्र पाना-१ ।

१४७) मिति २०८३/०४/२१ गतेको प्रभु बैंक लि.लाई लेखिएको पत्र पाना-१ ।

१४८) मिति २०८३/०४/२२ गतेको प्रभु बैंक लि.को पत्र पाना-१ ।

१४९) मिति २०८३/०४/२२ गतेको योगेश पौड्यालको घटना विवरण कागज पाना-५ र सो साथ संलग्न नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत पाना-१ ।

१५०) मिति २०८३/०४/२५ गतेको भूमि प्रशासन कार्यालय, रुपन्देहीलाई लेखिएको पत्र पाना-१।

१५१) मिति २०८३/०४/२५ गतेको भूमि प्रशासन कार्यालय,कलंकीलाई लेखिएको पत्र पाना-१ ।

१५२) मिति २०८३/०४/२५ गतेको त्रि.वि.शिक्षण अस्पताललाई लेखिएको पत्र पाना-१ ।

१५३) मिति २०८३/०४/२५ गतेको प्रतिवादी शशिधर शर्माको थप बयान कागज पाना-२ ।

१५४) मिति २०८३/०४/२५ गतेको छैठौ पटकको म्याद थप पत्र र अनुमती समेत पाना- ६ ।

**<u>मिसिल नं. (ग) मा रहेका कागजातहरु</u>**

१५५) मिति २०८३/०४/२२ गतेको प्रभु बैक लि.को पत्र र सो पत्रसाथ प्राप्त छानबिन प्रतिवेदन समेत पाना- ३८ ।

१५६) मिति २०८३/०४/२२ गतेको प्रभु बैक लि.को पत्र र सो पत्रसाथ प्राप्त कागजातहरु समेत पाना- २४ ।

१५७) मिति २०८३/०४/२५ गतेको प्रभु बैंक लि.लाई लेखिएको पत्र पाना-१ ।

१५८) मिति २०८३/०४/२६ गतेको प्रभु बैंक लि.को पत्र र सो साथ प्राप्त Credit Administration Manual-2020 समेत पाना- २८ ।

१५९) मिति २०८३/०४/२५ गतेको उच्च अदालत पाटनलाई लेखिएको पत्र पाना-१ ।

१६०) मिति २०८३/०४/२६ गतेको उच्च अदालत पाटनको पत्र पाना-१ ।

१६१) मिति २०८३/०४/२६ गतेको प्रभु बैंक लि.लाई लेखिएको पत्र पाना-१।

१६२) मिति २०८३/०४/२६ गते प्राप्त प्राईम कमर्सियल बैंक लि.को पत्र पाना-१ ।

१६३) मिति २०८३/०४/२७ गतेको प्रभु बैंक लि.को पत्र र सो साथ प्राप्त ईमेल कागजातहरु समेत पाना-७।।

१६४) मिति २०८३/०४/२८ गतेको प्रहरी प्रतिवेदन पाना-३ ।

१६५) मिति २०८३/०४/२८ गतेको शिक्षण अस्पताल महाराजगंजलाई लेखिएको पत्र पाना-१ ।

१६६) मिति २०८३/०४/२८ गतेको प्रतिवादी राजेन्द्र श्रेष्ठको थप बयान कागज-२ ।

१६७) मिति २०८३/०४/२५ गतेको सातौं पटकको म्याद थप पत्र र अनुमती समेत पाना-३ ।

१६८) मिति २०८३/०४/२८ गतेको पक्राउ अनुमतिको लागि लेखेको पत्र पाना-२ ।

१६९) मिति २०८३/०४/२८ गतेको सम्मानित उच्च अदालत पाटनको पक्राउ अनुमति पाना-१ ।

१७०) मिति २०८३/०४/२७ गतेको विशेष सरकारी वकील कार्यालयको पत्र र सो साथ प्राप्त अभियोगपत्रको प्रतिलिपी समेत पाना- ३७० ।

१७१) मिति २०८३/०४/२८ गतेको पक्राउ पूर्जी पाना-१ ।

१७२) मिति २०८३/०४/२८ गतेको दाखिला प्रतिवेदन पाना-१ ।
१७३) मिति २०८३/०४/२८ गतेको थुनुवा पूर्जी पाना-१ ।
१७४) मिति २०८३/०४/२८ गतेको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र स्वास्थ्य परीक्षण प्रतिवेदन ।
१७५) मिति २०८३/०४/२९ गतेको मिलान म्याद अनुमती समेत पाना-४ ।
१७६) मिति २०८३/०४/२९ गतेको प्रतिवादी नन्दराज जोशीको वयान कागज पाना- १८ ।
१७७) मिति २०८३/०४/२९ गतेको दशी परीक्षणको लागि लेखिएको पत्र पाना-१ ।
१७८) मिति २०८३/०४/२९ गतेको सिडियस क्लियरिङलाई लेखिएको पत्र पाना-१ ।
१७९) मिति २०८३/०४/२९ गतेको सहकारी विभागलाई लेखिएको पत्र पाना-१ ।
१८०) मिति २०८३/०४/२९ गतेको नेपाल राष्ट्र बैंकलाई लेखिएको पत्र पाना-१ ।
१८१) मिति २०८३/०४/२९ गतेको भूमि ब्यवस्थापन तथा अभिलेख विभागलाई लेखिएको पत्र पाना-१।
१८२) मिति २०८३/०४/२९ गतेको कम्पनी रजिष्ट्रारको कार्यालयलाई लेखिएको पत्र पाना-१ ।
१८३) मिति २०८३/०४/२९ गतेको नेपाल धितोपत्र बोर्डलाई लेखिएको पत्र पाना-१ ।
१८४) मिति २०८३/०४/३१ गतेको प्रभु बैंक लि. लाई लेखिएको पत्र पाना-१ ।
१८५) मिति २०८३/०४/३१ गतेको CRS अभिलेखको लागि लेखिएको पत्र पाना-१ ।
१८६) मिति २०८३/०५/०१ गतेको प्रहरी प्रतिवेदन पाना- ५१ ।
१८७) मिति २०८३/०५/०१ गतेको CRS प्रतिवेदन पाना-१ ।
१८८) मिति २०८३/०५/०१ गतेको फेला नपरेको प्रतिवेदन पाना-१ ।
१८९) मिति २०८३/०५/०१ गतेको आठौ पटकको म्याद थप पत्र र अनुमती समेत पाना-५ ।
१९०) मिति २०८३/०५/०१ गतेको प्रभु बैंक लि.को पत्र र संलग्न कागजातहरु पाना-२ ।

यसै अभियोग पत्रबाट कारबाही शुरु गर्न सादर अनुरोध गरिन्छ ।

**कार्यालयको छापः** **सरकारी वकीलको**

दस्तखतः
नामः सुर बहादुर परियार
दर्जाः सहायक-न्यायाधिवक्ता
कार्यालयः विशेष सरकारी वकील कार्यालय, काठमाडौं।

इति सम्बत् २०८३ साल भदौ ०४ गते रोज ५ शुभम् ...............................।